CC-0. In Public Domain. Digitization by eGangotri

उकाली ओरालीहरूमा

तारादेवी

नरेन्द्रराज प्रसाई
इन्दिरा प्रसाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उकाली ओटालीहरूमा तारादेवी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नई प्रकाशन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उकाली ओरालीहरूमा

तारादेवी

नरेन्द्रराज प्रसाई
इन्दिरा प्रसाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक

नइ प्रकाशन

घट्टेकुलो (अनामनगर)

पोस्ट बक्स : ११४४१, काठमाडौं

ISBN : 99933-15-00-1

स्रष्टा छविकार : कुमार आले

प्रमुख वितरक : पैरवी बुक्स एन्ड स्टेशनरी सेन्टर, रामशाहपथ, काठमाडौं

संस्करण : प्रथम (२०५६), **प्रति** : १०००, **मुद्रक** : मोडर्न प्रिन्टिङ प्रेस

मोल : एक सय रुपैयाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली भाषाकी शीर्षस्थ गायिका तारादेवीज्यूमा समर्पित अभिनन्दन

सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु, त्रिशक्तिपट्ट, इन्द्रराज्यलक्ष्मी प्रज्ञापुरस्कार, जगदम्बाश्री पुरस्कार, मैना पुरस्कार, छिन्नलता पुरस्कार आदिबाट विभूषित र सम्मानित नेपाली गायनकी शिखर व्यक्तित्व श्रद्धेय तारादेवीज्यूको वन्दना गर्दै हामी तपाईंमा अभिनन्दन समर्पित गर्दछौं ।

नइ प्रकाशन : २०५६ फागुन १३ गते

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नइ प्रकाशन

नेपाली गीतका आयाममा समर्पित भई नेपाली भाषालाई गीतका माध्यमबाट जनप्रिय बनाई देशदेशान्तरमा समेत नेपालको गौरव बढाएबापत स्वरसाम्राज्ञी तारादेवीज्यूमा 'नइ सुर सम्मान' अर्पित गरिएको छ ।

नरेन्द्रराज प्रसाई	सुरबहादुर श्रेष्ठ	इन्दिरा प्रसाई
(नरेन्द्रराज प्रसाई)	(सुरबहादुर श्रेष्ठ)	(इन्दिरा प्रसाई)
सदस्यसचिव	कोषाध्यक्ष	अध्यक्ष

काठमाडौं, नेपाल : २०५६ फागुन १३ गते

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषाको उत्थानमा समर्पित अग्रजहरू नै नइ प्रकाशनका प्रेरणा हुन् । नेपाली साहित्याकाशमा आआफ्ना क्षेत्रबाट स्रष्टाहरू सङ्गठित र जागरुक हुनु निश्चय नै समयको माग हो । नेपाली परिवेशमा नेपाली भाषालाई हृदयान्तरबाट अर्चना गर्ने सम्पूर्ण भाषासेवीहरूलाई वन्दना गर्न पाउनु हाम्रा लागि गौरवको कुरो हो ।

नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उत्थानमा अग्रसर नइ प्रकाशनबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्ति विविध ग्रन्थमालाहरूको निर्माण भइरहेको छ । नइ (नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई)को नेपाली भाषासंसारप्रतिको मोह, समर्पण र साधनाका कारणले जन्मेको नइ प्रकाशन नेपाली वाङ्मयप्रेमीहरूको चौतारी पनि हो । नइ प्रकाशनले विशुद्ध सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव अङ्गीकार गरी आफ्नो यात्रालाई जारी राख्नेछ ।

नइ प्रकाशन आफ्नो गच्छेअनुसार नेपाली प्रतिभाका सृजनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्न अग्रसर छ । वास्तवमा स्रष्टाहरूको चाहनामा राष्ट्रको ढुकढुकी निहित हुन्छ । जगत्मा जन्मेर जीवन गुजार्न जमजमाउने सबैजसो जानिफकारहरूले जसरी होस् जन्मभूमिको जयगानमा जहिलेसुकै आफूलाई जुटाउनैपर्छ । वाङ्मयसेवा नै राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले हामी उत्साहित छौं ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूपका विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत पुस्तक पनि प्रकाशमा आएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धेय तारादेवीज्यू नेपाली समाजमा सदैव सम्झने नाउँ हो । नेपाली साङ्गीतिक आकाशमा चिरस्मरणीय रहने नाउँ तारादेवीलाई यस ग्रन्थमार्फत आआफ्ना संस्मरणात्मक रचनामार्फत सश्रद्धा पुष्पार्पण गरिएको छ । तारादेवीका विषयमा नेपालका गीतकारहरूद्वारा मात्र लेखिएको सँगालो **उकाली ओरालीहरूमा तारादेवी** सङ्ग्रहणीय र पठनीय हुन्छ भन्ने विश्वास नइ प्रकाशनले लिएको छ ।

नेपाली साङ्गीतिक आकाशकी चम्किलो तारा तारादेवीका विषयमा नेपाली गीत लेख्ने र तारादेवीसँग ज्यादै घनिष्ट हुनेहरूका लेखनमा आधारित प्रस्तुत ग्रन्थबाट पाठकहरूलाई तारादेवीका विषयमा जुनसुकै कुराहरू पनि जुनसुकै कोणबाट प्रत्यक्ष र अप्रत्यक्षरूपमा प्राप्त हुने नै छ । स्वरसाम्राज्ञी तारादेवीका सम्मानमा तयार पारिएको **उकाली ओरालीहरूमा तारादेवी** नामक ग्रन्थको प्रकाशनमा सौजन्य प्रदान गर्नुहुने समाजसेवी सुरबहादुर श्रेष्ठज्यू धन्यवादका पात्र हुनुहुन्छ ।

उकाली ओरालीहरूमा तारादेवी नामक गीतसङ्ग्रह प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि अत्यन्तै खुसीको अवसर हो ।

• नइ प्रकाशन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौजन्य :

श्री सुरबहादुर श्रेष्ठ

श्री सुरबहादुर श्रेष्ठ सानैदेखि उदार, स्पष्ट र सरल थिए । स्कूले जीवनदेखि नै उनको भावना सेवाले ओतप्रोत थियो । स्कूलको अध्ययनकै सिलसिलामा उनी अशक्त साथीहरूका सेवामा पनि जुटेका थिए भने पुस्तकालय स्थापनामा पनि सक्रिय थिए । समाज र राष्ट्रका लागि केही न केही गर्न उनी त्यसै बेलादेखि लगनशील थिए ।

२००७ सालको प्रजातन्त्रसँगै सुरबहादुर श्रेष्ठको पनि जन्म भयो । उनी सानैदेखि हुने बिरुवाको चिल्लो पात थिए । गजबहादुर श्रेष्ठ र सन्तुकुमारी श्रेष्ठका कान्छा छोरा सुरबहादुर श्रेष्ठ काठमाडौँको ठहिटीमा जन्मेका थिए । त्रिभुवन विश्वविद्यालयबाट स्नातक समुत्तीर्ण श्रेष्ठले व्यापारबाट आर्जन भएको रकममध्ये केही हिस्सा समाजसेवामा अर्पण गर्ने धारणा राख्दै आएका छन् । सोही अनुरूप उनले ठाउँठाउँको सामाजिक सेवामा सहयोग पुऱ्याएका छन् । उनका सेवाले निक्कै क्लब र सामाजिक सङ्घसंस्थाहरू फस्टाएका छन् । त्यति मात्र होइन काठमाडौँ बानेश्वरमा निर्माण हुने निःसहाय बृद्धाश्रम बनाउने कार्यमा होस् या विश्वहिन्दू महासङ्घमा अक्षय कोष स्थापनार्थ विशेष आर्थिक सहयोग गरेर होस् अथवा भनौँ अपाङ्ग नवजीवन केन्द्र सिफल चाबेलका लागि आवश्यकीय भौतिक सामग्री उपलब्ध गराएर होस् उनी दान र दातव्य समर्पण गर्न क्रियाशील देखिन्छन् । बालबालिकाको सुन्दर भविष्य निर्माण गर्नेदेखि लिएर विश्वहिन्दू खालसा त्रिशताब्दी समारोहमा सक्रिय भई उनी आफ्ना योजनामा उत्साहित छन् । साथै नेपाली भाषासाहित्य, संस्कृति र कलाको उत्थानका लागि पनि उनी तन, मन र धन अर्पित गर्छन् ।

फलका आशामा नलागी कर्ममा जुटेका सुरबहादुर श्रेष्ठ राष्ट्र, राष्ट्रियता र राजभक्तमा परिचित नाउँ हो । उनका सेवामा सयपत्री फुलेको हुन्छ, उनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यागमा बेली फक्रेको हुन्छ र उनका तपस्यामा चुवा मगमगाएको हुन्छ। वास्तवमा समाजसेवामा आफ्नो आम्दानीको केही न केही हिस्सा पर सार्ने थोरै दानवीरहरूमा सुरबहादुर श्रेष्ठ पनि अग्रपङ्क्तिमा उभिएका देखिन्छन्।

आफ्नी पत्नी शर्मिष्ठाले पूर्ण रूपमा घरव्यवहार हेरेपछि आफू सदैव व्यापारमा संलग्न हुन पाएको अनुभव गर्ने समाजको चिन्तनमा लागेका श्रेष्ठ सक्नेले नसक्नेका लागि गरेको जुनसुकै सेवा पनि उत्तम हुन्छ भन्ने धारणा राख्छन्। समाजसेवा भनेको मानव जीवनको सर्वश्रेष्ठ र पवित्र कार्य ठान्ने सुरबहादुर श्रेष्ठ सेवा गर्ने क्रममा प्रायः अशक्त, अशिक्षित र असहायका मद्दतमा अग्रसर देखिन्छन्।

नेपाल अधिराज्यका विभिन्न भूभाग घुमेका सुरबहादुर श्रेष्ठले केही मुलुकहरूको भ्रमण गरी अनुभवहरू सङ्ग्रह गरेका छन्। एक छोरा र एक छोरीका पिता श्रेष्ठ लेखनमा पनि विशेष रुचि राख्ने गर्छन्। उनी स्कूले जीवनमा निबन्ध, कविता र कथाहरू पनि लेख्ने गर्थे।

श्री सुरबहादुर श्रेष्ठले तीसका दशकदेखि समाजसेवामा आफ्नो नाउँ क्रमशः अगि बढाउन थालेका हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

तारादेवीको नाउँ नसुन्ने कुनै नेपाली नै छैनन् । नेपालभित्रका नेपालीमात्र होइन विश्वमा जताजता नेपाली छन् त्यतैत्यतै तारादेवी पुगेकी छिन् । तारादेवीको गायन नै नेपाली जातिको सर्वोच्च महिमा हो । वास्तवमा नेपाली साङ्गीतिक जगत्मा नै तारादेवीको स्थान महत्त्वपूर्ण मानिन्छ ।

तारादेवीलाई जसजसले जुनजुन नाउँबाट पुकारे पनि हुन्छ । कसैले उनलाई मधुर स्वरकी रानी भन्छन्, कसैले उनलाई स्वरसाधिका भन्छन् भने कसैले उनलाई स्वरसाम्राज्ञी भन्ने गर्छन् । जो जसले जे अलङ्कार जडे पनि तारादेवी नेपाली गायनका इतिहासमा नअस्ताउने नाउँ हो । नेपाली भाषा रहिन्जेल तारादेवी यस जगत्मा रहने नाउँ हो । त्यसैले तारादेवी हाम्री एउटी आदर, श्रद्धा र प्रेमकी प्रतीक पनि हुन् ।

नेपाली पटभूमिमा तारादेवीले थुप्रै दिइन् । उनीसँग जे थियो उनले त्यही दिइन् । उनको त्यही त्यागलाई, त्यही लगनलाई र त्यही यात्रालाई सम्मान गर्नु हाम्रो पनि कर्तव्य हो भनेँ हामीलाई लाग्यो । त्यसैले हामीले पनि उनका सम्मानमा यो **उकाली ओरालीहरूमा तारादेवी** नामक ग्रन्थ पुष्पार्पण गर्न पुग्यौँ ।

प्रस्तुत ग्रन्थमा तारादेवी विषयक लेखहरू सङ्ग्रहित छन् । यहाँ हामीले नेपाली भाषामा गीतहरू लेख्ने र तारादेवीसँग प्रायः घनिष्ट भएका स्रष्टाहरूका दृष्टिकोणमा तारादेवीलाई जस्ताको तस्तै उभ्याउने प्रयास गरेका छौँ । नेपालका केही ख्यातिप्राप्त गीतकारहरूका दृष्टिकोणबाट पनि के बुझिन्छ भने तारादेवी नेपाली गायन आकाशकी सग्लो चन्द्रमा हुन् । तारादेवी हाम्रो धर्तीमा सधैँ चिरञ्जीवी छन् ।

नेपाली माटामा सधैँ समर्पित तारादेवीका विषयका विभिन्न आयाम, विभिन्न दृष्टिकोण र विभिन्न परिवेशलाई यस ग्रन्थमा हेर्न सकिन्छ । वास्तवमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारादेवीलाई यस ग्रन्थमा पढेपछि पाठकका जिज्ञासामा उनको व्यक्तित्व छर्लङ्गै हुन्छ भन्ने हामीले विश्वास लिएका छौं ।

प्रस्तुत ग्रन्थलाई निक्कै वर्षअघिदेखि प्रकाशनमा ल्याउन जमर्को गरिएको थियो । तर समय नआई कुनै कुराको सृष्टि हुँदोरहेनछ । त्यसैले यस ग्रन्थले पनि यसै वर्ष मात्र जन्मने साइत पायो । यस ग्रन्थका प्रकाशनमा दाजु राधेश्याम थापाको गुन थपिएको छ ।

उकाली ओरालीहरूमा तारादेवी नामक प्रस्तुत ग्रन्थ प्रकाशनका लागि सौजन्य प्रदान गर्ने समाजसेवी सुरबहादुर श्रेष्ठलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्छौं । वास्तवमा सुरबहादुर श्रेष्ठजस्ता समाजका चिन्तकहरूले थोरै हात बढाउँदा पनि राष्ट्र र समाजमा आवश्यक र ठूलाठूला कार्यहरू सम्पादन हुन सक्छन् । त्यही क्रममा पाठकसामु **उकाली ओरालीहरूमा तारादेवी** उभिएको छ ।

अन्त्यमा प्रस्तुत **उकाली ओरालीहरूमा तारादेवी** नामक ग्रन्थमा समाविष्ट लेखक महानुभावहरूका कारणले मात्र यो ग्रन्थ यस रूपमा ल्याउन हामी सफल भएका छौं । वास्तवमा हामी संयोजक मात्रै हौं; श्रद्धेय तारादेवीप्रति नेपालका ख्यातिप्राप्त गीतकारहरूको नै यस ग्रन्थको निर्माणमा प्रमुख भूमिका रहेको बेहोरा सहर्ष वक्तचाउँछौं । साथै हामी यहाँ आबद्ध सबै गीतकार महोदयहरूप्रति आभारी छौं ।

नरेन्द्रराज प्रसाई
इन्दिरा प्रसाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

५ : सामुहिक अभिनन्दन

६ : नइ सुर सम्मान

७ : प्रकाशकीय

९ : सौजन्य : श्री सुखहादुर श्रेष्ठ

११ : सम्पादकीय

१९ : **इन्दिरा प्रसाई**
आवाजको सम्मान

३० : **कालीप्रसाद रिजाल**
नेपाली सङ्गीतकी स्तम्भ

३५ : **किरण खरेल**
मलाई हाँसिदेऊ नभन

४१ : **कृष्णप्रसाद पराजुली**
नेपाली गायनक्षेत्रकी नअस्ताउने तारा

४७ : **कृष्णहरि बराल**
तारादेवी र तारादेवीहरू

५६ : **गणेश रसिक**
उः हेर माथि भ्यालमा तारादेवी

६३ : **चन्द्रकला नेवार**
मेरो धोको

६६ : **दिनेश अधिकारी**
घामदेवी, जूनदेवी : तारादेवी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७३ : **डा. दीर्घसिंह बम**
उज्यालो छर्ने तारा

७६ : **दैवज्ञराज न्यौपाने**
शिष्ट, वरिष्ठ र विशिष्ट

८५ : **धर्मराज थापा**
सङ्गीतको सह बोलाउने तारादेवी

८९ : **डा. ध्रुवचन्द्र गौतम**
राष्ट्रिय गायिका तारादेवी

९१ : **नरेन्द्रराज प्रसाई**
नेपाली गायनकी शिखर

१०५ : **नातिकाजी**
तारादेवीको इतिहास छ

१०९ : **पुष्पलता आचार्य**
तारा दिदी नेपालकी गौरव

११४ : **प्रेमविनोद नन्दन**
तारादेवी चम्किरहिन्

११६ : **भीमविराग**
आधुनिक गीतकी ध्रुवतारा

११८ : **भैरवनाथ रिमाल 'कदम'**
गीतहरू गुन्जिरहून्

१२१ : **मनबहादुर मुखिया**
तारादेवी नै बहुचर्चित

१२५ : **माधव घिमिरे**
नेपाली मुटुमा रुन्झुनाउने तार

१२७ : **रत्नशमशेर थापा**
जनजनका ढुकढुकीमा गुन्जिने तारादेवी

१३१ : **रमण घिमिरे**
तारादेवीसँग साङ्गीतिक युग बाँचेको छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३५ : **राजेन्द्र थापा**
तारादेवीलाई कहिलेदेखि चिनेको ?

१३८ : **डा. रामविक्रम सिजापति**
सङ्गीतजगत्‌की श्रेष्ठ कोइली तारादेवी

१४२ : **रामेश श्रेष्ठ**
देशकी गायिकाछोरी

१४६ : **डा. विश्वम्भर प्याकुर्याल**
हाँस्नै छाडे पनि ...

१४९ : **विश्ववल्लभ**
सम्झना केवल सम्झना

१५३ : **पं. श्यामदास वैष्णव**
गायनगौरव तारादेवी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उकाली ओटालीहरूमा ताटादेखी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवाजको सम्मान

इन्दिरा प्रसाई

बाल्यकालमा मलाई नाच्न र गाउन भनेपछि औधि नै मन पर्थ्यो। 'हिमालको काखमा छ सानो मेरो गाउँ' गीतमा मैले धेरैपटक नाचेकी छु। यो मेरो त्यसबेलाको प्रिय गीत थियो; जुन बेला म यस गीतका बोलमा, तालमा र सुरमा नाच्ने गर्थें। त्यस बेला यो गीत गाउने को हुन्, गीत लेख्ने को हुन् र सङ्गीतबद्ध कसले गरेका हुन् मलाई थाहा थिएन र मलाई त्यसबारे सरोकार हुने पनि बेला त्यो थिएन। आमाले स्वस्थानी व्रत बस्दा वाचन गरिने स्वस्थानी कथाकी नायिका पार्वतीले नाचेको कल्पनामा म आफू पनि त्यस गीतको बोललाई आत्मसात् गर्दै सुरिलो कण्ठलाई आफ्ना सिकारू कण्ठले पछ्याउने निरर्थक प्रयत्न गर्दै गाउँदै नाच्ने गर्थें :

'हिमालको काखमा छ सानो मेरो गाउँ
पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ'

पछि धेरैपछि मात्र मलाई ज्ञान भयो किरण दाइका शब्द, नातिदाइको सङ्गीत र तारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिदीको स्वरमा म नाचेकी रहिछु, गाउँदी रहिछु र मेरो बाल्यकाललाई त्यही गीतले उमङ्गित पारेको रहेछ ।

त्यसबेला हाम्रा घरमा रेडियो थिएन । तर हाम्रा छिमेकी पूर्णबहादुर राईका घरमा राम्रो जापानी रेडियो थियो । उनी हङकङबाट फर्केका लाहुरे भएकाले उनका घरमा हाम्रा घरमा भन्दा ज्यादै राम्रारामा सामानहरू थिए । त्यसमध्ये हाम्रा घरमा नभएको र मलाई अत्यधिक मनपर्ने वस्तु रेडियो उनीहरूसँग थियो । तर त्यो रेडियो उनीहरू धेरैजसो खोल्दैनथे । म उनीहरूका घरमा गएर पूर्णबहादुर राईकी पत्नी माइली दिदीसँग रेडियो खोलिमाग्थेँ । मेरो अनुरोधलाई प्रायःजसो माइली दिदीले मान्ने गर्थिन् र रेडियो खोलिदिन्थिन् । त्यसबेला नेपालीमा बज्ने गीतहरू सुनेर म दङ्ग पर्थेँ । तर ती दिनहरूमा नेपाली गीतहरू त्यति सुन्न पाइँदैनथ्यो । धेरैजसो हिन्दी गीतहरू नै चल्तीमा थिए । भारतीय सिमाना जोगवनीसँग गाँसिएको विराटनगरमा त्यसताका नेपाली गीतहरू सुन्न पाउँदा अचम्मै जस्तो लाग्थ्यो । मेरो बाल्यकालमा आफ्ना घरमा रेडियो पनि नहुनाको कारणले मैले त्यति धेरै गीतहरू सुन्न पाइनँ । गाउँघरमा र स्कूलमा साथीहरूका मुखबाट र यदाकदा स्कूल जाँदा पानदोकान, चियादोकानतिर बजाइएका रेडियो टेपरेकर्डरबाट सुनेका गीत नै मेरा गीतकोश थिए ।

आइ.ए. पास गरेर बी.ए. पढ्दै गर्दा मेरो जीवनमा एकजना महत्त्वपूर्ण मानिसको प्रवेश भयो । मेरो नीरस जीवनमा रससञ्चार गर्ने त्यो मेरी सखी प्रमीला उप्रेती थिई । आइ.ए. पढ्दादेखिकै मेरी सखी मीना कर्णकी बालसखा प्रमीलालाई मीनाले नै मसँग परिचय गराएकी थिई । तर मीना, प्रमीला र मेरा बीचकी पुल मात्र भई । म प्रमीलासँग जति आत्मीय भएँ, जति डुबेँ र जति समर्पित भएँ मेरो मन त्यसको कुनै प्रतिशत पनि मीनासँग गाँसिएन । मीना मेरी सखी मात्र भई तर प्रमीला मेरो जीवनको गोरेटो भई । मैले मेरा जीवनका धेरै सुखदुःखहरू प्रमीलासँग साटेकी छु, गाँसेकी छु र आफूलाई उसका प्रेमपूर्ण छहारीमा लुकाएकी पनि छु ।

मेरो प्रमीलासँगको आख्यान निकै लामो छ र त्यसै आख्यानको एउटा अध्यायमा गीत पनि पर्छ । 'कालीपारे दाइ कति राम्रो', 'साँगुरी वारि नि हौ त्यो धारापानी', 'हे आमा सानीमा' आदि इत्यादि तारा दिदीका गीतहरू प्रमीलाले गाउँथी । प्रमीला त्यसताकाकी विराटनगरकै कुशल युवा गायिका थिई । क्याम्पसका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरेक सांस्कृतिक कार्यक्रमकी रौनक पनि प्रमीला नै हुने गर्थी । क्याम्पसका लिजर पिरियडकी आकर्षण पनि प्रमीला नै हुने गर्थी ।

गीत भनेपछि हुरुक्कै हुने मलाई मेरो जीवनमा प्रमीलाको प्रवेशले एउटा ठूलै खजाना फेला परेको अनुभूति भएको थियो । प्रमीला गीत गाइरहन्थी म सुनिरहन्थें । मलाई पनि गीत गाउन मन पर्थ्यो तर सुरतालको कुनै ज्ञान नभएकी मैले प्रमीलाका अघि गाउने धृष्टता कहिल्यै गरिनँ । तर म प्रमीलाले गाएका बेला मनमनै उससँग गाउँथें र गीतका बोलहरू पनि कण्ठाग्र गर्थें । प्रमीलाका अनुपस्थितिमा मेरा परिवारमा म पनि आफूलाई गायिकासरह प्रस्तुत गरेर उसबाट मनमनै सिकेका गीतहरू गाएर प्रशंसा कमाउँथें । त्यसरी सिकेका गीतहरूमा मैले गाउने गरेका गीतहरू थिए- 'साँगुरी वारि नि हौ त्यो धारापानी' र 'हे आमा सानीमा, नकचरे दाइलाई बगाइद्यौ पानीमा ।'

यी दुवै गीत तारा दिदीले गाएको भन्ने कुरा पनि मैले प्रमीलाबाटै थाहा पाएकी हुँ । यसबाहेक तारा दिदीका जीवनीका प्रसङ्गहरू पनि प्रमीलाले मलाई सुनाएकी थिई । प्रमीलाको मामाघर काठमाडौँ थियो । प्रमीलाकी आमा सतीदेवी उप्रेतीलाई तारा दिदीका विषयमा धेरै जानकारी थियो । प्रमीलाले मलाई उसकी आमाबाट तारा दिदीका बारेमा थाहा पाएका कुरा सुनाउँथी । मलाई तारा दिदीका बारेमा प्रारम्भिक जानकारी दिने प्रमीला नै थिई । त्यसबेला टेलिभिजन थिएन । त्यसैले तारा दिदीले गाएका गीत र प्रमीलाले सुनाएका विवरण गाँसेर मैले मेरो किशोर मनोजगत्मा तारा दिदीको एउटा काल्पनिक चित्र निर्माण गरेकी थिएँ ।

नेपालमा टेलिभिजनको सुरुवात भए पनि विराटनगरमा चाहिँ २०४६ सालदेखि मात्रै स्थानीय प्रसारणबाट तारा दिदीले गाएका गीत पनि टेलिभिजनबाट प्रसारित भए । तारा दिदीको भौतिक चित्र मैले त्यसैबेला देखेकी हुँ ।

•

२०५१ सालको जेठ महिनामा नरेन्द्रले पहिलोपल्ट मलाई तारा दिदीका घरमा पुऱ्याएका थिए । त्यसबेला भरखरैजसो तारा दिदीका जेठा छोरा शशिको निधन भएको थियो । नरेन्द्र तारा दिदीलाई अत्यन्तै माया गर्दा रहेछन् । त्यसबेला तारा दिदीलाई परेको वज्रको झिल्को मैले नरेन्द्रमा पनि देखें । तारा दिदीको मुटुको घाउले आहत नरेन्द्रले मलाई तारा दिदीसँग भेटाएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले भेट्दा तारा दिदी अत्यन्तै करुणाजनक अवस्थामा हुनुहुन्थ्यो । त्यस दिन नरेन्द्रले मलाई चिनाएपछि तारा दिदीले मलाई आफ्नो वेदनापूर्ण दृष्टिले हेर्नुभयो । हामी दुवैका आँखा जुधे । तारा दिदीका गहभरि आँसु थिए । ती आँसुले मेरा आँखामा पनि आँसु भरिदिए । मैले तारा दिदीको हातसम्म आफ्नो दाहिने हात पुऱ्याएँ । मेरो हातको स्पर्श पाएपछि उहाँले आफ्ना हातले मेरो हात समाउनुभयो ।

पहिलो भेटमै म तारा दिदीप्रति भावविह्वल भएकी थिएँ । प्रथमतः मेरो बाल्यकालदेखिकै प्रिय गायिका तारा दिदी, अर्को कुरा मेरो प्रियतम नरेन्द्रकी अत्यन्त प्रिय दिदी तारा दिदी र प्रथम भेटमा नै मलाई आफ्नो मुटु उघारेर स्वागत गर्ने तारा दिदीप्रति म नतमस्तक हुन पुगें ।

त्यसबेला तत्कालीन सरकारले तारा दिदीलाई अपमानित गरेको कुरा मैले सुनेकी थिएँ । परिवर्तनका नाउँमा कसरी एउटा कलाकारको पनि अनाहकमा बलि दिने गरिँदो रहेछ भनेर त्यस्तो घृणास्पद परिवर्तनसँग मलाई त्यसैबेला वितृष्णा भएको थियो । राजनीतिका अल्पज्ञानीहरूले एउटी कलाकारलाई कलाकार भएर बाँच्न पनि नदिएका घटनाले मलाई आफ्नो राजनैतिक आस्थाप्रति नै वैराग्य भएको थियो । नेपाली गीत सङ्गीतकी शिखर तारा दिदीले नेपाल र सम्पूर्ण नेपाली जगत्का लागि आफ्नो सम्पूर्ण जीवन समर्पित गरेको प्रतिफल त्यसबेलाको प्रजातान्त्रिक सरकारले तारा दिदीलाई अपमान र तिरस्कारको पुरस्कार दिएको थियो । तारा दिदीलाई प्रजातन्त्रले रगतको आँसु रुवाएको थियो । तारा दिदीप्रतिको त्यसबेलाको व्यवहारलाई देखेपछि म छक्क परेकी थिएँ । प्रजातन्त्रमा त जनताको हक अधिकार सुरक्षित हुन्छ भनेको मैले सुनेकी थिएँ । के कलाकार जनता होइन ? तारा दिदी कलाकार होइनन् ? किन प्रजातान्त्रिक सरकारले तारा दिदीको हक अधिकारलाई कुण्ठित तुल्यायो ? प्रजातन्त्रप्रति अगाध आस्था बोकेकी मलाई तारा दिदीप्रतिको अन्यायपूर्ण व्यवहारले नेपालमा बहाल रहेको प्रजातन्त्रप्रति त्यसैबेलादेखि सशङ्कित तुल्यायो । अशिक्षित र शिक्षित अचेतनहरूको बाहुल्य भएको हाम्रो नेपालमा अहिले प्रजातन्त्रको अर्थ अनर्थ नै लाग्ने सम्भावना मलाई त्यसैबेला लागेको हो ।

•

नरेन्द्रको एउटा स्वभाव गजबको छ । उनी आफ्ना चिनजानका मानिसहरूले दुःखकष्ट पाएको हेर्न सक्तैनन् । अझ आफूले माया गरेको मान्छेले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःख पाएको देख्दा उनी हुनसम्म छट्पटिन्छन्। तारा दिदीलाई जागिरबाट निकालेपछि नरेन्द्र तारा दिदीका आत्मसम्मानमा परेको चोटले रन्थनिएका थिए। झन् तारा दिदीका छोरा शशिको निधनले दिदीका मुटुमा परेको वज्रले नरेन्द्र पनि मर्मान्त भएका थिए। त्यसबेला उनको ध्याउन्न जसरी भए पनि तारा दिदीका ओठमा मुस्कान ल्याउनुपर्छ भन्ने मात्रै थियो।

त्यसैबेला जगदम्बाश्री पुरस्कारको सिफारिस गर्नका लागि मदन पुरस्कार गुठीबाट नरेन्द्रलाई पनि चिठी आएछ। उनले तत्काल एउटा सिफारिसपत्र लेखेर जगदम्बाका लागि तारा दिदीको नाम पेश गरे। नभन्दै २०५१ सालको जगदम्बाश्री तारा दिदीले नै पाउनुभयो। त्यस वर्ष जगदम्बाश्री पुरस्कार छनौट समितिमा रहनुभएका दाइ पुरु रिसालले भन्नु भएअनुसार तारा दिदीलाई जगदम्बाश्री पुरस्कारका लागि सिफारिसपत्र नरेन्द्रको मात्र थियो रे। मदन पुरस्कार गुठीको प्रजातान्त्रिक परिपाटीप्रति पनि हामीलाई त्यसबेला विश्वास भएको थियो। तारा दिदीले पुरस्कार पाउँदा एकातिर तारा दिदी सम्मानित हुनुभएको थियो भने अर्कातिर जगदम्बाश्री नै गौरवान्वित भएको मैले महसुस गरेकी थिएँ।

त्यसपछि सीताराम प्रज्ञाप्रतिष्ठानबाट प्रदान गरिने एकलाख रुपैयाँ र ताम्रपत्रसहितको मैना पुरस्कारद्वारा पनि तारा दिदीलाई सम्मानित गर्न पाइयो। तारा दिदीका हृदयमा परेका चोटको निवारण गर्न चाहिँ संसारकै कुनै पनि पुरस्कार र प्रतिष्ठाको सामर्थ्य छैन तर ती चोटहरूमा यी पुरस्कार र सम्मानले मलमसम्म लगाएको भने मलाई आभास भएको थियो।

तारा दिदीका मायालु व्यवहारले गर्दा म तारा दिदीसँग भेट्न पल्किसकेकी थिएँ। केही दिन तारा दिदीसँग नभेट्दा मलाई अलिनो भात खाए जस्तै हुने गर्थ्यो। त्यसैले बेलाबेलामा म तारा दिदीका घर जाऊँ भनेर नरेन्द्रसँग अनुरोध गरिरहन्थेँ, फुर्सद हुनासाथ हामी दुई तारा दिदीका घरमा पुग्ने गर्थ्यौँ।

हामी तारा दिदीका घरमा पुग्दा कहिलेकाहीं शिवबहादुर भिनाजुसँग पनि भेट हुन्थ्यो। तर प्रायः जसो हामी पुग्दा भिनाजुसँग भेट हुँदैनथ्यो। तर भिनाजुले जुम्लाबाट ल्याएका स्याउ भने हामीले धेरैपल्ट खाएका छौं। भिनाजुले जुम्लाबाट स्याउ ल्याउनासाथ तारा दिदीको फोन आउने गर्थ्यो। त्यसरी तारा दिदीले फोन गरेर बोलाउँदा व्यस्तताका कारण कतिपटक हामी तारा दिदीका घरमा पुग्न पनि सक्तैनथ्यौं। कहिलेकाहीं हामी पुग्दा भिनाजुले ल्याएको स्याउ सकिएको पनि हुन्थ्यो। तर त्यसरी सकिएका बेला पनि तारा दिदीले हाम्रा लागि भनेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लुकाएर राखेको स्याउ हामीलाई खुवाउनुहुन्थ्यो । मैले तारा दिदीकै घरमा नेपाली स्याउ पहिलोपल्ट खाएकी हुँ । स्याउ भनेको भारतको काश्मीरबाट आयात गरिएको मात्र हुन्छ भन्ने मानसिकता बोकेकी मैले मेरो जीवनमा स्याउको पनि त्यति मीठो स्वाद हुँदो रहेछ भन्ने कुरा पनि पहिलोपल्ट नै थाहा पाएकी थिएँ । शिवबहादुर भिनाजुले स्याउ घर भित्र्याएकैताका हामी तारा दिदीका घर पुग्दा भने तारा दिदीले हामीलाई पेटभरि स्याउ खुवाएर झोलाभरि स्याउ बोकाएर पनि पठाउनुहुन्थ्यो । त्यसरी हामीले बोकेर घर ल्याएको स्याउ झापाकी नरेन्द्रकी आमा र विराटनगरकी मेरी आमासम्मले खानुभएको छ ।

•

२०५५ साल भदौ ५ गतेका दिन मेरो मन बिहानैदेखि त्रस्त थियो । २०४५ साल भदौ ५ गतेका दिनको भुईंचालोको प्रत्यक्षदर्शी म आफैं पनि भएकी कारण ०५५ भदौ ५ गतेका दिन पनि कुनै विध्वंश हुन्छ भने जस्तो मेरा मनमा परेको थियो । साँझ पर्नलाग्दासम्म पनि कुनै दुर्घटना नघटेको हुनाले यसपालिको पाँचैपाँच टर्‍यो भन्ने मनस्थितिमा म आश्वस्त भइरहेकी थिएँ । त्यसैबेला फोनको घण्टी बज्यो । फोन रमा सिंहले गरेकी थिइन् । 'आज बिहानदेखि नै लुम्बिनी एयरवेजको जहाज हराइरहेको छ, विमान चालक गायिका तारादेवीका पति शिवबहादुर श्रेष्ठ थिए ।' रमा सिंहले टेलिफोनमा मलाई जानकारी गराइन् । म एकैछिन स्तब्ध भएँ । 'विमान दुर्घटनाग्रस्त भएकै अनुमान छ ।' रमा सिंहले थपेकी थिइन् । 'विमान पहाडी भेगमा दुर्घटनाग्रस्त भएका कारण कोही पनि नबाँच्ने सम्भावना नै बढी छ ।' रमा सिंहले अझ थपेकी थिइन् ।

त्यसबेला नरेन्द्र घरमा थिएनन् । म शिवबहादुर भिनाजुलाई झल्झली सम्झँदै तारा दिदीका जीवनमा दैवले पुनः गरेको वज्रपात देखेर आन्दोलित भइरहेकी थिएँ । नरेन्द्र आउनासाथ मैले सबै कुरा सुनाएँ । त्यसपछि हामी दुवै तारा दिदीका घरतिर लाग्यौं ।

तारा दिदी र भान्जा रवि र भान्जी चारुसँग भेट भयो । तारा दिदीका आँखामा पतिको प्रतीक्षाको भाव थियो अनि रवि-चारुका आँखामा पनि पिताको उग्र प्रतीक्षा थियो । केही आफन्तहरूसँग बसेर उनीहरू भिनाजुको कुशलमङ्गल समाचारप्रति आशान्वित थिए । हामी केहीबेर त्यहाँ बसेर तारा दिदीलाई भिनाजुको सकुशल आगमनप्रति आशामुखी पार्दै आफूचाहिँ अमिलो मन पारेर घर फर्कियौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आखिरमा रमाले सुनाएको अनुमानित समाचार नै सत्य साबित भयो। त्यसपछि भिनाजु जुम्लाबाट कहिल्यै स्याउ नल्याउने गरी बिदा हुनुभएको थियो। फलफूल बजारमा स्याउका दानाहरू देख्दा म प्रायः जसो शिवबहादुर भिनाजुलाई सम्झने गर्छु। शिवबहादुर भिनाजु हाम्रा सम्झनामा मात्र कैद हुनुभएको थियो। उहाँको भौतिक शरीर संसारबाट मुक्त भएको थियो।

भिनाजु स्वर्गे भएपछि रुग्ण अवस्थामा पुगेकी तारा दिदीको अवस्था झनै बेहाल भएको थियो। अधिकांश समय बेहोश हुनुभएकी तारा दिदीलाई हामीले हेर्दै आउँदै मात्र गरेका थियौं। तारा दिदीको बिजोग देखेर हामी मन कुँडाएर फर्कने गर्थ्यौं। यसैबीच एक दिन तारा दिदीले फोन गरेर हामीलाई बोलाउनुभएको थियो। हामी तारा दिदीका घरमा पुग्यौं। 'औषधि गर्न बाहिर जान पाए हुने थियो, केही व्यवस्था गर्न सकिन्छ कि' तारा दिदीले आशावादी भएर कुरा गर्नुभएको थियो। दिदीको इच्छा र आवश्यकता सुनेर नरेन्द्र विचलित भएका थिए। दिदीलाई उपचार गराउन सके, दिदी स्वस्थ भएर बाँच्नुहुन्थ्यो। नसासम्बन्धी बिमारी भएकाले नेपालमा यस बिमारीको राम्रो उपचार हुन सकेको थिएन। तर बैङ्कक जान सके राम्रो उपचार हुन सक्ने थियो भन्ने चिकित्सकहरूले तारा दिदीलाई आफ्ना विचार निष्कर्ष दिएका थिए। अब कसरी तारा दिदीलाई उपचार गर्न विदेश पठाउने भन्ने कुरामा नरेन्द्र छट्पटिन लागे।

यसैक्रममा एक दिन तत्कालीन सञ्चारमन्त्री राधाकृष्ण मैनालीसँग हाम्रो भेट भयो। झापा जिल्लाका सांसद मैनालीसँग नरेन्द्रको राम्रो चिनाजान र मैनाली स्वयं साहित्यिक व्यक्तित्व भएका कारण नरेन्द्र र मैनालीबीच सुमधुर सम्बन्ध थियो। यसै सम्बन्धका कारण मैनाली नौ महिने एमाले शासनकालमा मन्त्री भएका बेला मलाई त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनको जागिर मिलाइदिन पनि नरेन्द्रले मेरो सिफारिस गरेका थिए। त्यसैबेला मैले पाएको मैनाली कथा पुरस्कार पनि मन्त्री मैनालीकै प्रमुख आतिथ्यमा उनैका हातबाट मैले लिएकी थिएँ। त्यसबेला मन्त्री मैनालीले एमालेद्वारा छानिएका त्रिभुवन विश्वविद्यालयका उच्चाधिकारीहरू समक्ष मेरो सिफारिस गरेको कुरा पनि हामीलाई थाहा भएको थियो। मैनाली मुखले मात्र बोल्दैनन् काम पनि गर्छन् भन्ने कुरा हामीले त्यसै घटनामा चाल पाएका थियौं। त्यसैले मैनालीप्रति हाम्रो विश्वास थियो। त्यस दिन सूचना तथा सञ्चारमन्त्री मैनालीलाई डा. भीष्मराज प्रसाईको आत्मसमर्पणको लोकार्पणका लागि अनुरोध गर्न म र नरेन्द्र सञ्चार मन्त्रालय पुगेका थियौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'भन्नोस् तपाईंका लागि मैले केही गर्नुपर्छ ?' अन्य कामकुरा सकिएपछि सञ्चार मन्त्री मैनालीले मलाई सोधेका थिए । 'मेरा लागि केही गर्नुपर्दैन दाइ, गायिका तारादेवीका लागि केही गर्नुपऱ्यो ?' मैले भनें । 'उहाँलाई के गर्ने ? उहाँ त अब निकै बूढी भइसक्नुभयो होला हैन ?' मैनाली दाइले सोधे । 'के को बूढी हुनु, पचासबाउन्न वर्षकी हुनुभएको छ । दाइ खुरुक्क सञ्चार मन्त्रालयको सल्लाहकार बनाइदिनोस् न, दाइका हातमा पावर भएका बेला त्यति काम गरौं दाइ, भलो हुन्छ !' नरेन्द्रले भने । मन्त्री टाउको मात्रै हल्लाएर बसिरहे । 'तारा दिदीलाई ठूलो वज्रपात भएको छ, उहाँ अस्वस्थ पनि हुनुहुन्छ । दाइ तपाईंले तारा दिदीका लागि केही गर्नुपऱ्यो । साह्रै ठूलो काम हुन्छ ।' नरेन्द्रले भावविह्वल भएर फेरि भने ।

'सञ्चारमन्त्री राधाकृष्ण मैनालीले गायिका तारादेवीका घरमा गई तारादेवीसँग भेट गर्नुभयो ।' मैनाली दाइसँग कुरा गरेको भोलिपल्टै अखबारमा छापिएको समाचार पढेर हामी आल्हादको चरमचुलीमा पुग्यौं । त्यसपछि पुनः मैनाली दाइसँग नरेन्द्र र म भेट्न गयौं । 'तारादेवीलाई त चाँडै औषधि गर्नुपर्ने रहेछ ।' मैनाली दाइले भने । 'हो दाइ, उहाँ रोग र शोक दुवैका तापले थलिनुभएको निकै भइसकेको छ, अब दाइले उपचार गराइदिनुपर्छ' नरेन्द्रले भने । 'म उहाँलाई उपचारको व्यवस्था मिलाउँछु' मैनाली दाइले भने । त्यसपछि हामीले तारा दिदीसँग पनि भेट्यौं । मन्त्री मैनालीले आफूलाई घरैमा आएर भेट गरेका कुराले दिदी निकै प्रफुल्ल हुनुहुन्थ्यो । प्रजातन्त्र आएपछि नै भएको आफ्नो यस दुरावस्थामा मन्त्री मैनालीका व्यवहारले दिदीको ओइलाएको जीवनमा सञ्जीवनी छर्केजस्तो भएको थियो ।

'खोइ छोरा धेरैपल्ट मन्त्रालय धाइसक्यो, उनीहरू केके भन्छन्, एकपल्ट नरेन्द्र र इन्दिराले मन्त्रीलाई भेटेर छिटो गर्न भन्दिने हो कि ?' एकदिन तारा दिदीको पुनः फोन आयो । त्यसपछि नरेन्द्र र म पुनः मैनाली दाइलाई भेट्न गयौं । त्यसबेला मैनाली दाइ आफैं अस्वस्थ थिए । ज्वरोले निकै दिनदेखि सताएको मैनाली दाइका ओठ फुटेर ठाउँठाउँबाट रगतसमेत निस्किरहेको थियो । उनी आफैं बिमारीले थकित र गलित थिए । एकातिर उनको यस्तो अवस्था थियो अर्कातिर प्रजातन्त्र आएपछि नै धेरैजसो बिमारी परिरहने हाम्रो देशको सरकार पनि कामिरहेको थियो । वैशाखीका सहारामा उभिएको सरकारको कुनै पनि बेला लड्ने अवस्था थियो । त्यसैले मैनाली दाइको मन्त्रीकाल पनि आज हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कि भोलिको अवस्थामा थियो । यसकारण हामी डराइरहेका थियौँ । मैनाली दाइको विवेकपूर्ण निर्णयलाई भोलि आउने सरकारले विरोधी पार्टीको झण्डा ओढाएर छोपिदिनेछ भनेर हामी त्रस्त थियौँ । त्यसैले बिरामी मैनाली दाइलाई पनि हामीले आरामसँग बस्न दिएनौँ । 'दाइ तपाईंकै पालामा यो काम हुनुपर्छ, चाँडै गर्दिनुपऱ्यो, रात रहे अग्राख पलाउँछ, भोलिको टुङ्गो छैन, कालले विष पिउँछ ।' नरेन्द्रले मैनाली दाइसँग भने । 'मलाई निकै सञ्चो छैन, तर म आजै फाइल मगाएर यो काम फत्ते गरेर छोड्छु । तपाईंहरूलाई जस्तै मलाई पनि यो काम गरिछोड्ने हतार छ ।' मैनाली दाइको ज्वरोले पट्पटी फुटेर रगत चर्केको ओठबाट हिम्मती आवाज निस्क्यो । त्यसबेला भने मलाई मन्त्री राधाकृष्ण मैनालीप्रति साँच्चै गौरव लाग्यो ।

'मलाई सरकारले दुईलाख रुपैयाँ दिने निर्णय गरेछ' तारा दिदीले भोलिपल्ट फोनमा सुनाउनुभयो । यो समाचार सुन्नासाथ मलाई मैनालीप्रति थप श्रद्धा जागेर आयो । मन्त्री मैनाली मन्त्रीपदबाट अवकाश भएको खबर पनि लगत्तै प्राप्त भएको थियो ।

नेपालमा मन्त्री भएका व्यक्ति सबैले आफ्नो बाल्यकाल वा बैँसमा तारा दिदीले गाएका गीत अवश्य पनि गुन्गुनाएका थिए । तर मैनालीभन्दा अघि तारा दिदीलाई कुनै मन्त्रीले सम्झन पनि खोजेनन् । मन्त्रीको प्रशासनिक व्यस्तताले बिर्से भनौँ भने तारा दिदीको समस्या लिएर नरेन्द्र र म प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दकहाँ पुगेनौँ कि ? प्रधानमन्त्री सूर्यबहादुर थापाकहाँ पो पुगेनौँ कि ? तर अहँ कुनै पनि सरकारका मन्त्री प्रधानमन्त्रीहरूले तारादेवीमा कुनै चासो राखेनन् । अथवा भनौँ त्यसबेला नरेन्द्र र मेरो दुई वर्षदेखिको कसरत निरर्थक भएको थियो । तर परिश्रमको फल अवश्य पाइन्छ भने झैँ भएको थियो किनभने हाम्रो अनुरोधलाई सहर्ष स्वीकार गरिदिने व्यक्तिलाई पनि हामीले मन्त्रीका रूपमा पाएका रहेछौँ । त्यसैले सरकारका भत्तामा र सत्ताका सुखमा डुबेर पनि तारा दिदीप्रति हृदयान्तरबाटै आफ्नो गच्छे समर्पण गर्ने व्यक्ति भने राधाकृष्ण मैनाली मात्रै एकलव्य जस्ता भए ।

तारा दिदी उपचार गराउन बैङ्ककतिर लागेका बेला मैनालीको मन्त्रीपद गइसकेको थियो । तारा दिदीलाई सरकारले दिएको रकम दुईलाख रुपैयाँ मन्त्रीहरू अर्थात् सत्तासुखमा डुब्नेहरूका लागि कुनै खास उल्लेखनीय रकम होइन तर तारा दिदी अर्थात् एउटा कलाकारका लागि सरकारले गरेको सहयोग उल्लेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुपर्दा यो रकम उल्लेखनीय र उदाहरणीयसमेत हो। अर्को कुरा नेपालको राजनीतिले आर्थिक विवरण पेश गर्नुपर्दा तारादेवीलाई दिइएका जस्ता कैयौँ गुना रकमहरूको दुरुपयोग भएर गएका छन्। तिनको हरहिसाब फर्स्यौट गर्नुपर्दा यहाँ बनेका कैयौँ भव्य महलहरू राष्ट्रियकरण गर्नुपर्ने हुन्छ। यस परिप्रेक्ष्यमा राधाकृष्ण मैनालीको अथक प्रयत्नले तारादेवीसम्म आइपुगेको श्री ५ को सरकारका ढुकुटीको रकमले भने नेपाली कलासङ्गीतका इतिहासमा स्वर्णाङ्कमा लेखिने सौभाग्य पाएको छ।

•

श्री ५ महाराजाधिराज सरकारबाट तारा दिदीलाई राष्ट्रको गरिमामय विभूषण सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु प्रदान गरिबक्सनु नेपाली वाङ्मय प्रेमीहरूका लागि गौरवको विषय भएको छ। त्यसो त यसअघि मौसूफबाट तारा दिदीलाई त्रिशक्तिपट्ट पनि प्रदान गरिबक्सेको हो।

इन्द्रराज्यलक्ष्मी पुरस्कार र छिन्नलता पुरस्कारद्वारा सम्मानित तारा दिदीलाई भाष्कर्रराज कर्णिकार र रमा सिंहका सक्रियतामा गोरखा ब्रुअरीले पनि पचासहजार रुपैयाँसहितको सम्मान अर्पण गऱ्यो। यही माटाका केही व्यक्तिहरूले बियर बनाउने कारखानाले कलासाधकको सम्मान गर्नुलाई अस्वाभाविक र आपत्तिजनकसमेत भन्दै विरोध जनाएको पनि सुनियो। तर उनीहरूले पुरस्कारको पार्श्व भूमिका नहेरी आलोचना गर्न त्यति न्यायोचित चाहिँ थिएन। हुन त नेपाली माटामा विरोधका लागि विरोध गर्ने यस किसिमको प्रवृत्ति नौलो चाहिँ होइन।

कुनै पनि कलाकारलाई राष्ट्रले सम्मान गर्नुपर्छ, जनताले माया गर्नुपर्छ। कलासंस्कृतिको कदर गर्न सकेमात्र राष्ट्रको महिमा गौरवान्वित हुने गर्छ। हाम्रो देशमा भने कलाकारहरूले जीउँदो रहुन्जेल रोईरोई बिताउनुपर्छ। हामीकहाँ कलाकार मरेपछि उसका सम्मानमा शोकसभा गरेर झारा टार्ने काम गरिन्छ।

आज पनि हामी नेपालीले धेरै कुरा सिक्न, बुझ्न र पहिल्याउन बाँकी छ। हामी आफ्ना अग्रजहरूको सम्मानप्रति खासै उत्सुक देखिन्नौँ। यदाकदा कसैले गरिहालेको समाचार पढ्यौँ, सुन्यौँ भने पनि गर्नेले गरेको सम्मानमा खोट खोज्ने रोग हामीलाई लागेको छ। आखिर किन हामीलाई त्यस्तो रोग लागेको हो ? त्यसको अविलम्ब उपचार हामीले गराउनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई लाग्छ तारा दिदी भन्नु हाम्रो आवाज हो, तारा दिदी भन्नु हाम्रो सुर, ताल र बोल हो र तारा दिदी भन्नु हाम्रा कर्णविवरसमक्ष गुञ्जायमान मृदु सङ्गीत हो । त्यसैले तारादिदीको सम्मान हाम्रो आवाजको सम्मान हो, तारा दिदीको सम्मान हाम्रो सुर, ताल र बोलको सम्मान हो र तारा दिदीको सम्मान भनेको हाम्रा कर्णचक्षुसमक्ष गुञ्जायमान मृदु सङ्गीतको सम्मान हो । ..... र तारा दिदीको सम्मान नेपाली राष्ट्रिय संस्कृति र समग्र राष्ट्रियताको सम्मान हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली सङ्गीतकी स्तम्भ

कालीप्रसाद रिजाल

यस देशले जन्माएको एउटी महान् कलाकार हुन् तारादेवी। जीवनभर उनले अनवरत सङ्गीतको साधना गरिन्, सेवा गरिन्। मीठामीठा गीत सुनौलो स्वरको थालीमा पस्किएर हामीलाई मनोरञ्जन प्रदान गरिन्। झण्डै चार हजार गीत रेकर्ड गराएर उनले नेपालको गायन क्षेत्रमा एउटा रेकर्ड कायम गरेकी छिन्। नजिकको तीर्थ हेला भने झैं समयमै उनको योगदान र महत्त्वलाई बुझेर अपेक्षित रूपमा कदर गर्न हामीले सकेनौं। बाँचुन्जेल प्रतिभाको महत्त्व नबुझ्ने तर मरेपछि अपूरणीय क्षति भयो भनेर समूहस्वरमा राग अलाप्ने चलन एक प्रकारले हाम्रो समाजमा बसिसकेको छ। यस्तो परिपाटीले समाजलाई, देशलाई लाभभन्दा हानि नै बढी हुन्छ। प्रजातन्त्रको उदयपछि सबैले गोपालप्रसाद रिमालको सपना देखेका थिए। तर त्यो पनि सपनै भएर रह्यो। त्यो आयो तर केही ल्याएन। कम्तीमा पनि राष्ट्रिय प्रतिभाहरूको कदर गर्ने संस्कार र दृष्टिकोण ल्याउन सकेन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो चेतना त्यो विवेक दिन सकेन । एउटा आशा थियो, सपना थियो, त्यसैलाई भए पनि कुरेर बस्ने एउटा आधार थियो, त्यो पनि भताभुङ्ग भयो । आज पनि औषधि उपचार गर्न नपाएर साहित्यकार, कलाकारहरूले टोलाएर बस्नुपर्ने बाध्यता निश्चय पनि एउटा पीडादायक समस्या हो ।

दुःख लाग्छ, दुर्भाग्य सम्झदा दुःख लाग्छ । लोग्नेमान्छेलाई सुत्केरी खर्च दिनसमेत यो देश पछि परेन । स्वस्थ, हट्टाकट्टा व्यक्तिलाई उपचार खर्च भनेर लाखौँलाख दिन पनि यस उदारमना देशले सङ्कोचको अनुभव गरेन । अविश्वासको प्रस्तावसितै रुघाखोकी लागेर एकैचोटि सिकिस्त हुनपुगेका सांसदहरूलाई रातारात बैङ्कक, सिङ्गापुर पुऱ्याएर उपचार गराउन पनि यो देश हिच्किचाएन । वर्षेनी राष्ट्रिय ढुकुटीबाट लाखौँलाख उपचार खर्चका नाममा भागशान्ति बाँडेर खाने राजनैतिक संस्कारले हामीकहाँ मान्यता पाइसकेको छ । उपचारकै नाममा बेलायत, अमेरिका, फ्रान्स, जर्मनी जाने हवाई टिकट निःशुल्क उपलब्ध गराइन्छ । सांसद, संवैधानिक अङ्गका पदाधिकारी, राजनैतिक सल्लाहकार, उच्चस्तरीय कर्मचारी सबैलाई भन्सार छुटमा पजेरो मगाएर व्यापारीहरूलाई बेच्ने या भाडामा लगाउने सुविधा प्रदान गर्दै आएको छ । यो लुरे गरिब देशले पनि चार दर्जनभन्दा बढी मन्त्री एकैबाजी नियुक्त गरेर पूरा खानपीन इज्जतका साथ पालेर आफ्नो क्षमताको सफल प्रदर्शन गरिसकेको छ । तर यस देशले कवि, लेखक, कलाकारहरू बिरामी परे भने उपचार गराउन सक्दैन । सरकारी खर्चमा दाँत फुकालेर नयाँ दाँत फेर्न कोही अष्ट्रेलिया पुग्छन्, मोतियाबिन्दुको अप्रेशन गराउन फ्रान्स पुग्छन् । कोही भने हृदयाघात भएको घाइते मुटु लिएर साहित्यको सेवा गर्न विवश छन्, गीत गाइरहेका छन्, चित्र बनाइरहेका छन् । हरघडी मृत्युको त्रास बोकेर भए पनि अरूलाई बाँच्ने सन्देश दिइरहेका छन् । आफू भित्रभित्रै रोएर भए पनि अरूलाई हँसाइरहेका छन्, मनोरञ्जन प्रदान गरिरहेका छन् । तर त्यागीतपस्वीहरूका लिस्टमा यी कवि, लेखक, कलाकारहरू पर्दैनन् । यिनको सेवाले, तपस्याले अहिले पनि राष्ट्रिय मान्यता प्राप्त गर्न सकेको छैन । यिनीहरूलाई अनुत्पादक ठानिन्छ ।

मैले एउटा अर्को नमीठो कुरा पनि सुनेको छु । मैले सुनेअनुसार रेडियो नेपालको स्थापनाकालदेखि सेवा गर्दै आएकी तारादेवीलाई विना कुनै पूर्वसूचना अप्रत्याशितरूपमा अवकाशपत्र थमाइयो रे । सधैँभैँ त्यो दिन पनि उनी रेडियो नेपालमा आएकी थिइन् । सदा झैँ हाजिरी किताबमा सही गर्न लाग्दा उनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्जी थमाइयो रे । सेवामा प्रवेश गरेपछि एकदिन सेवामुक्त हुनुपर्ने कुरा स्वाभाविक हो । तर सेवामुक्त गर्नुभन्दा पहिले सम्बन्धित व्यक्तिलाई तपाईंको अवधि पूरा हुँदैछ, म्याद थप्न सकिएन भनेर जानकारी गराइन्छ । कुनै कारबाहीमा परेर खोसिने कर्मचारीलाई मात्र ठाडै पूर्जी दिने गरिन्छ । अप्रत्याशितरूपमा एकाएक पूर्जी पाउँदा स्तब्ध हुनु, आहत हुनु स्वाभाविक हुन्छ । मैले सुनेअनुसार पूर्जी पढेर उनी निकै मर्माहत भएकी थिइन् । आँखाबाट अश्रुधारा बगेका थिए । यो सुनेको कुरा हो, मैले स्वयं देखेको होइन । तर तारादेवीलाई अवकाश दिएको कुरा चाहिँ सत्य हो । मैले थाहा पाएअनुसार कर्मचारीको सेवाअवधि पूरा भएपछि पनि विशेष निर्णय गरेर म्याद थप्ने परम्परा पनि रहेको छ । करारसेवामा राख्ने चलन पनि छ । तारादेवीलाई अवकाशै दिनुपर्ने आवश्यकता कसरी महसुस गरियो ? त्यो मैले बुझ्न सकेको छैन । साहित्यकार, कलाकार अलि भावुक र संवेदनशील हुन्छन् । तिनीहरूका लागि छुट्टै नियम कानुन बनाउने कुरा त हुन सक्दैन तर कानुनको कार्यान्वयन गर्दा मानवीय दृष्टिकोणले पनि विचार गरेमा बिग्रने कुरा केही छैन । तारादेवीका गीत बजाएर रेडियोका कतिपय कार्यक्रम चलेका छन् । रेडियोले तिनै गीत बजाएर लाखौँ कमाएको छ भने तारादेवीजस्ती दीर्घसेवा गरेकी राष्ट्रिय स्तरकी गायिकालाई रेडियोले सानोतिनो काम दिएर पाल्न नसक्ने त होइन । किन यस्तो भयो, त्यो बाहिरबाट कसैले भन्न सक्दैन । पञ्चायतकालमा नातिकाजी लगायत कतिपय कलाकारहरूको म्याद बढाइएको थियो । नारायणगोपाललाई पनि पछि सल्लाहकारका पदमा नियुक्त गरिएको थियो । प्रजातन्त्रको उदयमा किन यस्तो भयो ? यसमा प्रश्नहरू उठ्नु स्वाभाविकै हो । तर फेरि निष्कर्षमा उही मेरो एउटा कविता सङ्ग्रहको नाम अगाडि गजधम्म भएर उभिन्छ- यो प्रश्न कोसित सोधौँ ?

यो कुरा मैले त्यसै उठाएको होइन । संयोग भनौँ कि काकताली अवकाशपछि नै तारादेवीको स्वास्थ्य बिग्रन थाल्यो । उनी बराबर बिरामी पर्न थालिन् । चिन्ता र मानसिक दबाबले मान्छेलाई रोगी बनाउँछ भन्छन् । त्यसो त उनको मानसिक आघात र चिन्ताको कारण अवकाश मात्र होइन । कवि सिद्धिचरणले नियतिको विडम्बनालाई इङ्गित गर्दै भन्नुभएको छ- असिना पनि फूलमाथि नै ओइरिन्छ भनेर, यस्तै भयो । ब्लडक्यान्सर जस्तो असाध्य रोगबाट छोराको दुःखद निधन भयो । राजीनामा दिएर अब घर बस्छु भन्दाभन्दै पतिको हवाई दुर्घटनामा निधन भयो । एकपछि अर्को विपत्ति बज्रिरह्यो, बज्रिरह्यो । आँसुले एक क्षण थामिने अवसर पाएन । उनको आकाश सधैँ धुम्म परिरह्यो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिले उघ्रिएन । आङभरि घाम लाग्न पाएन । जीवन दुखिरह्यो । पलपल, क्षणक्षण दुखिरह्यो । जति सिए पनि मन फाटिरह्यो, उधिरह्यो । स्वास्थ्य झन् बिग्रन थाल्यो । उनी स्नायुको रोगबाट आक्रान्त भइन् । ओछ्यान परिन् । हिँडडुल गर्न पनि नसक्ने भइन् । आफ्नै शरीर आफैँलाई गह्रुङ्गो लाग्ने भयो । उनको रोगको कारण यही हो भन्न सकिन्न । तर मानसिक तनाव, चिन्ता र कुण्ठाको कुनै सम्बन्ध उनको रोगसित छैन या हुन सक्दैन भनेर पनि भन्न सकिन्न । किनभने लामो अवधिदेखि एउटा निश्चित जीवनशैली र दिनचर्यामा अभ्यस्त भएर बाँचिरहेको कुनै पनि व्यक्तिलाई सहसा, एकाएक अप्रत्याशितरूपमा त्यसबाट विमुख गराइँदा निकै ठूलो आघात र पीडाको सामना गर्नुपर्ने हुन्छ । मैले स्वयं आफैँले पनि भोगेको, अनुभव गरेको कुरा हो यो ।

एस.एल.सी. पास गरेपछि ०१२/१३ सालतिर त्रिचन्द्र कलेजमा पढ्न थालेदेखि नै दिनहुँजसो तारादेवीको गीत सुन्ने अवसर मलाई प्राप्त भएको हो । फुर्सदका बेला हामी रेडियो नेपाल घुम्न जान्थ्यौँ । त्यसबेला कलाकारहरूबाट नयाँनयाँ गीत प्रत्यक्षरूपमा सुन्न पाइन्थ्यो । उनीहरू रियाज पनि त्यहीं गर्थे । त्यहीं हेर्न, सुन्न हामी जाने गर्दथ्यौँ । तिनताका गायिकाहरू निकै कम थिए । किशोरीदेवी, कोइलीदेवी, तारादेवी नै प्रमुख थिए । यिनकै गीत रेडियोमा बज्थ्यो । पछि गएर तारादेवी साँच्ची नै नेपाली सङ्गीत आकाशमा तारा भएर चम्किइन् । उनका स्वरमा एउटा जादू भएको म अनुभव गर्दछु । उनलाई नेपालकी लता मङ्गेशकर भन्न सकिन्छ । उनले हर प्रकारका गीत गाएकी छिन् अत्यन्त सहजता र माधुर्यका साथ । भजन, आधुनिक गीत, लोकगीत, राष्ट्रिय गीत सबै प्रकारका गीतमा उनले आफ्नो छुट्टै पहिचान र शैली स्थापित गरेकी छिन् । अर्को कुरा लोकप्रियताका चुलीमा पुगेर पनि उनमा कहिल्यै कुनै बडप्पन या अभिमान आएन । सधैँ शिष्ट, मिलनसार र सरल भएर रहिन् । भरसक कसैको मन नदुखाउने, कसैको अनुरोधलाई हार्न नसक्ने र आफूलाई अनुशासनमा राख्ने उनको स्वभाव रहेको छ । मैले तारादेवीलाई सुरुमा रेडियो नेपालमा प्रवेश गर्दा जस्तो देखेको थिएँ, नाम सम्मान आर्जित गरेर रेडियोबाट निस्कँदा पनि उस्तै पाएँ । कलाकारहरूमा विरलै पाइने गुण हो यो ।

तारादेवीले आफ्नो सम्पूर्ण जीवन नेपाली सङ्गीतका विकासमा समर्पित गरेको कुरा हामी सबैलाई थाहा छ । सङ्गीतलाई नै उनले जीवनको एकमात्र लक्ष्य र उद्देश्य बनाएर झण्डै चार दशकसम्म अनवरत सेवा गरिन् । रेडियो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल, नेपाल टेलिभिजन र अन्य विद्युतीय प्रसारण माध्यमहरू यस्तै कलाकार, गीतकार र सङ्गीतकारहरूका भरमा चलिरहेका छन् । हामीले सेवाको मूल्याङ्कन गर्न जान्नुपर्दछ । प्रतिभाको कदर गर्ने संस्कार बनाउनुपर्छ । सभ्य समाजको एउटा विशेषता हो यो । तारादेवीले त्यसबेलादेखि गीत गाउँदै आइन्, जुनबेला केटीहरूले गीत गाएको मन पराउने धेरै कम मान्छे थिए । गीत गाउने पेसालाई त्यति राम्रो ठानिँदैनथ्यो । त्यसबेला गीत गाए पनि घरभित्र आफ्ना परिवारहरू बीच गाउनुपर्छ सार्वजनिक रूपमा गाएर हिँड्न हुन्न भन्ने मान्यता थियो । त्यसबेला साहस बटुलेर तारादेवीले गीत गाइन् । आधुनिक गीतका विकासमा महत्त्वपूर्ण योगदान गरिन् । जीवनभर सङ्गीतको साधना गरिन् । यस तथ्यलाई नेपाली समाजले बिर्सन हुन्न । तारादेवीजस्ता गायिकाहरूकै प्रेरणाले अरू महिलाहरू पनि यस क्षेत्रमा आए । नेपाली गायनक्षेत्र र सङ्गीतलाई समृद्ध बनाए । त्यसैले नेपाली सङ्गीतका इतिहासमा तारादेवीले एउटा स्तम्भ खडा गरेकी छिन् । एउटा युगको प्रतिनिधित्व गरेकी छिन् । यसलाई बिर्सियौँ भने हामीलाई पाप लाग्छ । भावी पुस्ताले हामीलाई औंलो ठड्याउनेछ ।

तर ढिलै भए पनि श्री ५ को सरकारले उनको उपचारका लागि दुईलाख रुपियाँ सहयोगस्वरूप प्रदान गरेर एउटा सराहनीय काम गरेको छ । निजी क्षेत्रबाट मैना पुरस्कारका अतिरिक्त गोर्खा ब्रुअरीले पनि अम्बर गुरुङ, आङ्रिता शेर्पा र तारादेवीलाई विशिष्ट सम्मानका साथ पुरस्कृत गरेको समारोहको प्रत्यक्ष प्रसारण टि.भी.मा देख्न पाइयो । यसबाट सङ्गीतप्रति अभिरुचि राख्ने सबैलाई हर्षको अनुभव हुनु स्वाभाविकै हो । लोचन, मीरा र सपनाश्रीले आफ्ना सुमधुर स्वरमा तारादेवीका गीत दर्शकहरूलाई सुनाएका थिए । गीतसितै तारादेवी पनि ओठ चलाइरहेकी थिइन् । उनका आँखाबाट आँसु खसिरहेका थिए । एउटा भावविह्वल क्षण थियो त्यो तारादेवीका लागि मात्र होइन, हामी दर्शकहरूका लागि पनि । यिनै गीत कुनै बेला तारादेवीले हाँसीहाँसी गाएकी थिइन् । त्यही गीत रोएर सुनिरहेकी थिइन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई हाँसिदेऊ नभन

किरण खरेल

म कोठामा छु । टेलिभिजन खुलेको छ । टेलिभिजनबाट टुबर्ग कार्यक्रमको प्रत्यक्ष प्रसारण सुरु हुन्छ । टेलिभिजनको पर्दाभरि तारादेवीको निर्दोष अनुहार देखिन्छ । तारादेवीका निश्छल आँखाहरू देखिन्छन् । तारादेवीले गाएका गीतहरू विभिन्न कलाकारका स्वरमा गुन्जन थाल्छन् । उनका परेलाहरू रसाउन थाल्छन् । लाग्छ उनी आँसुहरू रोक्ने पर्याप्त प्रयास गरिरहिछन् । त्यो चिसो साँझमा हुने भए उनी सम्मानबापत प्राप्त हुने पचास हजार तिरेर भए पनि एक मुठी हाँसो किन्थिन् होला । आफ्ना लाखौं श्रोताहरूलाई हँसिलो गीत दिन्थिन् होला । तर मानिसको विवशता- मानिसले चाहेर मात्र केही हुँदो रहेनछ । समयले पनि साथ दिनुपर्दो रहेछ । यसर्थ यो साँझ उनले आँसु रोक्न पनि सकिनन्, हाँसो किनेर हाँस्न पनि सकिनन् । त्यो पल म अचानक चलचित्र 'सिन्दूर' का लागि उनले गाएको मेरो एउटा गीत सम्झन पुग्छु–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाँसो किन्न पाइने भए किनेर म हाँसिदिन्थें
एकान्तमा रोए पनि बाहिर म खुसी हुन्थें
मलाई हाँसिदेऊ नभन मलाई खुसी होऊ नभन ।

टेलिभिजन हेर्दाहेर्दै म तारादेवीको अतीततिर पुग्छु । सायद २०१४ सालतिर होला सङ्गीतकार भैरवबहादुर थापामार्फत् तारादेवीसँग मेरो चिनाजानी हुन्छ । त्यसबेला हामी वटुटोल रञ्जना सिनेमा हलको आसपासमै बस्थ्यौं । मैले भर्खरभर्खर गीत लेख्न थालेको थिएँ । तारादेवी भने चर्चित गायिका भइसकेकी थिइन् । तारादेवीको हिस्सी परेको अनुहार, शिष्ट स्वभाव र सुमधुर स्वरले सबैलाई प्रभाव पारे झैं म पनि प्रभावित भएको थिएँ । उनलाई आज यस अवस्थामा देख्दा म टोलाएको टोलायै छु । मेरो कल्पना–

'हिमालको काखमा छ सानो मेरो गाउँ
पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ'

लाई अमर बनाउने गायिका यिनै हुन् त ? घरिघरि टेलिभिजनको क्यामरालेनजिक्याउने गरेका सङ्गीतकार शिवशङ्करसँग मलाई सोध्न मन लाग्छ- 'शिव दाइ, मैले शब्दले सृष्टि गरेकी र तपाईंले सङ्गीतले स्याहार्नु भएकी पार्वतीलाई मीठो वाणी दिने तारादेवी यिनै हुन् ?'

बादल जस्तै कोमल छु म कोही मलाई भेट्न नखोज
फूलमा फुल्ने पार्वती हुँ म मेरो रूप देख्न नखोज ।

तर म सोध्न सक्तिनँ, कारण म कोठामा बसेर टेलिभिजन हेरिरहेको छु, शिवशङ्कर वीरेन्द्र सभा गृहमा सञ्चालन भइरहेको सम्मान समारोहमा सम्मिलित भइरहेका छन् ।

नेपाल टेलिभिजनको क्यामरालें सङ्गीतकार नातिकाजीलाई लङ सटबाट क्लोजअपमा ल्याउँछ । नातिकाजीले मलाई भने जस्तो लाग्छ- 'ए किरण के सोचिरहेको ? जिन्दगी यस्तै हो भाइ अहिले तिमी तारालाई कोमल पार्वतीको रूपमा नहेर, हाम्रै सिर्जना यस गीतका रूपमा हेर'-

एकचोटि काँढालाई म्वाई खाने धोको बाँकी छ
अँध्यारोमा अँध्यारोभैं हराउने धोको बाँकी छ ।

हो त म सपनाबाट बिउँझे जस्तो हुन्छु । त्यसबेलाकी तारा र आजकी तारामा धेरै अन्तर आइसकेको छ । उनले धेरै उकाली चढिसकेकी छिन्, धेरै ओराली ओर्लिसकेकी छिन् ।

टेलिभिजनमा कार्यक्रम अगाडि बढिरहेको हुन्छ म फेरि बितेका दिनहरूमा हराउन थाल्छु । सायद २०२२ सालतिर होला ताराको विवाह हाम्रै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टोलका साथी शिवबहादुर श्रेष्ठसँग सम्पन्न हुन्छ । यो पनि संजोग नै होला ताराको माइती पनि घर पनि मेरो घर नजिकै भएकाले स्वभावतः हाम्रो भेटघाट बढी हुन्छ ।

त्यसमाथि २०२२ देखि केही वर्ष मैले पनि रेडियो नेपालमा जागिर खाएकाले हाम्रो सम्बन्धलाई घनिष्ट तुल्याउनमा मद्दत पुऱ्याउँछ । यिनै कारणहरूले होला मेरा सबैभन्दा बढी अन्दाजी दुईसय जति गीतलाई ताराले कोकिलकण्ठ दिएकी छन् । केही गीतहरूलाई सुमधुर सङ्गीत पनि दिएकी छन् । यसरी लगभग चालीस वर्षको सङ्गतमा मैले तारालाई अनेकौं मोडहरूमा भेटेको छु, अनेकौं अवस्थाहरूमा देखेको छु ।

तारादेवी जहिले पनि शान्त देखिन्छिन्, शीतल देखिन्छिन् र सङ्गीतमय देखिन्छिन् । दुईचारचोटि उनले भनेको वाक्य अझै पनि मेरा कानमा गुन्जदैछ । 'मलाई सम्मान नगरे पनि केही लाग्दैन तर कसैले अपमान गऱ्यो भने असह्य हुन्छ ।' आजको जस्तै अवस्थामा पहिले पनि दुईचारपटक मैले उनका आँखामा आँसु देखेको छु । तारादेवीले गीत गाएको चलचित्र 'सिन्दूर' को प्रथम प्रदर्शन अशोक सिनेमामा गरिँदा उनी जस्तै अरू कलाकारलाई बल्कोनीको निमन्त्रणा कार्ड दिइएछ उनलाई भने तल्लो श्रेणीको । उनको अनुरोधलाई बेवास्ता गरिएपछि सो पास सम्बन्धित अधिकारीकै सामु राखिदिएर उनी चलचित्र हेर्दै नहेरी फर्किछन् । यस कुराको चर्चा हुँदा पनि मैले उनका परेला भिजेको देखेको थिएँ । सायद त्यो रात उनी चेतन कार्कीको यो गीत जस्तै छट्पटाइन् होला-

जून निदाउन थाल्यो तारा निदाउन थाले
धर्तीका पनि सारा निदाउन थाले ।

तारादेवी नवोदित गीतकार र सङ्गीतकारलाई सधैं हौसला प्रदान गर्छिन् उनीहरूको सिर्जनालाई स्वर दिएर । यसबारेमा उनको धारणा थियो- 'मैले एक दुईवटा गीत गाइदिँदा उनीहरूलाई प्रोत्साहन मिल्छ । भविष्यमा उनीहरू पनि यस क्षेत्रमा लाग्छन् ।'

तारादेवीलाई सरस, सरल र अर्थपूर्ण गीतहरू अत्यन्तै मन पर्छन् । त्यस्ता गीतहरूभित्र उनी स्वयंलाई हराइदिन्छिन् । हाम्रो गीति क्षेत्रका सम्मानित स्रष्टा माधव घिमिरेको 'फूलको थुङ्गा'सँग तारा गङ्गा बनेर बगेकी छन् भने ईश्वरवल्लभको-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फुलाई फूल फुल्न धर्ती आकाश ओर्लीं आउला
मोहनी लाग्ला हिमालीले पंछीले गीत गाउला

मा उनी वसन्त बनेर मगमगाएकी छन्। चाहे विरह व्यथाका गीत हुन् चाहे उमङ्ग उल्लासका, चाहे राष्ट्रिय गीत हुन् चाहे भजन, चाहे लोकलयका गीतहरू हुन् चाहे आधुनिक ! सबै खाले गीतहरूलाई आत्मसात् गरेर अभिव्यक्ति दिनु उनको खास विशेषता हो।

तारादेवीले गाएका चारहजार जति गीतको चर्चा गर्न र उनीसँग सङ्गत भएको ४० वर्षको सम्झना गर्न ४०० पानाको किताब लेखे पनि सानै हुन्छ होला। जेहोस् दुईचार शब्दमा भन्नुपर्दा मलाई लाग्छ- तारा निकै भावुक र संवेदनशील व्यक्ति हुन्, उनी गीतलाई आफ्ना छोराछोरीलाई भन्दा धेरै माया गर्छिन्। उनलाई गीत गाउँदागाउँदै अन्तिम सास फेर्ने रहर छ। टेलिभिजनमा आज सम्मानित हुने अर्का व्यक्तित्व अम्बर गुरुङको क्लोजअपले मलाई ताराको गीतप्रतिको आकर्षणको अर्को घटना सम्झाइदियो। दुई/तीनपटक वीर अस्पतालमा उनले गलस्टोनको अप्रेशन गराएकी छन्। पहिलो अप्रेसनको केही दिनपछि घरमा आराम गरिरहेकी तारादेवीको रेडियोमा रेकर्डिङ् गर्ने पालो आइपुगेछ। आफ्नो स्वास्थ्यभन्दा गीतलाई बढी माया गर्ने उनले मेरो रचना र अम्बर गुरुङको सङ्गीतमा अम्बर गुरुङसँग युगल गीत रेकर्ड गरिन्–

सोधूँ सोधूँ लाग्छ तिमीलाई केही कुरा साउती गरेर
ढाट्दै ढाट्दै लाग्छ तिमीलाई आज किन टाढा गएर ।

गीतको रेकर्डिङ् समाप्त हुनेबित्तिकै ताराले पीडाको अनुभव गर्दै अप्रेसन गरेको ठाउँतिर हेरिन् तर त्यसबेला त्यहाँ प्वाल परिसकेको रहेछ, प्वालबाट पित्तको थैलीमा रहेका पत्थरहरू स्टूडियोमा खसिसकेका रहेछन्। जुन रेडियोमा गाउँदागाउँदै उनको अप्रेशन भएका ठाउँबाट पत्थर खसे त्यही रेडियोले रुवाउँदै रुवाउँदै अपमानपूर्वक तारादेवीलाई अवकाश दिन्छ। अवकाश पाएकी ताराले मसँग भेट हुँदा यति मात्र भनिन्- 'जिन्दगी यो गीत जस्तै रहेछ, जेजे पर्‍यो जिन्दगीमा सब सहनुपर्दो रै'छ, छातीभित्र आँधी रोकी चुप रहनुपर्दो रै'छ।'

स्वाभिमानी तारादेवीले कहिल्यै कसैसँग केही मागेको मलाई थाहा छैन। कसैको कुरा काटेको मैले सुनेको छैन। गम्भीर स्वभावकी र थोरै बोल्ने प्रकृतिकी तारादेवीले लिन होइन दिनमात्र जानेकी छन्। खोलाले सबैलाई जल दिए जस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन, वसन्तले सबैलाई सुवास दिए जस्तै दिन, जूनले सबैलाई जुनेली दिए जस्तै दिन । महलदेखि झुपडीसम्मका श्रोताहरूलाई उनले गीत सुनाएर मुग्ध तुल्याइन्, मोहनी लगाइन् । यति हुँदाहुँदै पनि उनको जीवनमा आज किन आकाश र पातालको जस्तो परिवर्तन आएको छ, म ताराकै सङ्गीत र स्वरमा राममान 'तृषित' को एउटा गीत सम्झन पुग्छु-

उही तारा उही जून उस्तै रात हो आज पनि
फरक पैले बत्ती बल्थ्यो आज मुटु जलिरैं छ ।

स्वरकिन्नरी तारादेवीको सङ्गीत सिर्जनामा पनि अभिरुचि रहेको छ । उनीद्वारा सङ्गीतबद्ध केही गीतहरू लोकप्रिय पनि भएका छन् । सायद २०३३ सालतिर रेडियो नेपालद्वारा आयोजित प्रतियोगितात्मक आधुनिक गीत सम्मेलनमा मेरो रचना र ताराको स्वर मात्र होइन सङ्गीतसमेत उत्कृष्ट ठहरिन्छ ।

जाने त गैगो भैगो चिठी आएन
उसको मायाले माऱ्यो याहा पाएन ।

टेलिभिजनमा सम्मान अर्पण गर्ने समय आइपुग्छ । धेरैधेरै उकाली चढ्न र ओराली ओर्लन सक्ने तारा शारीरिक अस्वस्थताले गर्दा बसेको सिटबाट उठेर मञ्चमा उक्लन पनि असमर्थ हुन्छिन् र उनलाई उनी बसेका ठाउँमा ल्याएर सम्मान प्रदान गरिन्छ । यस दृश्यले उनका लाखौँ शुभेच्छुकहरूका आँखा अवश्यै पग्लिए होलान् । चाँदनी शाहको रचना र नातिकाजीका सङ्गीतमा उनले गाएको सधैँ ताजा र मग्मगाइरहने-

उकाली ओरालीहरूमा भन्ज्याङ अनि चौतारीहरूमा
जहाँ जहाँ जान्छौ तिमी म पाइला बनी पछ्याइरहन्छु

गीतमा वाचा गरेजस्तै उनले आफ्नो जीवनसाथीलाई पछ्याउन सकिनन् । आफ्नो कल्कलाउँदो छोरालाई पछ्याउन सकिनन् । आफ्नो जिन्दगीजस्तै प्यारो गीतलाई पछ्याउन सकिनन् ।

यी सबै कुरा उनले चाहेर नसकेकी होइनन् । समयको सामु उनले स्वयंलाई समर्पण गर्नुपरेको मात्र हो । कताकताबाट दिनेश अधिकारीको रचना र ताराकै स्वरको यो गीत नजिकै गुन्जिए जस्तो लाग्छ-

सोचे जस्तो हुन्न जीवन सम्झे जस्तो हुन्न जीवन .....

नेपाल टेलिभिजनबाट भावपूर्ण कार्यक्रमको प्रत्यक्ष प्रसारण सकिन्छ । म टेलिभिजन बन्द गर्छु । तैपनि तारादेवीको अनुहार आँखामा आइरहन्छ, धेरैबेर आइरहन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनले आफ्नो नसासम्बन्धी रोग निको भएपछि फेरि गाउने तीव्र चाहना प्रकट गरेकी छन् । यो चाहना पूर्ण होओस्, मेरो मुटुभरिको शुभकामना । राजेन्द्र थापाको यो गीत तारालेआज मनमनै गुन्गुनाएकी त होइनन् ?

आँखा वर्स्यो भुई भिज्यो तर रोपाई भएन
यो वर्ष पनि मेरो मनको खेत बाँझै रहने हो कि ?
सबै मित्यो कर्मैले साथ दिएन ... ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली गायनक्षेत्रकी नअस्ताउने तारा

कृष्णप्रसाद पराजुली

तारादेवी जतिखेर बालस्वभाव लिएर चोकमा खेल्दै थिइन् त्यतिखेर मैले काठमाडौँ टेकेको मात्र होइन यहाँका सडक, बजार र गल्लीहरू चहारिसकेको थिएँ । उनी पारिवारिक रूपमा कार्की खलकका कृष्णबहादुर र राधादेवीकी छोरी हुन्, तर कसलाई थाहा, उनी त नेपालकै छोरी हुने सपना सजाएर आएकी रहिछिन्, जन्मिन्- इन्द्रचोकमा । संयोगले २००६/०७ सालदेखि चार/पाँच वर्षसम्म मेरो बसाइ इन्द्रचोकमै भयो । इन्द्रचोकमै बसेर मैले काठमाडौंका कैयन् जात्रामात्र देखें, २००७ सालको क्रान्ति देखें, मानिसहरूको जमघट देखें, कर्फ्यु-जुलुस धेरै थोक देखें । बालिका तारादेवीलाई पनि पक्कै कतै देखें हुँला- सम्झना छैन ।

सानैदेखि गीत-सङ्गीतप्रति अभिरुचि राख्ने तारादेवीले कलिलै उमेरमा गीत गाइसकेकी थिइन् । भैरवबहादुर थापा (पराजुली) सँग मिलेर उनले २०१२ सालमा युगल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीत गाइन्। २०१५ सालमा कलाकार गायिकाका रूपमा रेडियो नेपालसँग सम्बद्ध हुन पुगिन् उनी। मैले तारादेवीलाई चिन्ने अवसर पाएको उनी रेडियो नेपालमा पुगेपछि उनको गायन र स्वरद्वारा नै हो। उनको तीखो स्वरले भित्रैसम्म पुग्ने गरी मेरो मन छोएको थियो। दोहोरो कुराकानी अझै भइसकेको थिएन। नातिकाजीका सङ्गीतमा उनले मेरा दुई-तीनवटा गीत गाइन्। एक दिन काम विशेषले रेडियो नेपाल पुग्दा तारादेवीसँग भेट भयो। मीठो स्वरमा आफ्ना गीत गाइदिएकामा मैले उनलाई धन्यवाद दिएँ।

उनले शिष्ट भाषामा भनेकी थिइन्- 'हजुरका गीत राम्रा, मीठा छन्। त्यस्ता गीत गाउन पाउनु मेरो सौभाग्य हो।' तारादेवीजस्ती सुरिलो कण्ठकी गायिकाले यसो भन्दा म चौपट्टै रमाएको थिएँ।

तारादेवीले २०२२ सालमा अन्तर्जातीय विवाह गरेर शिवबहादुर श्रेष्ठलाई जीवनसाथी बनाइन्। एक दिन किरण खरेलका आग्रहले लाजिम्पाट उनको निवासमा पुगेको थिएँ। त्यतिखेर तारादेवी रहिनछन्, शिवबहादुरसँग भेट भयो। पछि नयाँ बानेश्वरमा किरणजीको घरनजिकै उनको घर बन्यो। बेलाबखत किरणजीकहाँ जाउआउ हुँदा तारादेवीसँग पनि भेट हुन्थ्यो। जहिले जहाँ भेटे पनि उनलाई मैले शिष्ट र सौम्य नै पाएको छु।

गोलो पुष्ट अनुहार, नेपाली शैलीमा कोरिएको कपाल, दुई आँखी भुइँका बीचमा टीका, चोलोसारीको पहिरन- तारादेवीको बाह्य व्यक्तित्वको आकर्षण हो। प्रायः यसै रूपमा मैले उनलाई देख्दै आएको छु। आन्तरिक व्यक्तित्वका रूपमा उनी केही गम्भीर, भावुक प्रकृतिकी, कोमल गुणले युक्त र मन उज्यालिएकी कलाकार प्रतिभा हुन् भन्ने मलाई लागेको छ।

तारादेवीले जीवनमा उल्लास र पीडा दुवै किसिमका गीत गाइन्। उनको जीवनले पनि उल्लास र पीडालाई भोगिरहनुपर्‍यो। उल्लास उनको जीवनले पाएको कला र गलाका साधनाको सफलता हो जसले उनलाई गायनक्षेत्रका शिखरमा पुर्‍यायो। यसका निम्ति उनले श्रम गरिन्, साधना गरिन् र सङ्घर्ष पनि गरिन्। धेरैपछि (२०३२ सालमा) उनले प्रयाग सङ्गीत समिति, इलाहाबादबाट गायनमा 'सङ्गीत विशारद' गरिन्। अर्को वर्ष उनी रेडियो नेपालको पच्चीसौँ जन्मजयन्तीका उपलक्ष्यमा आयोजित आधुनिक सङ्गीत सम्मेलनमा गायन र सङ्गीतमा प्रथम भइन्। यी सफलताका पक्ष पनि उनका धैर्य र प्रयासकै परिणाम हुन्। कसैको निगाहले होइन आफ्नै आत्मविश्वासले पाएको ज्ञान र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै प्रतिभा र साधनाले भेट्टाएको मानले उनको स्तर माथि उठ्यो । अर्कातिर उनको जीवनमा निस्याइलो छाया पररहयो । पीडा उनले स्वयम् भोग्नुपरेको त्यही अकथनीय बह-व्यथा हो । यसले गर्दा नै उनलाई जीवनका महत्त्वपूर्ण क्षणमा विष पिएर बाँच्नुपऱ्यो ।

तारादेवीका पच्चीसवर्षे लक्का जवान छोरा रक्तक्यान्सरले आक्रान्त भए । एक दिन म हेर्न भनी शिक्षण अस्पताल, महाराजगञ्ज पुगें । माया मारिसकेकाले होला, कसैसँग भेट भएन । मैले भित्र गई शय्यामा पुगेर अक्सिजन दिइरहेको अवस्थामा युवक शशिलाई हेरें । तिनी मुढो लडेजस्तै लडेका थिए र स्वस्थानीमा वर्णित (शालीनदीको किनारमा तेर्सिएकी) चन्द्रावती जस्तै भएर इन्तु न चिन्तु थिए । चन्द्रावतीको अवस्था कथाको हो, तर शशिको अवस्था यथार्थ थियो । नारायणगोपालकी श्रीमती पेमला पनि हेर्न गएकी रहिछन् । म उनीसँग कुरा गर्दै बडो पीडाको अनुभूति लिएर अस्पतालबाट फर्कें । साँझ परिसकेको थिएन, तर पनि मलाई वाटो अँध्यारो-अँध्यारो लाग्यो ।

दश महिना कोखमा राखेर जन्माई हुर्काएका छोराको दुःखद निधन भयो । ताराले दुःखकै बेला रेडियो नेपालबाट अवकाश पाइन् । बुढेसकालको आधार आफ्ना जीवनसाथी शिवबहादुर श्रेष्ठसँगको सम्बन्ध पनि तेत्तीस वर्षभन्दा बढी जान सकेन । बडो कारुणिक र पीडाप्रद स्थिति बनाएर शिवको पनि जोमसोमबाट फर्कन लाग्दा हवाई दुर्घटनामा परेर अवसान भयो । एकमाथि अर्को आपद् थपिँदै गयो । आफैंलाई स्नायुसम्बन्धी रोगले गाँजेर उपचारार्थ तारादेवी बैङ्कक पुगिन् । "आपद् पर्दछ मानिसलाई दुङ्गालाई के पर्छ" चरितार्थ भएको छ उनका जीवनमा । कति दुःखद, कति त्रासद !

तारादेवीका जीवनको सफलतामा डाहा, रिसराग गर्नेहरू हुँदै नभएका होइनन्, तर यस्ता सानातिना कुराले उनलाई डगमगाउन सकेनन् । साधक कवि-कलाकारहरू आफूले विष पचाएर पनि अमृत दिने प्रयास गरिरहेका हुन्छन् । तारादेवीका जीवनमा पनि त्यही भएको छ । मैले तारादेवीका धेरै गीत सुन्दै आएको छु, अहिले पनि सुनिन्छन् । किन हो किन उनले गाएका कतिपय गीतले मुहुनी लगाएका छन् । वास्तवमा उनका स्वरमा आकर्षण छ, कोमलता छ र तीक्ष्णता पनि छ । त्यसैले उनको स्वरलहरीका गीतलाई श्रोताहरू मन पराउँछन् । थप विशेषता के हो भने उनी गम्भीर प्रकृतिका कवितात्मक गीत पनि गाउँछिन्, लोकगीत पनि गाउँछिन् । उनले नेपाली जीवनका, देशप्रेमका र मानवीय संवेदनाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै गीत गाएकी छिन् । उनको सुरिलो स्वरले धेरै गीतकारका गीतलाई जीवन दिएको पाइन्छ । उनले गाएका गीतहरू जब म सुन्दै जान्छु हृदयलाई झुम्म पार्छ । मैले भ्वाट्ट सम्झेका गीतहरूमा क्रमशः माधव घिमिरे, किरण खरेल र चाँदनी शाहका त्यस्ता गीतका फाँकी हुन् :

फूलको थुङ्गा बगेर गयो गङ्गाको पानीमा
कहिले भेट होला ए राजै ! यो जिन्दगानीमा ।

•

हिमालको काखमा छ सानो मेरो गाउँ
पर्वतकी छोरी हुँ म, पार्वती हो नाउँ ।

•

उकालीओरालीहरूमा, भञ्ज्याङ अनि चौतारीहरूमा
जहाँजहाँ जान्छौं तिमी म पाइला बनी पछ्याइरहन्छु ।

•

तारादेवीले गाएका आफ्नै गीतहरूका बारे पनि केही भनूँ । म अहिले उनले गाएका आफ्ना तीनवटा गीत सम्झिरहेछु । पहिलो गीत हो- 'मेरी हजुरलाई (गाउँदा मेरो हजुरलाई) जुन गीतमा प्रियप्रतिको समर्पणभाव छ, दोस्रो गीतमा आँसुको भाव छ जुन आँसुले कुन गीत गाएका थिए बुझ्न र सोध्न सकिएन भन्ने मर्मको अभिव्यक्ति छ अनि अर्को गीतमा चाहिँ जीवनका सङ्घर्षपछि उज्यालो चाहँदै न्यानोपन र आधारको आह्वान गरिएको छ । झण्डै तारादेवीको जीवनलाई छोए झैँ लाग्ने ती गीतका स्थायी बोल हुन् :

आँखाको पुतली बनाऊँ कि
दिलको मखमली बनाऊँ कि
मेरो हजुरलाई !

•

मैले बुझ्न सकिनँ
मैले सोध्न सकिनँ
कुन गीत गाएका थिए आँसुले ?

•

अँधेरीमा जुधिसकेँ एक झुल्को घाम देऊ
बर्सातमा रुझिसकेँ शरदको याम देऊ ।

•

तारादेवीको अहिलेसम्मको सम्पूर्ण जीवन गीतगायनमा नै समर्पित हुँदै आएको छ । उनले गाएका गीतहरू रेडियो, टेलिभिजन र चलचित्रहरूमा गुन्जिरहेकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । साँच्चै गीतगायन नै उनको जीवन हो, मन हो, आँसु सुकाउने साधन हो र आफूलाई आश्वस्त पार्न सक्ने कलाको उत्सर्जन पनि हो । हुन त तारादेवीले गाएका सबैजसो गीतमा एकैनासको स्वर हुन्छ भनेको पनि सुनियो । केही अंशमा यो प्रतिक्रिया हुन सक्छ, तर उनका गीतका स्वर विविधतायुक्त पनि छन् । गीत लेखेर मात्र पनि हुँदैन र गाएर मात्र पनि हुँदैन । ती दुवैथरीले आफ्नै किसिमको पन र पहिचान दिन सक्नुपर्छ । तारादेवीका गायनमा त्यो विशेषता छ । उनलाई विदेशी सङ्गीतको अन्धो अनुकरण गरिएको पटक्कै मन पर्दैन । उनी त नेपाली गीत-सङ्गीत आफ्नै मौलिकतामा अघि लम्कनुपर्छ र हाम्रो सांस्कृतिक परम्परा जीवित रहनुपर्छ भन्ने दृढतामा रहेकी देखिन्छन् । उक्त प्रसङ्गमा तारादेवी गीतका सम्बन्धमा भन्ने गर्छिन् :

- नेपाली गीतमा आफ्नै शैली र पनको विकास हुनुपर्छ ।
- मेरो जीवनै गीत गाउनका लागि भएको हो कि ?
- मेरा निम्ति गीत जीवनको दोस्रो रूप हो ।
- पहिलेजस्तै गीत गाएर सबैलाई आनन्द दिन सकूँ ।

केही समय अघिको कुरा हो । तारादेवीले अस्वस्थताका कारणले गर्दा आफ्नो सम्मानार्थ आयोजित मञ्चमा गीतहरू गाउन सकिनन् । अरू कलाकारले उनको भाका र स्वरलाई समातेर गाए । मलाई सङ्लो पानी बग्ने मूल खोलाको साटो त्यही ध्वनिमा अर्को खोला सुसाएजस्तो लाग्यो । तारादेवी आफैंले गाउन सकेकी भए कस्तो हुन्थ्यो ! मैले एकान्तमा रोइरहेको बालकको जस्तो नरमाइलो अनुभूति गरें ।

तारादेवीले इन्द्रराज्यलक्ष्मी पुरस्कार, छिन्नलता पुरस्कार, जगदम्बाश्री पुरस्कार, मैना पुरस्कार आदि केही पुरस्कार र सम्मान प्राप्त गरेकी छिन् । यी सबै नेपाली गीतगायनका क्षेत्रमा उनले दिएका योगदानका निमित्त गरिएका सम्झनारूपी सम्मान हुन्, तर उनलाई राष्ट्रले दिनुपर्ने सम्मानको मात्रा खोइ ! त्यो मात्रा पूर्ण भो त ? अहिलेसम्म पनि कवि-कलाकारलाई राष्ट्रले नयाँ ढाँचाले सम्मान गर्न सिकेको छैन । भारतमा सितारवादक पण्डित रविशङ्करलाई कत्रो ठूलो सम्मान दिइयो ! त्यस्तो भइदिएको भए तारादेवी पनि 'हिमाली कोकिल', 'नेपालश्री', 'नेपालरत्न' वा यस्तै कुनै उपाधिले विभूषित हुन सक्ने थिइन् । हामीकहाँ यस किसिमको कल्पना पल्लो फालमै छ । जे भए पनि तारादेवी र उनको स्वरमाधुर्यप्रति जनताका मनमा माया छ र त्यही माया नै उनले पाएको ठूलो सम्मान पनि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गायिका अरुणा लामाबारे लेख्ता मैले भनेको थिएँ- "हुन त धेरै नारीकण्ठका सुरिला स्वर नेपाली सङ्गीतले पाइसकेको छ, तर म यहाँ दुई जनाको नाम विशेष रूपमा उल्लेख गर्न चाहन्छु- एउटी तारादेवी र अर्की अरुणा लामा । यी दुवै नेपाली गायनक्षेत्रमा मलाई मनपर्ने गायिका हुन् । तारादेवी नेपाली गायनकी नअस्ताउने तारा हुन् । उनको स्वरमाधुरीमा यस्तो तीक्ष्णता छ त्यसले एकै झमटमा हृदय छुन्छ । वास्तवमा उनले आफ्नो क्षेत्रमा उच्च शिखरमा पाइला टेकिसकेकी छन् । यसरी नै उच्च शिखरमा पाइला टेक्ने अर्की कलाकार हुन् अरुणा लामा । ..... तारादेवी नेपालभित्रकी ध्रुवतारा हुन् भने अरुणा लामा नेपालबाहिरकी अरुणिमा । यी दुवैको स्वरले मेची, टिस्टा र ब्रह्मपुत्रलाई जोडेको छ ।" अहिले पनि मलाई आफ्नो भनाइ सार्थक लाग्छ ।

उक्त चर्चाको प्रसङ्गपछि अझै केही थपूँ जस्तो लागिरहेको छ । समग्रमा तारादेवी के हुन् त ?

तारादेवी जनतामा भिजेकी लोकप्रिय गायिका हुन्, स्वरमाधुर्यकी कोकिल हुन् । नेपाली गायनक्षेत्रकी एउटी शिखर व्यक्तित्व हुन् उनी । साँच्चै भनूँ भने यस क्षेत्रमा उनले सगरमाथाकै आरोहण गरी त्यसको उँचाइ छोएकी छिन् ।

हिमाल, पहाड र तराई अनि तरी, वन र बेसी मात्र नेपाल होइन । नेपाल भन्नु यहाँका जनताको ढुकढुकी पनि हो, पाखावेसी चहार्नेहरूको जिन्दगी पनि हो । कोशी, गण्डकी र कर्णालीका सुसाइमा कवि-कलाकारका सुसेली गाँसिन्छन्, तारादेवीहरूका स्वर गाँसिन्छन् । तिनका गुन्जनमा नेपाल बोल्छ, नेपालीहरूको कथा-व्यथा बोल्छ र ती सबैको सम्मिलनले नै देशको सग्लो आकृति दिन्छ । त्यसैले पनि तारादेवीलाई पाएर नेपाली साङ्गीतिक क्षेत्रले गर्व गर्न सक्छ, नेपाल र नेपालीहरूले गर्व गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारादेवी र तारादेवीहरू

कृष्णहरि बराल

श्रीपञ्चमीको स्वर्णिम बिहान । सरस्वतीको पूजा गरेर पूजाकोठाबाट बाहिर मात्र के निस्केको थिएँ, टेलिफोनको टिर्र घण्टीले मलाई बोलायो । घरका सबैजना पूजाकोठामा नै व्यस्त हुनाले हत्तपत्त गएर रिसिभर उठाएँ । फोन मित्र नरेन्द्रराज प्रसाईको रहेछ । उहाँले भन्नुभयो- "तारादेवीका बारेमा प्रकाशन हुन लागेको ग्रन्थका लागि लेख तयार भयो कि भएन, दाइ ?" म झसङ्ग भएँ - केही दिनअघि नै उहाँले त्यो कुरा मलाई भन्नुभएको थियो । मैले फेरि सम्झें - इन्दिरा (प्रसाई) बहिनीले पनि तपाईंले त संस्मरणात्मक लेख दिनुपर्छ नि भनेर जोड दिनुभएको कुरा । मैले तुरुन्तै फोनमा जवाफ दिएँ - "लेख तयार हुँदैछ .... ।" यथार्थमा मैले लेख्न सुरु गरेको नै थिइनँ ।

मलाई लाग्यो आज सरस्वतीपूजाको दिन । सरस्वतीकी मानसपुत्री तारादेवीका बारेमा मैले आजै केही लेख्नुपर्छ । लेख्न त लेख्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर मलाई कताकता डर पनि लाग्यो– नेपाली सङ्गीतको विराट् अन्तरिक्षमा आफ्नो सुरिलो स्वरलहरीका साथ निरन्तर गतिशील तारादेवीको उचाइलाई अलिकति छुन पनि कतै म नसक्ने पो हुँ कि ?

कलम लिएर म कापीका सफा पानामा सम्झना पोख्न एकातिर तयार हुँदै थिएँ भने अर्कातिर आँधीको चालमा मेरो मस्तिष्क अतीतदेखि वर्तमानसम्म गतिमान् हुन पुग्यो । मेरा अगाडि तारादेवीसँगका भेट, कुराकानी र अविस्मरणीय क्षणका तस्वीरहरू यत्रतत्र छरिन पुगे । म कलमका टुप्पाले केही अतीतहरूलाई सोहोर्दै कापीमा बटुल्न अहिले प्रयत्नरत छु । हेरौं कतिसम्म सफल हुने हुँ !

म नेपालको पूर्वी क्षेत्र सिन्धुली जिल्लामा जन्मेको मान्छे, गीत र सङ्गीतमा पौडन रुचाउने व्यक्ति । त्यसैले पहिलोपटक (२०३१ साल) काठमाडौं आउने बित्तिकै रेडियो नेपालमा घुम्न पुगेको थिएँ । त्यसबेला नौलो रेडियो नेपाल केवल एकदुई जनाको सामान्य परिचयमा आफ्नो थियो । प्रश्नोत्तर कार्यक्रममा पत्र पठाउँदापठाउँदै म देवी शर्मा र पाण्डव सुनुवारसँग नजिकिन पुगेको थिएँ । दिउँसोको समय म देवी दिदीसँग कुरा गर्दै थिएँ, उहाँले मलाई भन्नुभयो– 'भाइ ! तपाईले तारादेवीलाई चिन्नुभएको छ ?' प्रश्नको जवाफका रूपमा 'छैन' को सूचना दिँदै मैले टाउको हल्लाएँ । तर जिज्ञासु आँखाहरू भने मीठो गीत गाउने तारादेवीसँगको परिचयका लागि आतुर हुन पुगे, कारण उहाँले मलाई धेरै कलाकारहरू त्यसरी नै चिनाइसक्नुभएको थियो ।

तर दुर्भाग्य....., त्यसबेला मैले तारादेवीसँग नजिकैबाट दोहोरो रूपमा साक्षात्कार हुने सौभाग्य पाइनँ । केही पर उभिएकी मीठो स्वरभित्र सुशोभित नारीरत्नलाई झुलुक्क देख्न पाएकामा नै मैले चित्त बुझाउनुपऱ्यो । छोटो समयका लागि विशेष कामले काठमाडौं आएको हुनाले मैले यस बेलामा फेरि तारादेवीलाई भेट्ने मौका पाइनँ । मैले सानै छँदादेखि नै मन पराएकी 'पर्वतकी छोरी पार्वती' हुनुहुन्थ्यो तारादेवी र मैले उहाँबारे अनेकौं कल्पनाहरू पनि मुटुभरि सजाएको थिएँ । मलाई लाग्थ्यो मीठो र सुरिलो स्वरकी धनी तारादेवी पातलो कदकी, केही होची, चञ्चल र गोरी हुनुपर्छ । बानी त त्यसबेला मैले बुझ्न सकिनँ तर पातली र होची हुनुपर्छ भन्ने मेरो अनुमान चाहिँ गलत साबित हुन पुगेको थियो । जे होस्, तारादेवीका बारेमा यति मात्र सोच्न पाउनुलाई पनि मैले त्यतिबेला धन्य सम्झेको थिएँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समयको नदी बगिरह्यो । मेरो डिप्लोमाको पढाइ सकियो । यसैले जागिर खोज्न र अध्ययनलाई अझ अगाडि बढाउन मैले राजधानी शहर अर्थात् काठमाडौँ नआई धरै पाइनँ । यसरी दोस्रोपटक २०३३ सालमा मलाई फेरि काठमाडौँले स्वागत गऱ्यो । गीत सुन्दा दङ्ग पर्ने, सङ्गीतको धूनसँगै आफैँ हराउने, अनि शब्द गुन्गुनाउँदै गीत पनि रचना गर्ने भएकाले होला मलाई रेडियो नेपालको धेरै माया लाग्थ्यो । यही मायाले गर्दा फेरि पनि म रेडियो नेपाल नगई बस्नै सकिनँ । साँच्चै भनूँ भने मलाई रेडियो नेपालले पनि माया गऱ्यो । यसपटक काठमाडौँ आएको दुई महिना पनि नबित्दै २०३३ साल (मंसीर महिनाको पहिलो हप्ता जस्तो लाग्छ) मा मेरो 'म भक्त हुँ यो देशको' भन्ने राष्ट्रिय गीत पाण्डव सुनुवार तथा सुरेश श्रेष्ठका स्वरमा राष्ट्रव्यापी रूपमा प्रसारण हुन पुगेको थियो । यसरी माया दोहोरो रूपमा बढ्दै गयो, कस्सिँदै गयो र फुकाउनै नसकिने भयो । हुँदाहुँदै म त रेडियो नेपाल प्रायः गइ नै रहने पो भइसकेछु । यसै क्रममा तारादेवीसँग पनि म नजिक हुन पुगेँ । नजिकिँदै नजिकिँदै जाँदा तारादेवी त 'तारा दिदी' मा पो परिवर्तन भइसक्नुभएछ ।

आश्चर्य लाग्छ- उहाँ गायिका दिदी र म गीत रच्ने भाइ ! लामो समयसम्म चिनाजानी भएर पनि हामीबीच साङ्गीतिक सम्बन्ध कायम हुन सकेन अर्थात् मेरा शब्दले उहाँको सुमधुर स्वर पाउनै सकेनन् । धेरै बोल्न तथा खुलस्त हुन नरुचाउने झन्नै अन्तर्मुखी स्वभावकी हुनाले उहाँले कहिल्यै मसँग गीतसम्बन्धी कुरा गर्नु भएन भने मैले पनि उहाँसँग यस्तो कुरा गर्न उपयुक्त ठानिनँ ।

समयले बाह्र-चौधवटा वसन्तलाई कुल्चिसकेछ । २०४५-४६ सालतिरको कुरा होला, एक दिन रेडियो नेपालका प्राङ्गणमा वरिष्ठ सङ्गीतकार आदरणीय नातिकाजी दाइले भन्नुभयो - 'तपाईंको शब्द तारालाई साह्रै राम्रो लाग्यो रे, गीत सिकाउँदै छु, ... सुन्न हिँड्नुस् न ... ।' उहाँको यस भनाइले म फुरुङ्ग भएँ । हुन त यतिखेरसम्म म पनि एउटा स्थापित गीतकार भइसकेको थिएँ तापनि मेरो गीतले मैले नै मन पराएकी गायिकाको स्वरको स्पर्श पाएको थिएन । म नातिकाजी दाइसँगै उहाँले गीत सिकाउने कोठामा गएँ । तारा दिदी गाउन थाल्नुभयो-

धेरैले लेखे धेरैको कथा मेरो त लेखेनन्
आँसुको दहमा जिन्दगी डुब्यो कसैले देखेनन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म डुब्न लाग्दा मायालु कुनै हातले छेकेनन् ... आदि आदि ... केहीबेर गीत सिकिसकेपछि तारा दिदीले भन्नुभयो- 'भाइ ! साह्रै राम्रो गीत गाउन पाएँ ... । तपाईंले त मेरै कथा पो गीतमा उतारिदिनुभएको रहेछ ।'

म खुसी भएँ- उहाँले गीत राम्रो भनिदिनुभएकामा र छक्क परें -"मेरै कथा उतारिदिनुभएछ" भनेकामा । मैले सोचेकै थिइनँ गोरो हँसिलो अनुहार अनि रातो लिपिस्टिक र रातो टीकाभित्र समेटिनुभएकी उच्च पदस्थ तथा सर्वश्रेष्ठ गायिकाको जिन्दगी आँसुमा डुबेको हुन सक्छ भनेर । यो कुरा उहाँले साँच्चै दुःखी भएर भन्नुभएको थियो वा मेरा शब्दको तारिफका सन्दर्भमा त्यसै भन्नुभएको थियो मैले केही पनि बुझ्न सकिनँ । तर उहाँमाथि आज खस्न पुगेको पुत्रशोकको असामयिक पहाड तथा पतिवियोगको असहनीय वज्र देख्ता लाग्छ उहाँमा त्यसैबेला आफ्नो विसङ्गत भविष्यको पूर्वाभास भइसकेको रहेछ । म एकछिन सोचमग्न नै रहँ । केही छिनको मौनतापछि उहाँले फेरि भन्नुभयो - "भाइ, रेकर्डिङ्का दिन रेडियो नेपाल आउनुस् है, तपाईं भएपछि म शब्दका मामलामा ढुक्क हुन्छु ।"

नभन्दै म रेकर्डिङ्का दिन रेडियो नेपाल गएँ । उहाँ गीत गाउन थाल्नुभयो र गाउँदागाउँदै बीचैमा रोकिएर सोध्नुभयो - 'आँसुको 'स' कुन हुन्छ- मोटो कि पातलो ?' (भाषा वैज्ञानिक हिसाबमा मोटोलाई तालव्य र पातलोलाई दन्त्य भनिन्छ) उहाँ हरेक ध्वनिको उच्चारण सकेसम्म शुद्धसँग गर्न खोज्नुहुँदो रहेछ । मलाई अहिले पनि सम्झना छ, यसभन्दा अगाडि पनि मेरा थुप्रै गीतहरू रेकर्डिङ् भइसकेका थिए तर कसैले पनि कुनै ध्वनिको उच्चारण के हुन्छ भनेर सोधेका थिएनन् । म उहाँमा यस्तो सचेतता देख्दा छक्क परें । कलाकार यस्ता पनि पो हुँदारहेछन् । यसभन्दा पछि त तारा दिदीले मसँग गीत आफैंले मागेर नै गाउनुभएको छ ।

२०४७ सालमा उहाँ छिन्नलता गीत पुरस्कारबाट सम्मानित हुनुभयो, सही व्यक्तिको छनौट गरिएकामा म खुसीले दङ्ग भएँ । झन् किरण खरेल दाइले पुरस्कार-वितरण समारोहमा ताराका बारे तपाईंले केही बोलिदिनु पर्छ है भन्दा त मेरो खुसीको सीमै रहेन । उहाँबारे केही जान्न म एकदिन रेडियो नेपाल गएँ ।

रेडियो नेपालको पुरानो भवन । माथिल्लो तलाको दक्षिणपट्टिको ठूलो कोठा । सरासर गएर मैले ढोका खोलें । देखें- नेपाली साङ्गीतिक जगत्का त्रिमूर्ति नातिकाजी, शिवशङ्कर र तारादेवी तीनतिर तीनवटा मेचमा । लाग्यो, साँच्चै गरिमामयी भएको छ रेडियो नेपाल- यस्ता त्रिमूर्ति पाएर । तारा दिदी सायद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसबेला वाद्यवादक विशेषज्ञ हुनुहुन्थ्यो । म उहाँकै अगाडि गएँ र जिज्ञासाको पोल्टो थापँ । मलाई विश्वास थियो- म आज तारा दिदीका अन्तरकुन्तर खोतल्न सक्नेछु, कापीका सफा पानामा उहाँका भावनाहरू लिपिबद्ध गर्न सक्नेछु र पुरस्कार वितरण समारोहमा म उहाँलाई जस्ताको तस्तै प्रस्तुत गर्न सक्नेछु । तर परिणाम उल्टो भयो, उहाँले त केही बताउनै पो चाहनुभएन । म नून खाएको कुखुरा झैं रेडियो नेपालका प्राङ्गणबाट बाहिर निस्किएँ । कस्तो आश्चर्य ! आजको विज्ञापन, नक्कली बुट्टा भराइ र आफ्नाबारे आफैं ढ्वाङ फुकिहिँड्ने मपाईहरूका जमानामा पनि तारादेवी जस्ता मानिस हुने रहेछन् । मलाई रिस उठेन, बरु उहाँप्रति झन् आदरभाव पो बढेर आयो ।

मैले अर्को दिन किरण दाइका अगाडि यो समस्या राखँ । उहाँले भन्नुभयो– म तारासँग भरे कुरा गर्छु, तपाईं एकपटक फेरि कष्ट गर्दिनुस् न है । यसपछिका भेटमा भने तारा दिदीले आफ्नो परिचयका साथै गीत गायनका अनुभवका शृङ्खलाहरू मेरा सामु खातका खात राखिदिनुभयो । म फटाफट टिप्दै गएँ ।

कृष्णबहादुर कार्की र राधादेवी कार्कीका पुत्रीका रूपमा काठमाडौं इन्द्रचोकमा जन्मने डोलकुमारी कार्की नै नेपाली सङ्गीतका आकाशमा ताराका रूपमा प्रतिष्ठापित हुनुभएको रहेछ । दरबार स्कूल तथा विश्वनिकेतन स्कूलबाट विद्यालयीय जीवन पूरा गरी बी.म्युजिकसम्म उत्तीर्ण गर्ने तारादेवीको वैवाहिक सम्बन्ध शिवबहादुर श्रेष्ठसँग गाँसिएको रहेछ । उस्ताद भैरवबहादुर थापाका सङ्गीतमा विद्यालयमा पढ्दाखेरि नै रेडियो नेपालमा सर्वप्रथम 'तिमी र हामी भेटौंला फूलबारीको छेउमा' भन्ने गीतमार्फत श्रोतासामु सार्वजनिक हुनुहुने तारादेवीको पहिलो रेकर्ड भएको गीतचाहिं भैरवबहादुर थापाकै सङ्गीतको 'तिम्रो एक नजरको शिकार' रहेछ र यसको रेकर्डिङ् चाहिं कलकत्तामा भएको रहेछ । तारादेवीले चलचित्र (आमा, हिजो आज भोलि, मनको बाँध, कुमारी, सिन्दूर, जीवनरेखा, पच्चीस वसन्त, शान्तिदीप आदि), गीति नाटक (मुना-मदन, मालती मङ्गले आदि) लगायत विभिन्न फुटकरसमेत गरेर आफ्नो स्वर तथा सङ्गीतले सजाउनुभएको रहेछ । प्रेमका मिलन अनि बिछोडका साथै देशभक्ति, भक्ति जागरण तथा बाल, लोक, आधुनिक आदि सबै प्रकारका गीतहरू उत्तिकै सहज तथा भावानुकूल स्वरमा गाउन सक्षम तारादेवी शब्दको शुद्धता र उच्चारणको स्पष्ट प्रस्तुतिमा पनि उत्तिकै ध्यान दिने गायिका पो हुनुहुंदो रहेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुनबेला नेपालमा नाटक मञ्चन गर्दा केटाले नै केटीको अभिनय गर्नुपर्थ्यो, जुनबेला कतिपय कार्यक्रमहरूमा लोग्नेमान्छेले नै स्वास्नी मानिसको स्वर बनाएर गीत गाउनुपर्थ्यो र जुनबेला केटीहरूलाई स्वतन्त्रतापूर्वक बाहिर घुम्न दिन समाज हिच्किचाउँथ्यो त्यस्तो समयमा पनि साहसका साथ आफ्नो मीठो स्वर रेडियो नेपालका माध्यमबाट प्रसारण गर्नु मात्र हैन आफूले गाउन्जेल र अहिले गाउन छोड्दा पनि लोकप्रियताका शिखरमा नै स्थिर रहिरहनु तारादेवीको विशेष सामर्थ्य हो भन्ने मलाई लाग्यो । यही र माथि उल्लेख गरिएका अन्य तथ्यहरूलाई आधार बनाएर छिन्नलता गीत पुरस्कार वितरण समारोहमा मैले निर्धक्कसँग उहाँलाई नेपालकी सर्वश्रेष्ठ गायिका भनेको थिएँ र यस भनाइलाई छिन्नलता गुठीले पुस्तिकाका रूपमा पनि प्रकाशित गरेको छ । यसै कार्यक्रममा डा. वासुदेव त्रिपाठी, कमल दीक्षित, परशु प्रधान र नरेन्द्रराज प्रसाईले 'तपाईले साह्रै राम्ररी बोल्नुभयो' भन्नुभएको कुरा म अहिले पनि झल्झली सम्झन्छु ।

यसपछि भने तारा दिदीसँग म झनै निकट भएँ । कसैको कमजोरी देखाइदिन पनि अलिकति निकटताको आवश्यकता अनुभव हुँदोरहेछ । एकपटक सङ्गीतकार नातिकाजी दाइकै अगाडि मैले तारा दिदीसँग सोधेको थिएँ- 'दिदी, तपाईंले गाउनुभएका सबै गीतहरू उत्तिकै राम्रा (त्यसो त धेरै गीत गाउने गायक-गायिकाका सबै गीतहरू उत्तिकै उचाइका नहुन सक्छन्) छैनन् नि किन होला ? उहाँले भन्नुभएको थियो- 'भाइ, म रेडियो नेपालकी जागिरे गायिका ... , जागिर पचाउन पनि मैले गीत गाइरहनुपर्छ ... सधैँ राम्रा गीत पाइँदैनन् ... म यस उमेरमा गीत खोज्न कहाँकहाँ जाऊँ ... फेरि कहिलेकाहीँ त कसैको मन राखिदिन पनि गीत गाउनुपर्ने रहेछ ... ।' उहाँले साह्रै चित्तबुझ्दो पाराले यो जवाफ दिनुभयो । आज पनि कतिपय कलाकारहरू यस्ता रोगबाट पीडित हुनुहुन्छ होला ।

२०४७ सालमा आएको परिवर्तनपछि मुलुकको परिस्थितिले अर्कै मोड लियो । यसै क्रममा एक दिन हाजिर गर्न लाग्दा तारादेवीलाई रेडियो प्रशासनले पूर्व सूचनाविना नै 'आजदेखि तपाईं हाजिर नगर्नुस्' भन्ने आदेश दियो रे र उहाँ भावुक भई तीसौँ वर्ष काम गरेको उक्त संस्थामा 'पाइला टेक्दिन' भन्दै हिँड्नुभयो रे । यस घटनालाई देख्ने कलाकारहरूले तीतो अनुभव गर्नुभयो भन्ने हल्ला पनि सुनियो । त्यसपछि टुवर्ग वियरले गरेको सम्मान कार्यक्रममा तारादेवीका आँखामा टल्पलाएको आँसुलाई कतिपयले त्यसै घटनाको परिणाम हो भन्ने अर्थ पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगाए । रेडियो नेपालले गरेको यसै उपेक्षाका धक्काले तारादेवी विक्षिप्त बन्नुभयो भन्ने अड्कल पनि यत्रतत्र सार्वजनिक भए । यो घटना सत्य हो या हैन ? अचानो बन्नुहुने तारादेवी तथा खुकुरी बन्नुहुने प्रशासकहरू नै जान्नुहोला । यदि सत्य हो भने चाहिँ यस मुलुकको साङ्गीतिक फाँटमा खस्न लागेको दुर्भाग्यको सङ्केत हो किनभने राम्रा कलाकार तथा साहित्यकार युगौँ पर्खंदा पनि नजन्मन सक्छन् । यिनै तथ्यलाई बुझेकाले प्राचीन समयमा कलाकार तथा साहित्यकारहरू दरबारमै संरक्षित, सुरक्षित र पूजित हुन्थे भने अहिले पनि सभ्य राष्ट्रमा राष्ट्रिय कलाकारहरूलाई राष्ट्राध्यक्षहरूले समेत उठेर स्वागत गरेको देखिएको छ, सुनिएको छ ।

यस सन्दर्भमा कुरा गर्दा अलिकति अतीत कोट्याउन पनि मन लाग्छ । नारायणगोपाल भन्नुहुन्थ्यो- "रेडियो नेपालमा पनि कोही गीत गाउन जान्छ ? त्यो पनि जाने ठाउँ हो ?" गोपाल योञ्जन पनि त्यसै भन्नुहुन्थ्यो । अम्बर गुरुङ रेडियो नेपालमा गएर गीत गाउन अझै पनि मान्नुहुन्न रे । रेडियो नेपालमै जीवन बिताउने तारादेवीले पनि जीवनका उत्तरकालमा तिनै पदचिह्नलाई पछ्याउनुभयो । यो कस्तो विडम्बना ? अन्य कतिपय पुराना राम्रा कलाकारहरूले पनि यस्ता प्रसङ्ग उल्लेख गरेको मैले आफ्नै कानले सुनेको छु । आखिर यस्तो किन ? रेडियो नेपालले नै गीतप्रसारण गरिदिएर एकातिर कलाकारलाई श्रोतासामु पुऱ्याएको पनि छ भने अर्कातिर सम्मान गर्न नजानेर होला कलाकारलाई चिढ्याएको पनि रहेछ । जे होस्, यस्ता विकृतिबाट हामी सबैले जोगिन सक्नुपर्छ किनभने कलाकारहरू नै साँचो अर्थमा राष्ट्रका गहना हुन् ।

यस संस्मरणको शीर्षक 'तारादेवी र तारादेवीहरू' किन राखियो त ? भन्नेबारे केही जिज्ञासाहरू उत्पन्न हुन सक्छन् । यसैले यसबारे पनि केही भन्नु म आवश्यक ठान्दछु ।

हावा नभई हुँदैन तर धेरै भयो भने यसले आँधीको रूप लिन्छ र मान्छेलाई उठिवास लगाइदिन्छ, पानी नभई हुँदैन तर मात्रा बढ्यो भने यसले घरखेत मात्र हैन मान्छेलाई नै बगाएर वातावरणलाई मसानघाटमा परिणत गरिदिन्छ, आगो नभई हुँदैन तर धेरै भयो भने यसले सम्पन्नताको लङ्गालाई पनि भस्मखरानी पारिदिन्छ । मैले यी कुराहरू प्रजातन्त्रका सञ्चालकहरूमाथि पनि नैतिकता र उदार हृदयको आवश्यकता हुन्छ भन्ने सङ्केत गर्न उल्लेख गरेको हुँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजातान्त्रिक व्यवस्थाको आगमनपश्चात् अनेकौं सम्भावनाका ढोकाहरू खुले भने पहिलेको व्यवस्थारूपी दुङ्गाले थिचिएका मान्छेका अनगिन्ती चाहनाहरू न्यानो घाम र शीतल हावापानी प्राप्त गर्ने आशामा दुबो झैं जुर्मुराएर उठ्न खोजे । यस क्रममा सेप लागेर अझै फस्टाउन नसकेको नेपाली भाषा, सङ्गीत र संस्कृतिले पनि बढी विकासको अपेक्षा गर्नु स्वाभाविकै थियो तर यस्तो भएन । रेडियो नेपाल र नेपाल टेलिभिजनले मात्र कार्यक्रम प्रसारण गरिरहेका ठाउँमा नाम जानिनसक्दा अनेक एफ.एम. प्रसारण केन्द्र तथा टेलिभिजनका विभिन्न च्यानलहरू खुले तर सबैजसो नेपाली भाषा-संस्कृतिका विकासमा भन्दा यसलाई निमोठेर फाली हिन्दी गीत, हिन्दी चलचित्र तथा हिन्दी टेलिशृङ्खलाहरूको प्रसारण गर्नमा नै बढी सक्रिय रहे । यस समयमा नेपाली भाषामा नै रेकर्ड भएका कतिपय गीतहरूको स्तर पनि बेतोडसित तलतिर झरेको अनुभव श्रोताहरूले गरे भने प्रसारणचाहिँ यस्तै गीतको ज्यादा हुन थाल्यो । टेलिभिजनका विविध च्यानलहरू गीतको स्तर तथा नृत्यको भावभङ्गीमा कम र नाभिकेन्द्रमा बढीभन्दा बढी प्रदर्शनमा दत्तचित्त देखिन थाले । रेडियो नेपालले पनि आफ्नो पुरानो छवि धानिराख्न सकेन । रेडियो नेपालको अनुकरण एफ.एम. हरूले गर्नुपर्नेमा पैसाको कारण देखाई एफ.एम. को अन्धाधुन्ध अनुकरणमा रेडियो नेपालले आफूलाई समर्पित गऱ्यो । यसले गर्दा 'दुङ्गेसाउँको मेलामा, भेट भएको बेलामा, कान्छीलाई अँगालो हाली चुमिदिऊँ कि गालामा ....' जस्ता नाङ्गा तथा गतिछाडा गीतहरू प्रसारणका हिसाबमा पहिलो नम्बरमा दर्ता भए । शिष्टताले लाजले मुख छोप्यो । गीतामेत्र साहित्य अडिन सकेन र आत्महत्या गर्नुपर्ने स्थितिमा पुग्यो । नेपाली भाषा र संस्कृतिलाई माया गर्छौं भनी ढ्वाङ फुक्नेहरू नै यहाँ मन्त्री भए, सचिव भए तर तिनले पनि यस पेन्डोराको बाकसलाई बन्द गर्ने आवश्यकता अनुभव गरेनन् । फलस्वरूप तारादेवी र तारादेवीहरूको बिचल्ली सुरु भयो ।

यस क्रममा नेपाली चलचित्रको निर्माणमा आएको बाढीलाई पनि बिर्सनु हुँदैन । चलचित्रको निर्माण हुनु अत्यन्त प्रशंसायोग्य कुरा हो र यसले भाषा र संस्कृतिका विकासमा सबैभन्दा बढी भूमिका वहन गर्छ भन्ने कुरामा म विश्वस्त छु । साँच्चै भन्ने हो भने हिन्दी भाषा र भारतीय संस्कृतिको ज्ञान ममा हिन्दी चलचित्र हेर्दाहेर्दै विकसित भएको हो र अरूलाई पनि भएको हुनुपर्छ । तर यहाँ आएका चलचित्रका बाढीले भने केही राम्रा कुराहरूलाई समेत बगाएर लगेको अनुभव धेरैले गर्न थालेका छन् । कारण के हो भने नेपाली उच्चारण शुद्धसँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न नसक्ने भारतीय कलाकारहरूले चलचित्रमा धेरैजसो गीत गाउने मौका पाए भने यिनै गीतहरूको प्रसारण नेपाल टेलिभिजन तथा रेडियो नेपालले बढी गरिदिएकाले नेपाली कलाकारहरूको स्थिति दयनीय हुनपुग्यो । यसबाट केही व्यक्तिहरूले आफ्नो आत्मरतिको सगरमाथा चुलिएको अनुभव त गरे होलान् तर राष्ट्रले चाहिँ कलाका क्षेत्रमा पक्कै पनि क्षतिकै अनुभव गऱ्यो । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले व्यक्त गरेका कला सम्बन्धी विचारहरू 'दिव्योपदेश' भित्रै कैद भएर बसे । यस सन्दर्भमा केही व्यक्तिहरूको बौद्धिक टाटपल्टाइको चरम नमुना अझ त्यसबेलामा प्रदर्शित भयो जब उनीहरूले एउटा क्यासेटको विमोचनका लागि नेपालमा उपयुक्त मान्छे नै नभएजस्तो गरी छिमेकी राष्ट्रकी नेपालकै नाम नजान्ने एउटी मूर्ख सुन्दरीलाई बोलाए र नेपालको सार्वभौमिकतामा जानेरै वा नजानेरै हिलो छेप्ने प्रयाससमेत गरे । हामीले भने यस्ता कुरा पनि निरीह भएर सुनिरह्यौं ।

यसरी तारादेवीको लहरो तान्दा यसैसँग जेलिएर बसेका अनेकौं लहराहरू पनि तानिन्छन् र महाभूकम्पले पूरै पर्वत शृङ्खलालाई थर्काए झैं भरपर्दो आड दिन नसक्ने पहरालाई पनि थर्काउन पुग्छन् । यस्तो भएर पनि संवेदनाहीन व्यक्तिलाई भने यसले खासै फरक पार्दैन किनभने यथार्थमा ऊ त संवेदनाहीन नै हुन्छ । संवेदनशीलहरूका सामु चाहिँ कम्तीमा पनि भन्नु आवश्यक हुन्छ- अब उप्रान्त तारादेवी र तारादेवीहरूले बिचल्लीका दिनहरू भोग्नु नपरोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उः हेर माथि भ्यालमा तारादेवी

गणेश रसिक

तारा दिदीका बारेमा केही लेख्नै पर्छ भनेर नरेन्द्रराज प्रसाईले भन्नुभएको पनि धेरै दिन भैसकेछ। मैले केही लेख्न सकेको छुइनँ। अहिले मुलुकलाई आमचुनावको मात लागेको छ। माओवादी आगोका भुङ्ग्रामा आक्रान्त भै मुलुक छट्पटिइरहेको छ। म भने आफ्नै व्यक्तिगत लन्ठाहरूमा अल्झिरहेको छु। ख्वै ! कहाँबाट लेख्न सुरु गरौं म तारा दिदीका बारेमा। विगततिर फर्केर हेर्छु- झल्याकझुलुक दृश्यहरू मेरा आँखामा आउँछन् हराउँछन्- आउँछन्, फेरि हराउँछन्। ती सारा दृश्यहरूलाई अक्षरहरूमा संयोजन गर्न मलाई अप्ठ्यारो परिरहेको छ।

तारा दिदीलाई मैले पहिलोपल्ट कहाँ देखेँ, कहाँ भेटेँ र परिचय कहाँ भयो, मलाई स्मरण छैन। भरखरै काठमाडौं टेकेको समय, प्रत्येक साँझ प्रायः पिपलको बोट नयाँसडकमा हाजिरी बजाउनै पर्ने बानी। यसै क्रममा रञ्जना सिनेमा हलअगाडि सडकको पूर्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लस्करमा तेलिया ईटको पर्खाल र झिङ्गटीको छाना भएको ठूलो घर थियो, जुन घरको बुट्टेदार आँखिझ्यालको फ्रेमभित्र पासपोर्टको तस्वीर झैँ सडकको भीड नियालिरहनुभएकी तारा दिदीलाई मैले धेरैपटक देखेको छु तल सडकमा हिँडिरहेका मान्छेहरू आपसमा कुरा गर्थे- 'उः हेरहेर माथि झ्यालमा गायिका तारादेवी ।'

म पनि सडकको हूलभित्र पसेर तारा दिदीलाई हेरिरहन्थेँ । सडकमा उभिएर आफैँलाई हेरिरहेका मान्छेहरू देखेर तारा दिदीलाई अप्ठ्यारो महसुस हुन्थ्यो होला अनि खुरुक्क भित्र लम्कनुहुन्थ्यो । अहिले मेरा आँखामा झलझल्ती आइरहेको छ त्यो दृश्य, त्यो घर, त्यो फ्रेमयुक्त झ्याल । तर बितेको समयलाई वर्षहरूमा औँला भाँचेर गन्दा तीन दशकभन्दा बढी बितिसकेछ । अहिले आफूलाई लाग्छ- जीवनका स्वर्णिम उमेरहरू थाहै नपाई काठमाडौँका मीठा सपनाहरूमा अल्मलिएर गुजारिएछ । तर यसमा मलाई कत्ति पनि पश्चात्ताप र आत्मग्लानी भने छैन । बरु जीवनलाई मैले नजिकबाट देखेँ, भोगेँ र आत्मसात् गरेँ । जे जस्तो आइलाग्यो त्यसलाई सहजरूपमा स्वीकारेँ । अहिले तारा दिदीका जीवनमा आइलागेका बवन्डर र भुइँचालाहरू सम्झेर मैले आफूले भोगेका कष्टहरू पनि कताकता थोरै र कम जस्तो अनुभूत हुन थालेको छ ।

रेडियो नेपालमा गीत गाउने मोहनीले मलाई पनि लठ्याएको १९/२० वर्षको मेरो लर्के उमेर हुँदो हो । प्रायः फुर्सदको समय भयो कि रेडियो नेपालको आँगन चहार्ने बानी लाग्यो । यही क्रममा मेरो र तारा दिदीको औपचारिक परिचय भयो कि भन्ने मलाई लाग्छ । जे होस् संयोग भनौँ, परिस्थितिले भनौँ या सङ्गीतप्रतिको अनुरागले भनौँ तारा दिदीसँग मेरो राम्ररी नै दिदीभाइको सम्बन्ध विकसित भयो । जब म रेडियो नेपालको स्टुडियोबाट गीत गाएर बाहिर निस्कन्थेँ तब तारा दिदीले भन्नुहुन्थ्यो- 'राम्रो गीत गाउनुभयो भाइ, बधाई छ ।'

•

राष्ट्रिय नाचघरको रङ्गमञ्च । मुनामदन गीतिनाट्यको गीत रेकर्डिङ्को समय छ । मुनाको पार्श्वगायन तारा दिदी र मदनको नारायणगोपाल दाइले गाउनुपर्नेछ । सङ्गीतकार छन् चन्द्रराज शर्मा । बाजाहरू तयार छन्, रेकर्डिङ् उपकरण तयार छ । सुनसान वातावरणबीच दुवै जनाले गाउनु छ । तर मेरा मनमा जस्तै सबैका मनमा एउटा उत्सुकता र कौतूहल छ । नारायण दाइ र तारा दिदीले कसरी मुनामदनको जस्तो दुःखान्त कथालाई आत्मसात् गर्दै डुबेर गाउँछन् होला ? जब कि दुवै जनाबीच बोलचाल नभएको वर्षौँ भैसकेको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीतको अभ्यास सहज रूपमा सुरु भयो । विना हिचकिचाहट दुवैले आ-आफ्ना भाग धक फुकाएर गाए । रेकर्डिङ् सुरु भयो । एवम् रीतले झण्डै दुई महिना जतिमा रेकर्डिङ् सकियो । म चाहन्थें अथवा हामी सबै चाहन्थ्यौं- यही मुनामदनको गीत गाउने निहुमा दुवै जनाबीच पुनः बोलचाल होस् । तर दुवैतर्फबाट बन्द भएको ढोका फेरि उघ्रिएन । म अहिले सोच्दछु यी दुवै ख्यातिप्राप्त गायकगायिकाबीच कुन त्यस्तो ठूलो अहम्को टकराव थियो जसले सधैंका लागि औपचारिकताका बाटाहरू बन्द गऱ्यो र बीचमा एउटा यस्तो पहाडी चट्टान पर्खाल भएर उभियो जसलाई भत्काउन कुनै आँधी आएन, कुनै उपकरण फेला परेन । किन फेला परेन थाहा छैन ? यी अनुत्तरित प्रश्नहरू नारायण दाइको मृत्यु र तारा दिदीको मानसिक आघातसँगै हामीसामु जीवित रहे ।

•

संस्थानको सांस्कृतिक टोली कार्यक्रम प्रदर्शनका लागि मोरङ जानु थियो । टोली नेताका रूपमा मलाई तोकियो । तारा दिदी जस्तो सिनियर कलाकार हुँदाहुँदै मलाई यो जिम्मेवारी दिइएकामा मलाई कताकता अप्ठ्यारो महसुस भयो । तर तारा दिदीले यसलाई गम्भीरतासँग लिनुभएन । हाम्रो टोलीले विराटनगर रानी मिल्स एरिया, रङ्गेली र बेलबारीमा बडो सफलताका साथ कार्यक्रम प्रदर्शन गऱ्यो । तत्कालीन मोरङ जि.वि.स.का उप-सभापति केशव बस्नेतले हामी कलाकारका सम्मानमा बेलबारीको जङ्गलमाझ एउटा शानदार वनभोजको आयोजना गरे ।

खोलामा बाँध बाँधेर नहर निकालेको जङ्गलमाझ पानी जमेर ठिकठिकका तलाउ र पोखरीहरू बनेका थिए । जहाँ कमलका बोटहरू र सङ्लो पानीमा माछाहरू पौडिएको सजिलै देख्न सकिन्थ्यो ।

पिकनिक आयोजकले प्रसङ्गवश तारा दिदीलाई गीत गाउन अनुरोध गरे । तारा दिदीका मूडसँग परिचित म भने केही हडबडाएँ । अब तारा दिदीका झप्पु यिनीहरूले नराम्ररी भेट्ने भए भन्ने डर लाग्न थाल्यो ।

तारा दिदी केही बोल्नुभएन । नबोलेकाले झन् मनोबल बढेछ आयोजकको । अरूले पनि अनुरोधका भाषामा कर गर्दै तारा दिदीलाई उकास्न थाले । तब तारादिदीको वाक्य फुट्यो- 'बाजा छैन सुर छैन ताल छैन जे होस् भनिहाल्नुभयो जस्तो हुन्छ एउटा गीत गाउँछु' :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जाने त गइगयो भैंगयो चिट्ठी आएन
उसको मायाले माऱ्यो थाहै पाएन ।

अहिले म लेख्दालेख्दै तारा दिदीका श्रीमान्लाई सम्झन्छु जो जोमसोम जाँदा पहरामा हवाइजहाज दुर्घटना भएर बित्नुभयो र तारा दिदीले गाउनुभएका गीतका बारेमा भन्न मन लाग्छ– आफ्नै जीवनमा घट्न सक्ने यी गीतका हरफहरू गाएर तारा दिदीले आफ्नो भविष्य देख्नुभएको रहेछ । अब उहाँका श्रीमान्को न त पत्र आउँछ न त उहाँ फर्किएर नै आउनुहुन्छ । नियतिले तारा दिदीलाई दुःखका समुद्रमा एक्लै छोडेर- उहाँको श्रीमान् त धेरै टाढा टाढा गैसक्नु भयो ... क्षितिजपारि ... ।

•

मलाई पोखरामा जानुपर्ने काम पऱ्यो । बाटामा ओर्लेर मनकामना दर्शन गर्न जान मन लाग्यो । खैरेनीमा उत्रिएर त्यहीं लजमा बास बसें अनि बिहान ४ बजे नै उठेर लाइट बाल्दै नदीको पुल तरेर उकाली लागें । बाटामा मभन्दा अगाडि नै थुप्रै मान्छेहरू बाटोलागि सकेको भेटें । काठमाडौं उपत्यकाबासीका लवजमा बोलिने आवाजलाई पछाडि पार्दै म एक्लै डाँडा उक्लिरहँ । बिहानको झुल्के घाम डाँडामा झुल्किंदा म मनकामना पुगें ।

बिहान सखारै भएकाले मन्दिरमा त्यत्ति भीड भैंहालेको थिएन । छिट्टै माता मनकामनाको दर्शनसहित पूजा गरेर खाना खाएँ अनि फर्किनका लागि ओराली झर्दै थिएँ- लौरो टेकेर उक्लिदै गरेकी तारा दिदीलाई देख्दा छक्क परें ।

नमस्कार दिदी ।

मेरो नमस्कार फर्काउँदै दिदीले भन्नुभयो- 'हेर न भाइ यो ठाडो उकालो उक्लिनु त कति गाहारो भयो ..... ।'

म देख्दै थिएँ- तारा दिदीको दम फुलिरहेको थियो अनि बिहानै भए पनि निधारमा बगिरहेको थियो पसिनाको धारा । पसिना पुछ्दै आफ्ना छोराछोरीतिर हेरेर भन्नुभयो- 'ल तिमीहरूले चिनेनौ ? उहाँ हुनुहुन्छ- गणेश रसिक ।'

तारा दिदीका दुवै छोराछोरीले मलाई नमस्कार गरे । मैले पनि सट्टामा नमस्कार फर्काएर तारा दिदीसँग बिदावारी भै ओराली लागें किनभने मलाई त्यसै दिन पोखरा पुग्न एकदमै हतारो थियो ।

अहिले म सम्झन्छु- माता मनकामनाले तारा दिदीको कति मनोकामनाहरू पुऱ्याइदिनुभयो या भएन थाहा छैन । तर आफैंसँग दर्शन गर्न लगेको छोराको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकालमृत्युको पीडा भने एउटी आमा भएर तारा दिदीले सहनुपऱ्यो । यहाँ आएर पनि मलाई श्रद्धेय चाँदनी शाहद्वारा रचित तारा दिदीले गाउनुभएको यो गीत स्मरण गर्न मन लाग्छ, जसले तारा दिदीको जीवनलाई डोऱ्याएको भान हुन्छ :

'आमा भएर बाँडी हेर सन्तानका पीरहरू
आमा भएर बाँडी हेर सन्तानका खुसीहरू
आफ्नो लागि सबै बाँच्छन् यहाँ यस लोकमा
अरूको लागि बाँचि हेर सन्ताप अनि दुःखमा ।'

•

सांस्कृतिक संस्थानको महाप्रबन्धकमा नारायणगोपाल दाइ नियुक्त हुनुभयो । सम्पूर्ण सांस्कृतिक कर्मीहरूमा एउटा गजबको उल्लास र खुसी छायो । तर त्यो हर्ष त्यो खुसी राष्ट्रिय नाचघरमा धेरै दिन टिकेन । बजेटको कमी र खर्च कटौतीका नाममा संस्थानको करार सेवामा कार्यरत तारा दिदी, कुमार बस्नेत र देशले अन्तर्राष्ट्रिय अन्धअपाङ्ग वर्ष मनाइरहेका अवसरमा देशको एकमात्र अन्धा सरोदवादक मोहनसुन्दर श्रेष्ठलगायत ४० जना कलाकारले एकैपटक अवकाश पाए । प्रशासनको माथिल्लो तहमा बस्नेहरूले यस निर्णयको मूल्याङ्न कसरी गरे त्यो थाहा भएन, तर कलाकारहरूमाझ यस अप्रिय निर्णयले नारायण दाइको छवि अलि धुमिल भयो र पीडित कलाकारले मन दुखाइरहे पछिसम्म ।

मैले ती तीता सत्यहरूलाई लेख्नुको अर्थ नारायण दाइप्रति दुराशय र पूर्वाग्रह राख्नु भने होइन । म उहाँलाई तारा दिदीलाई जत्तिकै आदर गर्छु । तर मान्छेले कहिलेकहिले नजानेर नबुझेर नै गरिने गलत निर्णयलाई पछि सच्याउन चाहेर पनि सच्याउने अवसर पाउँदैन त्यसैले निर्णय गर्नुअगाडि एकपटक गम्भीरतासँग सोच्नुपर्छ कि भन्ने आशय मात्र हो मेरो ।

कुमार बस्नेतको कर्मचारी सञ्चय कोष र तारा दिदीको रेडियो नेपालमा स्थायी जागीर थियो । दुवै आ-आफ्नो कार्यालयमा जान थाले । बाँकी कलाकार बेकारी भै यताउति भौंतारिन थाले । तर सरोदवादक मोहनसुन्दर श्रेष्ठका बारेमा भने श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारका जुनाफमा जाहेर भएछ क्यारे तब सरकारबाट मोहनसुन्दरलाई दरबारमा जागिर निगाहा भयो । कहिलेकहिले म मोहनसुन्दर दाइलाई आफ्ना सहयोगीसँग डोरिँदै मयलपोश पोशाकमा नारायणहिटी दरबारतिर गइरहेको देख्छु ।

•

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०३८ सालमा म रत्न रेकर्डिङ् संस्थानमा अध्यक्ष तथा महाप्रबन्धक नियुक्त भएँ । २ वर्षपछि अवकाश पाएँ र पुनः दुई महिनापछि म सांस्कृतिक संस्थानमा महाप्रबन्धक नियुक्त भई साढे सात वर्ष काम गरेँ । यही बीचमा मुलुकको राजनीतिले कोल्टे फेऱ्यो । जनआन्दोलन सुरु भयो । श्री ५ बाट बहुदलीय व्यवस्था घोषणा गरिबक्सियो । नयाँ मन्त्रीमण्डल गठन भयो । जनआन्दोलनको परिवर्तनपछि गठन भएको यो प्रजातान्त्रिक सरकारले सांस्कृतिक क्षेत्रमा गर्ने नहुने निर्णय गरेर आफ्नो सङ्कुचित मानसिकताको परिचय दियो । त्यो निर्णय थियो- श्री ५ मुमा बडामहारानी सरकारको निजी कोषबाट स्थापना हुन पुगेको श्री रत्न रेकर्डिङ् संस्थानको खारेजी र गायिका तारादेवीलाई रेडियो नेपालबाट अवकाश ।

जन्मेपछि मर्नुपर्ने सत्य जस्तै जागिर खाएपछि एक दिन छोड्नुपर्छ त्यो सबैलाई थाहा छ । तर तारा दिदीभन्दा सिनीयरहरूको जागिर भने सुरक्षित भयो । के कारणले तारा दिदीलाई मात्र अवकाश दिनुपर्ने कारण पऱ्यो ? सत्ताधारीहरूले उहाँप्रति गरेको यो अमानवीय व्यवहार र अपहेलनाले सबैको चित्त काटियो । अनि रत्न रेकर्डिङ् संस्थान खारेज गरेको सुन्दा मेरो चित्त कताकता दुख्यो । जुन संस्थानसँग कुनै समय मेरो पनि सपना गाँसिएको र थोरै भए पनि त्यसलाई जीवित राख्न मेरो पनि श्रम बगेको थियो ।

•

तारा दिदीलाई धेरै वर्षपछि श्री ५ अधिराजकुमारी श्रुति सरकारको शुभ विवाहका उपलक्ष्यमा नारायणहिटीमा आयोजित रात्रिभोजमा भेटेँ । ८/९ वर्षपछि भेट्दा तारा दिदी पहिला जस्तो मैले भेटिनँ । अनौठो लाग्ने उहाँको हेराइ, न हर्ष न विस्मात, न दुःख न सुख नै एकदमै भिन्न स्वभाव भएको मैले अनुभव गरेँ । छेउछाउका अन्य आगन्तुकहरू भन्थे- 'छोराको पीरले तारा दिदीलाई मानसिक आघात परेको छ ।'

त्यस दिनदेखि मैले तारा दिदीलाई आजका दिनसम्म देखेको र भेटेको छैन । केही समयअगाडि उहाँलाई सम्मान गरेको एउटा तस्वीर र समाचार कान्तिपुरमा छापिएको देखेँ । टि.भी.मा सो कार्यक्रमका दृश्यहरू प्रचार गरेको थियो रे । म गाउँ गएकाले हेर्ने अवसर परेन । मेरी श्रीमती र छोरीले त्यो कार्यक्रम टि.भी.मा हेरेछन् । गाउँबाट म आउनासाथ मलाई भने- 'मीरा राणाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारा दिदीका पुराना गीतहरू गाउँदा उहाँ त रोइराख्नुभएको थियो जुन दृश्य देखेर हामीलाई पनि मन थाम्न गाहारो भयो ।'

•

मान्छेलाई सुखले भन्दा बढी दुःखले छुन्छ र दुःखलाई नै उसले बढी सम्झिरहन्छ । यसैले तारा दिदीका सुखका दिनभन्दा दुःखहरूले बढी मलाई छोए । त्यही दुखाइका अनुभूतिहरू सङ्क्षेपमा लेखें । अहिले म तारा दिदी जस्तै अरुणा दिदी, गङ्गा राणा दिदीलाई पनि सम्झिरहेछु । नेपाली सङ्गीतमा यी तीन नारीस्वरहरू त्रिदेवीका रूपमा मेरा लागि पूजनीय छन् । तर दुर्भाग्य भनौं अरुणा दिदी, गङ्गा दिदी हाम्रा लागि अतीत भैसक्नुभयो । अब तारा दिदी एक्लै हाम्रो सामु हुनुहुन्छ । तर मैले रेडियो नेपालमा भेटेकी तारा दिदी होइन, मैले मनकामनामा भेटेकी तारा दिदी होइन, बेलबारीका जङ्गलमा गीत गाउनुहुने तारा दिदी होइन, सोभियत सङ्घमा सँगै जानुहुने तारा दिदी होइन अनि तस्वीरका फ्रेममा बसे जस्तो नयाँ सडकको पुरानो घरका भ्यालमा बस्ने तारा दिदी पनि होइन । आजभोलि उहाँ अर्कैअर्कै तारा दिदी हुनुहुन्छ, लाग्छ उहाँ दुःखपीडा अवसादको नीलो अन्तरिक्षमा पौडिइरहनुभएको तारा हुनुहुन्छ र अन्तरिक्षमा आफैं जस्तै अरू पनि थुप्रै दुःखी ताराहरू छन् भनेर चित्त बुझाउनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो धोको

चन्द्रकला नेवार

समय होइन, जीवन पो बग्दोरहेछ नदी जस्तै ... कहिल्यै नफर्किने गरी । त्यसबेला तारादेवी नेपालकी प्रसिद्ध गायिका ..., तारादेवी नेपालकी कोकिलकण्ठा ..., तारादेवी नेपालकी लता मंगेशकर ... आदि आदि ... । आजकी तारादेवी नेपालकी वरिष्ठ गायिका, त्यसभन्दा बढी कसैले केही भन्न रुचाउँदैनन् । नयाँ नेपालको नयाँ कानुनले अब उहाँ रेडियो नेपालमा पनि हुनुहुन्न ।

'दिदी, तारादेवीबारे तपाईंले केही लेखिदिनुपर्‍यो', यो अनुरोध थियो बहिनी इन्दिरा प्रसाईको । हो, म लेख्छु, अवश्य लेख्छु । मेरो साहित्य लेखनको अर्को पक्ष सङ्गीत पनि त हो । एकजना गायिकाको मर्म गायक, गायिका, सङ्गीतकार अथवा गीतकारले नबुझे कसले बुझिदिन्छ ? तारादेवीसित परिचयको आदान-प्रदान नभए तापनि उहाँका गीतहरूसित म परिचित छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गायिका तारादेवीले चालीस वर्षको लामो अवधि गायिकाकर्मचारीका रूपमा रेडियो नेपालमा बिताउनुभयो । हो, अवकाशप्राप्त जीवन बिताइरहनुभएको छ । उहाँका तीनचार हजार गीत रेकर्ड भइसकेका छन् । धेरैजसो गीत उहाँले नातिकाजीका सङ्गीतमा गाउनुभएको छ । तारादेवीका लोकप्रिय गीतहरूमा नारायणगोपालसित गाएको युगल गीत 'ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो', 'कालीपारे दाइ कति राम्रो', 'हिमालको काखमा छ सानो मेरो गाउँ' भारतको पूर्वाञ्चल भेक आसाममा अत्यन्त लोकप्रिय बनेका थिए । उहाँको पहिलोपल्ट रेकर्ड भएको गीत 'तिमी र हामी भेटौंला फूलबारीको छेवैमा' हो । नेपाली र नेवारीबाहेक अरू कुनै भाषामा तारादेवीले गीत गाउनुभएको छ जस्तो लाग्दैन ।

आजभन्दा २४/२५ वर्षअघि म काठमाडौं आएकी थिएँ । शिवशङ्करज्यू मार्फत अतिथि कलाकारका रूपमा दुईवटा गीत गाउने सुअवसर मैले प्राप्त गरेकी थिएँ- आफ्नै रचना र सङ्गीतमा :

'नीला नीला आँखाबीच मोतीदाना भेटें
मूक तिम्रो माया मैले सागर जस्तो देखें'
'आउन माया गाँसौं न
माया हो सागर सिक पौंडन ।'

गीत रेकर्डिङ् भइरहेका बेला रेकर्डिङ् कक्षभित्र तारादेवी हुनुहुन्थ्यो । मेरो गीतको रेकर्डिङ् सकिनुअघि नै उहाँ हिँडिसक्नुभएकाले उहाँसित परिचय हुन सकेन । उहाँसित परिचय हुन नसकेको धोको मुटुभरि गाँठो पारेर आसाम फर्केकी थिएँ ।

आजभन्दा ३०/३५ वर्षअघि, म कटिहारमा छँदा लक्ष्मण प्रधान लगायत तारादेवी, नातिकाजी, शिवशङ्कर तथा जनार्दन सम आसाम पुग्नुभएको रहेछ । मेरी बहिनी आरती नेवारले टेलिग्राम गरी । कटिहारबाट तुरुन्तै आसाम फर्कन सक्ने स्थितिमा थिइनँ । मलाई साह्रै नराम्रो लाग्यो । नेपालका कलाकारहरूसित भेट-घाट गर्ने मनभित्र पालिराखेको उत्कट अभिलाषा त्यसैत्यसै मरेर गयो । त्यसबेलामा अल इण्डिया रेडियोका कलाकारहरू- सरस्वती क्षेत्री, पवित्रा राई, वसन्तकुमार शाही, कमला प्रधान, आरती नेवार, भारती उपाध्याय सबैका मनोकामना पूरा भए- मबाहेक ।

तारादेवीभन्दा अघि धर्मराज थापा पनि आसाम पुग्नुभएको थियो । भव्य समारोहका साथ डिगबोईका जनताले उहाँको स्वागत गरेका थिए । उहाँका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वागतमा उहाँकै रचना 'रूवाको थुप्रो बादल लाग्यो, हिमाल चुलीमा' मैले र मेरी दिदी सरस्वती क्षेत्रीले गाएका थियौं । धर्मराज थापा लगत्तैपछि भैरवबहादुर थापा 'भैरव नृत्य दल' सहित आसामको डिगबोई पुग्नुभयो । उहाँहरूका कार्यक्रममा मैले पनि एउटा लोकगीत 'गाईलाई पराल, भैंसीलाई लोकता' गाएकी थिएँ ।

धर्मराज थापाको आसाम भ्रमणपछि आसाममा नेपाली लोकगीतको प्रचार-प्रसार सुरु भएको हो । नारायणगोपाल, नातिकाजी, शिवशङ्कर, प्रेमध्वज प्रधान औ तारादेवी, त्यसबेला आसाम औ दार्जीलिङमा अत्यन्त लोकप्रिय गायक औ गायिकाका रूपमा चिनिन्थे ।

तारादेवीको 'हिमालको काखमा छ सानो मेरो गाउँ, पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ' गीतले प्रवासी नेपालीलाई हिमालका काखमा अवस्थित प्राकृतिक सौन्दर्यले परिपूर्ण नेपालप्रति आकर्षित गर्थ्यो भने, धर्मराज थापाको 'प्रवासी घामै लाग्यो घमाइलो, रमाइलो जाऊँ हिँड नेपालमा' गीतले नेपालका मायामा प्रवासी नेपालीलाई धुरूधुरू रुवाउँथ्यो ।

तारादेवीका गीतहरूले अमरता प्राप्त गरिसकेका छन् । उहाँ नेपाली सङ्गीतका संसारमा प्रतिष्ठापित भइसक्नुभएको छ । समयका कोलाहलले उहाँका प्रतिष्ठालाई कदाचित धमिल्याउन सक्दैन । यतिखेर उहाँमाथि धेरै आपद्-विपद् आइलागेका छन् । सुख र दुःखको आधारशिला मानिसको जीवन, त्यस्तै .... त्यस्तै कथाहरू र व्यथाहरूको शाश्वत परिभाषा नै त हो, तैपनि मानिस सुखका खोजीमा मात्र भौंतारिन्छन् । सुख त हिँड्दाहिँड्दा थाकेर एकछिन बिसाउने 'विश्राम' मात्र हो । तारादेवीलाई ईश्वरले अझ धेरै सहनशक्ति प्रदान गरून्, साथै उहाँलाई भेट्ने मेरो धोको पनि पूरा गरून् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घामदेवी, जूनदेवी : तारादेवी

दिनेश अधिकारी

नामले कामको सार्थकता बोक्नै पर्छ भन्ने जरुरी छैन। व्यक्तिको नाम यदि उसले आफ्नो व्यक्तित्व निर्माण गरिसकेपछि राख्ने चलन भैदिएको भए धेरैको नाम फेरिन आवश्यक हुन्थ्यो। तारादेवीलाई पनि यति कन्जुस भएर 'तारादेवी' भन्नुपर्ने बाध्यता हुँदैनथ्यो र यसको साटो सके 'घामदेवी' र नभए पनि 'जूनदेवी' त भन्नै पर्थ्यो, भएन। यो, हाम्रो संस्कृतिको कुरा हो। संस्कारको कुरा गर्दा हामीले के पनि बिर्सनु हुँदैन भने न्वारनको नाम, बोलाउने नामभन्दा फरक हुन सक्छ र यो तथ्य तारादेवीका सन्दर्भमा पनि लागू हुन्छ। अथवा यसो भनूँ तारादेवीसम्म आइपुग्ने हाम्रो यात्रा डोलकुमारी कार्कीबाट सुरु हुन्छ र जब हामी आजकी तारादेवीसम्म आइपुग्छौं त्यतिन्जेलसम्म हामीले लगभग पाँच दशक बगाइसकेका हुन्छौं।

तारादेवी अब व्यक्तिबाट माथि उठेर संस्था भैसकेकी छिन्। उनको नामसँगै नेपाली सङ्गीतको एउटा युगले अभिव्यक्ति पाउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गायनको निरन्तरतालाई ध्यानमा राखेर भन्ने हो भने तारादेवीलाई हिमाली धारा भन्न मन लाग्छ । गायनमा पनि उनको आफ्नै पारा छ । सफलतालाई यदि लोकप्रियताको कसीमा घोट्ने हो भने आधुनिक नेपाली गायनका सन्दर्भमा तारादेवीलाई अग्रपङ्क्तिको स्थान नदिँदा सरासर अन्याय नै गरेको ठहर्छ । र, त्यसैले तारादेवीलाई बिर्सन मात्र होइन चिनाउन पनि त्यत्तिकै गाह्रो छ ।

वि.सं. २००२ साल माघ २ गते पिता कृष्णबहादुर र माता राधाकुमारीको कोखबाट इन्द्रचोक काठमाडौँमा जन्मिएकी तारादेवीले विश्वनिकेतन माध्यमिक विद्यालय, काठमाडौँबाट एस.एल.सी. र इलाहाबाद सङ्गीत महाविद्यालय, भारतबाट सङ्गीत विशारदको औपचारिक शिक्षा आर्जन गरेकी छिन् ।

पहिलोपल्ट कुन गीतमा उनले आफ्नो गला पोखिन् ? त्यसका बारेमा तारादेवी आफैँलाई पनि अहिले थाहा छैन । यत्ति हो, उस्ताद स्व. भैरवबहादुर थापाको हात थामेर सानै उमेरदेखि नै रेडियोमा आई गीत गाउन थालेक। सम्झना भने अहिले पनि तारादेवीलाई ताजै छ । सुरुसुरुमा उनी बाल कार्यक्रममा भाग लिन्थिन् । भजनबाटै मैले आफ्नो गायकी जीवनको सुरुवात गरेकी हुँ जस्तो लाग्छ भनेर तारादेवी धमिलो हुँदै गैरहेको सम्झनाको फेर समात्ने प्रयास गर्छिन् । रेडियोमा आउने क्रम कहिलेबाट सुरु भयो त ? तारादेवी यकिन गरेर यही वर्ष वा सालदेखि भन्न सक्तिनन् । उस्ताद भैरवबहादुर थापालाई थाहा थियो । तर अब उनी छैनन् । तारादेवीलाई पहिलेदेखि नै थाहा पाउनेहरूमध्ये प्रेमध्वज प्रधान पनि एकजना हुन् र उनका भनाइमा वि.सं. २००९ सालदेखि तारादेवीले रेडियोमा गाउन थालेकी थिइन् । अर्को विकल्प छैन । तारादेवी पनि अन्ततः प्रेमध्वजकै कथनमा विश्वास व्यक्त गर्दछिन् । कस्तो अचम्म ! तारादेवी आफ्नै जीवनकालमा अस्पष्ट इतिहास भैसकेकी छिन् ।

'तिम्रो एक नजरको शिकार' (शब्द राममान तृषित सङ्गीत स्व.भैरवबहादुर थापा) तथा 'तिमी र हामी भेटौँला फूलबारीको छेउमा' बोलका गीतहरू नै तारादेवीका स्वरमा रेकर्ड भएका प्रारम्भिक चरणका गीतहरू हुन् । यी गीतहरू आफ्ना गुरु उस्ताद स्व. भैरवबहादुर थापाले भारतका कलकत्तामा लिएर गई रेकर्ड गराए बाहेकका अरू कुराहरू तारादेवी आफैँलाई पनि अहिले सम्झना छैन ।

२०१५ सालदेखि रेडियो नेपालसँग तारादेवीको नाता कलाकारका अतिरिक्त जागिरदारका रूपमा पनि जोडिन पुग्यो । आजसम्म आफूले गाएका गीतहरूको सङ्ख्या कति छ भन्ने कुरा यकिन गरेर तारादेवी आफैँ पनि भन्न सक्तिनन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तापनि आजसम्मको नेपाली सङ्गीतका इतिहासमा सबभन्दा बढी गीत गाउने कलाकारचाहिँ तारादेवी नै हुन्। आफ्नो गायकी जीवनको सुरुसुरुका दिनहरूमा गीतहरू टेप गर्ने व्यवस्था रेडियो नेपालमा नभएका सन्दर्भमा रेडियोमा दिनहुँ ३/४ वटा गीतहरू प्रत्यक्ष रूपमा गाउनुपरेको आफ्नो विगतलाई पनि बीचबीचमा तारादेवी सम्झन्छिन्।

मुनामदन, मालतीमङ्गले, शकुन्तला, अन्धवेग, राजकुमार विश्वम्भर जस्ता बहुचर्चित गीतिनाटकहरू र आमा, हिजो आज भोलि, परिवर्तन, मनको बाँध, कुमारी, सिन्दूर, जीवनरेखा, पच्चीस वसन्त, माया, शान्तिदीप लगायत ठूलो पर्दाका थुप्रै र सानो पर्दाका केही चलचित्रहरूमा समेत तारादेवीले आफ्नो सुमधुर स्वर प्रवाहित गरिसकेकी छिन्।

फेरि ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो, विश्वमा अग्लो हिमाल, कुञ्जमा गुञ्जियो ... जस्ता बोलका तारादेवीको स्वरका करिब एकसय गीतहरू ग्रामोफोनमा बजाइने रेकर्डमा छन् भने तत्कालीन रत्न रेकर्डिङ् संस्थानबाट प्रकाशित भएका इ.पी. रेकर्डस्मा कालीपारे दाइ कति राम्रो, जुनेली रात देखेँ ..., कति मधुरो सम्झना यो, न्याउली बास्यो ..., कुरा गर्दा हातले छुने .... लगायतका करिब एकसय पचासवटा गीतहरू, परेका छन्। रत्न रेकर्डिङ् संस्थानबाटै प्रकाशित भएका चाँदनी शाहका गीतहरू चलचित्र 'सिन्दूर' र 'जीवनरेखा' का गीतहरू तथा श्रीमद्भागवत् गीता शीर्षकका एल.पी. रेकर्डस्मा तारादेवीले आफ्नो स्वराङ्कन गराएकी छिन्। यसबाहेक उनका गीतहरू सङ्कलन गरिएका दुईवटा क्यासेट एलबमहरू पनि बजारमा किन्न पाइन्छन्। तर ती एलबमहरू कसले प्रकाशनमा ल्याएको हो भन्ने कुरामा तारादेवी आफैँ पनि अन्यौलमा छिन् र प्रभावकारी कपिराइट सम्बन्धी कानूनका अभावमा आफूउपर भैरहेको यस शोषणलाई चुपचाप-चुपचाप पिइरहेकी छिन्।

गायिका तारादेवी, तारादेवीका रूपमा स्थापित भैसकेपछि अर्थात् आफ्नो साङ्गीतिक यात्राको प्रायः उत्तरार्धमा आइपुगेपछि सङ्गीतकारका रूपमा देखा परेकी हुन्। आफ्नो सङ्गीतको पहिलो गीत तारादेवी आफैँले गाएकी हुन् र यसका गीतकार राममान तृषित हुन् तापनि यही नै गीत हो भन्नचाहिँ अहिले स्वयं तारादेवी र राममान तृषित पनि असमर्थ भेटिन्छन्। तारादेवीले सङ्गीत दिएका गीतहरूको सङ्ख्या थोरै नभए पनि स्रोताहरूका माझमा सफल सङ्गीतकारका रूपमा भने प्रायः उनले आफूलाई स्थापित गर्न नसकेको नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ । असफल सङ्गीतकारका रूपमा आफ्नो मूल्याङ्कन गरियो नै भने पनि तारादेवी दुःखमनाउ गर्ने मनस्थितिमा छैनन् । यस्तो किन त ? प्रश्न स्वाभाविक रूपमा उठ्छ । र, तारादेवीसँग कुरा गरिसकेपछि सङ्गीत सिर्जना उनको चाहनाभन्दा पर प्रायः बाध्यता नै हो भन्ने कुरा स्पष्ट हुन आउँछ । यस विषयमा खुलेर अभिव्यक्त हुन तारादेवी भलै चाहन्नन् र पनि उनीसँगको कुरा गराइबाट के चाहिँ सजिलैसँग बुझ्न सकिन्छ भने आफ्नो वरिपरिका सङ्गीतकारहरूबाट उनले आफूले चाहे जस्तो सहयोग पाइनन् बरु उल्टो पटकपटक असजिलो स्थितिमा होमिन पुगिन् । साँझ-बिहान धाएर अन्यत्र जान आमा, पत्नी अथवा नारी हुनुको कारण उनका लागि सधैँ सम्भव भएन । गीत नगाई बस्न जागिरले मात्र होइन आफ्नो अन्तर्मनले पनि दिएन । त्यसैले गायिका तारादेवीलाई सङ्गीतकार तारादेवी हुन करै लाग्यो । अथवा यसलाई यसो भन्नु बढी उपयुक्त होला- सङ्गीतकार हुनै पर्ने तारादेवीको बाध्यता गायिका तारादेवीलाई जीवित राख्ने उद्देश्यबाट अभिप्रेरित थियो ।

जिन्दगीका रमाइला तथा विषाक्त क्षणहरूलाई शब्द, सङ्गीत र स्वरका माध्यमबाट अभिव्यक्ति दिने कला नै गीत हो भन्ने धारणा राख्ने तारादेवी आफ्नो गायनको एकमात्र उद्देश्य गीतको आनन्द अरूहरूलाई बाँड्नमा सीमित रहेको विचार व्यक्त गर्दै समाजमा आफूले पाएको सम्मान वा प्रतिष्ठालाई यही समर्पण भावको परिणतिका रूपमा स्वीकार गर्दछिन् ।

नेपाली सङ्गीतका आकाशमा विगत पाँच दशकदेखि तारादेवी अविराम रूपमा चम्किरहेकी छिन् । यस अर्थमा, हिजो र आजका बीचमा भिन्नता पहिल्याउने हैसियत पनि उनी राख्दछिन् । तारादेवीका विचारमा 'हिजो' गीतको सिर्जना गर्दा शब्द र माधुर्यमा जोड दिइन्थ्यो भने आज आएर गीतमा वाद्य सामग्रीहरूले प्रायः पहिलो स्थान पाउन थालेको कारण आजका गीतहरू 'हिजो'का तुलनामा कम आयुका हुँदै गएका छन् । समर्पण मात्र होइन कलाकारहरूका बीचमा एकता र परस्पर सहयोगको भाव पनि कम हुँदै गइरहेको अनुभव तारादेवीको छ ।

कलाकार व्यक्ति हो र व्यक्ति कलाकार पनि । व्यक्ति र कलाकारका बीचमा जसरी समानताहरू छन् त्यसरी नै असमानताहरू पनि छन् । तारादेवी यी दुवैका बीचमा सन्तुलन कायम राख्नुपर्ने आवश्यकता औँल्याउँछिन् र आफ्नो सन्दर्भमा कुरा गर्दा कलाकार तारादेवीलाई सधैँ नै व्यक्ति तारादेवीले निर्देशित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिरहेको आफ्नो अनुभव बताउँछिन् । उनका विचारमा व्यक्ति तारादेवीका अभावमा कलाकार तारादेवीको कल्पनासम्म पनि गर्न सकिँदैन ।

सङ्गीतको सिमाना हुँदैन । यो एउटा पक्ष हो । त्यसरी सोच्दा, नेपालीपना सङ्गीतका लागि अनिवार्य शर्त होइन । तर आफ्नो छुट्टै अस्तित्वको मोहलाई त्याग गर्न नसक्ने हो भने सङ्गीतमा नेपालीपनालाई बचाइराख्नमा नै हाम्रो कल्याण छ भन्ने धारणा सङ्गीतमा आफ्नो पना कत्तिको आवश्यक छ त ? भन्ने जिज्ञासाका जवाफमा तारादेवी व्यक्त गर्दछिन् ।

लोकप्रियता र स्तरीयता कहिलेकाहीँ मात्रै एकै ठाउँमा भेटिन्छन् । त्यसैले यी दुईमध्ये एउटालाई मात्र आफ्नो लक्ष्य बनाउने कलाकारहरू हामीकहाँ पनि नभएका होइनन् । तर तारादेवीलाई यी दुईमध्ये एउटा मात्र रोज्न गाह्रो लाग्छ । अर्को शब्दमा भन्ने हो भने लोकप्रियता र स्तरीयताबीच सन्तुलन कायम राख्न सुरुदेखि नै आफ्नातर्फबाट प्रयास गर्दै आएको विचार तारादेवीको छ ।

नेपाली सङ्गीतका क्षेत्रमा गायिका तारादेवीका आफ्नै किसिमका केही विशेषताहरू छन् । उच्चारणगत स्पष्टता तीमध्ये एउटा हो । भाषिक र व्याकरणगत स्पष्टताका दृष्टिले पनि सरदरमा उनको स्थान अग्रपङ्क्तिमै रहेको पाइन्छ । निरन्तरता, तारादेवीको गायकी जीवनको अर्को महत्त्वपूर्ण विशेषता हो र यसले सङ्गीतप्रतिको उनको समर्पण भाव तथा उनमा रहेको अजस्र क्षमताको परिचय एकै साथ दिन्छ ।

तारादेवीको गायकीमा विविधता पनि छ । भावानुकूल गायनका हिसाबले उनको स्थान उपल्लो दर्जामै पर्दछ भनी किटान गर्दा विवाद आउन सक्छ तापनि तल्लो दर्जातिर औंल्याउने आँट पनि सायदै कसैले गर्न सक्दछ । ठीक यही कुरा गीत छनौटका सन्दर्भमा पनि उनका हकमा लागू हुन सक्दछ ।

स्वरमा मिठासका दृष्टिले तारादेवीलाई मोटामोटी रूपमा २०३० सालसम्मकी तारादेवी र त्यसपछिकी तारादेवी भनेर छुट्याउने श्रोताहरू पनि हिजोआज नभेटिने होइनन् । यसरी तारादेवीलाई दुई समयमा बाँड्ने श्रोताहरू पछिल्लो समयको अपेक्षा प्रायः २०३० सालसम्मकी तारादेवीलाई बढी मन पराउँछन् । उनीहरूको तर्क छ- अहिलेकी तारादेवीका गायनमा प्रवाह बिथोलिन थालेको, गीतहरूमा नोट झर्न खोजेको र स्वरमा चिर्चिर्याहट (तिखोपना) बढ्न थालेको छ । तर तारादेवी पर्याप्त पूर्वाभ्यासविना (हतारमा) गाउनुपरेका अवस्थाबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नोट झर्न खोज्ने स्वाभाविक सम्भावना र हाइपिचमा गाइएका गीतहरूमा स्वाभाविक रूपमा तिखोपना आउन सक्ने तथ्यलाई छोडेर अन्य कुराहरूमा आफ्नो स्पष्ट असहमति प्रकट गर्दै आजसम्म आफूले गाएको कुनै पनि गीत बेसुरा नभएको दावी गर्दछिन् र 'आज यौवनलाई सधैँभरिलाई बाँधिदिएँ ...' बोलको गीतलाई शास्त्रीय सङ्गीतमा आधारित भएर आफूले गाएको गीतको उदाहरणका रूपमा औँल्याउँछिन् ।

नयाँ सङ्गीतकारलाई उपेक्षा गरेको आरोप पनि यदाकदा तारादेवीका सन्दर्भमा नसुनिने होइन । तर तारादेवीसँग यस विषयमा कुरा गरिसकेपछि भने यो आरोप तुरुन्तै फिर्ता लिन यसकारण बाध्य हुनुपर्छ कि नयाँ कलाकारहरूप्रति बेवास्ता होइन बरु विश्वासको भाव पो उनमा रहेको पाइन्छ । हो, बरु केही अप्ठ्याराहरू उनका पनि छन् । प्रथमतः उनी नयाँ सङ्गीतकारहरूकहाँ मेरा लागि गीत दिनुहोस् भनेर अनुरोध गर्न जानै भ्याउँदिनन् र भ्याए नै पनि यसो गर्नु सम्भवतः उनलाई आफूभित्रको स्वाभिमानले दिँदैन । तर जोजो नयाँ सङ्गीतकारले आफ्नो सङ्गीतमा गीत गाइदिन अनुरोध गरेका छन् तारादेवीले उनीहरूलाई निराश नपारेकी मात्र होइनन्, उनीहरूका सङ्गीतमा गीत गाएर आफैँले पनि आनन्दको अनुभव गरेकी रहिछन् । 'नयाँ सङ्गीतकारका गीतहरू गाउने इच्छा मलाई पनि छ, नपत्याए अजमाएर हेर्नुहोस् ।' प्रायः चुनौतीका स्वरमा तारादेवी आफ्नो यो भावना अभिव्यक्त गर्दछिन् ।

इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार, छिन्नलता गीत पुरस्कार, जगदम्बाश्री पुरस्कार र मैना पुरस्कारका अतिरिक्त रेडियो नेपालद्वारा आयोजित सङ्गीत सम्मेलनमा तीनपटक स्वरतर्फ र एकपटक सङ्गीततर्फको सर्वश्रेष्ठ पुरस्कार समेतद्वारा पुरस्कृत मात्र होइन गो.द.बा. दोस्रो/पाँचौँ र त्रिशक्ति पट्ट पाँचौँबाट समेत सम्मानित यी गायिका गीत गाउँदागाउँदै मर्ने इच्छा राख्दछिन् ।

स्वभावगत सरलताका गहनाले झरिझट्ट सिङ्गारिएकी तारादेवी सङ्गीतमा प्रयोग र परिवर्तनलाई स्वाभाविक आवश्यकताको विषय ठान्दछिन् । नेपाली चलचित्रमा गीत गाउने सन्दर्भमा अनेपाली गायक/गायिकाहरूको बाहुल्य बढ्दै गएका कुराले तारादेवीलाई पनि चिन्तित तुल्याएको छ र उनका विचारमा यस प्रवृत्तिले अन्ततः हाम्रो 'भोलि'लाई धमिल्याएरै छाड्छ ।

प्रवाह, क्रियाशीलताको परिणाम हो । प्रयोगमा ल्याइएन भने खुकुरीमा पनि खिया लाग्छ । गायनका सन्दर्भमा पनि यही कुरा लागू हुन्छ । तारादेवीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस यथार्थलाई राम्ररी बुझेकी छिन् । नेपालीबाहेक अन्य भाषामा पनि गीत गाइसकेकी तारादेवीले आफ्नो स्वर मुख्यतः उस्ताद भैरवबहादुर थापा, नातिकाजी, अम्बर गुरुङ, शिवशङ्कर आदि प्रतिष्ठित सङ्गीतकारहरूकै सङ्गीतमा प्रवाहित गरेकी छिन् ।

दिदी तारादेवीसँग ३ फागुन २०४८ सालमा भएका भेटमा आफूले प्राप्त गरेको जानकारीसमेतका आधारमा मैले यी हरफहरू त्यसैताका लेखेको थिएँ । यस बीचमा मेची र महाकालीमा धेरै पानी बग्यो ।

२०२२ साल आषाढमा शिवबहादुर श्रेष्ठसँग वैवाहिक सम्बन्धमा बाँधिएकी तारादेवीले आफ्नै आँखाअगाडि आफ्नो लक्का जवान छोरालाई गुमाउनुको पीडा सुम्सुम्याउनुपऱ्यो । पतिलाई अकालमै गुमाउनुपऱ्यो ।

अघिल्लो दिन अबेरसम्म बसी कार्यालयका काम गरेर घर फर्केकी तारादेवीलाई भोलिपल्ट १० बजे आई हाजिर गर्न लाग्दा रोकेर रेडियो नेपालले हाजिरीको साटो अपमान थमाएर उनीभित्रको कलाकारलाई जागिरे तुलामा तौलेर फ्याँकिदियो । तारादेवीले त यो पीडाजन्य अपमान सहनुपऱ्यो पऱ्यो । अरू कलाकारले खै कहिलेसम्म खरिदार, सुब्बा र यस्तै निजामती कर्मचारीका हैसियतले जीवन गुजार्नुपर्ने हो ? आफ्नो प्रतिष्ठावृद्धि वा सांस्कृतिक गर्वका लागि निजामती कर्मचारीका रूपमा एउटा कलाकारलाई उभ्याएर खै ! हामीले आफ्नै पनि बेइज्जत कहिलेसम्म गरिरहने हो ? तारादेवी त उदाहरण मात्र हुन्- पीडाको यो अनुभव प्रायः सबैले गरेका छन् ।

लेखिरहे तारादेवीका बारेमा लेख्ने अरू पनि धेरै विषयहरू छन् । तारादेवी आफैँ पनि निरन्तर रूपमा गाइरहेकी छिन् । त्यसैले भोलि पनि तारादेवीका लागि सुरक्षित छ । भैगो ! भोलिको कुरा पनि नगरौँ- सही । वर्तमानमै उभिएर भन्दा पनि हामीले भन्नै पर्छ- तारादेवीको उल्लेख नहुने हो भने नेपाली सङ्गीतको इतिहास जहिले पनि अधुरै रहन्छ । अथवा निर्धक्कसँग यसो पनि भन्न सकिन्छ- लोकप्रियताका तुलामा तौलने हो भने त्यति गह्रुङ्गो हैसियत वर्तमानमा बाँचिरहेका सायदै अरू कोही नेपालकी छोरीको होला, जत्तिको तारादेवीको छ !!

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उज्यालो छर्ने तारा

डा. दीर्घसिंह बम

ढकमक नेपाली फूलबारीमा फुलेको सुवासिलो, सुगन्धित मगमग बास्नाले भरिएको फूलको नाउँ हो तारादेवी । संसारभरि विरलै नेपाली होलान्, जसले तारादेवीको नाम नसुनेको होस् । आज यी सफल गायिका नेपाली मात्रकी मुटुको धड्कन हुन पुगेकी छिन् । सुरिलो स्वर, मधुर कण्ठ र सङ्गीतका हरेक पक्षलाई आफ्नो वशमा पार्न सफल भएकी तारादेवी साँच्चै नै आकाशमा सदैव टिलमिलाई साङ्गीतिक फाँटमा उज्यालो छर्ने अर्को पर्यायवाची नाम हो ।

बाल्यअवस्थादेखि नै आफ्नो सुमधुर स्वरले प्रख्यात यी गायिका आज नेपाली डाँडाकाँडा, चौतारी भञ्ज्याङ, उपत्यका, खोलानाला, रेगिस्तानी फाँट, हरियाली फाँट अनि हरेक कुनाकाप्चामा जहाँजहाँ वायुका लहर पुगेका छन् त्यहाँत्यहाँ हरेकका कण्ठमा गुन्गुनाइरहेकी छिन् ।

तारादेवी एक कुशल गायिका मात्र होइनन्, उनी एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गीतकार पनि हुन् । एकबेलाको कुरा हो, कारणवश म उनको गृहस्थान बानेश्वरमा पुगेँ । निश्चय पनि त्यसबेलासम्म तारादेवीका लागि म एक अपरिचित व्यक्ति थिएँ । ढोका घचघच्याउन थालेँ, हँसिलो अनुहार भएको मृदुभाषी युवकले टुप्लुक्क मलाई सोध्यो- यहाँले कसलाई खोज्नुभएको ? मैले भनेँ, 'यो तारा दिदीको घर हो ?' मुसुक्क हाँस्दै उसले भन्यो 'एकै छिन पर्खनुहोस् । यहाँको नाम के होला ?' मैले भनेँ- 'दीर्घसिंह बम हो ।' त्यसपछि त्यो युवक दौडँदै गयो र तारा दिदीलाई भन्यो होला अनि एकै छिनपछि चम्किलो ठूलो आकर्षक अनुहार पूरै नेपाली भेषभूषापहिरनमा भद्र महिला मीठो स्वरमा बोल्नुभयो, 'कसलाई खोज्नुभएको ? यहाँलाई मैले चिनिनँ ।' उनको मुखारविन्दबाट जुन स्वर निस्कियो मलाई एक रत्ति पनि अप्ठ्यारो भएन कि यिनी नै तारादेवी हुन् भन्न । हुबहु रेडियोबाट सुनिने कोकिलकण्ठ गायिका तारादेवीको स्वर मैले सम्झेँ, उकालीओराली, चौतारी, भञ्ज्याङ, स्वरमा बसेकी तारा, मनको बाँधमा सबैको मनलाई बाँध्न पुगेकी तारा जुन धूनमा 'फूलको थूङ्गा बहेर गयो' सबै रमाइरहेका हुन्छन्, गुन्गुनाइरहेका हुन्छन् । आफ्नो स्वरलाई अरूका स्वरमा गाउन बाध्य बनाउने ताराको आवाजले हाम्रो परिचय क्षणभरिमा नै भयो र तारा दिदीले भित्र आउन आग्रह गर्नुभयो । ढोका खोल्दा आँगनभरि हरियो दुबो र विभिन्न खालको वृक्षलताले सजिएको, म चारैतिर अचम्मका आँखाले हेरिरहेको थिएँ, त्यसैबीच उहाँले आफ्नो नित्य रियाज गर्ने साज-वाजले सजिएको कोठातिर लैजानुभयो, मैले फेरि मेरा आँखा घुमाएँ, कोठाभरि छरिएर बसेका हारमोनियम, तबला, मादल, सितार, गितार आदि आदि सामान थिए । म त्यसै कोठामा बसेँ, एक छिनपछि चिया आइपुग्यो ।

चियाको चुस्की लिँदै तारा दिदीलाई मैले मेरो आउनुको कारण सिर्फ एउटा मात्र भएको बताएँ, त्यो हो स्वरकी धनी नेपाली तारासँगको प्रत्यक्ष परिचय । साङ्गीतिक फाँटका धेरै कुराको आदानप्रदानपछि उहाँले हातमा सितार लिएर एउटा धून सुनाउन थाल्नुभयो र आफू मग्नमस्त भएर सितारमा भुल्न थाल्नुभयो । कहिलेकाहीं त सितारको झङ्कार र तारा दिदीको स्वर मैले छुट्याउन सक्ने मेलोमेसो पनि पाइनँ । समयान्तर, उहाँले गीतको बोल शब्दमा सुनाउनुभयो, आखिर त्यो मैले लेखेको साधारण गीत त्यति माथिल्लो तहकी गायिका तारादेवीले आफ्नै सङ्गीतस्वरमा ढाल्न थालेकी रहिछिन् । मलाई आश्चर्य लाग्यो ! कसरी त्यो गीत स्वरकी धनी नेपालकी सर्वोत्कृष्ट गायिका ताराकहाँ तारमा झुल्न पुगेको रहेछ । तारा दिदीले भन्नुभयो 'यी शब्दहरू दीर्घसिंह बमका हुन्, साह्रै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मार्मिक र भावपूर्ण रहेछन्, रेडियो नेपालमा मैले भेटाएँ र आफैँ यी शब्दसँग खेल्न थालेँ, गुन्गुनाउन थालेँ ।' आखिर हामी अपरिचित भएर पनि परिचित पो रहेछौँ, त्यसपछि उहाँले अन्तरा मुखडा पूरै गीत तालसुरमा बाँधी पोख्न थाल्नुभयो । मलाई लाग्यो म धन्य भएँ, कुन भावमा मैले लेखेँ, के विचार गरेर शब्दमा मैले भावका लय बाँधे थाहै थिएन, तर जब ती शब्दले सही ठाउँमा फुल्न पाई बगैँचा मगमगाउन थालेको महसुस गरेर आँखाभरि प्रकृतिका सुन्दर छटा बसिरहेको भान भयो, अझ बढी भन्नुपर्दा मसँग त्यसबेलाको वर्णन गर्ने कुनै शब्द नै छैन । तारा दिदीलाई मनमनै धन्यवाद दिएँ, आभारी भएको भावना सिर्फ 'कस्तो राम्रो' शब्दमा मात्र व्यक्त गरेँ ।

मलाई दिदीले अझ बढी गीत लेख्ने प्रेरणा दिनुभयो, फलस्वरूप अगाडि बढ्दै गएँ । एक दिन स्वर्णिम बिहानी, आकाश नीलो घेराले बाँधिएको धर्ती हरियो ओढ्नेमा लुकिरहेका बेला, चराचुरुङ्गीको चह-चहावटमा प्रातःकालीन बिस्तारै नाच्दै लालिमा छरी सूर्य यौवनमा खेलिरहेका बेला श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह सरकारको शुभ जन्मोत्सवका दिन, श्री ५ बडामहारानी सरकारबाट रेडियो नेपालमा फर्माइस गरिबक्सेको सर्वोत्कृष्ट गीत, सङ्गीतकार, रचनाकारको नाउँ लिँदा म किंकर्तव्यविमूढ हुन पुगेँ । त्यो आखिर अर्को कुनै गीत थिएन त्यही गीत जुन दिन तारा दिदीका घरमा जाँदा अभ्यास भइरहेको गीत थियो :

'बिसिंदिन खोज्दा पनि, सम्झना त आइरह्यो
हाँसिदिन खोज्दाखोज्दै, गहभित्रै जलिरह्यो
चिता झैँ जलिरहेँ, फेरि भेट्ने आश गरी
खरानी झैँ उडिरहेँ, सम्झनामा आकाशभरि'

यसरी तारा दिदीसँग परिचय भयो सधैँ सधैँका लागि । मेरो हृदयपटलमा तारा दिदीको छाप बस्यो कहिल्यैकहिल्यै नमेटिने गरी । यी तारा धरतीआकाश रहेसम्म उदाइरहनेछिन् सुमधुर स्वर, सङ्गीत एवम् आदर्श, सुशील, कुशल गृहिणीका रूपमा, जनमानसका हृदयपटलमा बसिरहनेछिन् सधैँसधैँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्ट, वरिष्ठ र विशिष्ट

दैवज्ञराज न्यौपाने

नेपाली गीत गायनक्षेत्रकी तारिका श्रीमती तारादेवी श्रेष्ठ (वि.सं. २००२) लाई मैले कहिले देखें र कहिले चिनें यो कुरा म अहिले ठीकसँग भन्न सक्तिन। जहाँसम्म मैले सुनेका उनका गीतहरू छन्- तीमध्ये मैले बाल्यकालमै सुनेको

'तिमी र हामी भेटौंला फूलबारीको छेउमा'

हो र यो गीत स्वर्गीय भैरवबहादुर थापाले आफ्नी होनहार छात्रालाई तालिम दिएर उनकै साथमा गाएको युगल गीत सम्भवतः तारादेवीले नेपाली गीतिसंसारलाई दिएको प्रथम गीत हुनुपर्छ। त्यतिबेला मैले तारादेवीलाई नेपाली गीतिसंसारकी सर्वाधिक चर्चित गायिका होलिन् भनेर ठानेको थिइनँ। तर पनि उनका स्वरलहरीमा पाइने कताकताको जादूले भने मलाई त्यतिखेरै पनि निकै लठ्याएको थियो। त्यसपछि नेपाल रेडियोबाट घन्केको माधवप्रसाद खनाल भावुकको :

'लौ भन दाजु के के छ ? त्यो तिम्रो रातो झोलामा ?
राजा र रानीको तस्वीर छ यो मेरो रातो झोलामा'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने युगल गीतको स्त्रीस्वरले कताकता विशेष घच्घच्याएको अनुभव मैले गरेको थिएँ । यी थिए मेरा बाल्यकालीन तारादेवीसम्बन्धी प्रथम सम्झनाहरू । यसभन्दा पर मेरा घरमा रेडियो नभएकाले मैले तारादेवीसम्बन्धी अरू जानकारीहरू पाउन सकिनँ । न त मेरा गाउँमै त्यतिबेला रेडियोको चलन थियो । कहिले काहीँ कुनै कार्यक्रमहरूमा कतै आक्कलझुक्कल सुनेका गीतहरूमा म तारादेवीलाई कतिसम्म चिन्न सक्थेँ अहिले सम्झिँदा त्यतिमात्रै पनि विशेष लागेको छ । माध्यमिक स्तरको शिक्षा काठमाडौँ उपत्यकाभन्दा कोसौँ टाढा बसेर पूरा गरेपछि मैले महाविद्यालयीय शिक्षा काठमाडौँ आएर सुरु गरेको थिएँ २०२० देखि । यहीँ बस्ताखेरिको एक साँझको कार्यक्रममा मैले तारादेवीलाई निकै नजिकबाट देखेको थिएँ । कार्यक्रमको आयोजक को थियो थाहा नभए पनि काठमाडौँ टुंडिखेलको ओपन ठेटर हल (शाही सैनिक मञ्चको पछाडिपट्टि)बाट पुण्यप्रसाद सुवेदीको सङ्कलनमा गाइएको लोकगीत :

'शितलुमाथि नि शितलु भयो नि ! लौ लौ लौ बरैको छायाले
उड्दै छ मौरी नि रसैका निम्ति नि ! लौ लौ लौ म घुम्छु मायैले'

•

'हिमालचुली त्यो पल्लापट्टि संसारी द्यौ द्यौता
सबैका हेर्छु जोडामा जोडी बिजोडी म यौटा'

जस्ता गीत जब सुनेथेँ सबैलाई आफ्नो गीतका रन्कोले मुग्ध पार्ने तारादेवी साँच्चैकी स्वरकिन्नरी मात्रै नभएर रूपसुन्दरी पनि रहिछन् भन्ने लागेको थियो । त्यतिबेला उनका स्वरमाधुर्यको र रूपसौन्दर्यको प्रशंसा नगर्ने कोही थिएन । त्यसपछि मात्रै मैले प्रसिद्ध गायिका तारादेवीका विषयमा जान्ने चासो राखेको थिएँ । उनी काठमाडौँ इन्द्रचोकका सामान्य पानपसले कृष्णबहादुर कार्की र राधादेवी कार्कीकी छोरी रहिछन् । ताराको सानैदेखिको सङ्गीतप्रतिको आस्था बुझेर उनका बाबुआमाले उस्ताद भैरवबहादुर थापाका रेखदेखमा उनको तालिम हुन दिएछन् । वि.सं. २०१२ मा भैरवबहादुर थापासँगै युगल गीत-

'तिमी र हामी भेटौँला फूलबारीको छेउमा'

गाएर नेपाली गायनक्षेत्रमा आउने तारादेवीले यसै सालदेखि रेडियो नेपालमा सेवारत बनेर बालकार्यक्रम प्रस्तुत गरेकी रहिछन् र २०१५ देखिमात्र रेडियो नेपालको नियमित सेवामा गायिका कलाकारका रूपमा प्रवेश गरेकी रहिछन् । आफूले प्रवेशिका (एस.एल.सी.) उत्तीर्ण गरेपछि प्रयाग सङ्गीत समिति, इलाहाबादको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाठ्यक्रमअनुसार सङ्गीत शिक्षामा उच्च अध्ययन गर्दै गरेकी रहिछन्। उमेर बढ्दै जाँदा वि.सं. २०२२ सालमा काठमाडौँ वटुका शिवबहादुर श्रेष्ठ श्री ५ को सरकार हवाई विभागका फ्लाइट अपरेशन सुपरभाइजरसँग प्रेमविवाह गरेर गृहस्थाश्रममा प्रवेश गरिसकेकी रहिछन्।

शिष्ट, सौम्य र विशिष्ट कला र गलाकी धनी तारादेवी केवल गायिका मात्र होइनन्। उनी बेलामौकामा आफैँ सङ्गीत भर्ने र गाउने काम पनि आफैँ गर्छिन्। यस अर्थमा उनी स्वयं सङ्गीतकार पनि हुन्। आफू स्वयं सङ्गीत भर्न सक्ने र गाउन सक्ने एउटा सफल गीत गायनका लागि चाहिने कुरा दिन सक्ने भएर पनि उनी नेपाली गीतिसंसारमा गायिका बनेर बढी प्रसिद्ध रहेकी छिन्। साधारण परन्तु स्वच्छ रहनसहनमा बसेर उच्च विचार राख्नुपर्छ, उच्च कार्यहरू गर्दै रहनुपर्छ भन्ने तारादेवी अर्काको अन्धानुकरण गर्नुभन्दा बढी आफ्नै मौलिक अनुभूतिहरू र आफ्नै रीतिरिवाजहरूमा अगाडि बढ्दै जानु उचित ठान्छिन्। यसो भनेर साँघुरा परिवृत्तहरूमा रहनुपर्छ भन्ने पनि उनको आग्रह हैन। आफूलाई नभुली देशकाल परिस्थितिअनुसार मान्छेले मानवीय मर्यादामा रहनुपर्छ भन्ने मात्र उनको चाहना हो।

उनले नेपाली गायनका क्षेत्रमा हालसम्ममा करिब ४५०० (पैँतालीस सय) जति गीतहरू गाइसकेकी छन्। उनले नेपालका वरिष्ठ गीतकारहरू महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविवर माधवप्रसाद घिमिरे, जनकविकेशरी धर्मराज थापा, कविराजा म.वी.वि.शाह, गीतकार माधवप्रसाद 'भावुक', गीतकार किरण खरेल, गीतकार रत्नशमशेर थापा, डा. राममान तृषित, गीतकार चाँदनी शाह आदि अनेक गीतकारहरूका गीतिरचनाहरू नेपालका वरिष्ठ सङ्गीतकारहरू उस्ताद भैरवबहादुर थापा, माष्टर रत्नदास प्रकाश, प्रसिद्ध सङ्गीतकार नातिकाजी श्रेष्ठ, सङ्गीतकार शिवशङ्कर, सङ्गीतकार अम्बर गुरुङ आदि अनेक सङ्गीतकारहरूका सङ्गीतका साथै कतिपय गीतहरूलाई आफ्नै सङ्गीतमा ढालेर पनि गाएकी छन्। आफूले विशिष्ट गीतहरू गाएबापत र जुनसुकै गीतहरू पनि गाउन सक्ने क्षमता भएबाट उनले नेपालका विभिन्न सांस्कृतिक प्रतिनिधि मण्डलका टोलीहरूमा एक सदस्य भएर विश्वका विभिन्न मुलुकहरू- भारत, चीन, दक्षिण कोरिया, सोभियत रूस, संयुक्त अधिराज्य (ब्रिटेन), जापान, वर्मा, थाइल्याण्ड आदि देशहरूको भ्रमण गरेकी छिन्।

उनले गाएका अत्यन्त सुमधुर गीतहरूमध्ये किरण खरेलको रचना-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'हिमालको काखमा छ सानो मेरो गाउँ
पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ'

•

'वनमा फुल्यो फूलै फूल बास्ना चल्यो मनैमा
हासूँ हासूँ लाग्न थाल्यो लाली चढ्यो तनैमा
भनूँ भन्नै नहुने के मात चढ्यो नि होलै नहुने'

आदि गीतहरू हुन् कि कविवर माधव घिमिरेको रचना:

'फूलको थुङ्गा बगेर गयो गङ्गाको पानीमा
कहिले भेट होला है राजै यो जिन्दगानीमा'

भन्ने खालका गीतहरू भनौं कि 'मालतीमङ्गले' का मार्मिक गीतहरू हुन्, अथवा महाकवि देवकोटाको 'मुनामदन' का गीतहरू हुन् तारादेवीका स्वरलहरीमा पुगेपछि त्यसैत्यसै चमत्कृत, भावविह्वल र जीवन्त बनेर ब्युँझेका हुन्छन् ।

गायिका तारादेवी बालिका छोरीका उत्सुकताहरू बोकेर गीत गाउँछिन्, किशोरी कुमारीहरूका भावनासित खेलेर गीत गाउँछिन्, तरुनी प्रेमिकाहरूका मनहरू चोरेर गीत गाउँछिन् र गाउँछिन् जनजीवनका विभिन्न मर्म र माधुरी बोकेर ! सबैतिर गाउँछिन् र सबैसँग गाउँछिन् । उनले गाएका गीतहरूमा रत्न शमशेर थापाको रचना-

'ए कान्छा ! ठट्टैमा यो बैंस जान लाग्यो
जाँदैन बाचा खेर पर्ख लिन आउँला'

जस्ता भावुकताले भरिएका युगल गीतहरू हुन् कि एक्लै एकल गायनका रूपमा गाइएका गीतहरू हुन् सबैमा उनी पोखिएर बगेकी छन् । कवि गीतकार म.वी.वि. शाहको यो प्राकृतिक गीत-

'वसन्तमा फूल फुल्यो हृदयको माझ
हेर उता हिमाल त्यो झलमल्ल आज'

आदिमा पनि उनी त्यत्तिकै बगेकी छन् । गीतकार चाँदनी शाहका यी पङ्क्तिहरू-

'उकाली ओरालीहरूमा भञ्ज्याङ अनि चौतारीहरूमा
सुन्दर ती दहहरूमा हिमालका विशाल छातीहरूमा
जहाँ जहाँ जान्छौं तिमी म पाइला बनी पछ्याइरहन्छु
ती छहरा खोला खहरेहरूमा सम्झना बनी बगिरहन्छु'

भनेर पाइला बनेर पछ्याउने गोडाहरू हुन् कि सम्झना बनेर बगिरहने स्रोतहरू हुन् सबैमा तारादेवी उस्तै गतिशील बनेर बगेकी छन्:

'तिमीलाई हाँसेर बिदा मात्र के दिएथें
आँसु झरिसकेछन् म तिनलाई पुछ्न थालें'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी भावपूर्ण आधुनिक गीतहरूमा बग्ने तारादेवी लोकजीवनका मधुर झाँकीहरूमा पुग्दा पनि उस्तै मधुर र मार्मिकताका साथ उस्तै जीवन्त र गतिशील बनेर बगेकी छन्। जनकविकेशरी धर्मराज थापाका सङ्कलनका यी भावविम्बहरू-

'कालीपारे दाइ कति राम्रो
ढाकाटोपी काँधैमा गलबन्दी'

इत्यादि लोकगीतहरू हुन् कि अथवा यस्तै अन्य सङ्कलकका लोकधूनहरू-

'ए आमा, सानीमा । फूलको थुङ्गो खस्यो पानीमा
.....
नकचरो दाइको दुईजिब्रे भाका
यौटा त मुखले तरुनी फकाउने
अर्को त मुखले स्वास्नी रिझाउने
ए आमा । सानीमा । नकचरो दाइलाई
चड्काइदेऊ चड्काइदेऊ गालैमा'

भने जस्ता गीतहरू हुन् सबै प्रकारका गीतहरूलाई तारादेवीले छोएपछि सबै शाश्वत भएर आउँछन्-

'साँघुरीवारि नि हौं त्यो धारापानी
गडतिरको हौं हजुर बालुवा
खरो हैं सुतिंले हौं बाडुल्की लाग्छ
खानुहोस् हौं हजुर मलुवा'

आदि अनेक गीतहरू सुमधुर कण्ठले तल्लीन भएर गाएको सुन्दा कसको मन नरमाइरहला र ? तारादेवी नेपालकी सबभन्दा बढी गीत गाउने गायिका हुन्। उनका स्वरलहरीहरूमा लोकगीतहरू हुन् कि आधुनिक गीतहरू हुन् सबै उत्तिकै सल्बलाएका हुन्छन्। व्यवहारकी दक्ष, स्वभावकी शिष्ट, भद्र एवं मिलनसार, शान्त, सहज, सरल र सौम्य, निर्लोभ सहयोगी तारादेवी नेपालकी गीति जगत्‌की हालसम्मकी सर्वश्रेष्ठ स्वरकिन्नरी हुन् भन्ने मलाई लागेको छ।

उनको विवाहपछिको गृहस्थी जीवन पनि राम्रैसँग बित्तै आएको हो। श्रीमान् हवाई विभागका क्याप्टेन पाइलट, आफू रेडियो नेपालकी गायिका अधिकृत शाखाप्रमुख, सुशील दुई छोराहरू र एक छोरी भएको सुखी एवं सन्तोषी परिवार। यही सुखी र सन्तोषी परिवार भएकै कारण उनले वि.सं. २०३२ मा गायनमा सङ्गीत विशारद (स्नातक तह) उत्तीर्ण गरेकी र रेडियो नेपालमा अधिकृत बनेकी हुन्। तर विधिको विडम्बना- एकाएक उनका जीवनमा पर्न आएका विपत्तिहरू आफू सक्षम हुँदाहुँदै अरूले पाएसरहको सेवा सुविधा नपाई एकाएक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रेडियो नेपालका सेवाबाट अवकाश पाउनु, आफ्नो होनहार २५ वर्षे जेठो छोरो शशि श्रेष्ठको रक्त क्यान्सरका कारणले निधन हुनु, श्रीमान् क्याप्टेन पाइलट शिवबहादुर श्रेष्ठको प्लेन दुर्घटनामा परी गोडो भाँच्चिएर बस्नु त्यसबाट औषधोपचार गरी स्वस्थ भएर काम गर्न थालेपछि पुनः प्लेन दुर्घटनामा परी निधन हुनु, आफू नसासम्बन्धी रोगले पीडित हुनु आदि कारणले उनी यतिबेला निकै कमजोर र काँतर बनेकी छन्। उनको बैङ्ककमा स्वास्थ्योपचार पनि भयो। उनी चाँडै स्वास्थ्य लाभ गरेर पुनः सबल र सक्षम बनून्।

उनले आफू सक्षम भएका बेला गर्दै आएका महत्त्वपूर्ण कार्यका लागि विभिन्न मान, सम्मान र पुरस्कारहरू प्राप्त गर्दै आएकी छन्। सोअनुसार उनले पाएका केही उपलब्धिहरू हुन्-

(क) गायिका तारादेवीले अनेक नाटक, चलचित्र आदिमा पृष्ठगायन गरेकी छिन्, रेडियो, टि.भी. आदि माध्यमबाट प्रत्यक्षगायन प्रस्तुत गरेकी छिन्, गीत गायनका अनेक डिस्कहरू प्रदान गरेकी छिन् र धेरै गीत गायनहरूमा प्रत्यक्ष स्वर दिएकी छिन्, जसले गर्दा अपार जनमानसको अपार माया र सम्मान पाएकी छिन् यो उनको प्रथम उपलब्धि हो भने गीतकार तथा सङ्गीतकारहरूले उनका कण्ठको चाहना गर्नु यो उनको दोस्रो विशेष उपलब्धि हो।

(ख) रेडियो नेपालको २५ औं जन्मजयन्ती २०३३ का अवसरमा उनी नेपाल सङ्गीत क्षेत्रमा प्रथम घोषित गरी सम्मान गरिएकी छिन्। नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रदान गरिएको इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०३३) बाट पनि उनी सम्मान गरिएकी छिन्।

(ग) गायनका माध्यमबाट नेपाली भाषा देशदेशान्तरमा पुऱ्याएबापत उनीले जगदम्बाश्री पुरस्कार र मैना पुरस्कार पनि प्राप्त गरेकी छिन्।

(घ) नेपाली गीत गायनका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिँदै आएबापत 'छिन्नलता गीत पुरस्कार'बाट पनि उनी पुरस्कृत भएकी छिन्।

(ङ) उनलाई 'गोर्खा ब्रुअरी एवार्ड (२०५५) बाट सम्मान गरिएको छ।

(च) अन्य अनेक पुरस्कार पदक सम्मानहरूका अतिरिक्त राष्ट्रले सम्मान गरिने पदक वा विभूषणहरूमध्ये हालसम्म महेन्द्ररत्न विभूषण, त्रिशक्ति पट्ट पाँचौं र गोरखा दक्षिणबाहु दोस्राबाट सम्मानित भइसकेकी छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभावले नम्र, शान्त र भद्र महिला श्रीमती तारादेवी नेपाली गीति जगत्‌की एक विशिष्ट कलाकार हुन्। उनका स्वर साधनामा विमुग्ध हुने धेरै कला पारखीहरू रहेका छन्। नेपाली गीतिसंसारमा हालसम्म धेरै साधक साधिकाहरू देखा परिसकेका छन्। तीमध्ये केही उत्कृष्ट कलाकारहरूका विशिष्ट उपलब्धिहरूलाई परिगणना गर्दै जाने हो भने म मास्टर रत्नदास प्रकाशको सहजता, नारायणगोपालको मुग्ध पार्ने भङ्कृत स्वर, बच्चु कैलाशको स्वाभिमान, अरुणा लामाको कञ्चन स्वर, तारादेवीको निर्झर मधुर स्वरका साथै प्राप्त हुने शिष्ट, शालीनता र सहजता, योगेश वैद्यको निर्लिप्तता, धर्मराज थापाको सहज कण्ठस्वरमाधुरी, कुमार बस्नेतको लोकमयता, गोपाल योञ्जनको राष्ट्रराग, नातिकाजी, शिवशङ्कर, अम्बर गुरुङ र शम्भुजित बाँस्कोटाका सङ्गीत संयोजन, नरराज ढकालको स्वरसाधनालाई विशेष मन पराउँछु। यीमध्येका केही कलाकारसँग मेरो व्यक्तिगत भलाकुसारीसम्म भएको छैन। उनीहरूसँग व्यक्तिगत परिचय हुनु र नहुनुसँगका केही सरोकार होइन मैले त उनीहरूका विशेष गुणको बखान मात्र गरेको हुँ। नेपाली कलासाधना क्षेत्रका अन्य अनेक विशिष्ट कलाकारहरूका विशेष गुणको म मुक्त कण्ठले प्रशंसा गर्छु। यति हुँदाहुँदै पनि मलाई विशेष उत्कृष्ट लागेका यी कलाकारहरूका विशेष गुणको परिचर्चा गरेको हुँ। त्यसो त वर्तमान पुस्ताका लोचन भट्टराई र रामकृष्ण ढकाल जस्ताका सहज स्वर र विशुद्ध अभिव्यक्तिका साधनाहरूप्रति पनि अनुरक्त हुँदै आएको छु। उनीहरूको भविष्य छ। अझै साधनामा तल्लीन हुनु उनीहरूको दायित्व हो भने त्यतिबेला यी सबै कलाकारहरूमध्येकी विशेष तारिका तारादेवी नै हुन् भन्ने मलाई लागेको छ। हुन त उनलाई समग्र रूपमा नबुझ्दा म पनि कहिलेकाहीं उनका बारेमा टीकाटिप्पणी गर्थें। कहिले चिहिरिँदो र कहिले दबेको स्वर, कतिपय अस्पष्ट पदपदावलीहरूको उच्चारणले गर्दा उनी नेपालकी सर्वश्रेष्ठ गायिका होइनन् कि ? जस्तो पनि लाग्थ्यो। यी कुरा मैले केही साहित्यकार र सङ्गीतकारहरूका साथ चर्चा पनि गरेको थिएँ। त्यतिबेला स्वर्गीय रत्नध्वज जोशीले भन्नुभएका कुरा तारादेवीले चीनमा पारेको प्रभाव र अन्य विदेशमा छाडेको छाप सुन्दा र उनका गायनकलाका विशेषता सुन्दा, कविवर माधव घिमिरेले व्यक्त गरेको 'तारादेवीका स्वरमा जुन प्रकारको उतार चढाव छ, सङ्गीतका आरोहावरोहहरूमा त्यति परसम्म जान अरूले सकेका छैनन्' भनेको सुन्दा र रत्नदास प्रकाश, नातिकाजी, अम्बर गुरुङ आदि सङ्गीतकारहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्त गरेका तारादेवीप्रतिका उद्‌गारहरू सुन्दा मैले तारादेवीलाई अझै आफूले चिन्न नसकेको अनुभव गरेको थिएँ ।

एकपल्ट मलाई प्रसिद्ध गीतकार किरण खरेलले भन्नुभएको थियो 'दैवज्ञजी ! आजकल तारादेवी गतिलो गीत पाइन भन्दै छन्, दुईचारवटा दिइराखौं न !' त्यतिबेला तारादेवीले आफ्नै मुखले नभनेसम्म नदिने विचारले मैले दिइनँ । मलाई यस्तो किन हुन्छ ? म आफ्ना गीतहरू त्यत्तिकै हलुका साथ कसैलाई पनि दिन्नँ । आजभोलि पनि नेपाली गायनक्षेत्रका केही प्रसिद्ध गायकगायिकाहरू कहिलेकाहीं पठाइदिनुहोस् न भन्छन् तैपनि म पठाउन अल्छी गर्छु । किनकिन त्यहाँ मलाई शुद्धताको आभास भए जस्तो लाग्दैन । नेपाली चलचित्र जगत्‌का प्रसिद्ध निर्देशक, कवि तथा गीतकार यादव खरेलले पनि मलाई धेरैपल्ट 'तपाईंका गीतहरू गाउन दिनोस् न, निकै राम्रा छन्, गाइन्छन्' भन्नुभएको हो । तैपनि मैले त्यति धेरै दिने जाँगर भने गरेको छैन । यसो हुनुमा नेपालका प्रसिद्ध कुनै दुई सङ्गीतकारहरू जसको नाम मैले माथि लिए पनि (यतिबेला यहाँ नभनूँ कि ?) ले मेरा केही गीतहरू सङ्गीत भर्न लानुभएको थियो तर सङ्गीत भर्न भने अल्छी गर्नुभयो । मैले उहाँहरूलाई सोधिनँ । यसै कारण पनि मलाई यो भावना उत्पन्न भएको हो कि ? म कसैले पनि विशेष आग्रह नगरीकन कुनै रचनाहरू कसैलाई दिन्नँ । लेख्नु मेरो काम हो । मैले राम्रो लेख्न सकेछु भने कुनै दिन ती काम लाग्लान् ? नत्र मूल्यहीन रचनाहरू प्रभाव, पक्ष र मोलाहिजाले जतिसुकै गाइए तापनि ती चिरस्थायी हुँदैनन् भन्ने मेरो आग्रह रहेको छ । मैले तारादेवीलाई गीत नदिएर चाहिं गल्ती नै गरेको रहेछु कि ? यतिबेला लाग्न थालेको छ । यस्तो गल्ती मैले यसभन्दा पहिले पनि गरिसकेको थिएँ । मास्टर रत्नदास प्रकाशले मेरो एउटा गीत गाइसकेपछि अरू पनि दुईचार रचना पाउने आग्रह गर्नुभएको थियो त्यति बेला पनि मैले अरू दिएको थिइनँ । यस्तै भूलहरू यतिबेला पनि म गर्दैछु । मैले केही कलाकारलाई रचना दिन्छु भनेर पनि दिएको छैन ।

मलाई सम्झना छ 'माटो कति राम्रो !' भन्ने गीत गाएर आएका नेपालका प्रसिद्ध गायक एवं सङ्गीतकार भक्तराज आचार्यलाई मैले एकपल्ट धन्यवादसम्म नभनिदिएकामा उहाँले नै भन्नुभएको थियो 'दाइ ! एकपल्ट धन्यवादसम्म पनि नभनिदिने ?' म यस मामलामा निकै कमजोरै रहेछु देशका प्रसिद्ध कलाकारहरूको सम्मान गर्न नजान्ने । यति हुँदाहुँदै पनि मैले मास्टर रत्नदासका बारेमा, स्वरसम्राट्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारायणगोपालका बारेमा, स्वरकिन्नरी अरुणा लामाका बारेमा केही लेखेको छु । यतिबेला नेपाली गायनक्षेत्रकी प्रसिद्ध स्वरनिर्झरी तारादेवीका बारेमा केही लेखेर म आफ्नो श्रद्धा व्यक्त गर्दैछु । मैले सुनेकी, मैले देखेकी र मैले जानेबुझेकी तारादेवी सधैँ शिष्ट, वरिष्ठ र विशिष्ट बनेर रहेकी छन् । स्वभावमा शिष्ट, गुणमा वरिष्ठ र व्यवहारमा विशिष्ट भएकी तारादेवी पुनः जीवन्त सुमधुर स्वरलहरीकी धनी बनून् !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गीतको सह बोलाउने तारादेवी

धर्मराज थापा
(जनकविकेशरी)

आफ्नै प्राणप्रिय पतिदेव क्याप्टेन शिवबहादुर श्रेष्ठको प्लेन दुर्घटनाबाट मृत्यु भएपछि बिछोड हुनु र प्यारो पुत्र शशि- सधैंका लागि छुट्टिएर शून्यको जीवन बिताउनुपर्ने बाध्यता तारादेवीलाई निठुरे दैवले सिर्जना गर्ला भन्ने कुरा कसले सोचेको थियो र ? मान्छेलाई जस्तै चोट परे पनि सहनै पर्दो रहेछ ।

आफ्नै पाखा र आफ्नै भाखामा बयली खेल्दै कण्ठलहरी छलछली बगाएर नेपाली साङ्गीतिक संसारलाई चेतनाको उज्यालो बाल्दै रहेकी गायिका तारादेवीका पूर्वकथाको किशोरी जीवनतिर अहिले फर्कन मलाई बाध्य तुल्याएको छ । किन्तु ती दिन यिनै घामछायाका विस्मृतिको धुमिल छायामा झल्याकझुल्क भैरहेका छन् ।

आज म आफ्नै बितेका चौहत्तरौं जीवन वसन्तका पाना पल्टाउँदैछु, यो कुरा साँचो हो । कान्तिपुर शहरभित्रका नयाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुद्धसडक घुम्दा एउटी हिउँ जस्ती गोरी हिमालकी छोरी पान पसल थापेर ग्राहकहरू आफूतिर आकर्षित पार्दै जीवन बिताइरहेकी देखिन्छिन् । ती महिलातिर, मेरो आँखा त्यतैतिर पर्छन् । उनको मधुर बोली मेरा कानमा पर्छ । 'ए काजी, एक बिरा पान त खाएर जानोस् ।' पान पसल्नीले मलाई नै बोलाए जस्तो लाग्यो र गएँ ।

कुरो चार दशक पहिलेकै हो । म गोरखापत्र छापाखानाको मुखिया दर्जाको कर्मचारी भैसकेको मान्छे थिएँ । राणा शासनको मुखियाले राष्ट्रिय पोशाक पहिरनु अनिवार्य थियो । त्यही दौरा सुरुवाल, कालो कोट, भादगाउँले टोपी, काँधमा गलबन्दी कालै जुत्ता र मोजामा ठाँटिएर हिँड्नुपर्ने । हिँडिराखेकै थिएँ बाँधौं न माया ठ्याम्मै भन्ने लोकगीत गुन्गुनाउँदै । म पोखरा माछापुच्छ्रेको सौन्दर्यमुखी उपत्यकादेखि सातै गण्डकी तरेर उकालीओराली गर्दै लाङ्टाङ र गणेश हिमालको विशाल उपत्यकामा झरेको कोर्काली केटो थिएँ यसैभन्दा ठीक पर्ला ।

म पनि आफ्नो हरिलोभरिलो गाउँघरे वनपाखाको रसिलोभरिलो नेपाली कोमल भाषाको रसिलो भाखा (भ्याउरे) गीत मनमस्तिष्क र कण्ठमा चढाई तनहुँकै हरियाली बोकेर नेपाली भाषाभक्त रामायणका हाम्रा पण्डित कवि भानुभक्त आचार्यका झैं रानीवनको बालाजीमा डोको बिसाई अलकापुरी पसेको थिएँ भन्नमा अत्युक्ति हुँदैन । साँच्चै स्वर्णिम युगलाई बोलाइरहने सुनको नगरी जस्तै कान्तिपुरी लाग्यो ।

राणा शासनकालका इमानदार, नूनको सोझो काम गर्ने मान्छे, शासकभक्त उसबेलाका जल्दाबल्दा अफिसर चन्द्रबहादुर थापाजीका घरको पटाङ्गिनीमा जहाँ कुमारी तारादेवीकी ममतामयी महतारी 'मुसी' नाम गरेकीले पानको पसल थापेकी थिइन् बोलाएपछि म त्यतैतिर लहसिएँ । उनले श्रद्धापूर्वक सफा हातको मीठा पानको बिरा दिइन् । अनि भनिन् - मेरी एउटी भर्खर पन्ध्र वर्षमा लागेकी 'तारा' नाम गरेकी छोरी छे । त्यसलाई कालधारामा बस्ने भैरवबहादुर थापाले सङ्गीत सिकाउँछन् । दुईचारवटा भ्याउरे र आधुनिक भाकाका सङ्गीत सिकिसकेकी छे । तपाईंले कलकत्तामा लगेर रिकर्ड गराइदिनुभए यसको भविष्य उज्यालो हुन्थ्यो कि भनेर विन्ती बिसाएकी ।' मैले खै त तारा ? भनें । आमाले 'ए, छोरी ! बाहिर आइज त ! भनी तारालाई बोलाइन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुर्ता सुरूवाल लगाएकी पुतली पुन्टु सुकुमारी कमलकी कोपिला जस्ती छोरी मेरा आँखामा मुस्कुराई ! दूधले नुहाई चौंरी गोठाल्नीले आफ्नी छोरी पाले जस्ती, बुकेनी भेडी गोठमा ।

म थिएँ, आफ्नै धूनमा गुन्गुनाउने भुमरो । पानपसलकै छेउमा एकजना अधबैंसे उसको आँखा केही लाल र रसिला थिए, तबलामा थप्का दिँदै बसेको लोग्ने मान्छे । नाम सोधेँ, उसले भन्यो - मेरो नाम गोपाल । थर नि भन्दा 'खत्री' भनियो । ती तबलावादक रहेछन् । मलाई देखेर मुसुक्क हाँसे । आदर्श दर्शाए । तबल्ची कालीभक्तकै भाइ जस्तो लाग्यो ।

आमाले फलफूलका पत्र जस्ता अधर उघारी भनिन्- 'यो तारा छोरीले भैरवबहादुर थापासँग हार्मोनियममा सा.रे.ग.म. देखि सिकेर आफैं हार्मोनियम बजाई गाउन सक्नेसम्म भएकी छ । सङ्गीत भनेपछि भोकप्यास पनि बिर्सिदिन्छे लौ काजी, तपाईंले यसका गीतहरू रेकर्ड गरी दिने प्रबन्ध मिलाइदिनुहोस् । गरिबको उद्धार हुनेछ ।'

त्यतिखेर म 'अनारकली आयो भन्दै ढ्वाङ करायो, हाम्रो गीत यसै हरायो । नेपाली कहाँ गयो' भन्ने नेपाली गीतको संवर्धन र सङ्कलन विस्तार गर्ने सङ्घर्षमा क्रान्तिकारी कदम उठाइरहेको क्रान्तिकारी कवि थिएँ । नारी जातिले प्रायः गीत गाउन हुँदैन भन्ने सामाजिक छेकबार नेपालभित्र विद्यमान थियो । नारी जातिले सहज र स्वतन्त्र रूपमा आफ्नो देशभित्र धार्मिक, सामाजिक र देशभक्तिका जागरण गीत धक फुकाएर गाउनै पर्छ भन्ने सिद्धान्तमा लम्किएको म थिएँ ।

ताराकी आमाको अनुरोधलाई स्वीकार गरी उस्ताद भैरवबहादुर र तारालाई कलकत्ताको एच.एम.पी. (हिन्दुस्थान म्युजिकल रेकर्ड कम्पनी) मा पुऱ्याएँ । त्यो कम्पनी थियो अकूरदत्तलेन वाइलिड्छन रोड कलकत्ता १२ मा । भैरवबहादुरलाई बन्धु र तारालाई छोरीको नाताले परिचय दिएर ती दुवैका सहगानमा दुई गीत रेकर्ड भयो । १. तिमी र हामी भेटौंला फूलबारीको छेउमा २. अब हजूर नजानोस् लाहुर नेपालैमा पाइन्छ जागिर । यसबाहेक मेरा कण्ठमा ताराले साथ दिइन् :

हो औंसीबार गाई तिहार भैलो
कालीपारे दाइ कति राम्रो ढाका टोपी काँधैमा गलबन्दी
साँगुरी बारि नि हौं त्यो धारापानी गइतिरको हौं हजूर बालुवा
खरो हैं सूर्तीले नि बाडुल्की लाग्यो खानुहोस् हौं हजूर मतुवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताराको सुरिलो कण्ठ सुनेर शब्दसुरका प्रबन्धक बङ्गाली मास्टर निरोद बाबूले प्रशंसा गरे । 'आवाज मिस्टी र भालो चमत्कारे' भनेर हौसला बढाइदिए ।

यसरी तारा र भैरवबहादुरलाई रेकर्ड गराई काठमाडौँ फर्काउन खर्चको अभाव भयो । अनि मैले सोचेँ, श्री सुवर्णशमशेर जर्णेलसँग भेट गर्छु भनी सरासर धरमतल्ला सुवर्ण निवास पुगेँ र मेरो नामको चीट पठाएँ । उहाँले मलाई सानो टुँडिखेल (हालको दशरथ रङ्गशाला) को २००७ साल फागुन ५ गतेको नेपाली कांग्रेसको विशाल आमसभामा मैले गाएको 'धुरुधुरु नरोऊ आमा' भन्ने गीतबाट प्रशस्त चिनिसक्नुभएको थियो ।

माथि भन्याङबाटै 'ओहो ! किन के भन्न आउनुभो ? धर्मराजजी' भनी सम्बोधन गर्दा मैले भनेँ 'तारादेवी र भैरवबहादुरलाई रेकर्ड गर्न ल्याएँ । रेकर्ड सकियो । मैले पनि उर्मिलाकुमारी र तारालाई साथ लिई गाएँ । घर फर्कन खर्च छैन र हजूरसँग बिन्ती बिसाउन आएको ।' मेरो मर्म सुनेपछि लौ त एकैछिन बस्नुहोस् भनी तुरुन्तै रुपियाँ लिएर आई फर्कन पुग्ने खर्च हातमा थमाई बिदाइ गरियो । त्यसपछि हामीले केही नयाँ लुगाफाटाहरू पनि किन्यौँ र तीनैजना हावडा रेलको टिकट काटी पटनासम्म रेलैमा चढेर आयौँ । त्यहाँबाट हवाइजहाजबाट आकाशमार्ग उडेर- 'पान खाइयो पिरती लाइयो रेलैको भ्यालैमा बसेर' भन्ने नेपाली लाहुरेहरूले गाएको लोकगीत गाउँदै काठमाडौँको गौचर विमानघाट उत्रिएका थियौँ । आज नेपाली सङ्गीतकलाको (लोक, आधुनिक, भजन-कीर्तन, गजलको) उर्वर फाँटमा सुनौला अन्नको लहलह बाली भित्र्याइदिने सह ओसार्ने सिमलचरीका रूपमा नेपाली आकाशमा जगमगाउँदै तीनतारा झैँ झुल्केकी तारादेवी नेपाली मानसपटलबाट कहिले पनि अस्ताउने छैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय गायिका तारादेवी

डा. ध्रुवचन्द्र गौतम

तारादेवीका बारेमा केही लेखिदिनुपर्‍यो भनेर मलाई नइ प्रकाशनबाट एउटा पत्र आएको थियो । त्यस विषयमा कल्पँदाकल्पँदै म तारादेवीका स्वरहरूमा लुटपुटिन थालेछु । तारादेवीका प्रसङ्गमा मैले पनि लेख्नै पर्छ भन्ने ठानेर म त्यसपछि कलम लिएर सोच्न थालेँ, के लेख्न सकिन्छ तारादेवीका बारेमा ? व्यक्ति तारादेवीसँग मेरो गाढा परिचय छैन । म उहाँलाई चिन्छु, सायद उहाँ मलाई चिन्नुहुन्न । तर गायिका तारादेवीका गीतहरूको म प्रशंसक हुँ । मलाई तारादेवीका गीतहरू मन पर्छन् । म उहाँका गीतहरू गाउने पनि गर्थेँ, गाउँथेँ :

कालीपारे दाइ कति राम्रो
ढाका टोपी काँधैमा गलबन्दी ।

धेरै अघि, काठमाडौँको प्रारम्भिक बसाइका दिनहरूमा मेरो सोचाइ राष्ट्रिय ख्यातिप्राप्त व्यक्तित्वको खोजीमा आबद्ध थियो । काठमाडौँका कतिपय ठाउँ र व्यक्ति चिन्ने क्रममा, एक महत्त्वपूर्ण व्यक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानेर मैले चिनेको व्यक्ति तारादेवी पनि हुनुहुन्थ्यो, पहिलो भेटमा नै मलाई उहाँको अनुहार हँसिलो र उज्यालो लागेको थियो ।

त्यतिखेरदेखि मेरो मानसपटमा रहेकी तारादेवीका विषयमा बेलाबेला म उहाँबारेका खबरहरू पत्रपत्रिकामा पढ्ने गर्थें । केही समयअघि उही तारादेवीलाई होश हराएको र दुःखले थिचेर दुःखसुख पनि समाज भन्दै मानेर एकनासले शून्य हेरिरहेको अनुहारका साथ देख्दा, क्षणभर त मलाई अत्यन्त दुःख लाग्यो । पछि उहाँको अझै गाउने अठोटका कुरा सुन्दा तारादेवीप्रति मलाई श्रद्धा बढेको थियो ।

आज म तारादेवीका प्रसङ्गमा घोल्लिँदा पुराना कुराहरू पनि मेरा मनभरि आएर टाँस्सिन थालेका छन् । एकपटक घरेलु शिल्पकला त्रिपुरेश्वरमा एउटा प्रदर्शनीको आयोजना भएको थियो । त्यहाँ एक ठाउँमा तारादेवीको एउटा गीत बजिरहन्थ्यो । म बारम्बार त्यस स्टलतर्फ गइरहन्थें, केवल तारादेवीको त्यही गीत सुन्न । त्यो गीत बज्दा म टक्क अडिएरै सुन्थें :

फूलको युद्गा बगेर गयो गङ्गाको पानीमा
कहिले भेट होला हैं राजै यो जिन्दगानीमा ।

तारादेवीका कैयौं गीत मैले सुनेको छु । उहाँका स्वरको आफ्नो विशेषतालाई जो पनि सुन्नासाथ पहिल्याउन सक्छ । उहाँका स्वरमा एउटा तीक्ष्णता छ, जसलाई कसैले दोष मान्ला, कसैले गुण । तर त्यतिको तीक्ष्णता अहिलेसम्म मैले अन्य नेपाली गायिकामा पाएको छैन ।

मलाई नेपाली गीतसँग निकटताको अनुभव गराउने, तिनमा भिज्न सहायता गर्नेहरूमा तारादेवीका गीतहरू पनि पर्दछन् । मजस्ता कतिलाई यस्तो भयो होला ! तारादेवी हाम्री राष्ट्रिय गायिका हुनुहुन्छ । उहाँ हाम्री श्रद्धापात्र हुनुहुन्छ, उहाँको कदर हामीले अत्यधिक गर्नुपर्छ । उहाँको कदर बढी हुनुपर्दछ । कलालाई जीवित राख्ने हो भने जीवित कलाकारहरूको पनि पर्याप्त सम्मान हुनुपर्दछ । त्यसैले हाम्री जनप्रिय गायिका तारादेवीको यथेष्ट कदर र सम्मान हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नौं सय खोला तरेर जाने बिर्सने पो हौं कि मलाई
नफर्केसम्म पर्खेर बस्छु सम्झनाको दियो जलाई ।

नेपाली गायनकी शिखर

नरेन्द्रराज प्रसाई

म १३ वर्षको उमेरमा पुगेपछि मैले यो गीत कण्ठ गरेको थिएँ । त्यसबेला अरूअरू गीतहरूले झैं यस गीतले पनि मेरा गाउँका डाँडा, पाखा र भित्तामा बाबरी फुलाएको हुन्थ्यो, इन्द्रकमल फक्राएको हुन्थ्यो र चाँप, बेली र लालीगुराँस फुलाएको हुन्थ्यो । अनि यी फूलका बास्नामा हामी गाउँले केटाकेटीहरू सबै मोहित हुन्थ्यौं । त्यही मोहनीमा डुबेर त्यसबेला स्कूल जाँदा बाटामा प्रायः कहिलेकाहीं हामी यही गीत गाउँथ्यौं, स्कूलमा हुने सांस्कृतिक कार्यक्रममा पनि अरूअरू गीतहरूका साथ यही गीत पनि गाउँथ्यौं र दाउरा खोज्न जङ्गल पस्ता, वस्तु हेर्न लेकबेसी जाँदा अनि घाँस काट्न खेत र बारीका कान्लाकुन्ली पुग्दा हामी यो गीत पनि गाउने गर्थ्यौं । त्यतिमात्र होइन, त्यसबेला गाउँघरका अरू गोठालाखेतालाहरूबाट हामी यो गीत पनि सुन्ने गर्थ्यौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सानामा म प्रायः गीत गाइरहने गर्थें । त्यसबेला म गीतको भाका पनि मिलाउन सक्थें । त्यही भाका मिलाउँदै केही वर्षपछि म यही गीत गाउँदै झापा पुगें र क्रमशः राजधानी आएँ । भनौं, मैले पनि नौ सय खोला तारेर आफूलाई काठमाडौंमा भित्र्याएको थिएँ । साँच्चै हो तारादेवीको यो गीत त्यसबेला धेरै बालक, किशोर, युवा र वृद्धका मनमा टाँस्सिएको थियो । वास्तवमा यादव खरेलका शब्द र शिवशङ्करका सङ्गीतमा तारादेवीले यस गीतलाई नेपालीका आँगनआँगनमा पुऱ्याएकी थिइन् । तारादेवीले यही गीतलाई हिमालका टुप्पामा पुऱ्याएकी थिइन्, पहाडका पँधेरीहरूमा फिँजाएकी थिइन् र मधेशका हाटबजारमा पनि डुलाएकी थिइन् ।

त्यसबेला हामी पहाडमा बसेका केटाकेटीका लागि तारादेवीको स्वर एउटा जादू थियो । हुन त यिनका स्वरमा अहिले पनि जादू नै भेटिन्छ । तर त्यसबेलाको जादू भनेको चाहिँ हाम्रा लागि यिनको आवाज आश्चर्य मानिन्थ्यो । त्यसबेला यिनको गीत बजेपछि मेरी आमा पनि भन्ने गर्थिन् ' मलाई तारादेवीलाई हेर्ने इच्छा छ ।' वास्तवमा तारादेवी सबैकी प्यारी गायिका हुन्, नेपाली साङ्गीतिक हिमालकी जेठी छोरी हुन् र उनी नेपाली गायनकी पार्वती नै हुन् ।

तारादेवीले नेपाली राष्ट्रियताको गीत गाइन्, हाम्रो हिमालको परिचयलाई देशदेशान्तर पुऱ्याइन् र नेपाली भावनालाई सबैका कानकानमा छिराइन् । मैले पनि सानैदेखि यिनका स्वरमा लुटपुटिने मौका पाएँ, यिनका गीतलाई दोहोऱ्याएर गाएँ र गाउँका विभिन्न कार्यक्रममा माइकमा उभिएर पनि यिनैले गाएको गीत गाएँ । त्यसबेला मैले पनि नातिकाजीको सङ्गीत र किरण खरेलका रचनाको यो गीत पनि गाएँ :

हिमालको काखमा छ सानो मेरो गाउँ
पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ ।

नेपाली साङ्गीतिक ध्वनिलाई आकाशभरि फिँजाउने यस्ती प्रतिभालाई भेट्ने मेरो सानैदेखिको धोको थियो । तर त्यसबेलाको मेरो कल्पना तारादेवीलाई भेट्ने असम्भावनामा नै विलीन हुने गर्थ्यो । वास्तवमा मेरो त्यो इच्छा आज सम्भावनामा परिणत भयो । उनीसँग मेरो चाहिनेजति मात्र सम्बन्ध भएन, उनीसँग मेरो औपचारिक सम्बन्ध मात्र भएन, उनीसँग मेरो आत्मीय सम्बन्ध नै हुन गयो । त्यतिमात्र होइन, मजस्तो सिकारू गीतकारको गीत गाइदिएर तारा दिदीले मलाई बिर्सिनसक्नुको गुन लगाएकी पनि छिन् । भनौं, २०४४ सालतिरै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा गीतहरूले तारा दिदीको स्वर भेटिसकेका थिए । हुन त त्यसभन्दा अघि र पछि पनि म बारम्बार तारा दिदीलाई भेट्न रेडियो नेपाल पुग्ने गर्थें । म कहिलेकाहीँ उनको घर पनि जाने गर्थें । यही जानेआउने क्रमले नै मैले तारा दिदीको जीवनकथा पनि पढ्न थालेको थिएँ ।

तारा दिदीका जीवनको प्रायः सम्पूर्ण भाग तिरस्कारै तिरस्कारमा बितेको थियो । दिदीलाई रेडियो नेपालका तत्कालीन निर्देशक देवेन्द्रराज उपाध्यायले अस्थायी जागिरेमा नियुक्ति दिएका रहेछन् अनि त्यस काण्डमा रेडियो नेपालका कलाकारहरूबाट तारा दिदीका विरोधमा आगो बालिएको थियो । तारा दिदीको यस प्रसङ्गलाई लिएर एक दिन देवेन्द्रराज उपाध्यायले मलाई भनेका थिए 'एक दिन प्रधानमन्त्री डा.के.आई.सिंहसँग उहाँका कार्यालयमा म बसिरहेको थिएँ । त्यसबेला रेडियो नेपालका केही गायककलाकारहरूले गीत गाउन नजान्ने एउटी केटीलाई डाइरेक्टरसाहेबले जागिर दिएर हाम्रो अपमान गर्नुभएको छ । त्यस केटीलाई ठाडै बर्खास्त गरिदिनुपऱ्यो, प्रधानमन्त्रीज्यू ! भनेर उजुर गरेका थिए ।'

त्यसबेला केही गायकबाट तिरस्कृत, उपेक्षित र बहिष्कृत भएकी तारा दिदी आज नेपाली स्वरसंसारकी एउटी माननीय व्यक्तित्व बनिन् । त्यतिमात्र होइन, उनी नेपाली गायनकै एउटी आदर्श नायिका, उज्ज्वल नक्षत्र र स्वरसाम्राज्ञी बन्न पुगिन् । वास्तवमा त्यसबेला यिनलाई उखेल्न खोज्नेहरू नै क्रमशः आफैँ उखेलिँदै गए, हराउँदै गए र बिलाउँदै पनि गए ।

नेपालमा प्रतिभालाई बहिष्कार गर्ने, चोट पुऱ्याउने र अपमान गर्ने कुरा नौलो मानिँदैन । यहाँ हल्ला गरेर पीठो बेच्न प्रायः धेरै मान्छे पल्केका छन् । त्यसैले अहिले पनि यहाँ अयोग्यहरू नै आफ्नो पिराभन्दा ठूला भएर बसिरहेका छन् । यस्तै परम्पराले गर्दा नेपाली साङ्गीतिक इज्जत तारादेवीलाई पनि एक दिन रेडियो नेपालबाट जबर्जस्ती घोक्चाइएको थियो । वास्तवमा अनायासै यिनलाई आफ्नो कुर्सीबाट घचेडिएको थियो । जुन दिन तारा दिदी बस्ने कुर्सीका खुट्टामा खुकुरी लाइयो त्यो दिन यिनका छातीमा आगाका तातिएका रातारात सुइरा भास्सिएका थिए । यिनी त्यसबेला धुरुधुरु रोएकी थिइन् । तर यिनी जति रोए तापनि, यिनलाई जसले दुःख दिए तापनि र यिनका जीवनमा जति अपमानको धोक्रो भिराइए तापनि सारा नेपाली सङ्गीतप्रेमीका लागि तारा दिदी सिङ्गो रेडियो नेपाल मानिन्छिन् । वास्तवमा जीवनभरि जति हन्डर खाए तापनि यिनले गायनका रथमा चढेर विभिन्न उकालीओराली र आरोहअवरोह धाइरहिन् । यिनले यिनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली पाखा, पहरा र झर्नाहरूलाई थर्काएर सुमधुर गीत गाइरहिन् । वीर नेपालीहरूका हृदयलाई एक्कै ठाउँमा राखेर यिनले चाँदनी शाहका शब्द र नातिकाजीका सङ्गीतमा आफ्नो कोकिलस्वर गुन्जाइरहिन् :

उकालीओरालीहरूमा, भन्ज्याङ अनि चौतारीहरूमा
सुन्दर ती दहहरूमा, हिमालका विशाल छातीहरूमा
जहाँजहाँ जान्छौं तिमी, म पाइला बनी पछ्याइरहन्छु
ती छहरा, खोला, खहरेहरूमा सम्झना बनी बगिरहन्छु ।

स्वरकिन्नरी तारादेवीले नेपाली गीत गाएर नेपाली सङ्गीतका पारखीहरूका लागि एउटा सिङ्गो जीवनदान दिइन् । तर तारादेवीलाई चाहिँ आफूले हुर्काएको, बढाएको र चिनाएको रेडियो नेपालले समेत अपमान, आँसु र पीडा दियो । छोटकरीमा भन्ने हो भने एउटी आमाले ४२ वर्ष लगाएर एउटा सन्तानको निरन्तर सेवा गरिन् तर आफ्नो शक्ति बढ्दो भन्दैमा सन्तानले चाहिँ आफ्नो सम्पूर्ण शक्ति प्रयोग गरेर त्यही आमाका टाउकामा बन्चरो प्रहार गर्‍यो । वास्तवमा ४२ वर्षसम्म लगातार रेडियो नेपालमा गीत गाएर बसेकी तारादेवीलाई पनि श्री ५ को सरकारले आँखा चिम्लेर रेडियो नेपालबाट हुत्याइदिँदा त्यस दिन तारादेवीलाई कस्तो भयो होला ? गीत गाउन छाडिन् भन्ने हो भने यिनले त्यसपछि पनि गीत गाइरहिन् । तर रेडियो नेपालले यिनलाई धपाए पनि यिनले आफ्नो स्वर प्रायः निजी क्षेत्रका स्टुडियोहरूमार्फत समर्पण गरिरहिन् । रेडियो नेपालले अपमान गरेका कारणले यी अझै रेडियो नेपालप्रति खुलस्त हुन सकेकी पनि छैनन् । साथै आफूले जीवनभरि प्रिय ठानेको रेडियो नेपाललाई तारादेवी कुनै नमीठो शब्दसन्देश पनि दिन चाहन्नन् ।

गायनक्षेत्रमा पाइला राखेदेखि यिनलाई जसले खेद्न खोजे पनि, रेट्न खोजे पनि र मेट्न खोजे पनि यिनले नेपाली गायनमा बलियो खुट्टा टेकिन् । कतै विचलित नभई यी आफ्नो यात्रामा निरन्तर हिँडिरहिन् । त्यसैका परिणामले नै २०५६ साल पुस १४ गते श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको ५५औं शुभजन्मोत्सवका अवसरमा मौसूफ सरकारबाट जनप्रिय गायिका तारादेवीलाई गोरखादक्षिणबाहु प्रथम बक्स्यो । नेपाली साङ्गीतिक इतिहासमा यो घटना अत्यन्तै उल्लेखनीय, सुखद र चिरस्मरणीय रहेको छ । सो विभूषणको घोषणासँगै तारादेवीका आँखामा पहिलोपल्ट हर्षका आँसु छचल्किएका थिए । त्यस्तो गरिमाशाली विभूषणको समाचार सुन्दा यिनी साह्रै रमाइन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारादेवीले 'जगदम्बाश्री पुरस्कार' पनि पाइन् । नेपाली भाषालाई गीतका माधुरीबाट देशदेशान्तरमा फैलाएबापत यिनी २०५० सालको 'जगदम्बाश्री पुरस्कार' बाट सम्मानित भइन् । त्यसबेला पनि पुरस्कार थापेका दिन यिनका आँखाभरि हर्षका आँसु छचल्किएको मैले देखेको थिएँ । त्यतिमात्र होइन, गायनको निरन्तर आराधना गरेबापत यिनले २०५२ सालको 'मैना पुरस्कार' पनि पाइन् । 'मैना पुरस्कार' समर्पण समारोहमा चाहिँ यिनले आफ्नो जाँगर पनि प्रस्तुत गरिन् । अथवा भनौं त्यस दिन यिनले त्यहाँ मीठामीठा गीतहरू पनि गाइन् । तारादेवीले गीत गाएर नै 'इन्द्रराज्यलक्ष्मी प्रज्ञापुरस्कार' पनि पाएकी थिइन् र 'छिन्नलता गीत पुरस्कार' पनि पाएकी थिइन् ।

•

तारा दिदीसँग मैले नभेटेको धेरै दिन भएको थियो । रेडियो नेपालले दिदीको टिकट काटिदिएपछि पनि म निक्कै महिनासम्म आफ्नो व्यस्तताका कारणले दिदीसँगको भेटघाटबाट टाढा नै रहेको थिएँ । तर एक दिन म दिदीलाई भेट्न भनेर उनकै घर बानेश्वर गएँ । म निकै लामो समयपछि उनलाई भेट्न गएको थिएँ । त्यसबेला म उनका कोठामा पुग्दा उनी सुतिरहेकी थिइन् । अनि म पुगेपछि दिदीले नै कुराको प्रारम्भ गर्दै भनिन् 'केही दिनअघि म भन्याङबाट लडेकी थिएँ । त्यसैले अहिले म ओछ्यानमै पररहेकी छु, अहिले पनि मेरो खुट्टाचाहिँ सुन्निरहेकै छ ।'

त्यस दिन पनि हामी दिदीभाइबीच थुप्रै कुराकानी भए । वास्तवमा त्यो दिन तारा दिदीले आफ्ना थुप्रै दुखेसाहरू मेरा काखमा बिसाइरहिन् । कुरैकुरालाई प्रसङ्गमा मिसाएर त्यस दिन तारा दिदीले आफ्ना छातीमा उकुसमुकुस भएका कुराहरूलाई सुस्तरी खोल्दै थिइन् 'रेडियो नेपालबाट जागिर छुटेपछि मैले दिनभरि पनि घर बस्नुपरेको छ । त्यसैले हिजोआज मलाई आफैंदेखि पनि दिक्क लाग्न थालेको छ ।'

हुन त तारादेवीले पाँच वर्षको कलिलो उमेरदेखि रेडियो नेपालको सेवा गरेकी थिइन् । यी आफू ४८ वर्ष उमेरकी हुन्जेलसम्म पनि गीत गाएर त्यहीँ बसिन् । बाल्यकाल, युवाकाल र त्यसपछिको पनि सबै भाग रेडियो नेपालमै समाहित गर्ने नेपालमा दुईजनामात्र सुविख्यात कलाकार छन् र ती हुन्- नातिकाजी र तारादेवी । तर यी दुवै सङ्गीतका महारथीलाई सेवाबाट निकालेर श्री ५ को सरकारले नेपाली सङ्गीतलाई अति ठूलो गुन लगाएको छ । वास्तवमा नातिकाजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र तारादेवीजस्ता नेपाली सङ्गीतका शिखरलाई श्री ५ को सरकारले सम्बन्धित एकाइको सल्लाहकार मात्रै बनाइदिएको भए पनि नेपाली सङ्गीतको गरिमा बढ्थ्यो र सङ्गीतका यी साधकहरूको पनि मन रहन्थ्यो । तर अब यी दुवै मानवहरू चित्त दुखाएर आफ्नै घरमा थुनिएका छन् ।

त्यस दिन मैले दिदीबाट धेरैधेरै नरमाइला कुराहरू सुनें । अनि त्यसपछि झन् म प्रायः दिदीलाई भेट्न उनको घर बानेश्वर जान थालें । कहिले एक्लै जान थालें र कहिले इन्दिरासँग जान थालें ।

रेडियो नेपालका विषयमा टीकाटिप्पणी भइरहेका बेला अर्को एक दिन दिदीले मलाई भनेकी थिइन् 'म पाँच वर्षकी थिएँ, त्यसबेला मलाई भैरवबहादुर थापाले रेडियो नेपाल पुऱ्याउनुभएको थियो । त्यसबखत मैले जति गीत गाए पनि मलाई पारिश्रमिक दिइँदैनथ्यो । त्यसबेला म निःशुल्क बालगीतहरू नै गाउँथें । केही समयपछि मैले गीत गाएको पारिश्रमिक पनि पाउन थालें । त्यसबेला मैले एउटा गीत गाउँदा ५ रुपैयाँ दाम पाउँथें । अनि जब देवेन्द्रराज उपाध्याय रेडियो नेपालमा डाइरेक्टर भएर आउनुभयो त्यसपछि उहाँले मलाई थुप्रै प्रोत्साहन दिनुभयो । देवेन्द्रराजजीको रेडियोमा आगमन भएपछि चाहिँ मैले एउटा गीत गाएको दस रुपैयाँ दाम पाउन थालें । अनि मैले केही महिनासम्म मासिक दसओटा गीत गाउन सुविधा पनि पाएँ । देवेन्द्रराज उपाध्यायका स्नेहले त्यसबेला मैले अस्थायी नियुक्ति पाएँ, मेरो नियुक्तिबमोजिम म रेडियो नेपालकी खरदार भएँ । त्यसबेला खरदारी लाइनको तलब महिनाको एक सय रुपैयाँ हुन्थ्यो ।'

जुन बेला रेडियो नेपालमा तारा दिदी खरदार थिइन् त्यसबेला त्यहाँ अर्की गायिका किशोरीदेवीचाहिँ सुब्बा थिइन् । केही समयपछि किशोरीदेवी एउटा दुर्घटनामा परिन् र मरिन् । त्यस वियोगले हरिप्रसाद रिमाल साह्रै रोए । वास्तवमा रहरलाग्दो प्रेमको डोरी चुँडिएपछि जुनसुकै प्रेमी भक्कानिन्छन्, विह्वलित हुन्छन् र बैरागिन्छन् । घटनाक्रम जे होस्, सुब्बाको कुर्सी खाली भएपछि रेडियो नेपालले तारादेवीलाई चाहिँ बढुवा गरिदियो । देवेन्द्रराज उपाध्यायका कृपाले तारादेवी रेडियो नेपालमा अस्थायी नायब सुब्बामा कार्यरत हुन थालिन् । सङ्गीतमा विशारद गरेपछि तारादेवी सुब्बामा नै स्थायी भइन् । अनि यिनलाई सुब्बामा स्थायी गर्ने व्यक्ति थिए- रामराज पौड्याल । सुब्बाका कुर्सीमा बसेर पनि यिनले तीसौँ वर्ष गीत गाइरहिन् ।

•

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज नेपालले तारादेवीलाई पाएर पनि यिनको महत्त्वलाई बुझ्न सकेको छैन । वास्तवमा यदि तारादेवीको जन्म नभएको भए हाम्रो देशमा एउटी महान् गायिकाको सधैँ चिरप्रतीक्षा खट्किरहने थियो । त्यसैले अहिले कुनै देशका मान्छेले 'तिम्रो देशको सबैभन्दा ठूलो गायिका को हो ?' भनेर सोध्दा हामीले फुर्ती हाँक्तै 'तारादेवी' भन्न पाएका छौं । वास्तवमा नातिकाजी, बच्चुकैलाश, नारायणगोपाल, तारादेवी, अरुणा लामा भनेका हजार वर्षमा एक पटकमात्र जन्मने प्रतिभा हुन् । यस्ता अद्वितीय प्रतिभा जन्माउन मान्छेका आमाहरूले हत्तपत्त सक्तैनन् नै । किनभने यस्ता ओजस्वी व्यक्तित्व जन्माउन राष्ट्रले नै ठूलो तपस्या गर्नुपर्छ । तर यति हुँदाहुँदै पनि आज हाम्रा माझबाट हाम्री एउटी मणि, कस्तूरी र हीरा सडकमा फालिएको दुङ्गा झैँ भएकी छिन् । साँच्चै भन्ने हो भने तारादेवीजस्ती महान् गायिकालाई नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा नै पुऱ्याइनुपर्थ्यो । यदि यसो भएको भए एकातिर नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको पनि इज्जत बढ्थ्यो र अर्कातिर तारा दिदीले पनि आफूलाई नै ठूलो प्रोत्साहन पाएको ठान्ने थिइन् ।

२०५१ सालको कुरा हो । त्यसबेला नयाँ ऐनअनुसारको नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति मदनमणि दीक्षित थिए । एउटा शिक्षित र एउटा दीक्षित व्यक्तित्व उपकुलपति हुनु निश्चय नै महत्त्वपूर्ण उपलब्धि थियो । त्यसैबेला दीक्षितका आग्रहमा म र इन्दिरा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान पुगेका थियौं । त्यसबेला प्रज्ञाप्रतिष्ठानमा सदस्यहरूको मनोनयन हुनचाहिँ बाँकी थियो । ३० जना सदस्यमध्ये १९ नम्बरमा इन्दिराको पनि नाउँ रहेछ । त्यो नाउँ मदनमणि दीक्षितले देखाएपछि मैले उनको आत्मीय व्यवहार र प्रजातान्त्रिक शैलीलाई मनमनै धन्यवाद दिएँ ।

त्यसैबेला इन्दिराले भनेकी थिइन् 'देवकुमारी दिदीको नाउँ परेको रहेनछ । आञ्चलिक हिसाबमा पनि उहाँ जस्ती शीर्षस्थ व्यक्तिलाई छाडेर मेरो नाउँ सिफारिस नगर्नुहोस् ।' दीक्षितले इन्दिराको सल्लाह सहर्ष स्वीकार गरेका थिए । अनि त्यसैबेला मैले भनेको थिएँ 'दौलतविक्रम बिष्ट, गोमा, तारादेवी र नातिकाजीको नाउँ सिफारिस गर्नुभएमा प्रज्ञाप्रतिष्ठानको पनि गरिमा बढ्नेछ ।' मेरो कुरो दीक्षितलाई अलिक व्यावहारिक लागेनछ क्यारे, उनले तुरुन्तै जवाफ दिएका थिए, 'यसपल्ट म युवापिँढीको नाउँ सिफारिस गर्नेछु ।' एकछिन त मैले पनि पुनः ती नाउँहरू पर्नैपर्छ भनेर जिद्दी गरेँ, तर उनले पनि आफ्नो ढिपी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कायमै राखेका थिए । 'अब कुनकुन चाकरीदारहरूको नाउँ रेडियोले फुक्छ हेर्रौं' भन्दै हामी त्यहाँबाट उठेका थियौं । नभन्दै पूजनीयलाई 'पुजनिय' लेंख्ने दिदीलाई 'दिदि' लेख्ने र सीतादेवीलाई 'सितादेवि' लेख्ने एकजना साहित्यकार पनि प्रज्ञाप्रतिष्ठानका सदस्यमा मनोनीत भएको रेडियो नेपालले समाचार फुक्यो ।

अब त हाम्रो मुलुकमा टपर्टुइयाँहरूकै दिन आउने भएको यथार्थ विवरण तारा दिदीका आँखामा पनि नाच्न थालेको छ । यिनलाई अब केही पाउने पनि आशा छैन, किनभने यिनले राजनीति गर्न जानेकी थिइनन् । यिनका बाबु कृष्णबहादुर कार्की पनि कुनै पार्टीका नेता थिएनन् र आमा राधादेवीले पनि घरगृहस्थीमा नै जीवन बिताएकी थिइन् । इन्द्रचोकमा पान बिक्री गरी जीवननिर्वाह गर्ने यिनका बाबुआमाले २००२ साल माघ २ गते मङ्गलबार नेपाली माटालाई एउटी सिङ्गो तारादेवी छाडिदिए । बस्, तारादेवीको इतिहास, शक्ति र जीवन यत्ति नै हो ।

यिनले २०३२ सालमा १५ हजार रुपैयाँको 'इन्द्रराज्यलक्ष्मी प्रज्ञापुरस्कार' पाएपछि यी त्यस रकमलाई सदुपयोग गर्ने काममा लागिन् । साथै आफूले जीवनभर खाएर, नखाएर कमाएको पैसा पनि थपेर यिनले बानेश्वरमा एउटा घर बनाइन् । यसै विषयको कुराकानी चलिरहेका समयमा तारा दिदीले मलाई भनेकी थिइन् 'मैले आफ्नो घर बनाएपछि मात्र आनन्दको सास फेर्रैं । मैले आफ्नो घर बनाउनुभन्दा अघि म एउटा अत्यन्तै साँगुरो कोठामा जीवनयापन गर्ने गर्थें । अहिले मलाई राम्रो छ । मेरा पति शिवबहादुर श्रेष्ठका जागिरबाट प्राप्त तलबबाट हामी दुःखसुखको जीवन भोगिरहेका छौं । मेरा छोराछोरी पनि पढ्दैछन् । उनीहरूले पनि पछि केही गर्लान् भन्ने मलाई आशा छ ।'

तारा दिदीले अहिलेसम्म करिब चार हजारवटा नेपाली गीत गाइन् । यिनले खास गरेर नारायणगोपालसँग मिलेर गीत गाइन् । तर युगल गीत गाए तापनि त्यसबेला नारायणगोपालसँग यिनको बेग्लै जीवन चलिरहेको थियो । भनौं, धेरै वर्षसम्म पनि यिनको नारायणगोपालसँग बोलचालै थिएन । तर यिनीहरूमाझ आपसी ठाकठुक भए तापनि एउटै मञ्चका माइकमा उभिएर यिनीहरू युगल गीतचाहिं गाउँथे । एकअर्कामा नबोलेर नै पनि यिनीहरूले थुप्रै गीत गाएका थिए । एकपटक तारादेवीले सांस्कृतिक संस्थानमा आंशिक जागिर पनि खाएकी थिइन् । तर नारायणगोपाल त्यस संस्थानमा महाप्रबन्धक भएर आएपछि उनले सबैभन्दा पहिला तारादेवीकै जागिर खोसिदिएका थिए । वास्तवमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारायणगोपाल पनि विचित्रकै थिए । यी आफूलाई मन पर्ने मान्छेलाई आफ्नै गर्दन दिन्थे तर रिस उठेको मान्छेलाई देख्न सक्दैनथे । त्यही क्रममा नारायणगोपालले तारादेवीलाई आफ्ना छेउबाट हुत्याएका थिए । यिनीहरूमाझ जतिसुकै ठूलो हुरीबतास आए तापनि यिनीहरूले युगल गीतचाहिँ गाइरहे । त्यस्तो बेला खास गरी यिनीहरूले प्रायः धेरै गीतिनाटकमा गीत गाए । शकुन्तला, मुनामदन र मालतीमङ्गलेमा गीत गाएर यिनीहरू झन्झन् जनप्रिय पनि भए । साथै बोलचालबिना पनि यिनीहरूले केही नेपाली चलचित्रहरूमा समेत युगल गीत गाए ।

बोलचालैबिना यी दुवै गायकगायिकाले केही वर्ष बिताए । अनि केही वर्षपछि राजारानीको सवारीका साथ यी दुवै जना सुर्खेत पुगे । त्यसबेला राजारानीका समुपस्थितिमा एउटा भव्य सांस्कृतिक कार्यक्रम भएको थियो । त्यही कार्यक्रममा यिनीहरूले आफैँले गाएको पुरानो युगल गीत पुनः दोहोऱ्याएर गाए । रत्नशमशेर थापाको रचनाको त्यस गीतलाई नारायणगोपालले नै सङ्गीत दिएका थिए :

ए कान्छा, ठट्टैमा यो बैँस जान लाग्यो
जाँदैन बाचा खेर, पर्खं लिन आउँला ।

त्यस दिन सांस्कृतिक कार्यक्रम सकिएपछि यी दुवै साह्रै रमाए । कार्यक्रम अत्यन्तै सफलताका साथ सकिएकाले तारादेवी र नारायणगोपाल खूबै दङ्ग परे । साथै त्यही खुसीयालीमा नारायणगोपाल र तारादेवीबीच बोलचाल खुल्यो । उनीहरूले त्यही दिन आफ्नो टालिएको छाती पनि खोले । त्यसबेला तारादेवीले हर्षका आँसु झारिन् र नारायणगोपाल पनि साह्रै प्रसन्न भए । वास्तवमा यिनीहरू दुवै महान् हुन् । यसै प्रसङ्गलाई कोटचाएर एक दिन मैले तारा दिदीलाई एउटा प्रश्न पनि राखेँ । अनि दिदीले भनेकी थिइन् 'नारायणगोपाल स्वर्गीय भएपछि मैले त्यसबेला हामी नबोलेका घटनामात्रै सम्झिरहेँ । त्यसबेला त्यो घटना सम्झँदा मलाई अत्यन्तै पछुतो भयो ।'

थुप्रै खुसी, पश्चात्ताप र पीडा बोकेर तारादेवी गीत गाउँदै रेडियो नेपालकी खरदार, सुब्बा र अधिकृत भएकी थिइन् । त्यसपछि हुकुमप्रमाङ्गीबाट यिनी सहायक सचिव भइन् । सहायक सचिव भएपछि यी निक्कै दङ्ग परिन्, रमाइन् र खुसी भइन् । तर तारा दिदीको त्यस पदको भोग निक्कै चाँडो सकियो । त्यही पदका विषयमा चर्चापरिचर्चा हुँदा एकबाजि दिदीले मलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेकी थिइन् 'मैले सहायक सचिवको नियुक्ति थापेको तीन वर्ष नपुग्दै नेपालमा राजनैतिक परिवर्तन आयो। त्यसपछि मलाई रेडियो नेपालबाट बिनासित्तैं निकालियो। बिनाकसुर रेडियो नेपालबाट धपाइँदा म धेरैधेरै रोएँ, मेरो आत्मा नै रोयो, मेरो मुटु नै रोयो।' त्यसबेला तारा दिदीले आफ्ना अतीतलाई कोटचाउँदाकोटचाउँदै आफ्ना गहभरि आँसु थुपारिसकेकी थिइन्। आँखाबाट अविरल झरी बर्साउँदै त्यस दिन दिदीले रेडियो नेपालका विभिन्न कुराहरू गरिरहिन्। देशमा बहुदलीय शासन आएपछि केही समयसम्म यिनलाई केहीले अनावश्यक लाञ्छना लाएछन्। केहीले यिनकै सामुन्ने आएर पनि यिनलाई गाली गरेछन् र यिनका नाउँलाई राजनीतिसँग सम्बन्धित बनाउन पनि खोजेछन्। वास्तवमा तारादेवी कुनै पनि राजनैतिक एकाइसँग अपरिचित थिइन्, अनभिज्ञ थिइन् र टाढै थिइन्। अनि यिनी जति थिइन्, आफ्नै स्वरभित्र मात्र थिइन्। रेडियो नेपालमा बसेर यिनले सङ्गीतको मात्रै सेवा गरेकी थिइन्। यिनले मन, वचन र कर्मले सङ्गीतको आराधनामात्रै गरेकी थिइन्।

अवकाशको पत्र पाउनुभन्दा अघिल्लो दिनसम्म पनि तारा दिदी रेडियो नेपालमै थिइन्। साथै अघिल्लो दिन पनि यिनले एउटा गीत रेडियोको स्टुडियोमा गाएकी थिइन्। अनि जब यी भोलिपल्ट हाजिर गर्ने कोठामा गएर यिनले सधैँ झैँ आफ्नो हाजिरकापी समाइन्, त्यसैबेला यिनका कानमा एउटा खरदारी वचन. आएर ठोकियो 'आजदेखि तपाईंलाई हाजिर गर्न नदिनू भन्ने निर्देशन आएको छ।' त्यो कटु र दुःखद वचनले त्यसबेला तारा दिदीका निधारमा चिटचिट पसिना आएको थियो, मुख सुकेको थियो र कलेजोमा फलामे सुइरो रोपिएको थियो। त्यसबेला यी सबैका सामु उभिएर पनि एक्ली झैँ भएकी थिइन्, यिनको शरीर नै बेसहारा झैँ भएको थियो र यिनका हृदयमा चटचाङ परेको थियो।

वास्तवमा तारादेवी पनि सञ्चार मन्त्रालयका लागि एउटी बोझ भएकी रहिछन्। सबैजना अटेका ठाउँमा तारादेवीजस्ती महान् गायिकाका लागि एउटा कुर्सी राख्न पनि रेडियो नेपाललाई भार भएको रहेछ। त्यसैले त्यस दिन यी सारीको सप्कोले आँसु पुछ्दै आफ्नो घर गइन्। घरमा पुगेर यिनले आफ्नो दुखेको, गलेको र पिल्सिएको शरीरलाई थचक्कै बिसाइन् र रोइन्। अनि त्यस घटनाको केही दिनपछि म पनि यिनका घरमा पुगेँ। त्यस दिन पनि यिनले आफ्नो पीडालाई विस्फोटन गर्दै भनिन् 'मैले जुन मन्दिरमा अन्तर्मनैदेखि आफ्नो जीवन चढाएँ त्यही नै ठाउँबाट मेरा निधारमा अपराधको टीका टाँस्सियो। मैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रेडियोमा जागिर खाएर आफ्नो घर भनिनँ, श्रीमान् भनिनँ र आफ्ना छोराछोरी भनिनँ । तर अन्त्यमा त्यही ठाउँले मलाई अपमानको प्रमाणपत्र भिरायो ।' त्यसबेला कुरा गर्दागर्दै तारा दिदीले आँखाभरिका आँसु पुछ्दै भनिरहिन् 'रेडियो नेपालले मलाई जागिरबाट निकालेपछि म बसेका कोठाको दैलो पनि बाङ्बुङ् पारेर फोरिएछ । त्यहाँ मैले राखेका सबै सामानहरू छरपस्ट पारेर छरियो, लुटियो र हराइयो । मसँग साँचो मागेको भए म दिइहाल्थेँ । साँच्चै भाइ ! म त्यो दिन साह्रै रोएँ ।' त्यस दिन आफ्ना पीडा ओकल्दाओकल्दै दिदी केहीबेर रोइरहिन् । म पनि दिदीका निर्दोष आँसुबाट दुःखित भएँ, रोएँ । त्यसैबेला मेरा हृदयमा विश्ववल्लभका शब्दमा तारा दिदीले आफैँ सङ्गीत गरेर गाएको गीत बज्रिरह्यो । अनि मैले निराश भएर त्यस दिन त्यही गीत सम्झिरहेँ :

रुनमात्र हुने भए डाँको छोडी रोइदिन्थेँ
देखाउन सक्ने भए मुटु चिरी देखाइदिन्थेँ ।

त्यस दिनका दिदीका आँसुले मलाई साह्रै व्यथित तुल्याएको थियो । त्यसबेला मेरा छातीमा पनि भूकम्प गइरहेको थियो । अनि एकछिन मौन रहेर दिदीको सांसारिक परिभाषा दिएको संवादमा मेरा कान एकत्रित भए 'यस संसारमा मान्छे कति स्वार्थी, मतलबी र धोकेबाज हुँदारहेछन् ।'

साँच्चै भन्ने हो भने तारादेवीलाई नेपालले चिन्दैचिनेन । यदि यिनलाई नेपालले चिन्थ्यो त यिनलाई बाँचुन्जेल रेडियो नेपाल, नेपाल टेलिभिजन वा सञ्चार मन्त्रालयले फूलैफूलले पुजेर राख्नुपर्थ्यो । हुन त हामीले यिनलाई कहिल्यै पनि भनेजस्तो सम्मान दिएनौँ तापनि यिनीबाट चाहिँ हामीले अझै थुप्रै लिन सक्थ्यौँ । तर हामी तारादेवीबाट अझै काम लिनबाट भने ठगियौँ ।

तारा दिदीको जागिर हिँडेको केही दिनपछि सङ्गीतकार गणेश परियारसँग मेरो भेट भएको थियो । त्यस दिन उनले पनि दिदीको प्रसङ्ग निकाल्दै भनेका थिए 'तारा हुन्जेल रेडियो नेपाल नै हराभरा, चम्किलो र उज्यालो थियो । तर त्यही प्यारो ठाउँ अहिले काँडाघारी र मरुभूमि झैँ भएको छ । एउटा मान्छेका अभावमा कति फरक पर्दोरहेछ ।'

जिन्दगी भन्नु नै सुख र दुःखको एउटा चौतारी नै त हो । अझ दुःखका दिनहरू एक्लै आउँदैनन् भनेको कुरा पनि सत्य नै रहेछ । नेपालको परिवर्तित राजनैतिक व्यवस्थाले लात बजारेर मात्र तारा दिदीका दुःखको अन्त्य हुन सकेन । त्यही दुःखले रन्थनिएका मौकामा ईश्वर पनि तारा दिदीमाथि मर्मान्तक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चोट बजार्न पछि परेनन्। यो पीडादायी समाचार मैले पेमला भाउजूबाट सुन्नुपरेको थियो।

नेपाली साङ्गीतिक फाँटमा नारायणगोपालका लागि पेमला गुरुवाचार्य एउटी चौतारी थिइन्। कैयौं समयसम्म आफ्ना पतिको टाउको बिसाउने ठाउँ त्यसबेला पेमला भाउजूको काख थियो। पेमला भाउजू भित्रभित्रै रुन्थिन्, भौंतारिन्थिन् र छटपटाउँथिन्। तर आफ्ना स्वामीको मनोविज्ञान बुझेर ओठैभरि मुस्कान थुपार्थिन्। मैले त्यही रूप, त्यही रङ्ग र त्यही घटना अर्की एउटी महान् गायिकाका छातीमा वाण भएर ठोक्किएको देखें। भनौं आफ्नो २६ वर्षीय छोरो शशिका छेउमा बसेर तारा दिदी पनि आँसुभित्रै पौडिरहेकी मैले देखें। त्यही कठोर समयलाई स्वीकारेर तारा दिदी आफ्नो प्रिय छोरालाई हेरेर शिक्षण अस्पतालको ३०१ नम्बरका कोठामा औंसीको रात झैं दिनसँग पनि लुकामारी खेलिरहेकी थिइन्।

त्यस समय उक्त घटनाको विवरण मैले पेमला भाउजूबाट भेटेपछि म पनि आत्तिँदै शिक्षण अस्पताल पुगें। २०५० साल माघ २४ गते अस्पतालका क्याबिनभित्र मैले तारा दिदीलाई आँसुआँसुमा भिजिरहेका अवस्थामा भेटें। त्यस अवस्थामा मलाई देखेपछि उनी झन् साह्रै भक्कानिइन्। वास्तवमा त्यसबेला उनी आफ्ना पति शिवबहादुर, छोरो रवि र छोरी चारु श्रेष्ठका माझमा बसेर शशिका पीडामा छट्पटाइरहेकी थिइन्। त्यसबखत उनी आफ्नो छोराका जीवनलीलाको अन्तिम पल गनेर बसेकी थिइन्। बम्बैका चिकित्सकले दुई महिनासम्म प्रयास गरेपछि रगतमा क्यान्सर भएको र त्यस रोगको उपचार हुन नसक्ने विवरण दिएपछि शशिलाई काठमाडौं फर्काइएको रहेछ। त्यस घडी तारा दिदी आफ्ना छोरालाई टुलुटुलु हेरेर बसिरहेकी थिइन्। अनि खिन्न हुँदै म पनि शिक्षण अस्पतालबाट बाहिर निस्कें। त्यो समाचार मलाई कुनै एक ठाउँमा पनि पुऱ्याउन मन लाग्यो र म अस्पतालबाट सरासर त्यहीं गएँ। त्यो दिन मेरा मित्र दिनेश घलेका साथ म राति दस बजे घर आइपुगें। घरमा आए तापनि त्यसबेला मेरा मस्तिष्कमा रवीन्द्र शाहका शब्द र तारादेवीको त्यही गीत नै निक्कै बेर गुन्जिरह्यो :

यस्तो बाजी हारैं मैले जीत सारा तिम्रै भो
यस्तो गीत गाएँ मैले प्रीत सारा तिम्रै भो
सागरभरि ताराहरू आपसमा हाँस्ता रैछन्
मुटुभरि जलन लिई मान्छे यहाँ बाँच्ता रैछन्।

•

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामनवमी अर्थात् २०५१ सालको वैशाख ७ गते बिहानै साढे छ बजे मेरा घरमा टेलिफोन आयो । तारादेवीले त्यसबेला रुँदै भनिन् 'प्रसाई भाइ ! हिजो राति मेरो छोरो शशिको निधन भयो ।' त्यसपछि भक्कानिँदै उनले मसँगको टेलिफोन वार्ता बन्द गरिन् ।

शशि श्रेष्ठ तारा दिदीका जेठा छोरा थिए । उनी दश महिनाअघिदेखि रोगले ग्रस्त थिए । तर यो कुरा हामीलाई थाहा थिएन । करिब दुई महिनाअघि नातिकाजी दाइ, तारा दिदी र योगेश दाइसँग मेरो रेडियो नेपालमा भेट भएको थियो । त्यहाँ तारा दिदीले मलाई भनेकी थिइन् 'प्रसाई भाइ ! मलाई एउटा समस्याले गाँजेको छ ।' अनि त्यसबेला मैले पनि ख्यालठट्टा गर्दै तारा दिदीलाई आफ्नो खस्रो, तीतो र ठाडो संवाद तेर्स्याएको थिएँ 'दिदी ! मलाई पनि समस्या नै छ, मलाई पनि व्यथा नै छ ।' वास्तवमा त्यसबेला मलाई ती शब्द प्रयोग गरिसकेपछि पनि केही वास्तै भएन । भनौं, आनन्दले मैले त्यहाँ ती शब्द ओकलेको थिएँ । तर त्यसको भोलिपल्ट बेलुका जब पेमला गुरुवाचार्य अथवा भनौं नारायण दाइकी पत्नीले मलाई टेलिफोनमा सोधिन् 'तारादेवीका छोरालाई ब्लड क्यान्सर भयो भन्ने सुनें नि !' पेमला भाउजूका कुरा सुनेपछि म खत्रक्कै भएँ, लत्रक्कै भएँ र साह्रै दुःखित भएँ । त्यस दिन मैले तारा दिदीप्रतिको आफ्नो रूखो व्यवहार सम्झेर आफूलाई साह्रै धिक्कारें ।

छब्बीस वर्षीय शशि श्रेष्ठलाई सुरुमा काठमाडौंमा उपचार गरिएछ । काठमाडौंका चिकित्सकले शशिलाई निमोनियाको शङ्का गरेर सोहीबमोजिमको औषधि प्रदान गरेछन् । त्यस औषधिले नछोएपछि फेरि टी.बी. पो होला भनेर टी.बी.कै औषधि गरिएछ । अनि त्यस औषधिले पनि नसमाएपछि शशिलाई मलेरियाको औषधिसमेत गरिएछ ।

काठमाडौंमा उपचार गराउँदागराउँदै हैरान भएपछि शशिलाई ऋणपान गरेर दिल्ली पुऱ्याइयो । एउटा कलाकारको छोरो सिकिस्तै हुँदा दिल्ली लगेर औषधि गर्ने हैसियत नै के हुन्थ्यो होला र ? तर पनि छरछिमेकसँग केही रकम ऋण मागेर भए पनि छोरालाई दिल्ली पुऱ्याइयो । हुन त रोग जर्जर अवस्थामा पुगिसकेका कारणले दिल्लीमा पनि शशिको उपचार हुनै सकेन । त्यसपछि उनलाई बम्बैको टाटा अस्पतालमा भर्ना गरियो ।

तारा दिदीले बानेश्वरको घर जाकड राखेर आफ्ना छोराको बम्बैमा उपचार गरिन् । बम्बैमा दुई महिना राखेपछि चिकित्सकले शशिलाई बचाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नसक्ने घोषणा गरे र ब्लडक्यान्सरको जानकारी पनि दिए । त्यसपछि शशिलाई पुनः काठमाडौं ल्याइयो । अनि दुई महिनासम्म शिक्षण अस्पतालमा राखेपछि उनी २०५१ वैशाख ६ गते राति दिवङ्गत भए ।

शशिको निधन भएपछि पनि तारा दिदीका परिवारले समयमा लास उठाउन सकेन । भनौं, अस्पतालमा तिर्नुपर्ने साठी हजार रुपैयाँका अभावले दिवङ्गत पुत्रको लास केही समयसम्म अस्पतालमा नै रह्यो । अनि किरण खरेलले अस्पतालमा कार्यरत आफ्ना साला विष्णुप्रसाद थपलियालाई जमानत राखेर शशिको लास निकालेका थिए ।

तारा दिदीको त्यति मात्र पीडा, व्यथा र रोदनले ईश्वरलाई अझै चित्त बुझेनछ । पुनः तारा दिदीका छातीमा एउटा तीखो भाला रोपियो । अर्थात् २०५५ सालको भदौ ५ गते उनका पति शिवबहादुर श्रेष्ठले चलाएको हवाईजहाज उड्दाउड्दै हराएको खबर आयो । केही दिनसम्म जहाजको टुङ्गै लागेन । अनि पछि त्यो जहाज टुक्राटुक्रा भएको भेटियो । त्यसपछि तारा दिदी विधवा भएको ठहर भयो । वास्तवमा उनले जीवनमा दोहोऱ्याउँदै, तेहऱ्याउँदै त्यस्तै बाजी मात्रै हारेकी थिइन् ।

•

तारादेवीले जिन्दगीका थुप्रै उकाली उक्लिन्, ओराली ओर्लिन् र तेर्सो पनि हिँडिन् । अनि यिनले जीवनमा केही सम्मान पनि पाइन्, धेरै अपमान पनि भिरिन् । तर तारादेवीका जीवनमा जेजस्ता घटना घटे तापनि उनी नेपाली गीतकी विगत थिइन्, वर्तमान हुन् र भविष्य हुनेछिन् । नेपाली साङ्गीतिक इतिहासमा यिनको महिमा छ, महत्त्व छ र अपरिहार्य आवश्यकता छ ।

तारादेवीलाई जसले थुक्छ थुकोस्, उनी सागर हुन् कुनै फरक पर्दैन, तारादेवीलाई जसले चाट्छ चाटोस् उनी हिमाल हुन् कुनै फरक पर्दैन अनि तारादेवीलाई जसले कुल्चिन्छ कुल्चियोस्, उनी धर्ती हुन् कुनै फरक पर्दैन । तारादेवी नेपाली गीतकी मुटु हुन्, आकाश हुन् र धर्ती हुन् । तर यी जे भए तापनि हामी नेपालीचाहिं कृतघ्न हौं । त्यतिमात्र होइन, हामी नेपाली ताक परे तिवारी नत्र गोतामे हौं । त्यसैले यथार्थवादी गीतकार चाँदनी शाहका दिव्य रचना र नातिकाजीका साङ्गीतिक धूनमा तारादेवी गाउँछिन् :

सुक्खका बेला हजारौं होलान् साथमा
दुक्खका घडी आउँदा जीवन बाटोमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारादेवीको इतिहास छ

नातिकाजी

तारादेवीको प्रसङ्ग कोट्याउँदा आज म २०१५ सालको रेडियो नेपाल सम्झन पुगेको छु। त्यतिखेर रेडियो नेपालमा तारादेवी प्रवेश गर्दा भरखर तेह्र वर्षकी थिइन्। उनी त्यसबेला जामा सुरुवाल लगाएर रेडियो नेपाल आउने गर्थिन्। उनलाई रेडियो नेपाल ल्याउने भैरवबहादुर थापा थिए। सुरुसुरुमा भैरवबहादुर थापाका सङ्गीतमा तारादेवीले गीत गाएकी थिइन्।

सुरुमा नै मलाई तारादेवीको स्वर मनपर्‍यो। भैरवबहादुर थापाका तालमा गाएको उनका स्वरले मलाई तान्न थाल्यो। फलस्वरूप म पनि उनलाई गीत सिकाउन थालें। उनी मेरा सङ्गीतमा पनि रमाएर गीत गाउन थालिन्। त्यसबेलादेखि यसबेलासम्म तारादेवीले नै मेरा सर्वाधिक गीत गाइन्। आज रेडियो नेपालको गीति कार्टेज गन्ने हो भने तारादेवीको सबैभन्दा बढी स्वर मेरै सङ्गीतमा आबद्ध छ र मेरा सबैभन्दा बढी सङ्गीत तारादेवीकै स्वरमा आधारित छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यतिखेरको पुरानो चलन र पुरातन विचारका समाजमा पनि तारादेवी जनमानसमा निस्कनु भनेको नौलो कुरा थियो । त्यसबखत तारादेवीले गीत गाउँदा अचम्मै लाग्थ्यो । भैरवबहादुर थापाको लगन र सक्रियता सदैव स्तुत्य छ । उस्ताद भैरवबहादुर थापाकै प्रतापका कारणले तारादेवी गीतियात्रामा प्रवेश भएकी थिइन् ।

हुन त म २००७ साल चैतमा रेडियो नेपालमा संलग्न भएको थिएँ । करिब ८ वर्षपछि तारा पनि आइन् । उनलाई त्यसैबखतदेखि शान्त र भद्र देखेथेँ । बोलीचाली पनि नरम थियो । तारादेवीको राम्रो व्यवहारबाट प्रभावित भएर म उनका बुबाआमालाई पनि भेट्न जान थालेँ ।

•

तारालाई भेट्न म इन्द्रचोकमा प्रायः गइरहन्थेँ । इन्द्रचोकमा ताराका बुबाआमाको पान पसल थियो । छोरी गायिका भएकीमा उनीहरू खुसी थिए । दिनप्रतिदिन ताराको नाउँ रेडियोबाट सुन्दा कार्की दम्पतीलाई आनन्द आएको कुरा मैले थाहा पाएको थिएँ । त्यतिबेला तारादेवीको स्वर सुन्दा 'यस केटीले भविष्यमा राम्रै प्रगति गर्ली' जस्तो मलाई लागेको थियो ।

तारादेवीले क्रमशः मेरै सङ्गीतमा गीत गाउन थालिन् । उनको स्वर चारैतिर फैलिन थाल्यो । नेपालबाहिरका नेपाली पनि ताराका स्वरमा नजिक हुन थाले । त्यसैले म, तारादेवी लगायत केही कलाकारहरू २०१८ सालमा दार्जीलिङ पनि गएका थियौँ । २०२१ सालमा भारतमा आसाम एकेडेमीका निम्तामा म, तारादेवी, जनार्दन सम, शिवशङ्कर र इन्द्र रावल गएका थियौँ । गीत सङ्गीतका सिलसिलामा म, तारादेवी र अन्य कलाकारहरूले भारतका विभिन्न भूभागको भ्रमण गरेका थियौँ ।

नेपालको भ्रमणका क्रममा प्रायः तारा र म छुट्टिएको मलाई थाहा छैन । हामीले विभिन्न जिल्लामा पुगेर साङ्गीतिक कार्यक्रम पनि चलाएका छौँ । यात्राका क्रममा तारा थाकेको मलाई थाहा छैन । नेपाली सङ्गीतमा उनी सदैव क्रियाशील हुन्थिन् । सङ्गीतका क्रममा कहीँ कतै जानुपर्‍यो भने उनी खुसीसाथ हिँड्ने गर्थिन् ।

सानैदेखि उनका स्वरमा ताल ठीकठीक मिल्थ्यो । मलाई उनको स्वरभन्दा उनको ताल मनपर्थ्यो । एकपटक गीत सिकाएपछि फेरि दोहोर्‍याएर सिकाउनुपर्दैन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । उनी गीतको तालालाई समातिहाल्थिन् । त्यो रीत सधैँ कायमै भयो । विभिन्न ठाउँका भ्रमणमा पनि नयाँ पुराना गीतमा ठीकठीक ताल मिलाउने गर्थिन् ।

नेपालमा सुरुमा आधुनिक गीत पनि त्यतिको पर्याप्त थिएन । सीमित रचनाकार थिए । तर पछिपछि गीतहरू पनि छानीछानी सङ्गीत गर्न र गाउन पाइयो । गीतहरू सङ्गीत गर्ने परिप्रेक्ष्यमा श्री ५ बडामहारानी सरकारबाट पनि मलाई सङ्गीत गर्ने अवसर बक्स्यो । मद्वारा सङ्गीतबद्ध चाँदनी शाहका प्रायः सम्पूर्ण गीतहरू तारादेवीले गाएकी छिन् । सरकारबाटै गायनमा 'तारादेवी'को नाउँ हुकुम भएर रचनाहरू आउँथे । चाँदनी शाहका गीतसङ्गीत गर्न पाउनु मेरा लागि सुखद क्षण थियो र ती गीतहरू गाउन पाउँदा तारादेवी पनि खुसी हुन्थिन् । चाँदनी शाहका गीत रेकर्डिङ् सबै राम्रा पनि भए । शब्द, स्वर र सङ्गीतको त्रिवेणी नै उत्तम भयो भने गीत नै सुन्दर हुन्छ । चाँदनी शाहका मीठा र ओजस्वी शब्दहरूमा तारादेवीको कोकिल स्वरले बिस्तारै डाँडापाखा चहार्न थाल्यो । हुँदाहुँदै अहिले देशविदेशमा ती शब्द, स्वर र सङ्गीत पुगेको सुन्दा मलाई अत्यन्तै गर्व लागेको छ ।

•

म, तारादेवी र शिवशङ्कर २०३४ सालसम्म सहायक स्तरकै सेवामा आबद्ध थियौँ । त्यस बेलासम्म हाम्रो बस्ने कोठा पनि थिएन । त्यसबेला हामी कि चौरमा बस्थ्यौँ कि स्टुडियोमा बस्थ्यौँ । हामीलाई बस्ने कुनै कोठा पनि दिइएको थिएन । तर २०३४ सालमा हुकुम प्रमाङ्गीद्वारा हामी अधिकृत भयौँ । त्यसपछि मात्र हामीले कोठा पाएका थियौँ ।

लगातार चालीस वर्षसम्म बसेको ठाउँ छोड्नुपर्दा दुःख नै लाग्दो रहेछ । रेडियो नेपाल, तारादेवी, शिवशङ्करलाई छाडेर हिँड्नुपर्दा मलाई सारै नमज्जा लागेको थियो । मपछि क्रमशः उनीहरूलाई पनि निकालिएछ । ती घटनाबाट म दुःखित बनेँ । हुन त हामीले कुनै कदर, सम्मान, बढुवा आदि खोजेका पनि थिएनौँ । हामीले गरिरहेको सेवा निरन्तर गरिरहन पाएको भए आत्मसन्तुष्टि हुन्थ्यो । तर सोचेजस्तै कहाँ हुँदोरहेछ र ? मेरो जे जस्तो तरिकाले अवकाश भए तापनि तारादेवीलाई त्यति छिट्टै अवकाश नदिएको भए बेस हुन्थ्यो जस्तै लाग्छ ।

जीवन भनेको विधिको विडम्बना रहेछ जस्तो लाग्छ । किनभने मैले जीवनभरि तारा एकनासले खुसी भएको कुनै त्यस्तो पल देखेको छैन । उनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनको उतारचढाव हेर्दा अचम्म लाग्छ । तर जे जस्तो अवस्था परेको भए तापनि तारादेवीका धैर्यलाई मैले एउटा प्रेरणा मानेको छु ।

तारादेवीको सबैभन्दा ठूलो गुण उनले कहिले पनि कसैसँग केही मागिनन् । उनी कुनै राजनैतिक नेताका घरमा गएकी पनि छैनन् । उनको रुचि नै सङ्गीत मात्र थियो । सङ्गीतमा नै तारादेवी खुसी देखिन्थिन् ।

तारादेवीसँग आज ४० वर्षसम्म मेरो एकोहोरो सम्बन्ध छ । उनीसँग अत्यन्तै घनिष्टता भएका कारण उनलाई मैले राम्ररी चिन्ने मौका पाएको छु । उनी सधैँ मिलनसार भएकी मात्र मैले पाएँ । तारा सबैसँग हित्तचित्त राख्ने सङ्गीतकी एउटी उपासक हुन् । नेपाली गायनकी सर्वोच्च गायिका तारादेवीले यस धर्तीमा एउटा नबिर्सनुको इतिहास कोरेकी छन् । यस देशमा तारादेवीको एउटा बेग्लै इतिहास छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारा दिदी नेपालकी गौरव

पुष्पलता आचार्य

तारा दिदीसँग मेरो पहिलो परिचय म कक्षा पाँचमा पढ्दै गरेका बेला भएको थियो । तर त्यो परिचय दिदीसँग भेट भएर हैन, दिदीको चिट्ठी पाएर हैन, दिदीलाई चिट्ठी पठाएर हैन, दिदीको अनुहार देखेर हैन, दिदीको तस्वीर देखेर पनि हैन । त्यो परिचय एकतर्फी थियो । दिदीलाई थाहा नै थिएन केवल मलाई थाहा थियो । त्यो थियो- उहाँको स्वर ।

गाउँमा एउटै मात्र हाम्रो घर थियो जहाँ रेडियोमा समाचारदेखि लिएर गीतहरूसम्म सुन्न पाइन्थ्यो । खोपामा राखिएको रेडियोमा गीत सुन्दै गृहकार्य गर्न पाउने, बाबुकी भाग्यमानी छोरी त्यस गाउँमा म मात्र थिएँ । म गृहकार्य गर्दै गरेका बेला रेडियोमा एउटा गीत बज्यो 'कालीपारे दाइ कति राम्रो, ढाका टोपी काँधैमा गलबन्दी ...' गृहकार्य गर्न छाडेर गीत सुनिरहँ, त्यस कोकिलस्वरले मेरो कलम रोकेर मेरो मनमस्तिष्कलाई आफ्नो बन्दी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनायो । गीत सकिएपछि रेडियोले भन्यो 'अहिले सुन्नुभयो तारादेवीका स्वरमा धर्मराज थापाको रचना' स्कूल टाढा थियो । गृहकार्य पूरा नगरी खाना खाएर हतारहतार स्कूल गएँ । गृहकार्य पूरा नगरेकामा सरका हातको पिटाइ पनि खाइयो तर तारा दिदीको त्यो स्वर मेरा कानमा गुन्जिरह्यो । हातमा बल बोकेर खेल्न दौडँदा पनि शब्दहरू सम्झीसम्झी भाखा हालीहाली गाउने प्रयास गर्थें तर कहाँ दिदीको त्यो सुरिलो स्वर कहाँ मेरो बोरा च्यातेको जस्तो आवाज तैपनि प्रयास गर्थें । हप्ताभरिको स्कूलको पढाइपछि शनिबार एक दिन छुट्टी हुन्थ्यो । त्यसदिन म पढाइजति सबै भुलेर गाउँका दिदीबहिनी तथा साथीहरूतिर मन दिन्थें अर्थात् दिनभर उनीहरूसँगै हुन्थें । उनीहरू जहाँ जान्छन् त्यतै जान्थें । कहिले घाँस काट्न जान्थे उनीहरू, कहिले दाउरा खोज्न जान्थे त कहिले फुर्सद मिलाएर हाम्रो गाउँबाट केही पर पानीनिउरो टिप्न जाऊँ भन्थे, पानीनिउरोको तरकारी भनेपछि भुतुक्कै होइने हामीहरू ... । मोही हालेर निउरो पकाएपछि तरकारी यसै मीठो, स्कूलका किताबहरू खन्याएर झोला बोकी पछि लाग्थें साथीहरूसँग निउरो टिप्न जान । पराजुलीबेसीको खोलाको तिरैतिर हामी दशबाह्रजना केटीहरू रमाउँदै निउरो टिप्दै हाँस्दै खेल्दै थियौं । दिनको यस्तै १:३०/२ हुँदै थियो होला, बाटैबाटो दुईतीनजना मानिसहरू काँधमा रेडियो झुण्ड्याएर घन्काउँदै आएका रहेछन्, गीत प्रस्टै बुझिन्थ्यो, अनि गीत पनि उही थियो 'कालीपारे दाइ कति राम्रो ...' मेरा साथीहरू टक्कै उभिए मुखामुख गरेर हेर्न थाले, म त यसै मख्खै थिएँ । ती बटुवाहरूको त झनै भुइँमा खुट्टै थिएन, घिरौंला जत्रो नाक बनाएर हामीतिर हेर्दै थिए । उनीहरूका रेडियोमा त्यति राम्रो गीत बज्नु त्यति नै बेला हामीजस्ता किशोरीहरूलाई सुनाउन पाउनु उनीहरूलाई पनि भाग्य नै त लाग्यो होला त्यतिबेला ।

तर हाम्रो अभाग्य त्यो रेडियो उत्तिखेरै कता पुग्यो कता ? बटुवाहरू कटिसकेपछि हामी निन्याउरो अनुहार पार्दै त्यही गीत सम्झेर गाउने प्रयास गर्न थाल्यौं । साथीहरूले भने कति राम्रो गीत हगि ? नयाँजस्तो छ नि ! अर्कीले थपी- 'कुन नयाँ कुन पुरानो आफूलाई त सम्मै छ, गीत राम्रो छ त्यति थाहा छ । आफ्नो घराँ रेडियो बाजा भए पो त थाहा हुन्छ । पोहोर साल दाइले एउटा बाखो बेचेर रेडियो बाजा किनौं न त भन्दा पनि हाम्रा बाउ भनेकाले ल्याउनै दिएनन् ।' अर्कीले थपी- 'आफ्नो त औकातै छैन बाउलाई पनि के दोष थुपार्नु ।' एकमाथि अर्की हुँदै सबैले आफ्नाआफ्ना गुनासा पोखे । त्यतिबेला लाग्यो मलाई, म ज्यादै भाग्यमानी रहिछु जसले तारादेवीको गीत सुन्न मज्जाले पाउँछ । मनमनै मेरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुबालाई धन्यवाद दिएँ । त्यस दिनदेखि कहिलेकाहीँ मेरा साथीहरू सबै काम सकेर बेलुकी साँझ मेरा घरमा जम्मा हुने गर्थे, तारादेवीको त्यो सुरिलो स्वर सुन्नलाई तर दुर्भाग्य भनौं उनीहरू आएका बेला कहिल्यै बजेन त्यो गीत । जब म रेडियोमा त्यो गीत सुन्थेँ, बिचरा मेरा साथीहरू सम्झने गर्थे ।

दिनभरि मादी नदीमा पौडी खेलिन्थ्यो । कहिलेको शनिबार बुबा घरमा नभएको दिन रेडियो लगेर मादीका तीरमै घन्काउने गर्थें, सबै केटाकेटीहरू थुप्रिने गर्थे सुन्नलाई आफ्नो धोको भने एउटै मात्र हुन्थ्यो 'कालीपारे दाइ कति राम्रो ... ।'

मेरो बालसुलभ मनमस्तिष्कमा तारादेवीले जुन मोहनी लगाइन् त्यो म यी हरफहरूमा अहिले व्यक्त गर्ने सक्तिनँ । सायद त्यही छाप परेकाले पनि होला आज म गीतकारका रूपमा यस क्षेत्रमा आउन सकेकी । आज पनि मेरा क्यासेट एल्बमहरूको सोकेसमा तारादेवीकै क्यासेट बढी सङ्ख्यामा उपलब्ध छन् । उनकै गीतहरू मात्र राखेर मैले धेरै 'गीतिकथा' पनि लेखिसकेकी छु र रेडियोमा बजाइ पनि सकेकी छु । राममान 'तृषित'का रचनामा उनले गाएका गीतहरू हाल्दा त गीतिकथा लेख्नुको आनन्द नै अर्कै छुट्टै थियो । मैले एउटा गीतिकथा लेखेँ, तारादेवीका गीतहरू मात्रै राखेर । त्यस गीतिकथाको नाम थियो 'बालुवाको घर' । राममान 'तृषित' का शब्दमा गाइएका ती गीतले मेरो गीतिकथालाई नै उच्चकोटिका श्रेणीमा पुऱ्याइदिएको थियो, जुनकुरा मैले 'गीतिकथा वाचिका' सुश्री प्रज्ञा ओलीबाट पाएको प्रशंसै प्रशंसासहितको धन्यवादबाट थाहा पाएकी थिएँ ।

आजको यो वातावरण र तारा दिदीका अस्वस्थतालाई चटक्क भुलेर म कहिलेकाहीँ फेरि उही अतीतमा रमाउने भुल्ने गर्छु ।

एक दिनको घटना हो, स्कूलमा साहित्यिक कार्यक्रमका बेला मैले गीत गाउनुपर्ने भयो । कनिकुथी दिदीले गाउनुभएको 'टाढाबाट बोलाएको तिमीलाई नै हो ...' भन्ने गीत गाएँ । मैले गाइरहेका बेला एउटा केटाले 'मलाई ? मलाई ?' भन्ने इसारा गऱ्यो त्यतिबेला म नर्भस भएँ, अनुहार रातो भयो, म निरुत्साहित भएँ । त्यसरी इसारा गर्ने केटालाई सरले खूब पिट्नुभयो । उसलाई मसँग माफ माग्न लगाइयो । आज पनि मेरो मानसपटलमा ताजै छ त्यो तीतो अनुभूति । बोलाउन त तारा दिदीले पनि त कसैलाई बोलाउनुभएको हैन केवल श्यामप्रसाद उपाध्यायले आफ्नो अन्तर्मनमा उर्लिएका भावनाका छाललाई लिपिबद्ध गरेपछि स्वर दिएर भावनामा ज्यान पसाइदिनुभएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यार्थी जीवनमा लोकगीत र तीजका गीतमा रमाएर गाउँबेसीमा म जति नाचे पनि गाउन भने मैले सकिनँ तर तारा दिदीको स्वर सुन्नासाथ दिदीका स्वरमा स्वर खाप्नचाहिँ कहिल्यै बिर्सिनँ । मनमनै सोच्ने गर्थें तारा दिदी कस्ती हुनुहुन्छ होला ? भेट्न पाए पनि गाउन सिकाइमाग्ने थिएँ आदिआदि । त्यतिबेला म मेरी कल्पनाकी तारादेवीलाई मात्र चिन्ने गर्थें वास्तविक तारादेवीसँग जम्काभेट भए चिन्दिनथें । उहाँलाई रेडियोभित्रका स्वरमा बाहेक चिन्नका लागि फोटोसमेत थिएन मसँग । स्वरबाट भएको एकतर्फी परिचयपश्चात् निकै लामो अन्तरालपछि दोस्रो परिचय भयो तारा दिदीसँग नेपाल टेलिभिजनका पर्दामा । त्यो परिचय पनि एकतर्फी नै रह्यो । तर पनि कल्पनाकी तारादेवी र वास्तविक तारादेवीको दोभान थियो त्यो नेपाल टेलिभिजनको पर्दाकी तारादेवी ।

तारा दिदीका स्वरमा मैले एउटा जादू भेटेको छु । दिदीका स्वरलाई देशभक्तिका गीतले जति मन पराउँछन् मायाप्रीतिका गीतहरूले पनि उत्तिकै मन पराउँछन् । बिछोड र विरहका गीतहरूले जसरी पछ्याउँछन्, त्यसैगरी पछ्याउँछन् आशा र उमङ्गका गीतहरूले पनि । सबै किसिमका गीतहरूलाई सहज रूपमा स्वर दिनसक्नु तारा दिदीको विशेषता हो ।

मेचीदेखि महाकालीसम्म हिमालका टाकुरादेखि तराईका फाँटहरूसम्म आफ्ना स्वरले सिञ्चेर देशको गीत, सङ्गीत तथा गायनक्षेत्रलाई उर्वराभूमि बनाउन सानै उमेरदेखि रेडियो नेपाल प्रवेश गरी अनेक दुःख झेल्दै आउनुभएकी सशक्त नारी व्यक्तित्वमा तारादेवी एउटा ढुङ्गाको अक्षर हुनुहुन्छ । तर नेपालमा आएको प्रजातन्त्रले यो बुझ्न नसकेको देख्दा मलाई दुःख लाग्छ ।

जीवनका उकाली-ओराली चढ्दै र ओर्लंदै धेरै समय बिते । गाउने र नाच्ने रहरलाई मनभित्रै बन्दी बनाएर लेख्न थालें । मेरो प्रथम कृति **'सागर सन्ध्या'** (आधुनिक गीतसङ्ग्रह) प्रकाशनका क्रममा लाज मानीमानी अप्ठ्यारो मानीमानी आफ्नो लघुताभास र कृतिको पाण्डुलिपि काखी च्यापेर तारा दिदीकहाँ पुगें, बानेश्वर । तारादेवीसँगको त्यो मेरो तेस्रो परिचय हो, तर त्यो तेस्रो परिचय नै वास्तविक परिचय हो दोहोरो परिचय हो र भेटघाटको सुरुवात हो (त्यो प्रथम भेट हो) । मलाई ज्यादै गाह्रो लागेको थियो कुरा कहाँबाट सुरु गरूँ ? तर तारा दिदीको त्यो सरल र आत्मीय व्यवहारले मसँग भएका लघुताभास र अप्ठ्यारापनहरू त्यहाँ धेरैबेर टिक्न सकेनन् । मैले तारा दिदीलाई पाण्डुलिपि पढिदिन आग्रह गरें । उहाँ ज्यादै खुसी हुनुभयो । मलाई धेरैधेरै स्याबासी दिनुभयो र मन्तव्य पनि लेखिदिनुभयो– २०५०/१०/२० को शुभ मुहूर्तमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लघुताभास बोकेर गएका मेरा सिकारु कलिला हातहरूमा अरू लेख्ने प्रेरणाका भारीहरू थमाइदिनुभयो, मेरा मनमा हिम्मत र साहस भरिदिनुभयो। तारा दिदीका सल्लाह-सुझाव मायास्नेह पाएर मैले लेखन क्षेत्रमा एक नारी अभिभावक पाएको अनुभव गरेकी छु।

मैले गुरुहरूले भन्नुभएको धेरै कुरा सुनें। धेरथोर किताबहरू पनि पढें तर सरल जीवन र उच्च विचारको वास्तविक नमुना मैले त्यहीं भेटें, जब मेरो भेट तारा दिदीसँग भयो। दशकौं दशकसम्म रेडियो नेपालमा नारीस्वरको प्रतिनिधित्व गर्ने सहायक– सचिव पदबाट निवृत्त 'इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार'देखि विभिन्न मानपदवी हुँदै 'गोरखादक्षिणबाहु' समेतबाट विभूषित हुनुभएकी तारा दिदीबाट पाएका व्यवहारबाट 'सरल जीवन उच्च विचार' कहावत सार्थकसिद्ध भएको अनुभव मैले गरें। मेरा विचारमा तारादेवी नेपाली गायनक्षेत्रमा एउटा जीउँदो किताब हुनुहुन्छ, जसलाई प्रत्येक स्वाभिमानी नेपालीले पढ्नैपर्छ। तारादेवी नेपाली गायनक्षेत्रमा एउटी यस्ती जाज्वल्यमान तारा हुनुहुन्छ, जसको उज्यालो सारा नेपालीले हेर्नैपर्छ।

तारा दिदीले मेरा रचनाहरूलाई स्वर दिनुभएको छैन तर उहाँका आशीर्वचनहरू भने सधैं मेरा साथ छन्। उहाँले मलाई, मेरो लेखनीलाई भारी-भारी शुभकामना दिनुभएको छ। तिनै शुभेच्छा र आशीर्वादहरूलाई शिरोपर गर्दै जाँदा आजसम्म एक दर्जन कृतिहरू (गीतसङ्ग्रह, भजनसङ्ग्रह, कथा, कविता आदि) र दुई दर्जनभन्दा बढी क्यासेट एल्बमहरू प्रकाशित गर्न सक्षम भएकी छु।

अचेल म लेख्ने काम मात्र गर्दिनँ तारा दिदीका जिन्दगीलाई पनि पढ्ने गर्छु। दिदीको जीवनका पानाहरू पल्टाउँदै जाँदा आँसुका धाराहरू पनि वर्षाउने गर्छु। जीवनका उकालाहरू चढ्नुपर्ने रै'छ, ओरालीहरू पनि झर्नु पर्ने रै'छ। अन्ततः जीवनलाई धरती बनाउनु पर्ने रै'छ, चट्याङ परे पनि सहनै पर्ने, पहिरो गए पनि सहनै पर्ने तर तारा दिदीसँग एउटा कुरा बिन्ती गर्छु 'तारा दिदी तपाईंको जिन्दगीले इतिहासका पानाहरू थप्न अझै बाँकी छ।'

अथाह प्रतिभाकी धनी तारा दिदीलाई कतिले लता मङ्गेशकरसँग तुलना गर्लान् अथवा नेपालकी लता मङ्गेशकर भन्लान्, तर मलाई यसो गरेको ठीक लाग्दैन। आफ्नी आमा र आफ्नो धरतीलाई कोही अरूकी आमा र विदेशी भूमिसँग दाँजेर तुलना गर्न मिल्दैन। सारा नेपालीका मुटुमा विराजमान तारा दिदी नेपालकी अतुलनीय गौरव हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारादेवी चम्किरहिन्

प्रेमविनोद नन्दन

सुप्रसिद्ध गायिका तारादेवीका गीतगायनबाट कुनै पनि सङ्गीतप्रेमी अप्रभावित रहन सक्दैन। मैले यहाँ उल्लेख गर्न खोजेको तारादेवी उस्ताद भैरवबहादुर थापाका सङ्गीतमा पहिलोपल्ट 'अब हजूर नजानोस् लाहुर' र 'तिमी र हामी भेटौंला' जस्ता कालखण्डका प्रारम्भिक गीतहरूलाई सम्झन मन लाग्छ। गायनक्षेत्रमा खुलेर समर्पित गायिकाहरूमा तारादेवीको छुट्टै र विशिष्ट गायकी इतिहास बनिसकेको छ।

प्रजातन्त्रोत्तर प्रसारमाध्यम रेडियो नेपालकी गायिकाको निरन्तर संलग्नता, साधना र समर्पणको व्यक्तित्वका रूपमा साङ्गीतिक जगत्की उदाहरण तारादेवीको प्रमुख भूमिका रहन गएको हो। सौखीन गायिकाहरू धेरै आए तर गायनक्षेत्रमै समर्पित कलाकारहरू नगण्य छन्। तारादेवी साङ्गीतिक आकाशको शुक्रतारा नै सिद्ध भइन्। साङ्गीतिक संस्कृतिका निर्माणमा उनको इतिहासबाट नयाँ पुस्ताहरूले प्रेरणा लिनुपर्छ भन्ने मेरो धारणा छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो "सयपत्री फूल मैले टिपँ मेरो मनको फूल कहाँ खसेछ, नभन कसैलाई" गीत सङ्गीतकार नातिकाजीबाट सङ्गीतबद्ध भई डिस्क रेकर्ड भएपछि तारादेवीको गायकीलाई अझै गहिरो रूपमा चिन्न सकँ। वास्तवमा त्यो गीत मैले कविवर द्वारिका श्रेष्ठमार्फत् पठाएको थिएँ र उहाँका स्वरमा जीवन्त रहने मौका पायो। मैले उहाँलाई भेट्ने अवसर वा प्रयास कहिल्यै गरिनँ। संयोगको कुरा रेडियो नेपाल पुग्दा सामान्य परिचय भयो होला ! कुनै समय र स्थानमा भेटेर सङ्गीतका बारेमा खुलेर संवाद हुन सकेन।

२०४४ सालतिर रेडियो नेपालका कलाकारहरूको टोलीले देशका केही जिल्लाहरूमा सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्ने क्रममा चितवनका भरतपुरमा पनि सो टोलीले कार्यक्रम प्रस्तुत गरेको थियो। त्यतिबेला नातिकाजी, शिवशङ्कर, प्रेमध्वजलगायतका विशिष्ट कलाकारहरूसहित तारादेवी पनि हुनुहुन्थ्यो।

नारायणी कलामन्दिर (नारायणघाट)का प्रेक्षालयमा उहाँहरू सबैलाई स्वागत गरियो। कलाकारहरूको पसिना र जनसहयोगको अद्वितीय नमुना भवन देखेर कलाकारहरूका साथै तारादेवी पनि प्रसन्न र प्रफुल्लित हुनुभयो। त्यसैबेला केही नजिकबाट उहाँसित सामान्य कुराकानी भएको थियो।

यो मेरो टाढैबाट तारादेवीको व्यक्तित्वलाई चियाउने प्रयास भए तापनि गीत र सङ्गीतक्षेत्रको सहकर्मीका नाताले उहाँको सुखदुःखका कुरा सुनेर आफू प्रभावित भइरहन्छु। उहाँका श्रीमान्को दुर्घटनामा देहावसान भएको खबर पढेर आफू कति भावविह्वल भएँ, त्यो शब्दमा व्यक्त गर्न सकिन्न। उहाँलाई राष्ट्रले त्यति उल्लेखनीय सम्मान दिन नसके पनि विभिन्न संस्थाहरूबाट, प्रतिष्ठानहरूबाट उहाँ सम्मानित हुनुभएकामा साङ्गीतिक जगत् नै गौरवान्वित भएको ठान्दछु। राष्ट्रिय प्रतिभाहरूको सम्मान गर्नु, उनीहरूको जीवनदर्शनलाई प्रकाशमा ल्याउनु वस्तुतः राष्ट्रकै सम्मान गर्नु हो। तारादेवी साङ्गीतिक जगत्मा जसरी दुःखदर्द झेलेर, सङ्कीर्ण संस्कारको बादल फारेर चम्किरहिन्, त्यसबाट त्यस्तै सङ्घर्षशील र साधनाशील भएर नयाँ गायिकाहरू आइरहून्। नेपाली सङ्गीतलाई नयाँ आयाम दिन सफल होऊन् र धेरै तारादेवीहरू नेपाली सङ्गीतमा उदाइरहून्, तारादेवीले देखाएका मार्गदर्शनबाट प्रेरणा लिनु नै तारादेवीको सम्मान हुनेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक गीतकी ध्रुवतारा

भीमविराग

सुप्रसिद्ध गायिका तारादेवीज्यूका विषयमा विज्ञ भएर पनि म अनभिज्ञ झैं भएको छु। वास्तवमा मेरो दुर्भाग्य नै हो उहाँसँग मेरो निकटतम सामीप्य रहन नसकेकाले उहाँसँगका त्यस्ता उपयोगी क्षणहरूको संस्मरण मसँग हुन सकेन। त्यसकारण तारादेवीज्यूका विषयमा त्यति सललल किसिमले लेख्न नसक्ता अहिले विवश हुनु परेकाले म लज्जित छु।

तारादेवीज्यू हाल अस्वस्थ हुनुहुन्छ भन्ने खबर पत्रपत्रिकाबाट थाहा पाएर मैले अत्यन्त दुःखको अनुभव गरेको छु। उहाँलाई पटक-पटक पर्न गएको वज्रपातले सहने सीमा नै नाघेको छ। दैवले दिएको वेदनालाई सहने शक्ति उनै दैवले नै दिनेछन् भन्ने मैले विश्वास लिएको छु।

नेपाली आधुनिक गीतका आकाशमा तारादेवीज्यू ध्रुवताराका रूपमा स्थिर हुनुहुन्छ। उहाँका गायकीमा, स्वरमा आफ्नै पाराको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खनक छ, गन्ध र स्वाद छ जसमा नेपालीपन पाइन्छ । विदेशी भाषाहरूको बादलभित्र रुमल्लिएर नेपालीमा अनुवाद भैरहेका नेपाली आधुनिक गीतहरूका चकचकीमा हाम्रो संस्कार र संस्कृतिको आफ्नोपन छोपिँदै गैरहेको छ । नेपाली लोकगीतमा मिसावटका कारण लोकगीत रहेन, आधुनिक पनि हुन सकेन । यी सबैबाट अलग सुनिने तारादेवीज्यूका गीतमा नेपालीपनको गरिमालाई आत्मसात् गर्न सकिन्छ तथा उहाँका स्वरमा यही माटाको सुगन्ध सन्निहित रहेको आभास पाइन्छ । उहाँपछिका गायिकाहरूमा त्यो चमत्कार देखिएको छैन । नारायणगोपालज्यू जस्तै गाउने एकदुईजना कलाकार उपलब्ध हुन सकेका छन् भने, तारादेवीज्यू जस्तै गाउने स्वर आजसम्म नपाउनु दुःखद आश्चर्य भएको छ ।

२०१८ सालमा वीरगञ्ज सांस्कृतिक सङ्गीत परिषद्का निम्तामा तारादेवीज्यूलाई ठूलो आग्रहसाथ वीरगञ्जमा बोलाइएको थियो । उहाँका साथ शिवशङ्करज्यू पनि हुनुहुन्थ्यो । जहाँसम्म मलाई लाग्छ तारादेवीज्यूको त्यो पहिलो साङ्गीतिक यात्रा थियो । म वीरगञ्ज सांस्कृतिक परिषद्को सङ्गीत निर्देशक भएका नाताले उहाँसँग मेरो आवश्यक कुराकानी मात्र हुन पायो । त्यसबेला मैले अनुभव गरेको उहाँको स्वभाव लज्जालु प्रकृतिको, थोरै र सुस्तरी बोल्नुहुने र कुनै कुराको जवाफ दिनुपर्दा पहिले हाँस्ने अनि बोल्ने थियो । उहाँको सौम्यताले हामी कलाकारहरूमा ठूलो प्रभाव पारेको थियो । हाम्रा अग्रजहरूले - 'देख्यौं तिमीहरूले त्यस्तो नाम चलेको कलाकारमा घमण्डको नाम पनि छैन, कति सौम्य, कति विनीत र कति महान् उहाँको चरित्र छ' भनेर हामीलाई अर्ती दिनुहुन्थ्यो । त्यसैबखतदेखि अहिलेसम्म मेरो मानसमा तारादेवीज्यूको सम्मानित छवि अङ्कित भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीतहरू गुन्जिरहून्

भैरवनाथ रिमाल 'कदम'

मानिसको जीवन विविधता एवं अनेकताले आप्लावित रहेको हुन्छ । यिनै विविधतामा आ-आफ्नो रुचिअनुसार विशेष विधालाई अँगालेर त्यसप्रति साधना, तपस्या तथा सेवा पुऱ्याउँदछ । सङ्गीत पनि यस्ता अपनाइएका विषयहरूमध्ये एक हो । सङ्गीत नै जीवन हो भने जीवन नै सङ्गीत हो । तसर्थ सङ्गीत र स्वर मानिसका जीवनमा जन्मदैदेखि कुनै न कुनै रूपमा अन्योन्याश्रित हुन्छन् ।

विगत तीनचार दशकदेखि हाम्रो सङ्गीतकला जगत्मा निक्कै प्रसिद्ध नाम तारादेवी हो, जसले गायनक्षेत्रमा आफ्नो छुट्टै किसिमको स्वरमाधुर्यले नेपाली श्रोताहरूलाई मोहित र आनन्दित बनाइन् र आफ्नो अद्भुत प्रतिभाको पहिचान गराइन् । उनका स्वरबाट गुन्जिएका गीतहरूले प्रत्येक श्रोताका हृदयमा अविरल स्पन्दन जगाए, नेपाली सङ्गीतजगत् स्वरकी तारादेवीको विशिष्ट उच्चताले गर्दा विशाल शिखरमा मुस्कुराइरहन पुग्यो । स्वयं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिखर बनेर यस विशिष्ट उच्चतालाई हरहमेसा उनको स्वरलालित्य र मधुरम धड्कन, लचिला कण्ठध्वनिले अझ सुमधुर जीवन दिएर नेपाली आधुनिक गायनमा निकै मिठासका स्वरहरू सुनिँदै आएका छन् ।

आजकल नेपालमा सङ्गीतक्षेत्रले धेरै ठूलो स्थान ओगटिसकेको छ । अझ साँच्चै भन्ने हो भने संसारै सङ्गीतमय छ । भनाइको तात्पर्य के हो भने सङ्गीतजगत्ले संसारै जितेको पाइन्छ । त्यस्तै नेपालमा पनि सङ्गीत साधकसाधिकाहरू धेरैको जन्म भैसकेको छ । २००९ सालदेखि वामे सर्न लागेको सङ्गीतले आजकल निकै व्यापकता पाइसकेको छ । यसैगरी उच्च कोटीका सङ्गीतकार, गायक, गायिका कलाकारको जन्म भई प्रसिद्धि पाइसकेका छन् । भनिन्छ, सङ्गीतका गहिराइको सीमा हुँदैन, धूनमा धर्ती आकाशको सङ्गम हुनसक्छ, दुङ्गा पग्लन सक्छ । हुन पनि हो, सङ्गीतमा यति शक्ति छ कि जसले पाषाणहृदयलाई पनि पगालिदिन्छ । यस्तो सङ्गीतका साधकसाधिकाहरूका बारेमा मौन रहनु उनीहरूप्रति अन्याय गर्नु हो । यसै परिप्रेक्ष्यमा सुमधुर स्वरकी धनी तारादेवीका बारेमा केही शब्द कोर्न पुगेको हुँ ।

बालककालदेखि आफ्नो सुमधुर स्वरले उनी प्रख्यात हुन थालिन् । हरेक मोडमा उनको यात्रा सफल हुँदै गयो । उनको आफ्नै सुमधुर स्वरका माध्यमबाट कलाका साधनामा सिद्धि प्राप्त गर्दै जान पनि उनी सफलसार्थक भइन् । यो नै सङ्गीत, गायन क्षेत्रमा उनको ठूलो उपलब्धि हो ।

तारादेवीसँग मेरो परिचय एक दशकअघि मात्र भएको हो, त्यसभन्दा अगाडि मेरो परिचय नै थिएन । काम विशेषले एक दिउँसो म रेडियो नेपाल गएको थिएँ । सङ्गीतकार तथा गायिका कोइलीदेवीका कार्यकक्षमा तारादेवीलाई मेरो परिचय कोइलीदेवीले गराइदिइन् । अनि मात्र हामी परिचित हुन पुग्यौं । त्यही दिन तारादेवीले मसँग कुनै नयाँ रचना छन् भने दिनुभएहुन्छ भनेर मागिन् । यो सुन्दा मलाई ज्यादै खुसी लाग्यो र ब्यागबाट एउटा गीत झिकेर दिएँ । उनले सो गीत हेरेर आगामी डेटमा टेपरेकर्ड गरिदिने वचन दिइन् । यो कुरा करिब २०४९ सालतिरको हो । नभन्दै दुई हप्ता बित्न नपाउँदैमा गीतमा स्वरसङ्गीत दिएर रेकर्ड गरेको कुरा मेरा लागि कहिल्यै बिर्सन नसक्ने हुन पुगेको छ । हुन पनि एउटा गीत रेकर्ड गर्न निकै दुःखको सामना गर्नुपर्ने अवस्था हुँदा पनि छिटो तवरबाट त्यो आफ्ना हातबाट उनलाई दिएको गीत अति छिटोछिटो उनको स्वरसङ्गीत पाएर रेडियोबाट गुन्जन पाएको हुँदा मेरा निमित्त एउटा इतिहासको पाना थपिए झैं मलाई हुन पुगेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसभन्दा अघि मेरो परिचय उनीसँग समयसमयमा हुन नपाए तापनि सुप्रसिद्ध सङ्गीतकार नातिकाजी र शुभबहादुरसँग परिचय बेलैमा हुँदा मैले आफ्ना गीतहरू तारादेवीबाट गाउन लगाउने इच्छा ममा थियो ।

एक दिन केदारलाल ठाकुरका निवासमा गायक फत्तेमान राजभण्डारीसँग मेरो परिचय हुनासाथ हामी दुवैले मुस्कुराउँदै दुई-दुई हात जोडेर नमस्कारको आदानप्रदान गर्‍यौं । फत्तेमान, जसले मलाई कति गीत लेख्नुभएको छ भनी सोधे । मैले त्यतिञ्जेल लेखिएका आधुनिक, राष्ट्रिय र भजन अन्य गीतको सङ्ख्या बताइदिएँ । तारादेवीका निमित्त म सङ्गीतकार नातिकाजी दाइलाई लगेर दिउँला भनी फत्तेमानले भने । अनि मैले तारादेवी जस्तो मीठो, रसिलो तथा आकर्षक स्वरकी धनी गायिकाबाट स्वराङ्कन गराउनका लागि फत्तेमानद्वारा केही थान गीत दिएँ । सङ्गीतकार कृष्णमान, सङ्गीतकार विजयसिंह 'मुनाल' आदिलाई मैले गीतहरू दिएको थिएँ । मैले इच्छा गरेअनुसार मेरा केही गीतहरू तारादेवीका स्वरमा आबद्ध भएर रेकर्ड हुन पुगे ।

मेरा गीतहरू गायिका तारादेवीका स्वरमा बडो मधुर तथा प्रभावपूर्ण स्तरमा स्वरबद्ध गरिएका छन् । सङ्गीत रचनाका रसमयता र गाम्भीर्यमा अरू वृद्धि गरिएका छन् । राम्रा सङ्गीतकारका सङ्गीतमा उच्च श्रेणीकी ख्यातिप्राप्त गायिका तारादेवीको सुरिलो कण्ठस्वरमा यी रचनाहरूमा सङ्गीतात्मकता र गायिकाले गर्दा सुनमा सुगन्ध थपे झैं भएको देखिन्छ ।

स्वरसाधिका तारादेवीको स्थान र साङ्गीतिक वातावरण बडो गहकिलो रहेको छ । अथवा भनौं उनी स्वयंले यस किसिमको वातावरण प्रस्तुत गरेकी छिन्, सङ्गीतकलाका माध्यमले अमूल्य सहयोग पुऱ्याएर विशेष ऋणी तुल्याएकी छिन् । म उनका यी गुणहरू सम्झँदा अत्यन्त प्रसन्न हुन पुग्छु ।

यो परिस्थिति देख्दा दुःख लाग्दछ कि हाल आएर उनको स्वास्थ्य खराब भएको छ । त्यसमाथि उनीमाथि पतिवियोग तथा पुत्रवियोगको वज्रपात पनि परेको छ । यस परिस्थितिमा ईश्वरले उनीमाथि धैर्यधारण गर्ने शक्ति प्रदान गरून् र उनको स्वास्थ्यमा पनि शीघ्र लाभ भई कोकिलकण्ठबाट पुनः सुमधुर गीतहरू गुन्जिरहून् । यही मेरो शुभकामना छ उनलाई ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



तारादेवी नै बहुचर्चित

मनबहादुर मुखिया

तारादेवी ! यो नाउँ सुन्नेबित्तिकै एउटा स्वर गुन्जन्छ। उकाली ओरालीहरू, भञ्ज्याङ र चौतारीहरू जहाँजहाँ हामी जान्छौँ, यस स्वरले गीत बनेर हामीलाई पछ्याइरहेको हुन्छ। यो एउटा यस्तो स्वर हो, जसले गाउँले तरुणीहरूका सिन्दूरी भाव र व्यथालु ढुकढुकीलाई मार्मिक अभिव्यक्ति दिएको छ। एउटा यस्तो स्वर, जसले शहरिया युवतीहरूका बैंसालु सपना र अदृश्य घाउलाई सुकोमल वाणी दिएको छ।

नढाँटी भन्ने हो भने तारादेवीसँग मेरो व्यक्तिगत चिनाजानी छैन। तैपनि दार्जीलिङको उनको पहिलो कार्यक्रम हेर्ने सौभाग्य पाएको सम्झना भने अझ हरियै छ। एकान्तमा एउटा धेरै पुरानो गीत सुनेजस्तो, पुराना अल्बमहरू पल्टाएर ब्ल्याक एण्ड ह्वाइट फोटोहरू हेरे जस्तो, बितेका वर्षहरूलाई रिवाइण्ड गर्दा केही सम्झे जस्तो, केही बिर्सेजस्तो, केही झल्याकझिलिक फल्याशब्याकहरू :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन् १९६० तिर हो कि भन्छु ।

नेपालबाट भयङ्कर-भयङ्कर गाउने मान्छेहरू आ'को छ'रे !
जीडीनेस हलमा प्रोग्राम हुँदैछ 'रे ! ए सोम, तौं हेर्छस् ?

हाम्रो चाँदमारी गाउँभरिका ससाना केटाहरूमाझ खुल्दुली, उत्सुकता र उत्साह तरङ्गित हुन थाले । साँझको साढेपाँच भयो । फलामे गेट ड्याम्म थुनेर चौकिदारले भित्रबाट ताला लगायो । टिकट किन्ने पैसा थिएन । हामी एक हूल ससाना केटाहरू हिन्दी हाईस्कूलको पर्खाल चढ्यौं अनि एकएक गर्दै गोर्खा दुःख निवारक सम्मेलनको हाताभित्र छिर्‍यौं । कार्यक्रम सुरु भइसकेको थियो । हामी चिच्याई-चिच्याई हल्ला गर्न थाल्यौं । ग्यालेरीका ढोकामा मुड्की र लात्तीहरू वर्सायौं । कायलै भएर एकजनाले भित्रबाट दैलो खोलिदियो । तँ छाड् कि म छाड् गर्दै हामी भित्र पस्यौं । हलभरि अटाई नअटाई मान्छेहरू । ग्यालेरी सिँढीमा उभिएर हामीले कार्यक्रम हेर्‍यौं । अहिले सम्झँदा कलाकारहरूमा नातिकाजी, शिवशङ्कर अनि तारादेवी थिए । अरू थाहा छैन । अँ, एकजना तबलावादक थिए मित्रलाल हुन् कि कन्हैयालाल । जेहोस्, उनले हवाईजहाज, बिरालो आदिको ध्वनि अनुकरण प्रदर्शन गरेर सिङ्गै हललाई हास्यरसमा डुबाएका थिए ।

कार्यक्रममा प्रस्तुत गरिएका सबै गीतहरू थाहा छैन । तर एउटा गीतको गायन र प्रस्तुति भने अझै पनि सजीव भएर आउँछ । सम्पूर्ण दर्शकहरूलाई मोहिनीमन्त्रले बाँध्ने त्यस गीतलाई तारादेवीले गाएकी थिइन् । स्वर, शब्द, लय, सुर, ताल सबै मिलेर परिवेश र वातावरणलाई नै सरगमका लहरहरूमा नचाइदिने त्यो गीत सम्झन्छु :

हाइ हाइ आँखाको गाजल बगाई लग्यो आँसुको धाराले
गीत यो मेरो उडाई लग्यो छिनेको हाइ हाइ छिनेको तारले ।

•

केही वर्षहरू बिते । सायद १९६५ तिर होला । फेरि उही गो.दु.नि.स.को रङ्गमञ्च । यतिबेला म कलेजको विद्यार्थी थिएँ, साथै गो.दु.नि.स.को स्वयंसेवक पनि । तत्कालीन सांस्कृतिक संस्थानका निर्देशक जनार्दन समका नेतृत्वमा एउटा साङ्गीतिक टोली दार्जीलिङ आएको थियो । उही नातिकाजी, शिवशङ्कर, तारादेवी । नेपाली कला र संस्कृतिप्रति मरिमेट्ने दार्जीलिङका श्रोताहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि एकपटक अविस्मरणीय साङ्गीतिक कोसेली पाए लोकप्रिय अतिथि कलाकारहरूबाट । नातिकाजी र शिवशङ्करले गाएका सुमधुर गीतहरू सङ्गीतमय सन्ध्याका आकर्षण थिए । 'एक फेर हाँसिदेऊ, एक फेर बोलिदेऊ मीठो मुखले माहिली ।' यो गीत गाएर जनार्दन समले एउटा नौलो स्वाद चखाएका थिए । यसपटक पनि तारादेवी नै बहुचर्चित बनिन् । अन्तिम कोसेलीस्वरूप कार्यक्रममा एउटा मनमोहक लोकगीत गाइन् । श्रोताहरूका मानसपटमा एउटा चिरस्थायी प्रभाव अङ्कित गरिदिइन् । शब्दहरू राम्ररी थाहा नभए पनि त्यो गीत सम्झन्छु :

साँगुरी बारि नि हौं त्यो धारापानी गडतीरको हौं हजुर बालुवा ।
खरो है सुर्तीले नि बाङुली चल्छ खानुहोस् हौं हजुर मलुवा

त्यसपटकका भ्रमणमा भने मैले ती कलाकारहरूलाई प्रत्यक्ष भेट्ने मौका पाएँ । तारादेवीले बोलेको सुनेको थिइनँ । कुरा गर्दा उनको स्वर कस्तो होला ? अघि नै भनिसकें नि म स्वयंसेवक थिएँ यसकारण काम विशेषले मलाई सेन्ट्रल होटल पठाइयो । के खोज्छस् कानो ? आँखो ! अतिथि कलाकारहरू त्यहीं बसेका थिए ।

सेन्ट्रल होटलको त्यो ठूलो कोठा । वरिपरि कलाकारहरू । कति नेपालका, कति दार्जीलिङका । सबैलाई चिन्दिनथिएँ । अरुणा लामा पनि थिइन् । तर त्यो समय अरुणा दिदीसँग पनि मेरो व्यक्तिगत चिनाजानी थिएन । मैले एकतर्फी चिनेको मात्रै ।

'अरुणाजी, एउटा गाना सुनाउनुहोस्न' कसैले भन्यो ।

'गाइहाल्नुहुन्छ नि, गाउनै भनेर त बस्नु भा'को तारा दिदीले भनिन् । यसरी उनको गद्य स्वर पनि पहिलोपटक सुन्ने मौका पाएँ ।

क्यालेण्डरहरू फेरिँदै गए । १९७१ को जनवरी महिना । कवि अगमसिंह गिरीसँग पहिलोपटक काठमाडौं देख्ने मौका पाएँ । उनले धेरै लेखक, कवि, कलाकारहरूसँग परिचय गराइदिएका थिए । तर तारा दिदीसँग परिचय गर्ने स्थिति अनुकूल भएन । यसैले एक दिन मेरो साथी जीवन गिरी र म रेडियो नेपालतिर बढ्यौं । रेकर्डिङ् स्टुडियोको बाहिर एकजनालाई सोध्यौं, 'तारादेवी कहाँ हुनुहुन्छ ?' 'उः त्यहीं हुनुहुन्छ', उसले कौसीतिर देखायो । हामी त्यहीं पुग्यौं । धेरै वर्षपछि फेरि तारा दिदीका दर्शनले हामी धन्य भयौं । विश्ववल्लभ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सँगै थिए। उनले हाम्रो परिचय गराइदिए। 'दिदी, आजकल दार्जीलिङतिर कार्यक्रम लिएर किन आउनुहुन्न ?' मेरा मुखबाट फ्याट्ट निस्किहाल्यो। 'तपाईंहरू बोलाउनैहुन्न', विश्ववल्लभले मुखभरिको बुजो लाइदिए। सामान्य कुराकानीपछि नमस्कारहरू टक्काएर हामी फर्क्यौं।

क्यासेटमा र डिस्कमा मात्र होइन, लाखौं नेपाली मुटुहरूमा स्वराङ्कन, गीताङ्कन तारादेवी ! के भनूँ, उनी नेपाली सङ्गीत इतिहासको एउटा महत्त्वपूर्ण परिच्छेद हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली मुटुमा रुन्झुनाउने तार

माधव घिमिरे

तारादेवी नेपाली मुटुमा रुन्झुनाउने तार हुन्। उनलाई 'अब हजुर नजाऊ लाहुर'देखि सुन्दै आइरहेको छु। विदेशी गीत सुन्नतिर मात्रै धाउनेहरूलाई उनले त्यही बेलादेखि नै नेपाली गीत सुन्नतिर फर्काउँदै ल्याइरहेकी छन्। हामी गीतकारहरूले पनि मनमनै मात्र गुन्गुनाउने गीतलाई रनबन घन्काइदिने गायिका पाएका छौं।

नातिकाजी र अम्बर गुरुङको सङ्गीत-रचनामा मेरा यी दुई गीतमा त उनले प्राणै भरिदिएकी छन् :

फूलको थुङ्गा बहेर गयो गङ्गाको पानीमा
कहिले भेट होला है राजै यो जिन्दगानिमा।

•

अँधेरी खोला अँगेरी टिप्ता हातमा सऱ्यो नीर
न रोई जाने, न धोई जाने, के मलाई पऱ्यो पीर।

उनले यति धेरै गाएकी छन् कि, नेपाल र नेपालबाहिरका नेपालीहरूमाझमा छाएकी छन्।

गतवर्ष म बर्मामा पुग्दा एउटी प्रतिभाशाली नेपाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवगायिकालाई 'यी त बर्माकी तारादेवी हुन्' भनेर मलाई चिनाए। जसका नामबाट नै अरू पनि चिनिन चाहन्छन्, उसको अरू के परिचय दिऊँ ! यहाँ तारादेवीहरू आउँछन्, ती सबै आआफ्नै पारामा गाउँछन्– जहाँ एक लहरले लाखौं लहरलाई हुत्याइरहन्छ, त्यही हिमालमुनि नेपाल गाइरहन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जनजनका ढुकढुकीमा गुञ्जिने तारादेवी

रत्नशमशेर थापा

तारादेवीसँग मेरो चिनाजानी २०१५ सालतिर भएको जस्तो लाग्छ । तारादेवी र नारायणगोपालले मेरो गीत 'ए कान्छा ठट्टैमा यो वैंस जान लाग्यो' गाउने क्रममा नारायणगोपालले मलाई तारादेवीसँग चिनाएका थिए । त्यसपछि यो गीत रेकर्डिङ् गरिएको थियो ।

त्यसो त तारादेवी र मेरो देखादेख र जम्काभेट पनि रेडियो नेपालमा म पुग्दा धेरैपटक हुने गर्थ्यो । तर रेडियोमा जाँदा त्यहाँका गायकगायिका तथा अन्य कलाकारसमेत कोही पनि मसँग कुरा गर्दैनथे । 'त्यसबेला म मात्रै होइन रेडियोमा धेरैजसो तपाईंसँग डराउँथे ।' पछि तारादेवीबाटै यो कुरा थाहा पाएको थिएँ । मलाई अचम्म पनि लागेको थियो । मैले अरूलाई डर लगाउने किसिमले केही गरेको थिइनँ । तर किन त्यसरी मसँग सबैजना डराएका होलान् । मैले बुझ्न सकिनँ । हुन त म स्पष्टवादी, देखेकाभेटेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नराम्रा कुरा भन्नेखाले मानिस भएका कारणले हो कि जस्तो पनि लागेको थियो ।

•

तारादेवी र शिवबहादुरको बिहे हुने कुरा थाहा पाएँ । मलाई अत्यधिक आनन्द लाग्यो । शिवबहादुर श्रेष्ठ र म दरबार हाईस्कूलका सहपाठी थियौँ । मेरा गीत गाउने तारासँग मेरै साथी शिवको दाम्पत्य सम्बन्ध भएको कारण म रमाएको थिएँ । दुवैले दिएको निम्ता मान्न म उनीहरूका बिहामा सरिक भएको थिएँ । शिवतारा विवाहबन्धनमा बाँधिएपछि लाजिम्पाटमा डेरा गरेर बस्न थाले । उनीहरू त्यहाँ बस्न लागेपछि म पनि त्यहाँ पुग्ने गर्थें ।

'फूलैफूलको मौसम तिमीलाई' यो गीत त्यसै बेला शुभबहादुरका सङ्गीतमा ताराले गाएकी हुन् ।

ताराले मेरा धेरै गीतहरू गाएकी छिन् । म किटान गरेर सङ्ख्या भन्न सक्तिनँ । किनभने मेरा गीतहरूको कुनै सूची मैले राखेको छैन । त्यसैले उनले मेरा यतिवटा गीत गाएकी छिन् भन्ने सङ्ख्या म तोक्न सक्तिनँ । अनुमानित सङ्ख्या बीसबाईस भन्न मात्र सक्छु ।

ताराले गाएका मेरा गीतमध्ये 'ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो' अत्यधिक चर्चित गीत हो । त्यसबेला रेडियो नेपालले 'स्रोता सर्वेक्षण' कार्यक्रम चलाएको थियो । त्यस कार्यक्रममा यो गीत सर्वप्रथम भएको थियो । त्यसबेला म आनन्दित हुनु स्वाभाविकै थियो । गायकगायिकालाई पुरस्कारस्वरूप एक डेढसय रुपैयाँ पनि दिइएको थियो । त्यो पैसा गायकगायिकाले लिए । उनीहरूले सो पैसा लिँदा पनि मलाई रमाइलो लागेको थियो । तर उनीहरूले मलाई त्यस खुसियालीमा एक कप चिया पनि नखुवाउँदा चाहिँ अचम्म लागेको थियो ।

ताराले गाएका गीतमध्ये माधव घिमिरेको शब्द र नातिकाजीको सङ्गीतको 'फूलको थुङ्गा बगेर गयो गङ्गाको पानीमा, कहिले भेट होला हो राजै यो जिन्दगानीमा' मलाई खूबै मन पर्छ । त्यस्तै किरण खरेलको शब्द र शिवशङ्करकै सङ्गीतको 'हिमालको काखमा छ सानो मेरो गाउँ, पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ' पनि मेरो मन परेको गीत हो । मेरो रचनाको 'सपना म देखूँ भन्छु, आँखामा नीद हुन्न, भावना म पोखूँ भन्छु, ओठमा गीत हुन्न' नातिकाजीका सङ्गीतमा ताराले गाएको गीत मलाई अत्यन्तै मनपर्छ ।

•

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारा बानेश्वरमा घर बनाएर बस्न लागेपछि म उनका घरमा बारम्बार जाने गर्थें । उनीहरू पनि मेरा घरमा आउने गर्थे । मेरा विहेमा र मेरो ठूलो छोराका पास्नीमा पनि तारा आएकी छिन् । मलाई ताराको शिष्टसौम्य व्यवहार मनपर्छ । आफ्ना घरमा आएका मानिसलाई रसिलोपनका साथ स्वागतसत्कार गर्ने कलामा पनि तारा पारङ्गत थिइन् । त्यसैले पनि मलाई ताराका घरमा जाँदा आनन्द लाग्ने गर्थ्यो ।

ताराका स्वरको मूल्याङ्कन गर्ने क्रममा मलाई लाग्छ नेपाली गायनका क्षेत्रमा तारादेवीको जन्म नभएको भए अहिले ताराले बनाएको स्थान रित्तो हुने थियो । माणिकरत्न, बच्चुकैलाश, नारायणगोपाल र प्रेमध्वज एक अर्काका टक्करका गायकहरू हुन् । तर तारादेवी जस्तो गीत गाउन सक्ने जोडा गायिका अहिलेसम्म पनि कोही निस्केका छैनन् । तारादेवी जस्तो गायिकाको शीर्षस्थ उचाइमा राख्न सकिने नेपाली गायिका आजपर्यन्त मैले भेटेको छैन । यसै सन्दर्भमा केही वर्षअघि टाइम्स अफ इण्डियामा तारादेवीलाई 'नाइटिङ्गेल अफ नेपाल' भनेर लेखिएको थियो । त्यसै लेखमा तारादेवीलाई भारतीय शीर्षस्थ गायिका लता मङ्गेशकरसँग तुलना गरेर पनि लेखिएको थियो । त्यसबेला उक्त पत्रिकाको सो लेख पढेर मैले आफूलाई गौरवान्वित महसुस गरेको थिएँ ।

ताराका स्वरले जति कदर पाउनुपर्थ्यो त्यति कदर हामीले गर्न सकेजस्तो मलाई लाग्दैन । हुन त एउटा कलाकारको सबैभन्दा ठूलो सम्मान भनेको उसका सृजनालाई जनताले मन पराइदिनु नै हो । यस अर्थमा जनजनका ढुकढुकीमा गुन्जिने तारादेवीको प्रवेश नै ताराले पाएको सबैभन्दा ठूलो सम्मान हो ।

हाम्रो सरकारले कलासंस्कृतिको सम्मान, संरक्षण गर्न अझै सिकेको छैन । सरकारले देशको साहित्य, कला एवं संस्कृतिको रक्षा गर्नुपर्ने हो । रेडियो नेपालले नातिकाजी, तारादेवी र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले अम्बर गुरुङ जस्ता नेपाली गीत सङ्गीतका धरोहरहरूलाई आजीवन ससम्मान आफ्नो संस्थासँग सम्बद्ध गर्नुपर्थ्यो । तर हाम्रो देशमा त्यसो भइरहेको छैन । उनीहरूसँग धेरै लिन सकिने अवस्थामै परिष्कृत सृजना प्राप्त गर्न सकिने समयमै उनीहरूलाई अफालिएको दुःखद घटना पनि हाम्रो सरकारले घटाइसकेको छ । नेपाली गीत सङ्गीतमा नै आफ्नो जीवन समर्पण गरेका त्यस्ता अमर साधकहरूलाई सरकारले बाँचुञ्जेल भत्ता खुवाएर मात्र भए पनि सम्मान गर्नुपर्थ्यो, तर त्यसो भएको छैन । यहाँ हिजोआज अयोग्य र अनावश्यक व्यक्तित्वको मात्र कदर गरिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिपाटी नै बसेको छ । तारालाई बिनासूचना रेडियो नेपालको उनको कार्यालय कोठामा ताल्चा मारेर उनलाई हाजिर गर्न पनि नदिई अपमानित गरियो । एउटी 'नेपालतारा' मानिनुपर्ने तारादेवीलाई उनले आजीवन आफूलाई समर्पण गरेका ठाउँबाट उनलाई लघार्दा मलाई हामी नेपालीको कृतघ्नताले पिरोलेको थियो ।

ताराका सम्बन्धमा धेरै कुरा लेख्न सकिन्छ, भन्न सकिन्छ । छोटकरीमा भन्नुपर्दा चाहिँ म तारालाई हाम्रो देशकी एउटी सशक्त र बेजोडकी कलाकार मान्छु र उनलाई एउटी अमर कलाकार भन्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



तारादेवीसँग साङ्गीतिक युग बाँचेको छ

रमण घिमिरे

तारादेवीका बारेमा लेख्नु भनेको साह्रै कठिन काम हो। समुच्चा नेपाली आधुनिक सङ्गीतलाई आफ्नो जादूमयी गायकीमा बाँधेर उहाँले हजारौँ श्रुतिपूर्ण गीतहरू पस्किनुभयो जुन स्वरका कारण नेपाली सङ्गीतले समृद्धिको आकाश, लोकप्रियताको क्षितिज र सुरहरूको सागर पायो। उहाँका सम्मोहक गीतहरू सुन्दासुन्दै आज कति नेपालीहरू बुढेसकालतर्फ उन्मुख भएका छन्, कति परिपक्व युवावस्थामा पाइला टेक्न पुगेका छन् भने कति किशोरावस्थातिर उक्लिँदै छन्। प्रेमध्वज प्रधानदेखि नवीन भट्टराईसम्म र तारादेवीदेखि ममता दिपविमसम्मका सबै पुस्ताले सुनेका छन्, स्वीकारेका छन् र गुन्गुनाएका छन्। प्रत्येक विधाहरूमा झैँ सङ्गीतमा पनि पुराना साधकहरू विस्थापित र विस्मृत हुँदै, नयाँ साधकहरू स्थापित हुने प्रचलन विश्वभर छ। नेपाली सङ्गीतमा पनि यस्तो भएको छ। आजका रामकृष्ण ढकाल, नवीन भट्टराई, ममता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिपविम, सरिस्मा अमात्यका श्रोताहरूले हाम्रा पुराना स्थापित कति गायकगायिकाहरूलाई चिन्दछन् र उनीहरूको गीत गुन्गुनाउँछन् ? सम्भवतः अधिकांशको नामसमेत यस पुस्तालाई थाहा छैन होला । तर तारादेवी आजको यस पुस्ताबीच पनि यत्ति नै लोकप्रिय हुनुहुन्छ, जति "नौ सयखोला", "साँघुरीवारि" या "फूलको थुङ्गा" गाउँदाका समयमा हुनुहुन्थ्यो ।

असङ्ख्य साधक र साधनाहरू समाहित भएर, थुप्रै प्रतिभाहरू मिलेर अनि लामो युग व्यतीत भएर एउटा सशक्त र कालजयी कलाकारको जन्म हुन्छ । नेपाली सङ्गीतमा तारादेवीअघिका र पछि आजसम्मका स्वरसाधकहरूको समग्र रूप तारादेवीको गला हो, उहाँको गायकी हो र उहाँका स्वरमा रेकर्ड भएका गीतहरू हुन् ।

नेपाली सङ्गीतको आधुनिक काल जहाँबाट ब्युँझिन्छ, तारादेवीको गायन पनि त्यहींबाट आरम्भ हुन्छ । अर्थात्, तारादेवीका गलाबाट नै नेपाली आधुनिक नारीगायनको सुरुवात भएको हो भन्दा अत्युक्ति नहोला । मेलवादेवी, रानूदेवी आदि गायिकाहरू उहाँभन्दा अघि गायनक्षेत्रमा देखिए पनि नेपाली मौलिक गीतका धरातलमा उभिएर गाउने नारीस्वर केवल तारादेवीको थियो ।

उस्ताद भैरवबहादुर थापाका रचनासङ्गीतमा रेकर्ड भएको पहिलो गीत– "तिमी र हामी भेटौंला फूलबारी छेवैमा" भन्ने तारादेवीका स्वरको गीतपछि नै नेपाली साङ्गीतिक आकाशमा नौला सम्भावना र नवीन अपेक्षाहरू तरङ्गित भएका थिए । त्यसपछि उहाँले निरन्तर रूपमा लोकप्रिय गीतहरू गाउनुभयो । माधव घिमिरेको गीत तथा नातिकाजीका सङ्गीतमा उहाँले गाउनुभएको "फूलको थुङ्गा बगेर गयो गङ्गाको पानीमा" भन्ने 'मनको बाँध' चलचित्रको गीत उहाँका गायनयात्राको एउटा चरम बिसौनी थियो, जहाँ पुगेर उहाँले आफ्ना यात्रामा पहिलोपल्ट थकाइ मार्न पाउनुभयो । हुन त त्यसपछि गाउनुभएका चाँदनी शाहका रचनाको 'उकालीओराली' जस्ता जीवन्त गीतहरू उहाँका मोहनी कण्ठबाट प्रतिध्वनित भए तथापि पुरानो 'मेलोडी' लाई कताकता पछ्याउन नसकेको अनुभव गरियो ।

जेसुकै होस्, तारादेवीले गाउनुभएका लगभग चारहजार गीतहरूमध्ये केही गीतहरू लय वा लेखनका दृष्टिले अपेक्षाकृत कमजोर र फितला ठहरिएलान् तर उहाँका गायनलाई भने सोझै खोट लगाउन सकिँदैन । त्यतिखेर कम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्णप्रिय भनी मूल्याङ्कन गरिएका गीतहरू आज फेरि पुराना लोकप्रिय भनिएका गीतहरूकै पङ्क्तिमा नामाङ्कित हुन पुगेका छन् ।

आरम्भकै हरफमा भने झैं तारादेवीको साङ्गीतिक पक्षमाथि लेख्नु कठिन काम हो । उहाँले नेपाली सङ्गीतमा चलेका सबै शैली र विधाका गीतहरू गाउनुभएको छ । ती प्रत्येक गीतहरूलाई छानेर उहाँको गायनसम्बन्धी विशेषतालाई पर्गेल्नु वास्तवमै असम्भव कार्य हो । तारादेवीसँग एउटा सम्पन्न र लयपूर्ण साङ्गीतिक युग बाँचेको छ । भर्खर बामे सर्न थालेको नेपाली सङ्गीतसँगै आफ्नो स्वर मिलाउँदै झण्डै चारदशक लामो यात्रा छिचोल्दासम्म तारादेवीले सङ्गीतको हिमाल, पहाड, मधेश गाउनुभयो; उकाली-ओराली गुन्गुनाउनुभयो अनि मेची-महाकाली घन्काउनुभयो ।

निष्पक्ष भएर भन्नुपर्दा तारादेवीका स्वरले सांस्कृतिक एकीकरण गरेको छ । सबै जाति, पेसा र वर्गका मानिसहरूले आफ्नो साम्प्रदायिकतालाई भुलेर अनि आफ्नो भाषा र परम्परालाई बिर्सेर उहाँका स्वरमा आफ्नो मन मिसाएका छन् । हिमालबासीदेखि तराईबासीसम्मले उहाँको गीत समानरूपले गाएका छन्- जसरी भारतमा लता मङ्गेशकरका गीतहरू गाइन्छन् । यसो हुनुका पछाडि तारादेवीको स्वरीय जादूको प्रमुख भूमिका छ । उहाँको स्वर नै यति कर्णप्रिय, हृदयस्पर्शी र सम्मोहनपूर्ण छ- जुन स्वरले मानिसका सबै सङ्कोचहरू भुल्याएर खालि स्वरहरूमा समर्पित हुन प्रेरित गर्छ । पुतलीले बत्ती वरिपरि परिक्रमा गर्नुअघि बत्तीको कम्पनी, बत्तीको ट्रेडमार्क या मट्टीतेलको वितरक आदि छुट्याउने गर्दैन । त्यसरी नै तारादेवीको स्वर सुन्दा कोही पनि त्यस गीतको गीतकार, सङ्गीतकार आदि पहिल्याउनेतिर लागेनन् । पछि उहाँका स्वरबाट तृप्त भएपछि फुर्सतका बेला मात्र यस्तो खोजीनिती भए होलान् ।

तारादेवीले आफ्नो कोइलीकण्ठी स्वरबाट धेरै गीतकार र थुप्रै सङ्गीतकारलाई समेत अमर बनाइदिनुभएको छ । उहाँका स्वरमा जति पनि गीतकार, सङ्गीतकारहरू गाइए; आज ती सबैले नेपाली सङ्गीतमा आफ्नो विशिष्ट पहिचान बनाएका छन् ।

नेपाली श्रोताहरूकी प्यारी तारा दिदी आज २/३ वर्ष यतादेखि बिरामी हुनुहुन्छ । नेपाली सङ्गीतप्रेमीहरूका लागि यो क्षण त्यसैले औधी नै विरक्तिपूर्ण भएको छ । आफ्ना गायनको यस उत्तरार्द्धमा तारादेवीमाथि नियतिले पनि कठोर वज्रप्रहार गऱ्यो, जसले गर्दा उहाँको त्यो अजस्र गायकी आज अवरुद्ध भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँका स्नेही पुत्रको असामयिक निधनले तारादेवीका मुटुमा पारेको घाउ पुरिन नपाउँदै उहाँका पतिको विमान दुर्घटनामा परी देहावसान भयो, जसले उहाँका छातीलाई जर्जर पाऱ्यो । फलतः उहाँ स्वयम् बिरामी पर्नुभयो । र, झण्डै पाँच वर्षदेखि नेपाली साङ्गीतिक भण्डारमा उहाँका स्वरहरू थपिन सकेका छैनन् । तर उहाँले जति गीत गाउनुभएको छ, त्यतिले नै नेपाली सङ्गीतलाई कालान्तरसम्म समृद्ध र सुरमय पारिरहनेछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



तारादेवीलाई कहिलेदेखि चिनेको ?

राजेन्द्र थापा

स्वरगङ्गे तारादेवीलाई कहिलेदेखि चिनेको, सो पनि लेखिदिनुहोला भनी नरेन्द्र भाइले मलाई भनेदेखि नै यस प्रश्नले बारम्बार मलाई कोट्याइरह्यो। साँच्ची तारादेवीलाई कहिलेदेखि चिनेको हँ ? देखेदेखि वा सुनेदेखि ? कहिले देखेको ? याद छैन। बालवाटिकामा १०/१२ वर्षका उमेरमा जाने गर्दथ्यौं। त्यहाँ सधैं देख्थ्यौं तारा दिदीलाई। देख्दा प्रत्येकपल्ट रोमाञ्चित हुन्थ्यौं, उत्सुक हुन्थ्यौं, गर्वित महसुस हुन्थ्यो। त्यसताका नेपाली जनमानसमा तारादेवीको स्वरूप त्यस्तै बृहत् थियो। तर त्यसरी प्रत्यक्ष वर्षौंसम्म प्रत्येक शनिवार तारा दिदीलाई देखे पनि नौलो मान्छेलाई देखेजस्तो लाग्दैन थियो, न त मलाई, न त अरू कसैलाई। तारादेवीलाई निश्चय पनि सुनेदेखि नै चिनेको हो। तर कहिलेदेखि सुनेको ? फलानो गीतबाट ? हैन ! उसो भए फलानो गीत क्यारे ? त्यो पनि हैन ! फलानो ... फलानो ... भन्दाभन्दै मस्तिष्क अन्धकारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्मृतिमा अलमलिन थाल्दोरहेछ । यसको अर्थ मेरा मस्तिष्कले ... मेरा स्मरणले ... मेरा सम्झनाले ... मेरा सोचाइले ... तारादेवीलाई कुन विन्दुबाट कसरी चिनेको ... छुट्याउन सकेन । तारा दिदी मेरा स्मरणमा एकाकार भइसक्नुभएको रहेछ । न त विन्दु छुट्टियो न त समय नै खुट्टियो ... । लाग्यो ... तारादेवी चिनिइने वा देखिइने अस्तित्वमा सीमित छैन ... तारादेवीलाई सम्झनामा पनि बाँधेर राख्न सकिने होइन रहेछ, ... तारादेवीलाई खालि महसुस गर्न मात्र सकिने अस्पष्ट ... स्पष्ट ... छरपष्ट ... धमिलो छायाजस्तो ... जतातै मिसिएको ... व्यक्तित्व वा अस्तित्व रहेछ । सायद मलाई मात्र होइन प्रत्येक नेपाली जनमानसलाई यस्तै महसुस हुन्छ होला ... तारादेवीका बारेमा सोच्दा ... तारादेवीलाई कहिलेदेखि सुनेको हो त्यो छुट्याउन खोज्दा ... सायद यही नै हो तारादेवीको सही परिचय ... यही नै हो तारादेवीको कर्म ... तारादेवी भन्नु पनि यही नै हो सायद । समष्टि रूपमा तारादेवी ... कसैले छुट्याउन नसक्ने सम्झना हो ... तारादेवी ... यही तारादेवी मात्र हो ... यसबाहेक अरू केही होइन ... ।

तारादेवीलाई जोवनमा पनि सबैले सुने, जीवनमा पनि सुने, रोदनमा पनि सुने, हाँसोखुसी, हास-परिहास, ठट्यौली र रत्यौलीमा पनि सुने । मेचीका माटामा पनि सुने ... महाकालीका पाटामा पनि सुने ... उकालीको दह्रो आँटमा सुने ... मधेशको तरेली फाँटमा पनि सुने ... गाउँ-गाउँ, शहरशहर, कोठा-चोटा ... रनवन ... खेतबारी जहाँ पनि सुने । तारादेवीलाई नसुनेको कुनै कान बाँकी रहेन ... नगुन्गुनाएको कुनै ओठ बाँकी रहेन ... कुटुक्क छाती नघोचेको कुनै धड्कन बाँकी रहेन ... थारू गाउँ वा गुरुङ गाउँ ... मगरको आँगन वा चेपाङको गुफा, क्षेत्री, बाहुन, नेवार वा तामाङको हृदय ... मिथिला वा अवधक्षेत्र या भोजपुरी वातावरण अथवा भनौं किराँती डाँडो ... कहाँ गुन्जिएन तारादेवी ... । सरस्वतीपुत्र दमाइको ट्याम्कोमा तारादेवी ... विश्वकर्मापुत्रका घनहरूमा तारादेवी ... कसले गाएको छैन तारादेवीलाई ... कसले भोगेको छैन आफ्नो मन र वेदनाभित्र तारादेवीलाई । कहिले, सङ्गीतसाधकले, स्वरसाधकले ... बुद्धिजीवीले ... गृहिणीले ... कर्मचारीले ... ज्यामीले ... किसानले ... । देशपरदेश ... वा नेपाली छरिएका प्रवास ... कसका श्वासमा, कसका प्रश्वासमा ... कसका नैराश्यमा, कसका विश्वासमा थोरै वा धेरै ... कोट्याएको छैन तारादेवीका स्वर सुइराले, घरिघरि ... बारम्बार !

तारादेवीको जन्म नेपाली जगत्लाई केही दिनका लागि नै भएको थियो ... । दिइन्, धेरै तारा दिदीले । त्यसैले अटुट ... चुपचाप रातले शीत झारे झैं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चुपचाप दिनले घाम छरे झैं हल्लै नगरी चुपचाप वसन्तले हाँगाहाँगा रङ्गाए झैं, सधैंभरि चुपचापचुपचाप दिँदै रहिन् ... दिँदै रहिन् । केही नलिई, केही नमागी । सरस्वतीका सन्तानको कर्म यस्तै हुन्छ, त्यसैले यस्तै कर्म लिएर आइन्- तारा दिदी । गङ्गा झैं दिँदै दिँदै, सुरुदेखि बिनाअन्त ... लगातार दिँदै दिँदै । त्यसैले थाहै नपाई नेपालीमनभित्र तारा दिदी स्वरगङ्गे भइसकिछन् । गङ्गा बगिरहनेछ ... बगिरहनेछ ... बगिरहनेछ ... । तारा दिदी बगिरहनेछिन् ।

तारा दिदीलाई हामीले दिनु पनि धेरै थियो । तर हामी उहाँलाई केही दिन पनि वञ्चित बनेका छौं । यति हुँदाहुँदै पनि मैले दिदीलाई केही दिन चाहँ । तर मेरो उहाँप्रतिको भावसमर्पण त्यसबेला प्रस्तुत भयो, जुनबेला उहाँ पुत्रशोकमा डुब्नुभएको थियो । मेरो दुर्भाग्य भनौं या सञ्जोग भनौं मैले उहाँलाई त्यस्तै दुःखद अवस्थामा मेरा गीतिभावना नै भए पनि समवेदनात्मक समर्पण गर्न सकें :

मान्छेको झैं देउतासित पनि मन हुन्छ कि हुँदैन
हामीलाई रुवाउँदा उसको पनि मन रुन्छ कि रुँदैन
सबलाई वर दिने दैवले हामीलाई मात्र किन दिएन
ठग्यो दैवले, लग्यो दैवले तिमीलाई नै छानेर लग्यो दैवले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सङ्गीत जगत्‌की श्रेष्ठ कोइली तारादेवी

डा. रामविक्रम शिजापति

वास्तवमा सङ्गीतमा चाख नहुने कोही पनि हुँदैनन्। यदि कोही त्यस्तै परे भने तिनीहरूलाई संज्ञा दिइन्छ - "साहित्य सङ्गीत कलाविहीन साक्षात् पशु ..।" म पनि केटाकेटीदेखि नै साहित्य, सङ्गीततर्फ चौपट्टै अभिरुचि राख्दथें। २००७ साल चैत्र २० गते नेपाल रेडियो (२००९ सालमा नाम परिवर्तन भै रेडियो नेपाल) स्टेशन स्थापनापश्चात् बालकार्यक्रममा (त्यसबेला तारिणीप्रसाद कोइराला तथा रश्मिराज्यलक्ष्मी र पछि वाई.वी.विष्ट सञ्चालक) भाग लिन जान थालें। त्यसैताक उस्ताद भैरवबहादुर थापासँग एउटी सानी केटी पनि साथमा आएको देख्ने गर्दथें। उनले पनि रेडियोबाट गाएको (लाइभमा) पनि देख्ने र सुन्ने गर्दथें। उनको स्वर तीखो, मीठो खालको थियो। आफू पनि सानो (तर उनीभन्दा ठूलो) भएकाले र पढाइमा पनि लाग्नुपर्ने हुँदा नाम तारादेवी भन्ने थाहा पाए पनि बोलचालचाहिँ भएको थिएन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२००८/००९ सालतिर गायक/सङ्गीतकार नातिकाजी दाइ (मेरो माहिला दाइ लीलाविक्रमको मित्र) ले मेरा दाइका अनुरोधमा मेरो स्वरपरीक्षा गराउने चाँजो मिलाइदिएका थिए । त्यो दिन प्रेमध्वज प्रधानले पनि स्वरपरीक्षा दिएका थिए । स्वरपरीक्षापश्चात् नातिदाइ तथा हरिप्रसाद रिमालका सङ्गीतमा पनि मैले गीत गाएँ । यसरी २०१३ साल पनि बित्यो र २०१४ सालतिर कोलम्बो प्लानअन्तर्गत म भारतमा अध्ययनार्थ गएँ । यतिबेलासम्ममा इन्द्रचोकमा २००२ साल माघ २ मा जन्मिएकी कृष्णबहादुर कार्की र राधादेवी कार्कीकी सुपुत्री तारादेवी गायनमा प्रगति गर्दै गइराखेकी थिइन् ।

भारत अध्ययनबाट फर्केपछि गायनतर्फ थन्केर लेखनतर्फ म उन्मुख भएको थिएँ । आफ्ना लेख रचना रेडियोमा लिएर जाँदा तारादेवी रेडियो गायिकामा नियुक्त भैसकेकी थिइन् । उनको डिस्क रेकर्डको गीत- 'तिमी र हामी भेटौंला फूलबारीका छेउमा (युगल उस्ताद भैरवबहादुरसँग), अब हजुर नजानोस् लाहुर नेपालमा पाइन्छ जागिर' आदि अरू उनको गायनका साथै घन्केको सुनिन्थ्यो । तारादेवी गीतगायनका अतिरिक्त रेडियोमा बोल्ने पनि गर्दथिन् । २०२४/२५ सालताक हो क्यारे रेडियो नेपालबाट गाउँफर्क राष्ट्रिय अभियानसम्बन्धी कार्यक्रम गर्दा किरण खरेल, विश्ववल्लभ, दामोदर अधिकारी आदिका साथ म पनि संलग्न हुँदा कहिलेकाहीं तारादेवी पनि बोलेको सम्झना आउँछ । तारादेवीसँग बोलचाल त भयो तर हिमचिम भने अझै हुन सकेको थिएन ।

बोलचालको क्रम २०३५ सालमा म रेडियो नेपालमा करार सेवामा प्रवेश गरेपछि मात्र राम्ररी हुन गयो । यतिबेला रेडियो नेपालको माइक्रोफोनमा मात्र उनी सीमित नभएर नेपाली रङ्गमञ्चमा पनि लोकप्रिय गायिकाका रूपमा श्रोतासमक्ष देखा परिसकेकी थिइन् । उनका आवाजले नेपालमा आयोजना हुने सांस्कृतिक कार्यक्रम, रेकर्डिङ् आदिमा प्रमुखता पाइसकेको थियो । नेपालमा निर्माण भएका चलचित्र, श्री ५ को सरकारबाट होस् वा २०२८ साल कात्तिक १६ गते स्थापित शाही नेपाल चलचित्र संस्थानबाट होस् पृष्ठगायिकाका रूपमा समेत उनको योगदान रहिसकेको थियो । उनले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, राष्ट्रिय नाचघरमा प्रदर्शन भएका गीतिनाटकहरू समेतमा आफ्नो कोकिलकण्ठ सङ्गीतद्वारा सफल पार्ने योगदान दिइसकेकी थिइन् । उनलाई नेपाली समाजले समयसमयमा उनको गुण र योगदानलाई ख्याल राखेर प्रेरणा र प्रोत्साहनस्वरूप विभिन्न आदर र विभूषणबाट विभूषित पारिसकेको थियो । उनले गायनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि प्रयाग-सङ्गीत समिति, इलाहाबादबाट शास्त्रीय सङ्गीतको गायन (कण्ठसङ्गीत) मा सङ्गीत विशारद (बी.म्युज) पनि गरिसकेकी थिइन् ।

रेडियो नेपालबाट सञ्चालित विज्ञापन सेवाका कार्यक्रममा पनि सुरुसुरुमा उनले बोलेको मीठो बोली हिजै जस्तो लाग्दछ । तारादेवी आफू पनि सङ्गीतबद्ध गीत गाएर सङ्गीतकारका रूपमा देखा परेपछि मलाई पनि एउटा गीत गाउनका लागि भन्न मन लाग्यो ।

दिनदिनको भेटघाट, एउटै कार्यालय भएकाले अब भने दाजुबहिनीको जस्तो सम्बन्ध हुन गएको थियो । हुन त तारा बैनीसँग २०३५ देखि २०४५ सम्म यो सम्बन्ध विशेष रूपमा रहे पनि यो लेख लेख्नका लागि पनि टेलिफोनबाट कुरा गरेर केही बुझ्ने कुरा गर्दा पनि सौहार्दपूर्वक कुराकानी भएको छ ।

मलाई सम्झना छ २०३७ सालको कुरा हो, एक दिनका कुराकानीमा तारा बैनीले मेरो रचनाको गीत गाइदिने मञ्जुरी दिएपछि मैले रेडियो नेपालको गीत जाँच्ने बोर्डबाट गीत पास गराएँ र तारा बैनीसँग गीतको प्रतिलिपि देखाउँदा सङ्गीतकार शुभबहादुरलाई सङ्गीतबद्ध गराउन दिनुहोस् भन्ने कुरा भयो । मैले पनि शुभबहादुरजीलाई गीत दिएँ । तारा बैनीले मेरो गीत २०३७ सालको मङ्सिर महिनाको ८ गते आइतबार रेकर्ड गरिदिइन् । रेकर्ड गरिएको त्यो गीत थियो - 'छायाजस्तै जहाँ गए पनि माया हजुरको साथ हुनेछ, जीवनका हर मोडहरूमा छायाकै आभास हुनेछ ।'

२०४५ सालमा आफ्नो योग्यता बढाउनका लागि विद्यावारिधि गर्ने विचारले मैले रेडियो नेपालको करारसेवाबाट अवकाश लिएपछि आक्कलझुक्कल तारा बैनीसँग भेट हुनलाग्यो । सधैँ उज्यालो, हँसिलो देखिने तारा बैनीको पारिवारिक जीवन राम्ररी नै चलिरहेको थियो । पारिवारिक र गृहस्थी जीवनमा त्यतिविधि फुक्का हुन नसक्नु स्वाभाविक हो तापनि उनले आफ्नो सङ्गीतसाधनामा कुनै पनि किसिमको कसर आउन दिइनन् । उनले पीर लिएको मैले देखिनँ, जति वर्षसम्म मैले रेडियोमा उनलाई देखेको थिएँ ।

•

सधैँ हँसिलो भएर हिँड्ने तारा बैनीलाई पुत्रशोक २०५१ सालमा परेछ । मैले पछि पो थाहा पाएँ । त्यसपछि तारा बैनीलाई रेडियोबाट चोट पुग्ने गरी अवकाश दिएको कुरा पनि पछि नै थाहा पाएँ । गायनका क्षेत्रमा भनूँ अथवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जागिरे जीवनमा भनूँ तारा बैनीले निकै ठूलो सङ्घर्ष गरेर आफूलाई स्थापित गराएकी थिइन् ।

विधाताले तारा बैनीलाई खप्नै नसक्ने चोट दियो । छोराको मृत्यु हुनु, आफूले केटाकेटी अवस्थादेखि सेवा गरेका ठाउँबाट उनका योगदानको कदरै नगरी विनासित्तै निकालिनु, २०५५ साल भाद्र ५ गते जहाज दुर्घटनामा पति गुमाउनु र आफैँ पनि रोगग्रस्त जीवन बिताउनुपर्दा उनका हृदयमा कति वज्रपात पऱ्यो होला यो कुरा भोग्ने र सम्झन सक्नेले मात्र बुझ्न सक्छ ।

'सङ्गीत नै मेरो जीवन, सङ्गीत नै मेरो सर्वस्व' भन्ने तारा बैनी आफ्नो अन्तिम अवस्थासम्म पनि सङ्गीतमै लीन हुन चाहन्छिन् । उनलाई गीत तथा सङ्गीत क्षेत्रमा विशेष योगदान पुऱ्याएबापत गोरखा दक्षिणबाहु प्रथम, त्रिशक्तिपट्ट, इन्द्रराज्यलक्ष्मी प्रज्ञापुरस्कार, जगदम्बाश्री, मैना पुरस्कार, छिन्नलता पुरस्कार प्राप्त भएको हो । साथै 'टुवर्ग आउटस्टेण्डिङ्ग एवार्ड' ले पनि उनलाई सम्मानित गऱ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशकी गायिकाछोरी

रामेश श्रेष्ठ

२००९/०१० सालतिर रेडियो नेपालबाट कलिलो स्वरमा एउटा नौलो गीत सुनियो :

'तेरो एक नजरको शिकार हुँ
तेरो एक हँसीको भिखारी हुँ
जब खुल्छ तेरो त्यो अनार लहर
नहुने को छ विह्वल ..... ।'

ब्याट्री सेटवाला रेडियोहरू नेपालमा भर्खरभर्खर भित्रिन थालेका थिए । घरको ग्रामोफोनमा मास्टर मित्रसेन, रत्नदास प्रकाश र राणाका दरबारिया गायिकाहरूका नेपाली गीतहरू हामीले सुनेका थियौँ तर रेडियोको यो चाहिँ गीत तीभन्दा भिन्न, केही नयाँ र आधुनिक थियो । हामीलाई यस बालस्वरले निकै आकर्षित गऱ्यो । तर केटा हो कि केटीको, ठम्याउन सकेनौँ । फेरि अर्कोपल्ट रेडियोबाट त्यही गीत आउँदा कान ठाडो पारेर गीत गाउनेको नाम सुन्यौँ- तारादेवी । यो नाम त्यही समयदेखि मेरो मस्तिष्कमा अङ्कित भयो । 'तिमी र हामी भेटौँला फूलबारीको छेउमा' त्यही स्वरसँग एउटा पुरुषस्वर मिसिएको गीत अलि दिनपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रेडियोमा सुनियो । यस गीतसँग हाम्रो बा पनि प्रभावित हुनुभएर सोध्नुभयो 'यो केटीका स्वरमा गाउनेको नाम के हो हँ ?' हामी छोराहरूले एकै स्वरमा नाम बतायौँ- 'तारादेवी' । एकछिन घोरिएर बाले भन्नुभयो 'यो केटीले पछिसम्म गाउली जस्तै छ ।'

नभन्दै हाम्रो बाको अनुमानअनुसार तारादेवीले पछिसम्म गीत गाइरहनुभयो । हामी केटाहरू जवान भयौँ, अधबैँसे भयौँ, त्यसलाई पनि पार गर्दै उमेर छिचोल्दै गयौँ । तारादेवी हाम्रो उमेरसँगै गीतहरू गाइरहनुभयो ।

२०११ सालतिर बाले हामीलाई काठमाडौँ पढ्न पठाइदिनुभयो । सिन्धुपाल्चोक चौतारावाट पद्मोदय हाइस्कूल पढ्न आइपुग्यौँ हामी । एक दिन मेरो दाइ र मैले रेडियो नेपाल जाने र गीत गाउने तारादेवीलाई हेर्ने कुरा मिलायौँ । सिंहदरबारका बन्दुके सिपाहीहरूले हामीलाई गेटभित्र छिर्नै दिएनन् 'तेरीमा फुचे हो ....' भन्दै एउटा सिपाही कान निमोठ्न लम्क्यो । टाप ठोक्यौँ हामी ।

२०१९ सालमा रेडियो नेपालले आयोजना गरेको लोकआधुनिक गीत सम्मेलनमा ओखलढुङ्गाको प्रतिनिधि कलाकार भएर काठमाडौँ आउँदा रेडियो नेपालको सेरोफेरोमा हामीले तारादेवीलाई देख्यौँ र पहिलोपल्ट दुई हात जोरेर उहाँलाई सादर नमस्कार गर्‍यौँ ।

२०२१ सालदेखि नियमित रूपमा रेडियो नेपालमा हामीले गाउन थालेपछि त्यहाँ उहासँग बराबर भेट हुन थाल्यो । उहाँ गम्भीर स्वभावको सौम्य, शिष्ट, सभ्य र मृदुभाषी हुनुहुन्थ्यो । नारीसुलभ गुणहरूका कारण उहाँ ममतामयी र आदरणीय लाग्नुहुन्थ्यो । उहाँले गाउने गीतहरू पनि उहाँ जस्तै सौम्य, शिष्ट र गम्भीर थिए । त्यसबेला उहाँले गाउनुभएका गीतहरू नेपालभरि फिँजिएर नेपालीपनलाई, नेपाली स्वाभिमानलाई माथिमाथि उठाइरहेका थिए । गीतहरूले गीत, सङ्गीत, लय र स्वरहरूमा नेपालीपन र स्वरूपको परिचय दिइरहेका थिए वा भनौँ उहाँका लय र स्वरहरूमा नेपालीपन समेटिएको थियो । भन्नेहरू गौरवले भन्थे भारतीय स्वरसाम्राज्ञी लता मङ्गेशकर भइन् नेपाली तारादेवी ।

करिब तीस वर्षका अन्तरालपछि २०५१ सालमा रेडियो नेपालको सञ्चालक समिति सदस्य साथै सङ्गीत सम्बर्द्धन समितिको संयोजक हुन पुग्दा तारादेवी रेडियो नेपालमा हुनुहुन्थ्यो । मैले रेडियोका कलाकार साथीहरूलाई उहाँका बारेमा सोद्धा एउटा हृदय चिर्ने घटना उनीहरूले सुनाए- 'तारा दिदीलाई रेडियो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको सङ्गीत महाशाखाको जिम्मेवार पदमा राखिएको थियो । त्यसबेलाका डाइरेक्टरले सङ्गीत विभागका काम कारवाहीहरू गर्दा उहाँलाई जानकारी नदिई वा उहाँसँगको सल्लाहबेगर गर्थे । त्यसो गर्दा तारादेवीलाई आफ्नो जिम्मेवारी सम्हाल्दै अरू कामहरू गर्न गाह्रो पर्दथ्यो ।

डाइरेक्टर आफूलाई रेडियो नेपालका सर्वेसर्वा हाकिम सम्झन्थे । बहाना चाहिएको थियो डाइरेक्टरलाई । एक दिन तारादेवी सधैँ झैँ हाजिरी हस्ताक्षर गर्न खोज्दा एकाएक हाजिरी कापी खोसियो । दिदी स्तब्ध हुनुभयो । अपमान र पीडाले थरर काम्नुभयो । चउरमा धेरैबेर टोलाएर उभिइरहनुभयो र एक्कासि बरर आँसु झारेर चित्त दुखाउँदै भन्नुभयो 'मैले तीस वर्षसम्म रेडियो नेपालबाट गीत गाउँदै सङ्गीतको सेवा गरेँ, देशको सेवा गरेँ, यसैमा जीवन बिताएँ तर आज मलाई त्यसबापत यही पुरस्कार दिइयो .... भैगो ..... अब म जीवनभर यस ठाउँमा कहिल्यै आउनेछैन.... सतीको सराप परेको देश..... ।' त्यस दिनदेखि तारा दिदीले रेडियो नेपाल टेक्नुभएको छैन । उहाँलाई जागिरबाट निकाल्ने योजना रहेछ, पञ्चायती कलाकार भनेर उहाँलाई अपमान गर्ने लहर माथिकाहरूले पहिला नै चलाएका थिए ।'

स्तब्ध गरायो मलाई पनि त्यस घटनाले । एउटा नोकरशाहले आफ्नो अहङ्कार र दम्भका लागि देशको एउटा सम्मानित स्वरका मुटुमा छुरा रोपेछ । देशको एक स्वाभिमानी छोरीका स्वाभिमानमा प्रशासनिक बूटले करप्प कुल्चेछ । एक राष्ट्रिय व्यक्तित्वको अपमान गरेर राष्ट्रकै अपमान गरेछ । धिक्कार त्यस हाकिमलाई, जसले देशकी सम्मानित कलाकार तारादेवीको अपमान र बेइज्जत गरेर.रेडियो नेपालका इतिहासलाई पनि कलङ्कित बनायो र आफू स्वयं पनि इतिहासमा कलङ्कित बनेर रह्यो ।

धेरै दिनसम्म मेरो मन बेचैन भइरह्यो । रेडियो स्टुडियोमा गीत रेकर्डिङ् गरिरहेको, हार्मोनियममा लय सिकिरहेको, स्टेज कार्यक्रमहरूमा माइक्रोफोनछेउ गीत गाइरहेको, बाटामा हिँड्दा पनि गुन्गुनाउँदै हिँडिरहेको उहाँका रूप र दृश्यहरू मेरा सम्झनाका पर्दामा आइरहे । मन दुखिरह्यो । सत्ता, शासन र शक्तिको धेरै नजिक हुनुहुन्थ्यो, उहाँको गीत र स्वर नभई नहुने शक्तिशालीहरूसँग पनि उहाँको परिचय थियो होला तर उहाँका पक्षमा बोलिदिने, लडिदिने कोही निस्केनछन् । उहाँलाई देशले माया गरेको थियो, जनजनले सम्मान र स्नेह दिएको थियो, उहाँले काम गरेको संस्थाले पनि उहाँको सम्मान गर्नुपर्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रिटायर नै भएको भए पनि हार्दिक बिदाइ समारोह आयोजना गरेर आजीवन योगदान र सेवा दिएबापत विशेष व्यवस्था गरेर उहाँको अनुभव, जानकारी र व्यक्तित्वको लाभ संस्थाले लिइरहन सक्नुपर्थ्यो । योग्य सल्लाहकारका रूपमा साथै अरू त्यस्तै पदहरू स्थापना गरेर राख्न सकिन्थ्यो । दीपक जङ्गम, रमण घिमिरे, कृष्णहरि बराल र म सँगै बसेर तारादेवीलाई ससम्मान रेडियो नेपालमा फर्काउने योजना बनाइरहेका थियौं, दुर्भाग्यवश हामीलाई त्यहाँ लाने सरकार गिऱ्यो ।

त्यसपछिका समयहरूले पनि तारादेवीलाई दुःख, पीडा, यातना र शासना दिइरह्यो । जबान छोरा, त्यसपछि श्रीमान्को दुःखद निधन ! मन र शरीरले सहन सकेन, उहाँ बिरामी पर्नुभयो । बिरामी अवस्थामै अम्बर गुरुङ र आङ्रिता शेर्पासँगै एउटा संस्थाले उहाँको पनि सम्मान गऱ्यो । त्यो सम्मानसमारोह टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरियो, जहाँ अरू गायिकाहरूले उहाँले गाउनुभएका पुराना गीतहरू गाएका थिए । आफ्नो गीत अरूका स्वरबाट आउँदा उहाँका ओठ गीतसँगसँगै चलिरहेका थिए, बालक झैं उहाँ रोइरहनुभएको थियो, आँसु बगिरहेका थिए, आँलाले आँसु पुछिरहेको थियो । समारोह र टेलिभिजनका लाखौं दर्शकहरू त्यस दृश्यले भक्कानिरहेका थिए, आँसु बगाउँदै रोइरहेका थिए । उहाँको दुःख र पीडाले सबैलाई छोइरहेको थियो । उहाँको मर्म र कष्ट सबैले बाँडिरहेका थिए । उहाँ घरको मात्र होइन देशकै छोरी, दिदी-बैनी, आमा र कलाकार हुनुहुन्थ्यो ।

केही वर्ष अघिदेखि उहाँ बिरामी हुनुहुन्छ । हामीलाई पूर्ण विश्वास छ उपचारपछि उहाँ हामीलाई उही आत्मीय स्वरमा गीतहरू सुनाउन सक्नुहुनेछ । किन कि उहाँ बारम्बार भनिरहनुहुन्छ, 'म गीत गाउन त जन्मेकी हुँ नि । जति दुःख बर्सिऊन्, कष्ट र आपत्का भेलहरूले जति छोपून्, अपमान र पीडा जति वैरिऊन् ती सबहरूलाई चिर्दै म गीत गाइरहनेछु । म गीत गाउनै त जन्मेकी हुँ नि ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



हाँस्नै छाडे पनि ...

डा. विश्वम्भर प्याकुर्याल

मैले तारादेवीलाई आजभन्दा २९ वर्ष अघि चिनेको हुँ। उहाँका स्वरको मिठास एकस्वामित्वाधिकारका रूपमा मैले सम्झेअनुसार २०१७ सालदेखि नै रहेको हो। जुनबेला म नेपाल नेशनल कलेज (हालको शङ्करदेव क्याम्पस) मा स्नातकको विद्यार्थी थिएँ, त्यसबेला मेरा सहपाठीहरू स्व. मधुकर बस्नेत, विश्ववल्लभ र दामोदर अधिकारी रेडियो नेपालमा कार्यरत थिए। सायद त्यही कारण थियो होला म रेडियो नेपालको तत्कालीन प्रभुत्व र प्रभावकारिताप्रति आकर्षित भएँ। रेडियो नेपाल मेरो कर्मक्षेत्र बन्यो। सुरुमा विदेशमा बस्ने नेपालीका लागि प्रसारण गरिने कार्यक्रममा मैले कथा, कविता लेख्ने गरेँ। त्यसपछि नियमित रूपमा गीतिकथा लेख्न थालेँ। दार्जीलिङमा अरुणा लामा र नेपालमा तारादेवी गीतका प्रशंसकहरूका लागि एउटा आदर्श नै बनेका नामहरू हुन्। त्यसैले स्वदेश तथा विदेशबाट आउने गीतकार, सङ्गीतकार तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य र सङ्गीतप्रेमीहरू रेडियो नेपाल आउनासाथ तारादेवीलाई खोज्ने र तस्वीर खिचाउने प्रचलनले संस्थागत रूप लिइसकेको थियो । यस्तो माहोलमा फाटफुट कविता लेख्ने, रेडियोका रूपकहरूमा भाग लिने तथा अनुबन्धमा गीतिकथा लेख्ने र गायक, गायिका अनि पिउनदेखि निर्देशकसम्म पहुँच भएको व्यक्ति हुनाले मलाई पनि तारादेवीका स्वरबाट गीत प्रसारण गराउन रहर लाग्नु कुनै अस्वाभाविक कुरा थिएन । मैले त्यसैकारण तारादेवीका लागि इस्वी संवत् १९७० मा एउटा गीत लेखें । बेलुका कलेजमा मधुकर वस्नेतसित भेट भयो, अनि केही दिन आफू मधेश जानुपर्ने भएकाले उनकै हातमा सो गीत सुम्पिदिएँ । सङ्गीतकार शिवशङ्करजीले गीत हेर्नुभएछ तर उहाँलाई कसका लागि लेखिएको भन्ने कुरा चाहिँ थाहा भएनछ र त्यो गीत निर्मला श्रेष्ठका स्वरबाट रेकर्ड गराउनुभएछः

हाँस्नै छाडे पनि बरै रिसाउने त गर कैले
छुच्चो मुख छ अभागीको मनलाई चिन्ने गर कैले ।

यो अचम्मको संयोग हो, त्यसपछिका दिनहरूमा म तारादेवीसँग भने नजिक हुँदै गएँ तर उहाँका स्वरको मिठासद्वारा मेरो रचना प्रतिध्वनित गर्ने रहरबाट चाहिँ कुनै ठोस कारणविना नै टाढा हुँदै गएँ । आजसम्म पनि मैले तारादेवीलाई एउटा गीत पनि सुम्पन सकेको छैन । तर उहाँका प्रत्येक कर्णप्रिय गीतहरूमा म भावनात्मक रूपमा आफू संलग्न भएको महसुस गर्छु ।

मेरा मितज्यू विश्ववल्लभले एकपटक मलाई एउटा गोप्य कुरा गर्छु, अहिले कसैलाई हल्ला नगर्नू भन्दै खासखुस गरी भने– 'अब केही समयसम्म तारादेवीले आफूले गाउने गीतमा आफैंले सङ्गीत दिने भएकाले हामीले केही छानिएका गीतहरू दिनुपर्ने भयो । उहाँले हाल अरूसँग नलिने भन्नुभएको छ ।' तारादेवी स्वयंले सङ्गीत सिर्जना गर्न सुरु गर्ने तथा हामी प्रारम्भिक कालदेखि नै यस यात्रामा सरीक हुने इत्यादि कुराले स्वाभाविक रूपमा मलाई प्रभाव पार्‍यो । किनभने यो त्यही बेलाको कुरा थियो जब नारायणगोपालले 'मेरो बेहोशी आज मेरो लागि पर्दा भो' भन्ने गीत लयबद्ध गरेका थिए र जो अत्यन्तै लोकप्रिय भएको थियो । मलाई लाग्यो सफल गायकले सङ्गीत दिँदा गीतको मर्मलाई आफ्नो लामो अनुभवको कारण अझ बढी गरिमामय बनाउन सक्छ तर पुनः मेरो दुर्भाग्य यो दोस्रो चरणको साङ्गीतिक अभियानमा पनि चाहँदाचाहँदै म सरीक हुन सकिनँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म नारायणगोपालसँग औपचारिक रूपमा परिचित भएको समय पनि करिब त्यही थियो, जब तारादेवीसँग परिचय भयो- रेडियो नेपालमा । लिङ्गका कारणले होला मेरो अध्ययनका लागि गरिएको विदेश यात्राको समयबाहेक अन्य बेला नारायणगोपालसँग बढी भेट हुन्थ्यो तर तारादेवीसँग त्यति हुँदैन थियो । तर बेलामौकामा उहाँका बारेमा विशेष गरेर गायनका बारेमा नारायणगोपाल र म समयसमयमा कुरा गर्थ्यौं । एकपटक नेपाली चलचित्रमा युगल गीत गाउने समय यी दुई गायकगायिकाबीच केही असमझदारी भएको रहेछ जुन कुरा लामो समयसम्म रहिरह्यो । यो असमझदारी हट्नुपर्ने कुरामा सबैको सहमति तथा सहयोग थियो । एकपटक नारायणगोपाल र म (त्रिभुवन विश्वविद्यालयका प्राध्यापक नरेन्द्रबहादुर महर्जनसहित) नेपाल अधिराज्यका केही जिल्लाको अध्ययनभ्रमणमा गएका थियौं । हामी बर्दिया आइपुग्दा राजकीय प्रज्ञाप्रतिष्ठानका संयोजनमा झण्डै पचासजना कलाकारहरूको टोली पनि विभिन्न ठाउँमा साङ्गीतिक कार्यक्रम गर्दै गुलरिया आइपुगेको रहेछ, हाम्रो भेट भयो । गुलरिया म जन्मेको ठाउँ र आफूले चिनेका अधिकांश प्रसिद्ध तथा वरिष्ठ कलाकारहरूको पनि ऐतिहासिक जमघटले गर्दा म बढी उत्साहित भएको थिएँ । मैले नारायणगोपाललाई प्रस्ताव राखेँ- मेरो जन्मस्थलमा एउटा अविस्मरणीय तथा ऐतिहासिक काम गर्नुपऱ्यो । उनले के मूडमा आएर हो भने, 'मेरो रुचि र व्यवहार तिमीलाई थाहा छ, ल भन त्यस कुरालाई विचार गरेर तिमी जे भन्छौ म गर्छु, सायद गीत गाउनुपर्ने त होला नि हैन त ?' मलाई धेरै खुसी लाग्यो र हतारिएर भनेँ 'नारायण ! गीत त पक्कै गाउने हो तर एक्लैले हैन तारादेवीसँग युगल गीत गाउनुपऱ्यो ।' नारायण र तारादेवीले त्यो साँझ धेरै वर्षपछि अत्यन्तै लोकप्रिय गीत गाए, त्यो थियो 'ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो' । मलाई लाग्छ त्यसपछि नारायणगोपाल बाँचुञ्जेल दुईजनाबीच पुरानै र आत्मीय सम्बन्ध कायम रहिरह्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सम्झना केवल सम्झना

विश्ववल्लभ

मेरो सुप्रसिद्ध गायिका तारादेवीसँगको सम्बन्धभन्दा बढी तारा दिदीसँगको सम्बन्ध बलियो अटूट सम्बन्ध हो। म दिदी भन्न बढी रुचाउँछु। उहाँलाई वल्लभ भाइ भन्न बढी आनन्द लाग्दछ रे। यो मेरो भनाइ होइन, दिदीको मायाको स्नेह हो।

उहाँको मीठो स्वरले धेरै असङ्ख्य श्रोता मन्त्रमुग्ध र आकर्षित भएका छन्। त्यसमध्ये म पनि पर्छु तर विशेषतः उहाँसँग व्यक्तिगत आकर्षित भएँ। त्यो सम्बन्ध आजसम्म चुलिएर झाँगिएको छ। मेरी दिदी तारा दिदी।

सबैको कलाकारसित बोल्ने सँगै हिँड्ने हाँस्ने गाउने रहर हुन्छ। सायद यही रहरले डोरिएर फसिकेवस्थित पुरानो घरको पुरानो कोठामा २०२३ सालको एक साँझ नेपाली गीति आकाशकी उज्ज्वल ताराका रूपमा स्थापित भइसक्नुभएकी तारा दिदीसँग मेरो साक्षात्कार हुन्छ आमा र सानी छोरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'चारन' का साथमा । त्यसै समयदेखि उहाँका व्यक्तित्वबाट प्रभावित भएँ । उहाँका स्वरका धेरैजसो गीत मलाई मन पर्थे । आज पनि मन पर्छन् । म पनि अलिअलि रेडियोमा आकर्षित हुन थालिसकेको थिएँ । तसर्थ समयसमयमा लेख पढ्न, कविता वाचन गर्न रेडियो पुग्थें । २०१९-२० सालतिर म त्रि-चन्द्र कलेजमा प्रथम वर्षको अध्ययन गर्दै थिएँ । अग्रज- आजका ख्यातिप्राप्त कलाकार नातिकाजी, नारायणगोपाल, रत्नशमशेर थापा त्यही कलेजमा अध्ययन गर्दै हुनुहुन्थ्यो । किरण खरेल दाइसँग मेरो स्कूल जीवनदेखि नै सङ्गत थियो । उहाँकहाँ आउनेजाने हुन्थ्यो । यसरी नै सबैसित नजिक हुन थालियो । तारा दिदीको बोलीचाली, आत्मीय व्यवहार, कला र मीठो गलाबाट म प्रभावित र बढी आकर्षित हुन थालें । हाम्रो भेटघाटको क्रम बढ्दै गयो ।

आजभन्दा बीस/पच्चीस वर्षअगाडि आफ्ना शब्दले नातिकाजीको सङ्गीत तारादेवीको स्वर पाउनु भनेको ठूलो भाग्य मानिन्थ्यो । त्यसबेला भावुक, किरण खरेल, रत्नशमशेर थापा, यादव खरेलका गीतहरू खूब चलेका थिए । लोकप्रिय पुरुषस्वरमा माणिकरत्न, धर्मराज थापा, प्रेमध्वज प्रधान, पुष्प नेपाली, बच्चुकैलाश, नारायणगोपाल, प्रवासमा नवीन बर्देवा, अम्बर गुरुङ, गोपाल योञ्जन, कर्म योञ्जन, जीतेन्द्र बर्देवा, नारीस्वरमा शान्ति ठटाल, अरुणा लामा, दिलमाया खाती, हीरादेवी वाइवा लोकप्रियताका शिखरमा थिए भने नेपालमा त्यसताका तारादेवीको मात्र एकछत्र राज्य थियो । सङ्गीतकारमा उस्ताद भैरवबहादुर थापा, नातिकाजी, शिवशङ्कर, हरिप्रसाद रिमाल, कल्याण रिमाल आदिको नाम आउँछ ।

२००२ सालमा काठमाडौंको इन्द्रचोकमा पिता कृष्णबहादुर कार्कीको मध्यमवर्गीय घरमा जन्मनुभएकी तारादेवी वास्तवमै नेपाली गीति अथाह सागरमा औधी कर्णप्रिय, लोकप्रिय नाम थियो, आज छ र सदा रहनेछ ।

पहिलोचोटि १२ वर्षको कलिलो उमेरमा उस्ताद भैरवबहादुर थापाका सङ्गीतमा पहिलो गीत गाएर नेपाली साङ्गीतिक आकाशमा उज्ज्वल 'तारा'का रूपमा प्रवेश गरेर चार हजारभन्दा बढी स्वर दिइसक्नुभएको छ । अझै निरन्तरता दिइरहने आशा तथा विश्वास उहाँमा छ । तारा दिदीका दुःखसुखका दिनहरूमा मैले सहभागी हुने सौभाग्य पाएको छु । हामी काठमाडौंका धेरै गल्लीमा घुमेका छौं, गुँदपाक, पुष्टकारी, तितौरा खाँदै हिँडेका छौं । घरका लागि जग्गा खोज्दै भौंतारिएका छौं । सँगै रोएका छौं, हाँसेका छौं, उहाँसँग यस्तैयस्तै प्रकारको सम्बन्ध छ, रहिरहनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई समयसमयमा गीत लेख्न घच्घच्याउने उहाँ नै हो । उहाँका अनुरोधमा केही गीत लेखेर उहाँलाई दिन्थें । उहाँले आफ्नै वा ख्यातिप्राप्त अन्य सङ्गीतकारका सङ्गीतमा आफ्नो मधुर कर्णप्रिय स्वर दिएर अमर बनाउनुभएको छ, शुभकामना, आकाश झैं बन, रुने मात्र हैन, भाग्य सम्झी रुन मन लाग्यो, माइतीको देश, छेउमै बस्नुहोस्, नढाँटी भन्नुहोस्, आज पनि त्यत्ति नै लोकप्रिय छन् । विश्ववल्लभ आज जे छ, जे लेख्छ त्यसमा दिदीको ठूलो योगदान छ, जो म कहिल्यै बिर्सन सक्दिनँ ।

उहाँसँगका बिर्सन नसक्ने धेरै रमाइला खुसीलाग्दा क्षण पनि आए । त्यसमध्ये मैले सम्झिएको अतीत यसप्रकार छ– एकपटक रेडियोमा रामराज पौड्याल निर्देशक भएर आउनुभएको थियो । उहाँ मलाई विश्वास पनि गर्नुहुन्थ्यो, माया पनि गर्नुहुन्थ्यो कि थाहा छैन । एक दिन उहाँले थापाथली मोडमा मोटर रोकेर सँगै बस्न भन्नुभयो । म बसें, 'तपाईंलाई एक ठाउँमा पठाउन लागेको जाने ?' उहाँले भन्नुभयो । मैले सोधें 'कहाँ सर ?' 'रत्न रेकर्डिङ्को बोर्डमा ।' मैले भनें, 'म सानै छु, नजाऊँ क्यारे !' 'त्यसोभए भोलिसम्म हल्ला नगरी योग्य मानिसको नाम दिनुस् ।' मैले भनें 'हस्' । मैले तारा दिदीको नाम दिएँ । डाइरेक्टर साहेबले स्वीकृति दिनुभयो, हुन्छ भन्नुभयो । मलाइ त्यो क्षण औधी खुसी लाग्यो तर डर पनि थियो । मैले तारा दिदीलाई केही पनि भनेको थिइनँ । उहाँकहाँ गएर सबै कुरा गरें, उहाँले पनि सहर्ष स्वीकार्नुभयो । म धन्य भएँ । त्यो खुसीको क्षण हो । अब लागौं दुःखका क्षणहरूतिर । चित्त नबुझेका कुरामा प्रस्ट बोल्ने उहाँको बानी छ । तारादेवी अधिकृत रूपमा कार्यरत हुनुहुन्थ्यो । धेरै वर्ष खरदार, सुब्बा पनि हुनुभयो । यसै समयमा राजनैतिक परिवर्तन भयो । रेडियोका निर्देशकहरू फेरिने काम पनि भयो । रेडियोमा घनानाथ ओझा डाइरेक्टर भएर आउनुभयो । तारा दिदीलाई थाहै नदिई मन्त्रीका तोकमा पारिश्रमिकका रूपमा एकजना वाद्यवादक भर्ना गरियो । उहाँलाई चित्त बुझेन । नराम्ररी भनाभन भयो । अन्त्यमा कलाकारको होइन, प्रशासकको जीत भयो । उहाँलाई एक दिन पनि म्याद नथपी अवकाश दिइयो । त्यस दिन उहाँको अनुहार थकित र सम्पूर्ण जीउ काँपिरहेको थियो । अवकाशको क्षण, कर्मभूमिबाट बिदाइको क्षण, वज्रपातका सुरुवातको पूर्वसङ्केतको क्षण यस्तै थियो ।

विपत्ति आउन थालेपछि एकातिरबाट होइन चारैतिरबाट आउँछ, उहाँलाई पनि त्यस्तै भयो । एकपछि अर्को थपिँदै गयो, साथी केवल आँसु र छटपटी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेठो छोराको अकालमा मृत्यु, आमालाई यसभन्दा बढी दुःखको क्षण कहिले हुनसक्छ ? विपत्तिले मानिसलाई बढी करुण र कठोर बनाउँछ, त्यो सत्य हो । विधिको विडम्बना, पतिवियोगको पीडा, जो कहिल्यै निको नहुने घाउ, बाँच्न बाध्य स्वरसाम्राज्ञी 'तारादेवी' । उहाँको दुःख, सुखको साथी पनि विमानचालक शिवबहादुर श्रेष्ठको हवाई दुर्घटनामा मृत्यु । यही घटनाको समय दिदीको घर किरण दाइ र म गएका थियौँ तर हामी अरू नै कुरा गरेर भुलाउँथ्यौँ । उहाँले सम्पूर्ण आभास पाएर पनि हाम्रो सामु राख्नुभएन, यस्तै हुनुहुन्छ तारादेवी- कति कठोर, कति कोमल, कति विशाल ।

एउटा छोरा, एउटी छोरी बाँकी धन । लगनशीलताले नै सफलताका शिखरमा पुऱ्याउँछ भनेर भन्ने गर्नुहुन्छ 'तारादेवी' । उहाँको स्वास्थ्यपरीक्षणका लागि बैङ्कक जानुअघि मीरा राणा, रुवी सिंह र हामी उहाँकहाँ पुगेका थियौँ । एअरपोर्टमा पुऱ्याउन जाने इच्छा प्रकट गर्दा मलाई लिन आऊ, बिदा गर्न नआऊ भन्नुभयो, किन भन्नुभयो थाहा छैन ।

उहाँको शीघ्र आगमनको प्रतीक्षा गर्दै, पूर्ण स्वास्थ्यलाभको कामना गर्दै, आँखामा पीडाको आँसु होइन, खुसी र हाँसोको चाहना राख्दै सम्झना केवल सम्झना, अतीत अनि वर्तमानको सम्झना बोक्दै हामी फर्केका थियौँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गायनगौरव तारादेवी

पं. श्यामदास वैष्णव

केही लेखिनुपर्दथ्यो तारादेवीबारे मबाट। तर धेरै समयसम्म पनि नलेखेर अल्मलिरहें। सम्झेर पनि बिर्सिरहें। उनमा आइपरेका आपत्-विपत्का कुरा सुनिरहें। नजिक पर्न खोजेर पनि टाढैबाट अनुभूत गरिरहें। मनले सम्झेर पनि तनले तत्परता देखाउन सकेन उनका लागि। यसो किन भयो ? म आफैं आश्चर्यमा छु। जब कि अरुणाका (टाढाकी कोकिलाका) लागि मैले केही अक्षर उपयोग गरिसकें। नजिकैका (जुरेलीका ?) लागि आफ्नो अभिव्यक्ति प्रकट गर्न (लेख्नु भन्दाभन्दै पनि) टाढा भइरहें। कारण जरुरै छ यसको। एक त बोक्रे परिचय मलाई मन पर्दैन। दोस्रो आन्तरिक रूपले जसलाई म मन पराउँछु, उसका निम्ति देखावटी कार्य गर्न मलाई मन लाग्दैन। सायद, चाहेर पनि व्यक्तिन नसक्नुको कारण यही हुन सक्तछ।

नइले लेख्न ताकिता गरिरहँदा एकदिन मैले तारादेवीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समारोहमा भेटेर भनेको थिएँ- 'तिम्रा बारेमा म निश्चय नै लेख्छु है तारादेवी ?' जब कि अरू उल्लेखनीय व्यक्तित्वबारे निकै लेखिसकेथें मैले । मेरो अठोटबारे टोल्हाएका अनुहारमा ताराले भनिथिन्- 'लेख्नोस् न ।'

यसपछि अनेक घटना घटे । म रुमल्लिइरहँें यताउता । तैपनि लेख्छु भन्दाभन्दै पनि लेख्न सकिनँ मैले । यस 'तैपनि' मा मेरा नजिक परेका दुई कलाकारका स्थितिले पनि मलाई अलग्याएको हुन सक्छ । ती दुई कलाकारमा, एक बच्चुकैलाश र अर्को भक्तराजका स्थितिले अल्मल्याएको पनि होला । बच्चु त सङ्गीत क्षेत्रमा नै लाग्न छोडिसकेको पाउँछु म (जसमा सर्वश्रेष्ठ हुने गुण थियो) । भक्तराज चाहिँ जिब्रो कटाएर बाँचिरहेका छन् आजभोलि । जसलाई मैले (ने.टी.भी.मा रहँदा) महत्त्व दिन खोज्दा उनी दुर्घटनाको शिकार हुन गए । कलाकारहरूबीचको यस वैमनष्यले पनि मलाई तारादेवीबारे लेख्न कताकता अल्मल्याएको जस्तो लाग्यो । अनि सबैलाई बिर्सिदिएरै टाढा हुन मन लाग्यो । यादव खरेलका शब्दमा 'एउटा भूल गरँें मैले' को सट्टा 'धेरै भूल गरँें मैले' भन्न मन लाग्यो । मेरो भूल थियो- प्रवृत्ति विचार नगरी सबैका उत्थानमा सहायक हुन खोज्नु । हैन भने म तारादेवीलाई सङ्गीतको उज्ज्वल तारा झैं मान्ने नै पक्षमा छु । जसमा मेरो भाव छ- उज्यालो 'चैतन्य' हो आवाज, जुन अनन्तबाट निक्लन्छ । त्यस्तै उज्यालोको प्रस्फुटन तारादेवीको 'स्वर' पनि हो भन्न मन लाग्छ, जसले हजारौँहजारौँ गीतलाई ब्युँझाएकी छिन् ।

यद्यपि तारादेवी आफैंले सङ्गीतसंयोजन कम गरेकी छन् । अरूकै लयमा प्राण भरेकी नै छन् धेरैजसो । मलाई लाग्छ- आधुनिक सङ्गीत भन्नु शब्द, अर्थ र स्वरको सामञ्जस्य हो । साहित्यिक भावले गर्दा नै सङ्गीतलाई उन्मुक्त रूपले अनेकौं लयमा व्यक्त हुन प्रेरणा दिन्छ । राग-रागिनीमा जस्तो बन्देज यसमा लगाउन सकिन्न । साँच्ची भनूँ त साहित्यले गर्दा नै सङ्गीतलाई सहस्रौं ढङ्गमा व्यक्त हुन कर लगाउँछ, जसको पूर्णता गीतिनाटकमा देख्न सकिन्छ ।

तारादेवीले सङ्गीत सिर्जना आफूले कम गरे पनि 'सिर्जनालाई साकार' गराउन प्रशस्त योगदान दिएकी छन् । अझ त्यसभन्दा बढी (गीतिनाटकमा) 'नेपाल आमा' भएर देखा परेकी पनि छिन् यिनी । रूसी राष्ट्रपति मोरो सिलोभको नेपाल आगमन हुँदा श्री जनार्दन समद्वारा रचित गीतिनाटकमा (सिंहदरबार नाचघरमा) नाट्यपात्रका रूपमा यिनी देखा परेकी म सम्झन्छु । नृत्यमा भने कहिले उत्रिनन् उनी । नृत्यमा त विमला र नारायणदेवीकै नाम लिनुपर्छ । तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि रेडियोको अतिरिक्त रङ्गमञ्च र चलचित्रमा पनि तारादेवीको 'योगदान' देख्न सकिन्छ । पछि सङ्गीतमा आफूद्वारा पनि सिर्जना हुनु राम्रो भन्ने चर्चा हुँदा उनले आफैँद्वारा पनि सङ्गीतसंयोजन गरी गाएकी छन्, जसमा मेरो एउटा भजन गीतलाई सजीव तुल्याएको म सम्झन्छु । गीत थियो- 'छौ तिमी भन्ने ममा विश्वास नै आधार छ' यस गीतमा प्रेमी र भगवान्लाई उही दृष्टिबाट हेरिएको छ । यस गीतलाई धेरैले सह्राएको पनि पाइयो ।

यस अतिरिक्त तारादेवी शास्त्रीय ढङ्गबाट स्वर साधनामा लागिपर्दा पानी परेको घटना पनि (रेडियोमा आफू छँदाको) म सम्झन्छु । सार शब्दमा भन्नुपर्दा आधुनिक, लोक र शास्त्रीय तीनै प्रकारका गीत विधामा तारादेवीलाई सफल मान्न सकिन्छ । त्यति मात्र हैन, गीता गायनमा पनि उनी उत्रेकी छन्- श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह सरकारको सदिच्छा पूरा गराउन ।

खुलेर भन्नुपर्दा राजा स्वर्गीय श्री ५ महेन्द्रको समय साहित्य, सङ्गीत, कलाका निम्ति प्रेरणाप्रद समय थियो । त्यस समयकी प्रस्फुटन हुन् तारादेवी । उनी श्री ५ मुमा बडामहारानी रत्नबाट हौसला प्राप्त गरेको कुरा पनि बताउँथिन् । पछि धूर्त कारिन्दा र बज्रस्वाँठको युग सुरु भएपछि उत्साहको प्रवाह रोकिएको अनुभूति हुन आउँछ ।

जेहोस्, तारादेवी नेपाली सङ्गीतकी एक नमुना हुन्, जसको नाम मेलवादेवीपछि गाँस्न उचित देखिन्छ । मेलवादेवी त शिक्षिका पनि थिइन् क्यारे ! उनको अन्त अविस्मरणीय ढङ्गले हुन गएको पाइयो । तारादेवी भने 'अविस्मरणीय चोटले' विह्वल भइरहेकी देखिइन्छिन् आजभोलि ।

पुष्प नेपाली, तारादेवी, नातिकाजी, शिवशङ्कर (पछि बच्चुकैलाश) सङ्गीत क्षेत्रका अविस्मरणीय व्यक्तित्व नै हुन् रेडियोका लागि । श्री जनार्दन समको त कुरै भएन । उहाँ कार्यक्रम विभागका प्रमुख नै हुनुहुन्थ्यो र म थिएँ प्रयोक्ता । कसैलाई पनि हौसला दिनमा कन्जुस्याइँ गरिएन त्यसबखत । त्यसबखत महाराजगञ्जमा यिनी बसेकी थिइन् । छोरी चारूलाई चुरोट किन्न पठाएर मलाई गायन सुनाउने गर्थिन् । जति लुटाइयो, आफ्नो हुन्छ । जति समेटियो सपना बन्छ भने झैँ लाग्दथ्यो र जे जस्तो परी आउँछ, कार्यक्रम सिँगार्नका लागि 'कार्य' गरिन्थ्यो । सङ्गीत सिर्जनामा नातिकाजी, शिवशङ्कर, उस्ताद गोविन्दलाल, हरिबहादुर आदिको र रचनामा श्यामदास वैष्णव र जनार्दन सम आदिको 'नाम' रेडियोको अभावपूर्तिमा अक्सर गुन्जिनै रहन्थ्यो । त्यसपछि नवीनकालका परिपूर्तिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारादेवी देखा पर्न आइन्- उस्ताद भैरवबहादुरका साथमा। तारादेवीलाई चम्काउनुको पहिलो श्रेय (हाल चर्चित भुवन चन्दका पिता) भैरवबहादुर थापालाई नै दिनुपर्ने म देख्तछु। उनले तारादेवीलाई सिकाई, सधाई, झुकी-झुकाई अघि बढाए भन्नुपर्छ।

चिनापर्चीको घटना सम्झँदा म तारादेवीलाई भैरवबहादुर थापाको साथ रेडियो नेपालको एक सानो कुनामा (दोछाया रही) गीत सिकिरहेको देख्छु। भैरवबहादुर थापाले त्यहीँ मेरो ध्यान उनीप्रति आकर्षित गराए र हौसला दिनुपर्ने कुरा बताए। त्यसपछि एकपटक गाएकामा रु. ७/- पाउने करारमा तारादेवीले गाउन थालिन्। रु. ७/- पछि रु. १०/- पाउने गरी उनको बढोत्तरी हुन गयो। मेरो एउटा गीत 'तिमी र हामी भेटौँला फूलबारीको माझमा' भैरवबहादुर थापा र तारादेवी मिली पहिलोपल्ट गाएको म सम्झन्छु। यसपछि तारादेवीलाई निरन्तरता दिन जागिर दिलाउने कुरा उठ्यो। म उपाय सोचिरहेथेँ। एकाएक रेडियोमा जडित लाउडस्पिकर (ध्वनि विस्तारकबाट) तारादेवीको स्वर प्रस्फुटित भयो म बसेका कोठामा 'बेहोश जिन्दगी यो, बेहोशकै तराना' तारादेवीको विकसित स्वरका प्रभावबाट म जुरुक्क उठी (त्यसबेलाका निर्देशक श्री देवेन्द्रराज उपाध्यायका कोठामा) जान लागेको थिएँ सिफारिसका लागि। उहाँले पनि ताराले गाएको गीत सुन्नुभएछ र मकहाँ आउँदै (बीच बाटैमा) भन्नुभयो- 'अब तारादेवीलाई रेडियोमा भर्ना गरिदिने।' निर्देशक र प्रबन्धक दुइटैका मनमा एउटै भाव उत्पन्न हुन गई उनलाई भर्ना गर्ने निश्चित भयो र उनी २०११ पछि रेडियोमा निरन्तरता दिनेमा 'तारा' बनिन्। त्यसपछि नातिकाजी, शिवशङ्करद्वारा सिर्जित गीत गाउन पनि लागिन् उनले। पछि नातिकाजीका सङ्गीतले नै धेरैजसो तान्यो उनलाई। उस्ताद गोविन्दलाल, भैरवबहादुर, हरिबहादुर आदिबाट भन्दा 'नातिकाजीबाट' उनी बढी प्रभावित बनिन्। पुष्प नेपाली, किरण खरेल, यादव खरेल, राममान तृषित आदि यिनलाई सह्राउँथे र गीत साकार पार्ने कार्यमा यिनी सबलाई सघाउँथिन्। तारादेवीले गाएको यादव खरेलद्वारा रचित गीत 'नौगेडीको माला मेरो, तिमीकहाँ खस्यो कि ? मेरो मन भो कताकता कसैसित माया बस्यो कि ?' निकै राम्रो जँचियो। यद्यपि ज्यादै चर्चित गीत रत्नशमशेर थापाद्वारा रचित नारायणगोपालसित गाइएको 'ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो' मानिन्छ तारादेवीको। यसपछि राममान तृषित, माधवप्रसाद खनाल 'भावुक', किरण खरेल, रवीन्द्र शाह आदिका गीत पनि चर्चित बनेका छन् तारादेवीका स्वरमा। तारादेवीद्वारा गाइएको किरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खरेलद्वारा रचित गीत 'हिमालको काखमा छ सानो मेरो गाउँ, पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ' उनकै परिचय हो जस्तो लाग्दछ ।

एक दिनको कुरा हो, तारादेवी मेरो टेबुल समक्षका टेबुलमा बसिरहेकी थिइन् । किरण खरेल महोदय पनि त्यहाँ थिए । खरेलजीले उनका गीतको भूमिका लेख्ने जिम्मेवारी सुम्पेका थिए मलाई । उनको गीत सङ्ग्रहको नाम थियो 'के हो तिम्रो नाम ?' मैले अगाडि बसेकी तारादेवीको 'छाया' उतार्न उचित देखेँ गीत सङ्ग्रहमा । तब मैले फोन्टेनले 'रेखा कोरेँ' तारादेवीको आकृतिको । कपालको लट्टा निधारमा घुम्रिएको कुनै नारीको आकृतिको बन्यो- त्यो चित्र । मैले त्यही उपयुक्त ठानी गीत सङ्ग्रहको 'मुखपृष्ठमा' छाप्न दिएँ- किरणलाई । किरणले सहर्ष स्वीकार गरे र त्यही छापियो पछि । तारादेवीको छायाचित्र 'के हो तिम्रो नाउँ ?'मा भूमिका त लेख्नु नै थियो । लेखियो र छापियो पनि । यसरी हामी सहज भावमा रहन्थ्यौँ रेडियोमा तारादेवीका साथ । एकले अर्काप्रति सद्भाव जगाउनु र तँ ठूलो र म सानो नभनी सघाउनु नै रेडियो विकासको आधार थियो त्यसबेला । पछि कृत्रिम आडम्बरी, कुटिल खालका बोक्रे पदाधिकारीहरू आई रेडियोको स्थिति खल्बल्याए भन्ने पनि सुनियो । सधैँ एकनास हुँदो रहेनछ भन्ने चाल पनि पाइयो । पछि शिवशङ्कर, नातिकाजी, कोइलीदेवीहरू हटाइए । तारादेवीलाई पनि हटाइयो भन्ने पनि सुनियो । कलाका क्षेत्रमा मिल फ्याक्ट्री र प्रशासनिक हिसाबबाट हेरिनु नपर्ने थियो । हेरियो, बिर्सियो । नामेट भयो त अझ नयाँ युग सुरु भएकै मान्नुपर्ला । तर यस्तो नयाँ युग, जहाँ अविवेकी अमर्मज्ञको चाँजो-पाँजो चल्छ । हाजिरेहरू शाश्वत हुन्छन् । गुणीहरू फालिन्छन् र भूतकाल बेचेर वर्तमानकाहरू मोटाउँछन् त कृतघ्नताद्वारा कसरी भविष्य सुन्दर होला ? परिकल्पना गर्ने पनि सकिन्न ।

आज नेपालको हर क्षेत्रमा इमानदार मर्ने र बेइमानले मोज गर्ने भइरहेको देखिन्छ । त्यसैले त्यागतपस्याको मूल्याङ्नलाई नै हास्यास्पद मान्नुपर्छ । हुन त संसारमा स्थायी कोही छैनन्, सब नाशवान् छन् । तर परम्परा त सही र स्थायी हुनुपर्ने हो । त्यो पनि भएको देखिन्न, दासताले ग्रसित थलामा । यस्तामा राष्ट्रियताप्रति के गर्व गर्ने ? जब कि हाम्रो मनोवृत्ति नै अराष्ट्रिय छ । यसको उदाहरणका लागि शान्ता श्रेष्ठको 'खाली हात' भन्ने ग्रन्थ हेर्न सक्तछौँ हामी । उनले पनि रेडियोका निम्ति मरिमेटेर कार्य गरेकी नै थिइन् जागृति ल्याउन । उल्टो उनी नै पनि 'फूट' हुन गइन् त्यहाँबाट । हूलमूले नीति लागू हुन गयो पछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँ । प्रतिशोधवादी राजनीति र कारिन्दाहजूरहरूको कूटनीति लागू भएको सुनियो त्यहाँ । कैयौँ गीत प्रतिबन्धित भए । दोष निवारण गरेर विशुद्ध गुणलाई महत्त्वै दिइनुपर्नेमा क्षमता र विवेकहीनहरूबाट कसरी शुभ आशा गर्न सकिन्छ ? शान्तापछि तारा पनि यही मारमा पर्न गइन् भन्छन् । उनको सोझो र एकोहोरो पनले गर्दा धूर्तहरूले खोटी गराए झैँ लाग्यो उनलाई । दोष देख्ने, भोग्ने र वर्तने सबैमा देखिन आउँछ, गढेर हेर्दा ।

रहँदाबस्दाका क्रममा तारादेवीको विवाह पनि सम्झना उघाउन मन लाग्छ । हामी एकले अर्कालाई सह्राएर बस्यौँ रेडियोमा । जीवनाधारको खोजी हुनु अस्वाभाविक थिएन तारादेवीमा । म शिवजीको आराधक हुनाले एक दिन मैले सपना देखेँ गुह्येश्वरीमा तारादेवीको बिहाको तरखर हुन लागेको । पुष्प नेपाली पनि रहेका रहेछन् त्यहाँ । सपनामै एक श्लोक उब्जन गएछ मबाट 'जय वंशीधर, पिनाकधर मुरलीधर' । पछि मैले (सपनामा देखेको विवाहको कुरा) पुष्प नेपाली, तारादेवीसमक्ष विपनामा भनेँ पनि । नभन्दै पछि शिवबहादुर श्रेष्ठसित बिहा भयो उनको गुह्येश्वरीमा । विवाहपूर्व किरण खरेल, इन्द्रलाल, तृषित आदि जति कलाकारहरू थियौँ, भोज खायौँ तारादेवीका घरमा । सपना देख्ने मलाई 'आउनू' भन्दथिन् तारादेवी गुह्येश्वरीमा । मचाहिँ सुतिरहेँ घरैमा, त्यस दिन उनका बिहाको याद गरी ।

आज तारादेवीका पतिसमेत दुर्घटनामा परेको कुरा सुनिरहेछु म । उनको छोरोसमेत दुर्घटनाग्रस्त भएर मरेको कुरा सुनेथेँ । सान्त्वना दिन जान मन लागेको थियो । तर अल्मलिइरहेँ । भेट्न जान खोज्दा तारादेवी घरमा छैनन् भन्यो कसैले । अडिएँ त्यसै । एक दिन पुष्प नेपालीसित भेट भयो डिल्लीबजारमा । मैले उनलाई भनेँ- तारादेवीलाई चिन्ता नगर्नू भनिदिनू । कविता गायनतर्फ उनले लाग्न पर्ला । जस्तै चोट परे पनि बाँच्नेले सहनै पर्दोरहेछ । चोटलाई रचनात्मकतातिर मोड्न उचित होला ।

तारादेवीहरू हाम्रा राष्ट्रका निधि हुन् । यिनले देशको गौरव बढाउँछन् । निश्चिन्त बनेर बाँच्न दिनुपर्छ यिनलाई । परम्परा अटूट गराइनुपर्छ- साहित्य, सङ्गीत, कलाको । हुन त झूठ आडमा चम्कन खोज्ने नक्कली पनि प्रशस्त हुन्छन् यहाँ । जता आहार देखा पऱ्यो, त्यतै धुइरिई फाइदा लिने तत्त्वको पनि अभाव छैन यहाँ । जनतालाई भुलभुलैयामा पारेर प्रतिष्ठित हुन खोज्ने पनि धेरै देखिए । मर्मज्ञहरूबाट यसको विवेचना हुनुपर्छ । साँच्चै भनौँ त सक्कलीलाई भन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नक्कललाई नै ठूलो हुन खोज्ने रहर जुनसुकै क्षेत्रमा पनि हुँदो रहेछ । यसका समाधानको उपाय सक्षम, प्रौढ, सचेत र सहृदयीलाई विशेष महत्त्व दिनुपर्ने देखिन आउँछ । यस्ताहरूको विशेष समूहले कसैको पनि मूल्याङ्कन गरी राष्ट्रिय गौरव प्रदान गरिने गर्नुपर्दछ । चाकडीबाज, चुकलीखोर र प्रतिष्ठालुब्धलाई कहीँ कतै स्थान नदिइने हुनुपर्दछ र सही व्यक्तिको पनपच्छेरहित मूल्याङ्कन हुने व्यवस्था मिलाउनुपर्दछ । यत्ति भएमा तारादेवीहरू जस्ताले भविष्यमा आदर पाउने परम्परा बस्नेछ र आन्तरिक,शारीरिक र भौतिक सबै दृष्टिबाट (विघ्न बाधा टाढा भई) साहित्य, सङ्गीत, कलाका क्षेत्रमा लाग्नेहरू समुन्नत हुन जानेछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नइ प्रकाशन

अध्यक्ष
इन्दिरा प्रसाई

उपाध्यक्ष
डा. रामप्रसाद श्रेती

कोषाध्यक्ष
सुरबहादुर श्रेष्ठ

सदस्यहरू
इन्दिरा श्रेष्ठ
कञ्चनजङ्घा प्रसाई
प्रा. घटराज भट्टराई
डा. जगदीशचन्द्र रेग्मी
मदनदास श्रेष्ठ
रमा सिंह
डा. रामप्रसाद पोखेल
रामबाबु सुवेदी
डा. सुरेन्द्र के.सी.
डा. सुशीला कोइराला
डा. हरिभक्त नेउपाने

सदस्यसचिव
नरेन्द्रराज प्रसाई

टेलिफोन : ४३३४५५, टेलिफ्याक्स : ४३३८८०, पोस्ट बक्स : ११४४१, घट्टेकुलो (अनामनगर), काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तारादेवी नेपाली गायनकी शिरमाथा हुन् । नेपाली भाषालाई गायनको मधुरिमाबाट देशदेशान्तरमा पुऱ्याउने उनी नेपाली धर्तीकी श्रद्धेय पात्र हुन् । नेपाली आधुनिक गीतमा तारादेवीको स्वर जति रोमान्टिक छ त्यति नै उनका स्वरमा करुणा पनि भेटिन्छ । नेपालका डाँडापाखादेखि तराईसम्म बराबर पुग्ने तारादेवीले नेपाली आधुनिक गीतियात्रालाई शिखरमा पुऱ्याएकी छिन् ।

तारादेवीजस्ती जनप्रिय साधकको जीवनकथाका प्रसङ्गलाई जनसमक्ष पुऱ्याउन नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई उद्यत छन् । नङ प्रकाशनले 'उकाली ओरालीहरूमा तारादेवी' नामक ग्रन्थ प्रायोजन गर्ने अवसर मलाई प्रदान गऱ्यो । तारादेवीजस्ती स्वरसाम्राज्ञीका विषयको प्रस्तुत ग्रन्थ प्रकाशनको सौजन्य प्रदान गर्न पाएकामा मलाई अत्यन्तै खुशी लागेको छ ।

• सुरबहादुर श्रेष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal